ForestAction

# हाम्रो वन सम्पदा

वर्ष १२ | अङ्क १ | माघ २०७१

प्राकृतिक स्रोत अनुसन्धान, विश्लेषण तथा अन्तरक्रियाका लागि अर्धवार्षिक पत्रिका



वन उद्यमसँग सम्बन्धित विद्यमान नीति तथा कानुनी प्रावधानहरू

वन उद्यमका विभिन्न कर्ताहरूको फरक फरक भूमिका, कर्तव्य तथा योगदान



विभिन्न प्रकारका वन उद्यम सञ्चालनका चुनौति तथा सम्भावनाहरू

उपलब्ध वन स्रोतहरूमा आधारित उद्यमशीलताको विकास तथा यसको आर्थिक सम्भावना



वन उद्यमको स्थापना र सञ्चालनका प्रयास तथा अनुभवहरूबाट लिन सकिने नीतिगत तथा व्यवहारिक शिकाइहरू

वन उद्यमको विकास र यसको स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा योगदान

## वन उद्यम विशेषाङ्क

MSFP
Multi Stakeholder Forestry Programme
बहुसरोकारवाला वन कार्यक्रम

ForestAction

ल.पु.जि.द.नं. २३६-०६०/६१

# हाम्रो वन सम्पदा

ForestAction

वर्ष १२ अङ्क १ माघ २०७१

प्राकृतिक स्रोत अनुसन्धान, विश्लेषण तथा अन्तरक्रियाका लागि अर्धवार्षिक पत्रिका

**प्रमुख सम्पादक**

जैलबकुमार राई

**अतिथि सम्पादक**

दिलराज खनाल

**सम्पादन सहयोग**

दिपक विक

गोविन्द पौडेल

डा. रवीन्द्र राय

**डिजाइन/लेआउट**

संजीबवीर बज्राचार्य

**वितरण**

ललितबहादुर थापा

(c) फरेष्टएक्सन नेपाल, २०७१

## लेख रचना प्रकाशन सम्बन्धी नियमहरु

यो पत्रिका सहभागितामूलक प्राकृतिक स्रोत व्यवस्थापनका विविध पक्षलाई समेटी तयार पारिएका लेख तथा रचना पाठकसामु प्रस्तुत गर्ने उद्देश्यका साथ स्थापित गरिएको हो । यस पत्रिकामा आफ्ना लेखरचना पठाउँदा सरल नेपाली भाषामा लेखिएको हुनपर्ने छ । अंग्रेजी वा अन्य भाषाबाट अनुवाद वा रूपान्तरण गरिएका शव्दावली भएमा सोही भाषासमेत उल्लेख गर्नुपर्छ । लेख-रचना मौलिक र सान्दर्भिक हुनुका साथै उपयुक्त सामाग्री र सोको स्रोत विवरणसमेत स्पष्टसँग राख्नुपर्ने छ । प्राप्त लेख रचना फिर्ता हुने छैन ।

## धन्यवाद

यस अंकको सम्पादनमा सहयोग पुऱ्याउनु हुने युवराज सुवेदी, सारदा थापा, राहुल कार्की, प्रविन भुषाल र विकास अधिकारीलाई विशेष धन्यवाद दिन चाहन्छौं । भाषा सम्पादन गर्नुहुने मुक्तिनाथ घिमिरे पनि धन्यवादका पत्र हुनुहुन्छ ।

## आवरण तस्बीर

(c) जैलबकुमार राई/फरेष्टएक्सन

***पहिलो तस्बिर*** : संखुवासभा जिल्लाको टुटेदेउराली स्थित तीनजुरे हाते कागज उद्योगमा कामदारहरुले हाते कागज उत्पादन गरिरहेको, ***दोस्रो तस्बिर***: संखुवासभा जिल्लाको टुटेदेउरालीमा कोशी पहाडी जिल्लाहरुमा उत्पादन भएको चिराइतो (भाले चिराइतो) कम्प्रेसिङ्ग गर्नका लागि संकलन भएको, ***तेस्रो तस्बिर***: तेह्रथुम जिल्लाको सदरमुकाम स्थित जयअम्वे भेनिर उद्योगमा भेनिर बनाउनका लागि संकलन भएका उत्तीसका काठहरु ।

*यो पत्रिकामा समावेश भएका धेरै जसो लेखहरु बहुसरोकारवाला वन कार्यक्रम (MSFP) को आर्थिक सहयोगमा संचालित लट १ अन्तर्गत रहेका वन उद्यम सम्बन्धि क्रियाकलापहरुको अध्ययन-अनुसन्धान तथा विश्लेषणमा आधारित छ । यद्यपि यस पत्रिकामा प्रकाशित लेख-रचनामा व्यक्त कुराहरु लेखकका निजी विचारहरु हुन् ।*

**फरेष्टएक्सन नेपाल**

सातदोबाटो, ललितपुर पोस्ट बक्स नं. १२२०७, काठमाडौं, नेपाल

फोन नं. : ०१-५५५०६३१, ५५५२९२४ इमेलः fa@forestaction.org

फ्याक्स नं. ०१-५५३५१९० वेबसाइटः www.forestaction.org

# सम्पादकीय

वन स्रोत नेपालको एक प्रमुख प्राकृतिक स्रोत हो । यसले देशको करिब चालिस प्रतिशत भू-भाग ओगटेको छ । इतिहासको कालखण्डमा वन स्रोतको संरक्षण तथा व्यवस्थानका विषयमा विभिन्न खालका आर्थिक तथा राजनीतिक उतारचढावहरू आए । यी उतारचढावहरूसँगै विभिन्न खालका नीति, नियम तथा कानुनहरू बन्ने तथा संशोधन हुने काम पनि निरन्तर हुँदै आयो । आधुनिक नेपालको विकास (वि. सं. २००७ साल पछि) सुरु भएपछि भएका नीतिगत तथा व्यवहारिक उतारचढावहरूलाई मात्रै हेर्दा पनि नेपालको वन क्षेत्रमा धेरै खालका नीतिगत तथा व्यवहारिक परिवर्तनहरू भएका छन् । पहिलो तीन दशकमा (१९५०-१९८०) नेपालको वन क्षेत्रलाई राष्ट्रियकरण गर्ने नीतिको अवलम्बन गरियो । परिणामस्वरूप नेपालको वन क्षेत्र तिब्र विनासको चपेटामा पर्‍यो । तर पछिल्लो तीन दशक (१९८० देखि हालसम्म) को समय अवधि चाहिँ स्थानीय समुदायको सहभागितामा वन क्षेत्रको संरक्षण गर्ने नीतिको अवलम्बन गरियो । जसले गर्दा नेपालको वन क्षेत्रको संरक्षण संसारकै उदाहरण बन्न सफल भयो । तर देशमा विद्यमान बढ्दो बेरोजगारी तथा गरिबीको अवस्थाले चाहिँ नेपालमा वन क्षेत्रको सफल संरक्षणमाथि गम्भीर प्रश्नहरू जन्माउन थालेको छ ।

नेपालको वन क्षेत्रले देशको कूल गार्हस्थ उत्पादनमा के कति योगदान पुर्‍याइरहेको छ भन्ने कुराको यकिन तथ्याङ्क कै अभाव छ । केन्द्रीय तथ्याङ्क विभागका अनुसार नेपालमा वन स्रोतले कूल गार्हस्थ उत्पादनमा करिब पाँच प्रतिशत मात्रै योगदान पुर्‍याएको कुरा सार्वजनिक गरेको छ भने सन् २०११ देखि २०१३ को अन्तरिम योजनाले करिब दश प्रतिशत योगदान पुर्‍याइरहेको कुरा सार्वजनिक गरेको छ । यति मात्रै हैन देशको यति ठूलो भू-भाग ओगटेको वन क्षेत्रले देशमा के कति रोजगारी सिर्जना गरेको छ वा रोजगारी प्रदान गरेको छ भन्ने कुराको पनि यकिन तथ्याङ्क छैन । तर गार्हस्थ उत्पादनमा पुर्‍याइरहेको योगदानलाई आधार मान्दा वन क्षेत्रले सिर्जना गरेको रोजगारीको सङ्ख्या निकै कम भएको अनुमान गर्न सकिन्छ । वन क्षेत्रको यस्तो अवस्थाले के नेपालको वन क्षेत्रमा आर्थिक बृद्धि गर्ने र रोजगारी सिर्जना गर्ने स्रोत नै छैन त भन्ने प्रश्न उठ्दछ । तर विभिन्न अध्ययनहरूले देखाए अनुसार तथा नेपालको विभिन्न ठाउँहरूमा भएको वन स्रोतको सामान्य अवलोकन गर्दा के स्पष्ट हुन्छ भने नेपालको वन स्रोतलाई सही व्यवस्थापन गर्न सकिएको खण्डमा अहिलेको भन्दा कैयौं गुणा बढी आर्थिक लाभ तथा हजारौंको सङ्ख्यामा रोजगारी सिर्जना गर्न सकिन्छ । यसका लागि एक महत्वपूर्ण बाटो भनेको वन स्रोतमा आधारित उद्यमहरूका माध्यमबाट उपलब्ध वन स्रोतहरूको सङ्कलन, प्रशोधन तथा बजारीकरण गर्नु हो ।

“हाम्रो वन सम्पदा” को यस शृङ्खलालाई वन उद्यम विशेष अङ्कको रूपमा प्रकाशन गरिएको छ । यस विशेष अङ्कले नेपालमा वन स्रोतमा आधारित (वा सम्बन्धित) उद्यमहरूसँग सम्बन्धित नीति तथा कानुनका साथै केही अभ्यासहरूको चर्चा गर्ने प्रयास गरेको छ । यस अङ्कमा कूल नौ वटा लेखहरू समावेश गरिएका छन् । यी लेखहरू नेपालमा वन उद्यमको स्थापना, सञ्चालन, प्रशोधन तथा बजारीकरणका विषयमा भएका नीतिगत तथा कानुनी प्रावधानहरूका साथै केही व्यावहारिक अनुभव तथा सिकाइहरूका विषयमा केन्द्रित छन् । यसका अलावा, यी लेखहरूमा केही प्रतिनिधि उदाहरणहरूका माध्यमबाट नेपालमा वन स्रोतमा आधारित तथा सम्बन्धित उद्यमहरूले रोजगारी सिर्जना तथा अर्थतन्त्रको विकासमा (स्थानीय तथा राष्ट्रिय दुवै तहहरूमा) पुर्‍याएको योगदानको चर्चा तथा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

समग्रमा, हाम्रो वन सम्पदाको यो विशेष अङ्कमा समावेश गरिएका लेखहरूले नेपालमा रोजगारी सिर्जना गर्ने तथा अर्थतन्त्रको विकास गर्ने काममा नेपालको वन स्रोतको निकै ठूलो सम्भावना भएको तर यसका लागि नीतिगत सुधारहहरू (उद्यमको स्थापना, कच्चा पदार्थको प्रशोधन, उत्पादित वस्तुको बजारीकरण जस्ता विषयहरूका बारेमा) को आवश्यकताका साथै उद्यमीहरूको क्षमताको विकास, बजारको विकास तथा लगानी गर्ने वातावरणको विकास गरिनुपर्ने कुरा औंल्याएका छन् । यसका लागि थप गहन अध्ययन तथा अनुसन्धानको आवश्यकता देखिन्छ ।

यस अङ्कमा समावेश गरिएका नौ वेटा लेखहरू मध्ये ***पहिलो (दिलराज खनाल)*** लेखले नेपालमा वन उद्यमका बारेमा भएका कानुनी तथा नीतिगत प्रावधानहरूको विश्लेषण गर्दै ती नीति तथा कानुनी प्रावधानहरूमा सुधारको

आवश्यकतालाई सङ्केत गरेको छ। ***दोस्रो (डा. भरत पोखरेल र जैलबकुमार राई)*** लेखले नेपालमा वन उद्यमको विकासका विषयमा सम्बन्धित सबै कर्ताहरूको फरक फरक भूमिकाहरूको समान महत्त्व छ भन्ने बुझाइको विकास नभएका कारण वन उद्यमहरू फस्टाउन नसकेको कुरा औंल्याउँदै सबै कर्ता तथा सरोकारवालाहरूमा सही बुझाइको विकास गर्दै उक्त कुरा व्यवहारमा लागू गर्नुपर्ने सुझावको सङ्केत गरेको छ। ***तेस्रो (डा. दिनेश पौडेल, जैलबकुमार राई र डा. नेत्रप्रसाद तिम्सिना)*** लेखले कोशी पहाडी चार जिल्लाहरूमा रहेका विभिन्न प्रकारका वन उद्यमहरूको वर्तमान ढाँचा, अभ्यास तथा अनुभवहरूका आधारमा नेपालमा वन उद्यम विकासको सन्दर्भमा देखिएका नीतिगत तथा व्यावहारिक चुनौतीको व्याख्या गर्दै नीतिगत तथा व्यावहारिक सुझावहरू प्रस्तुत गरेको छ। ***चौथो (गोविन्द पौडेल)*** लेखले नेपालको वन क्षेत्रमा उपलब्ध काठको सही व्यवस्थापन हुन नसकेको कारण देशले ठूलो आर्थिक लाभ गुमाइरहेको कुरा सङ्केत गर्दै यसको दिगो व्यवस्थापन गरिनुपर्ने कुरा औंल्याएको छ। ***पाँचौ (जैलबकुमार राई, डा. सर्वराज खड्का र सुदिलगोपाल आचार्य)*** लेखले बहुसरोकारवाला वन कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा कोशी पहाडी चार जिल्लाहरूमा रहेका वन उद्यमहरूको अवस्था, वन उद्यम विकास गर्ने सिलसिलामा भएका अनुभव तथा सिकाइहरूका साथै यस क्षेत्रमा वन उद्यम विकासमा देखिएका मुख्य चुनौती तथा सम्भावनाहरूको विश्लेषण गर्ने प्रयास गरेको छ। ***छैटौं (घनश्याम पाण्डे)*** लेखले नेपालको वन स्रोतबाट स्थापना तथा सञ्चालन गर्न सकिने विभिन्न (दश) प्रकारका उद्यमहरू तथा ती उद्यमहरूका माध्यमबाट सिर्जना हुन सक्ने रोजगारी तथा अर्थतन्त्रको विकासका सम्भावनाको चर्चा गरेको छ। ***सातौं (जैलबकुमार राई, कृष्ण ढुङ्गाना, उत्तरकुमार राई र इन्द्रकिशान राई)*** लेखले कोशी पहाडी चार जिल्लाहरूमा हाल सञ्चालित नेपाली हाते कागज उत्पादन गर्ने उद्योगहरूको कच्चा पदार्थ सङ्कलन, प्रशोधन तथा बजारीकरण गर्ने प्रक्रियाहरू तथा ती उद्योगहरूबाट उत्पादन भएको कागजले अर्थतन्त्र तथा रोजगारी सिर्जना गर्ने काममा (स्थानीय तथा राष्ट्रिय) पुऱ्याएको योगदानको चर्चा गर्दै यी उद्योगहरूको दीर्घकालीनताका विषयमा देखिएका मुख्य चुनौती तथा सम्भावनाहरूको विश्लेषण गरेको छ। ***आठौं (अभिनय पाठक)*** लेखले नेपाल भौगालिक हिसाबले नै बाँस उत्पादनका लागि उपयुक्त भएको र उक्त बाँसबाट विभिन्न प्रकारका हस्तकलाहरूको निर्माण गरी स्थानीय रोजगारी सिर्जना गर्न सकिने प्रबल सम्भावना भएको कुरालाई धनकुटा जिल्लाको आँखीसल्ला गाउँमा रहेका उद्यमीहरूको ज्ञान, सीप, तथा सफल अभ्यासहरूका माध्यमबाट प्रष्ट पार्ने प्रयास गरेको छ। ***नवौं (हेमराज शाही)*** लेखले नेपालमा काठको उत्पादन तथा काठमा आधारित उद्यमको धेरै सम्भावना भएको तर विद्यमान नीति तथा विकासका पूर्वाधारहरूको अभावका कारण उक्त स्रोतको सही व्यवस्थापन हुन नसकेको कुरा भोजपुर जिल्लामा भएको काठ उत्पादनको अवस्था तथा काठमा आधारित उद्यमको स्थापना तथा सञ्चालनका केही अनुभवहरूका आधारमा विश्लेषण गर्ने प्रयास गरेको छ।

यस अङ्कमा समावेश भएका लेखहरू नेपालमा वन उद्यमकै विषयमा अध्ययन, अनुसन्धान, छलफल, अन्तरक्रिया तथा नीतिगत पैरवी जस्ता कामहरूमा संलग्न व्यक्तिहरूको ज्ञान, सीप, अनुभव तथा विचारहरूमा आधारित छन्। यसकारण, यस विशेष अङ्कले नेपालमा वन उद्यमका विषयमा भएको अध्ययन, अनुसन्धान, बहस, तथा छलफलको दायरालाई अझ फराकिलो पार्दै समय तथा परिस्थितिले माग गरे अनुसारका नीति, कानुन तथा अभ्यासहरूको विकास गर्ने बाटोमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। आफ्नो महत्त्वपूर्ण लेख रचनाहरू तयार गरी यस प्रकाशनलाई सफल बनाउन योगदान पुऱ्याउनु हुने सम्पूर्ण लेखकहहरू प्रति आभार प्रकट गर्दै आगामी अङ्कहरूमा पनि यस्तै सहयोगको अपेक्षा गर्दछौं।

यस अकङ्मा समावेश भएका नौ वटा लेखहरू मध्ये पाँच वटा लेखहरूचाहिँ नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) र फरेष्टएक्सन नेपालले कोशी पहाडी चार जिल्लाहरू (धनकुटा, तेह्रथुम, भोजपुर र सङ्खुवासभा) मा संयुक्त रूपमा सञ्चालन गरेको बहुसरोकारवाला वन कार्यक्रम (लट एक) अन्तर्गत गरिएका अध्ययन, अनुसन्धान तथा वन उद्यमको माध्यमबाट स्थानीय रोजगारीको सिर्जना गर्ने सिलसिलामा भएका अनुभव तथा सिकाइहरूमा आधारित भएका कारण आरआरएन तथा फरेष्टएक्सन नेपाल लगायत बहुसरोकारवाला वन कार्यक्रम लट एकसँग सम्बन्धित सम्पूर्ण व्यक्ति तथा सङ्घ संस्थाहरू प्रति आभार प्रकट गर्न चाहन्छौं। यो अङ्क प्रकाशन गर्न आर्थिक सहयोग प्रदान गर्ने बहुसरोकारवाला वन कार्यक्रमका साथै अन्य सम्पूर्ण सहयोगी तथा शुभचिन्तक व्यक्ति, निकाय तथा सङ्घ संस्थाहरूलाई धन्यवाद दिन चाहन्छौं। र अन्त्यमा, यस अङ्कमा प्रकाशित लेख रचना तथा अन्य कुनै पनि विषयमा सुझाव तथा सल्लाहहरू प्रदान गर्नका लागि सम्पूर्ण पाठकहरूलाई अनुरोध गर्दछौं।

# विषय सूचि


सम्पादकीय

**नेपालमा वन उद्योग कहाँ र कसरी खोल्ने ?ः** ***कानुनी प्रावधानहरूको विश्लेषण*** ............... १

✍दिलराज खनाल

**नेपालमा वन उद्यम व्यवसायले बाटो बिराउँदा** ............... ९

✍डा. भरत पोखरेल, जैलबकुमार राई

**वनमा आधारित उद्यम विकासका नीतिगत चुनौती र सुधारका सम्भावनाहरूः** ***कोशी पहाडी जिल्लाहरूको अनुभव*** ............... १३

✍डा. दिनेश पौडेल, जैलबकुमार राई, डा. नेत्रप्रसाद तिम्सिना

**नेपालको वन व्यवस्थापनमा काठः** ***सम्भावना, चुनौती तथा आगामी पाइलाहरू*** ............... २४

✍गोविन्द पौडेल

**बहुसरोकारवाला वन कार्यक्रमबाट वन उद्यमको विकासमा सहयोगः** ***कोशी पहाडी जिल्लाहरूमा भएको सिकाइ तथा अनुभवहरू*** ............... ३१

✍जैलबकुमार राई, डा. सर्वराज खड्का, सुदिल गोपाल आचार्य

**नेपालमा वन स्रोतमा आधारित उद्यमको विकासः** ***अवसर र सम्भावनाहरू*** ............... ४२

✍घनश्याम पाण्डे

**कोशी पहाडी जिल्लाहरूमा नेपाली हाते कागज उत्पादनः** ***वर्तमान अवस्था, चुनौती र सम्भावनाहरू*** ............... ५३

✍जैलबकुमार राई, कृष्ण ढुङ्गाना, उत्तरकुमार राई, इन्द्रकिशान राई

**बाँसमा आधारित उद्यम विकासको सम्भावनाः** ***धनकुटाको आँखीसल्ला गाविसस्थित बाँस उद्यमीहरूको एक विश्लेषण*** ............... ७२

✍अभिनय पाठक

**काठमा आधारित उद्यमको सम्भावना र व्यवहारिक चुनौतीहरूः** ***भोजपुर जिल्लाको एक विश्लेषण*** ............... ८१

✍हेमराज शाही

# नेपालमा वन उद्योग कहाँ र कसरी खोल्ने ?:
## *कानुनी प्रावधानहरूको विश्लेषण*

✍ दिलराज खनाल[1]

### १. पृष्ठभूमि

नेपालमा वन ऐन २०४९, वातावरण संरक्षण ऐन २०५३ र औद्योगिक व्यवसाय ऐन २०४९ एवम यीसँग सम्बन्धित नियमावलीहरू र ती कानुनहरूलाई आधार बनाई जारी गरिएका निकायगत परिपत्रहरूका बीचमा रहेका विरोधाभाषपूर्ण प्रावधानहरूले वन उद्यम स्थापना र सञ्चालनको कामलाई अन्योल बनाउँदै आएको छ। जसमध्ये वातावरण संरक्षण नियमावली २०५४ को अनुसूची २ मा गरिएको तत्कालीन वन क्षेत्र र उद्योगका बीचमा रहनुपर्ने दुरीका विषयमा गरिएको एउटा अदूरदर्शी व्यवस्था एक प्रमुख कारक बन्दै आएको छ। उक्त प्रावधानका कारण नेपालमा विगत १६ वर्षदेखि वनमा आधारित र वनक्षेत्रलाई प्रभाव पार्ने उद्योगहरू वन क्षेत्रबाट कति टाढाको दूरीमा खोल्ने भन्ने विषयमा निरन्तर विवाद चल्दै आएको थियो र यसको प्रभाव अहिले पनि कायमै छ। जसले खासगरी वनमा आधारित उद्योगहरूलाई हतोत्साहित गर्ने मात्र होइन, ठूलो नोक्सानी व्यहोर्न बाध्य पारिरहेको छ।

वन क्षेत्रबाट कति टाढाको दूरीमा वन उद्योग वा अन्य उद्योग स्थापना र सञ्चालन गर्ने भन्ने विषयमा राज्यको कार्यपालिका, न्यायपालिका, संबैधानिक निकायको रूपमा रहेको अख्तियार दुरूपयोग अनुसन्धान आयोग र उद्योगसम्बन्धी कानुन अनुसार स्थापित औद्योगिक प्रवर्द्धन बोर्डका बीचमा सहमति हुन सकेको छैन र भएका सहमति पनि कार्यान्वयन भएका छैनन्। यी सबै निकायहरू यस विषयमा आ-आफ्नै तर्क र अडानमा अडिग छन्, जसले गर्दा वन उद्योगमा लगानी गर्ने निजी क्षेत्र र वन उपभोक्ता समूहको मागको निरन्तर वेवास्ता हुँदै आएको छ।

उद्योगको विकास र वन संरक्षणका बीचमा सन्तुलन हुनुपर्छ र उद्योगको विकासका नाममा वन विनाश हुनु हुँदैन भन्ने कुरामा सरकार, समुदाय, निजी क्षेत्र र सरोकारवालाहरू गरी सबै पक्षको बीचमा सहमति छ, किनकि यो कुरा दिगो विकासको एउटा महत्वपूर्ण पाटो हो। यद्यपि, वनमा आधारित उद्योगको विकास भएन भने वनको संरक्षण गरेर मात्र यसले राज्य र राज्यका नागरिकहरूलाई सोचेअनुसारको फाइदा दिँदैन। वनलाई मानिसको पनि समृद्धिको माध्यम बनाउने कुरामा भइरहेको विश्वव्यापी सहमतिलाई वेवास्ता गर्दै वनको संरक्षण मात्र गर्ने र यसमा आधारित औद्योगिक विकास नगर्ने हो भने हामी दिगो विकासको मूल प्रवाहबाट अलगिन्छौं। त्यसैले वनको दिगो व्यवस्थापन र वनमा आधारित उद्योगको विकासका बीचमा सन्तुलन कायम गर्न आवश्यक हुन्छ। यस क्रममा आइपर्ने नीतिगत र कानुनी कठिनाई सम्बोधन गर्नु राज्यका सबै अङ्ग र निकायहरूको दायित्व हो। यद्यपि, एउटा सामान्य नीतिगत सवालको रूपमा रहेको वनमा आधारित उद्योग स्थापना र सञ्चालन गर्दा वन क्षेत्रबाट कति दूरीमा गर्न पाइने भन्ने विषयमा धेरै वर्षसम्म विवाद कायमै राख्ने र यस विषयमा भएका सहमति पनि कार्यान्वयन नहुँदा वन उद्यमी वर्ग समुदायलाई निकै हतोत्साह भएको छ। लामो समयको विवाद र कसरतपछि हालै उद्योग मन्त्रालयद्वारा नेपाल राजपत्रमा निकालिएको सूचनामा वन क्षेत्र र वनमा आधारित उद्योगको दूरीका विषयमा केही मापदण्डहरू तोकिए पनि यसको कार्यान्वयनमा विभिन्न सरकारी निकायका बीचमा आ-आफ्नै अभिमत रहेकोले कार्यान्वयनमा आनाकानी भइरहेको छ। त्यसैले यस लेखमा यो सवालको सिर्जना कसरी भयो, के प्रभाव पारेको छ र सोको समाधानका लागि के गर्न सकिन्छ भन्ने विषयमा संक्षिप्त चर्चा गरिएको छ।

### २. नेपालमा वन उद्यमसँग सम्बन्धित केही विद्यमान कानुनी व्यवस्थाहरू

नेपालमा वन पैदावारमा आधारित उद्योग कहाँ स्थापना गर्ने भन्ने बारेमा वनसम्बन्धी कानुनी व्यवस्थामा स्पष्ट व्यवस्थाको कमीका कारण वन क्षेत्रभन्दा अन्य विषयमा तर्जुमा गरिएका कानुनहरू यस विषयमा हावी बन्दै आएका छन्, जसमध्ये केही मुख्य कानुनी व्यवस्था यसबाट सिर्जित सवालहरू निम्नानुसार रहेका छन् :–

१ लेखक (अधिवक्ता: प्राकृतिक स्रोत व्यवस्थापन) सामुदायिक वन उपभोक्ता महासंघमा आवद्ध छन्।

## २.१ वातावरण संरक्षण नियमावली २०५४

२०६४ सालभन्दा पहिला वातावरण संरक्षण नियमावली २०५४ मा वन सिमानाको पाँच किमीभित्र सःमिल, इटा, टायल र सुर्ती प्रशोधन उद्योग स्थापना गर्नुपरेमा वातावरणीय प्रभाव मूल्याङ्कन गरी सो स्वीकृत भएमा मात्र त्यस्तो क्षेत्रमा यी उद्योगहरू खोल्न पाइने व्यवस्था गरिएको थियो । २०६४ सालमा उक्त व्यवस्था संशोधन गरी वन सिमानाको एक किमीभित्र वनमा आधारित वा अन्य गरी विभिन्न १२ प्रकारका उद्योगहरू स्थापना गर्नु परेमा वातावरणीय प्रभाव मूल्याङ्कन गरी सो स्वीकृत भएमा मात्र उक्त क्षेत्रमा त्यस्ता उद्योग स्थापना र सञ्चालन गर्न पाइने व्यवस्था गरिएको छ, जुन उद्योगहरू तल तालिकामा उल्लेख गरिए बमोजिम रहेका छन् :–

**तालिका १ : वन क्षेत्रबाट दूरीका आधारमा वातावरणीय परीक्षण गर्नुपर्ने उद्योगहरू**

| कानुन | वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रस्तावहरू | टिप्पणी |
|---|---|---|
| वातावण संरक्षण नियमावली २०५४ (अनुसूची २) | वन सिमानाको पाँच किमीभित्र सःमिल, इँटा, टायल, सुर्ती प्रशोधन उद्योग खोल्ने । | २०५४।३।१२ मा सुरु नियमावली बनाउँदा गरिएको यो व्यवस्थालाई २०६४ मा हटाइएको । |
| वातावण संरक्षण नियमावली २०५४ (अनुसूची २) | कच्चा पदार्थको लागि वनमा आधारित र प्रशोधन विधि प्रयोग हुने वन क्षेत्रको एक किमीभित्र स्थापना हुने रोजिन र टर्पेन्टाइन, रबर, प्लाइउड र भेनिर, इँटा तथा टायल, कत्था र काठमा आधारित सलाई, पल्प र कागज उद्योग, दाउरा बढी खपत गर्ने अलौची लगायत मध्यम र ठूला चिया उद्योग तथा लौठ सल्ला र धूप उद्योग स्थापना गर्ने । | २०६४।५।३ मा नियमावलीको अनुसूचीहरू संशोधन गरी यो व्यवस्था लागू गरिएको । |

स्रोत : वातावरण संरक्षण नियमावली २०५४, नेपाल कानुन आयोग

यसरी वातावरण संरक्षण नियमावली २०५४ को अनुसूची २ मा गरिएको व्यवस्था अनुसार वन क्षेत्रबाट एक किमीभन्दा बाहिरको दूरीमा माथि तालिकामा उल्लिखित उद्योगहरू स्थापना र सञ्चालन गर्न पाइन्छ र एक किमीको दूरीभित्र यस्ता उद्योगहरू स्थापना र सञ्चालन गर्नु परेमा वातावरणीय प्रभाव मूल्याङ्कन गरी त्यस्तो प्रतिवेदन स्वीकृत भएमा वनक्षेत्रबाट एक किमीको दूरीभित्र पनि यस्ता उद्योगहरू स्थापना र सञ्चालन गर्न सकिन्छ । यद्यपि, सो व्यवस्था विपरीत वन क्षेत्रबाट उद्योगको दूरीका बारेमा विभिन्न निकायबाट गैरकानुनी रूपमा र विरोधाभाषपूर्ण निर्णय तथा पत्राचारहरू हुँदै आएका छन् । यस्ता निर्णय तथा परिपत्रहरू मध्ये दूरगामी प्रभाव पार्ने किसिमका केही निकायगत निर्णय र परिपत्रहरूको बारेमा तल समीक्षा गरिएको छ ।

## २.२ घरेलु तथा साना उद्योग विभागको कार्यविधि दिग्दर्शन २०६८

घरेलु तथा साना उद्योग विभागको कार्यविधि दिग्दर्शन २०६८ मा वन विभागको पत्र, औद्योगिक प्रवर्द्धन बोर्डको निर्णय र उद्योग विभागको निर्णयलाई आधार मान्दै वन क्षेत्रबाट उद्योगको दूरीका विषयमा विभिन्न व्यवस्थाहरू उल्लेख गरिएको छ । यसरी उल्लेख गरिएका मुख्य व्यवस्थाहरू निम्नानुसार रहेका छन् :–

**तालिका २ : वन क्षेत्र र वनमा आधारित उद्योग बीचको दूरी**

| निर्णय गर्ने निकायहरू | निर्णयका आधारमा गरिएका व्यवस्थाहरू |
|---|---|
| वन विभागबाट उद्योग विभागका नाममा पत्राचार (२०५३।३।२७) | • वन पैदावारमा आधारित सानास्तरका उद्योग जसको वार्षिक काठ खपत १०० क्यु.फिट भन्दा बढी हुँदैन, त्यस्ता उद्योगले कच्चा पदार्थ आफैंले उपलब्ध गर्ने तथा अधिकृत बिक्रेताबाट उपलब्ध गर्नुपर्ने गरी जिल्लाको सदरमुकाममा स्थापना गर्ने सहमति प्राप्त भएकोले त्यस्ता उद्योग स्थापना गर्न वन क्षेत्रको दूरी प्रमाणित गराइरहनु नपर्ने । |

| | |
|---|---|
| वन विभागबाट उद्योग विभागका नाममा पत्राचार (२०६४।१।१०) | • तराईको हकमा वनक्षेत्र वा संरक्षित क्षेत्रबाट दुई किमी टाढा र अन्य क्षेत्रका हकमा वनक्षेत्र वा संरक्षित क्षेत्रबाट एक किमी टाढा मात्र वन पैदावारमा आधारित उद्योग स्थापना र सञ्चालन हुन दिने ।<br>• यसअघि दर्ता भई सञ्चालन भइरहेका तर तराई तथा भित्री मधेसमा वन क्षेत्रबाट दुई किमी र पहाडमा वन क्षेत्रबाट एक किमीभित्र पर्ने इँटा, टायल, स:मिल जस्ता उद्योगहरू वन संरक्षणको दृष्टिकोणले वनक्षेत्रभन्दा क्रमशः दुई किमी र एक किमी टाढा सार्नुपर्ने ।<br>• सामुदायिक वनको हकमा वन उपभोक्ता समूहले सामुदायिक वनभित्र स्थापना गर्ने वन पैदावार उद्योगको हकमा वन नियमावली २०५१ को नियम ३२(४) बमोजिम गर्नुपर्ने र सो हदसम्म दूरी सम्बन्धी प्रतिबन्ध नलाग्ने । |

स्रोत : घरेलु तथा साना उद्योग विभागको कार्यविधि दिग्दर्शन २०६८

वन विभागबाट उद्योग विभागमा गरिएका पत्राचार हरूलाई आधार मन्दै घरेलु तथा साना उद्योग विभागको कार्यविधि दिग्दर्शन २०६८ मा वनक्षेत्रबाट उद्योगको दूरीका विषयमा गरिएका व्यवस्थाहरू पनि वातावरण संरक्षण नियमावली २०५४ को अनुसूची २ मा गरिएको व्यवस्था विपरीत रहेका छन् । त्यसैले उद्योगको विषयमा आधिकारिक र नीतिगत निर्णय गर्ने आधिकार प्राप्त औद्योगिक प्रवर्द्धन बोर्डले सो कार्यविधिमा गरिएका व्यवस्थाहरूप्रति असहमति जनाउँदै आएको छ ।

## २.३ दूरी प्रमाणित टोली

वन विभागको २०५९।७।१५ को पत्राचार अनुसार घरेलु तथा साना उद्योग विभागको कार्यविधि दिग्दर्शन २०६८ मा वन क्षेत्रबाट उद्योग स्थापना र सञ्चालन गर्ने ठाउँसम्मको दूरी प्रमाणित गर्नका लागि जिल्ला वन कार्यालयको अधिकृत प्रतिनिधि संयोजक र नापी कार्यालयको अमिन एवम् जिल्ला घरेलु तथा साना उद्योग कार्यालयको प्रतिनिधि सदस्य रहने गरी तीन सदस्यीय दूरी प्रमाणित गर्ने टोली गठन हुने व्यवस्था गरिएको छ । यद्यपि, यस्तो टोलीले कसको अनुरोध वा निर्देशनमा परिचालित हुने र कसरी काम गर्ने भन्ने विषयमा स्पष्ट मार्गदर्शनको अभाव रहेको छ, जसले गर्दा यस्तो टोलीको प्रभावकारिताबारे पनि प्रश्नहरू उठेका छन् ।

## २.४ औद्योगिक प्रवर्द्धन बोर्डको निर्णय

औद्योगिक व्यवसाय ऐन २०४९ अनुसार औद्योगिक प्रवर्द्धन बोर्ड नै उद्योगको बारेमा आधिकारिक निर्णय गर्न पाउने उच्च निकाय हो । वन क्षेत्रबाट उद्योगको दूरी निर्धारणको विषय नेपालको वन उद्योग वा अन्य उद्योगहरूको क्षेत्रमा समेत एउटा अत्यन्त विवादास्पद र चुनौतीपूर्ण विषय भएकोले यस विषयमा उक्त बोर्ड पनि गम्भीर बन्दै आएको छ । त्यसैले यस विषयमा उक्त बोर्डले विभिन्न मितिमा निम्न अनुसारका निर्णयहरू गरेको छ :–

**तालिका ३ : वन क्षेत्र र उद्योग बीचको दूरीका विषयमा बोर्डको निर्णय**

| मिति र बैठक सङ्ख्या | निर्णयहरू |
|---|---|
| २०५७।२।२६ (१५४औं बैठक) | वन पैदावारमा आधारित उद्योग भित्री मधेस र तराईमा वन क्षेत्रवाट दुई किमीभन्दा टाढा र अन्य क्षेत्रमा भए एक किमीभन्दा टाढा हुनुपर्ने बन्देज सम्बन्धमा औद्योगिक क्षेत्रभित्र यस्ता उद्योगहरू स्थापना गर्न आएमा स्वीकृति दिने अर्थात् औद्योगिक क्षेत्रमा सो दूरी सम्बन्धी बन्देज लागू नहुने । |
| २०५७।६।१३ (१५५औं बठक) | वन पैदावारमा आधारित फर्निचर उद्योग स्थापना गर्ने सम्बन्धमा काठमाडौं उपत्यकाका जिल्लाहरूका सम्बन्धमा यस बोर्डको १३२औं बैठकको निर्णयको अधिनमा रही उपत्यकाका सम्पूर्ण क्षेत्र, अन्य जिल्लाहरूको हकमा नगरपालिका र जिल्लाको सदरमुकाम क्षेत्रभित्र राष्ट्रिय वन सिमानाबाट पहाडमा भए एक किमी र भित्रीमधेश तथा तराईमा भए दुई किमी क्षेत्रभित्र उद्योग स्थापना गर्न नपाइने बन्देज हटाउने । |

स्रोत : घरेलु तथा साना उद्योग विभागको कार्यविधि दिगदर्शन २०६८

वन क्षेत्रबाट उद्योगको दूरीका सम्बन्धमा औद्योगिक प्रवर्द्धन बोर्डले गरेको निर्णयलाई घरेलु तथा साना उद्योग विभागको कार्यविधि दिगदर्शन (२०६८) ले मान्यता प्रदान गरेको छ, यद्यपि, उक्त निर्णयहरू पनि वातावरण संरक्षण नियमावली (२०५४) को अनुसूची २ मा गरिएको व्यवस्थासँग तालमेल खाँदैनन् र यस्ता निर्णयहरूको बारेमा बैधताको प्रश्न उठ्न उठाउन सकिने प्रशस्त ठाउँ रहेको छ ।

## ३. विवाद र जटिलताको बीजारोपण

वि.सं. २०६४ भन्दा पहिला वातावरण संरक्षण निमायवली (२०५४) को अनुसूची २ मा वन क्षेत्रको सिमानाबाट पाँच किमीको दूरीभित्र स:मिल स्थापना गर्नुपर्ने भएमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था गरिएको थियो । यसको अर्थ वन क्षेत्रबाट पाँच किमीको दूरीमा स:मिल स्थापना गर्न पाइँदैन भनेको होइन कि यदि वन क्षेत्रबाट पाँच किमीको दूरीमा स:मिल स्थापना गर्ने भएमा वातावरणीय प्रभाव मूल्याङ्कन गरी स्वीकृत गराउनु पर्छ भनेको हो ।

तर एकातर्फ उक्त व्यवस्थाको बेवास्ता गर्दै जिल्ला वन कार्यालयहरूले नै वन क्षेत्रबाट पाँच किमी दूरीभित्र वातावरणीय प्रभाव मूल्याङ्कन नै नगरी स:मिल स्थापना गर्न सिफारिस गर्ने र अर्कोतर्फ सो विषयमा विवाद भएपछि नियमावलीमा गरिएको व्यवस्था विपरीत वन तथा भू-संरक्षण मन्त्रालयले नै तराईमा वनक्षेत्र वा संरक्षित क्षेत्रबाट दुई किमी टाढा र अन्यक्षेत्रमा वनक्षेत्र वा संरक्षित क्षेत्रबाट एक किमी टाढा वन पैदावारमा आधारित उद्योग स्थापना र सञ्चालन हुन दिने निर्णय गऱ्यो । यसरी यी दुबै कार्य तथा निर्णय गैरकानुनी भएकोले सोको विरुद्ध सर्वोच्च अदालत र अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी पर्नु स्वाभाविकै थियो ।

यसरी कानुन कार्यान्वयन गर्ने निकायको गैरकानुनी कार्य र निर्णयबाट सिर्जित विवाद अदालत र संबैधानिक निकायहरूमा पुगेपछि विवादकर्ताहरू बढ्दै गए र कानुनमा गरिएको व्यवस्था विपरीत आ-आफ्नै स्वविवेकीय अधिकारको प्रयोग गरी भिन्न भिन्न विरोधाभाषी निर्णयहरू भइरहे, जसको शिकार वन उद्योग र वन उद्यमी बन्न पुगे ।

### ३.१ वन तथा भू-संरक्षण मन्त्रालयको निर्णय

जिल्ला वन कार्यालय चितवनले वन क्षेत्रबाट तोकिएको भन्दा कम दूरीमा काष्ठ उद्योग खोल्न अनुमति दिएको भन्ने विषयमा क्षेत्रीय प्रशासन कार्यालय हेटौंडामा उजुरी परेको थियो । यस विषयमा गरिएको छानविन पश्चात् क्षेत्रीय प्रशासन कार्यालयले दिएको प्रतिवेदनलाई आधार मान्दै मिति २०६३।११।११ मा वन तथा भू-संरक्षण मन्त्रालयबाट वन क्षेत्रबाट उद्योगको दूरीका विषयमा निम्न अनुसारको निर्णय गरिएको थियो, जसको समेत कुनै बैज्ञानिक र बैधानिक आधार थिएन :

> "तराईमा वनक्षेत्र वा संरक्षित क्षेत्रबाट दुई किमी टाढा र अन्यक्षेत्रका हकमा वनक्षेत्र वा संरक्षित क्षेत्रबाट एक किमी टाढा मात्र वन पैदावारमा आधारित उद्योग स्थापना र सञ्चालन गर्न दिने ।"

यसरी वातावरण संरक्षण नियमावली (२०५४) मा भएको तत्कालीन व्यवस्था (पाँच किमीको दूरी) विपरीत हुनेगरी वन तथा भू-संरक्षण मन्त्रालयबाट निर्णय भएकोले सो निर्णयको बैधतामाथि प्रश्न उठी यस विषयमा थप विवादहरू सुरु भए । वन तथा भू-संरक्षण मन्त्रालयबाट भएको निर्णय आन्तरिक रूपमा मात्र विरोधाभाषपूर्ण नभई यस विषयमा सर्वोच्च अदालत र अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा परेका उजुरीहरूमा पनि विरोधाभाषपूर्ण निर्णयहरू हुन पुगे र समस्याको जञ्जाल झन फैलिँदै गयो । राज्यका निकायहरूले एउटा विषयमा निकायपिच्छे रडाको गरी रमाउने र वन उद्यमीलाई सताउने गरेको यो एउटा उत्कृष्ट किसिमको दुर्भाग्यपूर्ण उदाहरण हो ।

### ३.२ अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णय

वन पैदावारमा आधारित उद्योगहरू गैरकानुनी रूपमा दर्ता गरी वन कार्यालय र घरेलु तथा साना उद्योग कार्यालय दाङका कर्मचारीले रकम भागबन्डा गरी खाए भन्ने उजुरीका सम्बन्धमा आयोगले अनुसन्धान गरेको थियो । यसैक्रममा वातावरण संरक्षण नियमावली २०५४ को अनुसूची २ मा पनि संशोधन भई वनबाट उद्योगको दूरीका विषयमा नयाँ मापदण्ड लागू भएको थियो । सोही कुरालाई मध्यनजर गर्दै आयोगले वन पैदावारमा आधारित उद्योगहरू दर्ता गर्दा वन क्षेत्रको दूरीका विषयमा लागू गर्ने मापदण्डको विषयमा वातावरण संरक्षणसम्बन्धी नियमहरू पटक पटक संशोधन गर्न युक्तिसङ्गत नदेखिने हुँदा आगामी दिनमा नियमावलीमा यस विषयलाई समावेश गरी व्यवस्थित रूपमा लागू गर्न र दाङ जिल्लाको देउखुरी क्षेत्रमा कानुन विपरीत दर्ता भएका वन

पैदावारमा आधारित १४ वटा उद्योगहरूको सम्बन्धमा आवश्यक व्यवस्था गर्नका लागि मिति २०६४।६।२१ मा मन्त्रालयलाई निर्देशन दिएको थियो ।

यद्यपि, वन क्षेत्रबाट उद्योगको दूरीका विषयमा जिल्ला वन कार्यालय चितवनले वन क्षेत्रबाट तोकिएको भन्दा कम दूरीमा काष्ठ उद्योग खोल्न अनुमति दिएको विषयमा परेको उजुरीका सन्दर्भमा वन तथा भू-संरक्षण मन्त्रालयबाट मिति २०६३।११।११ मा भएको निर्णयलाई लिएर आयोगमा परेको उजुरीका विषयमा भने आयोगले मिति २०६५।१०।२१ मा माथि उल्लेख गरिएभन्दा भिन्न किसिमको विवादास्पद निर्णय गर्न पुगेको थियो ।

आयोगले यस विषयमा निर्णय गर्ने क्रममा उद्योग प्रशासन निर्देशिका (२०५८) मा तराई तथा भित्री मधेसमा वन क्षेत्रबाट कम्तीमा पाँच किमी टाढा र पहाडमा तीन किमी टाढा मात्र उद्योगहरू स्थापना गर्न स्वीकृति दिन सक्ने भन्ने व्यवस्था भएकोमा वन तथा भू-संरक्षण मन्त्रालयबाट भएको निर्णय सो विपरीत रहेको छ भन्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र वन तथा भू-संरक्षण मन्त्रालयलाई वन नियमावली (२०५१) मा आवश्यक संशोधन गरी उद्योग प्रशासन निर्देशिका (२०५८) सँग तालमेल मिलाउन मिति २०६५।१०।२१ मा निर्देशन दिएको थियो (अख्तियार दुरूपयोग अनुसन्धान आयोग, २०६७), जुन निर्णय पनि वातावरण संरक्षण नियमावली (२०५४) विपरीत रहेको थियो ।

यसरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पछिल्लो समयमा वातावरण संरक्षण नियमावली (२०५४) मा गरिएको व्यवस्थालाई बवास्ता गर्दै वन क्षेत्रबाट वन पैदावारमा आधारित उद्योगको दूरीका विषयमा वन नियमावली हुँदै उद्योग प्रशासन निर्देशिकासम्मको गोलचक्करमा पुऱ्याइदियो, जसले गर्दा वनमा आधारित उद्योगहरू सरकारी निकाय र राज्यका विभिन्न अङ्गहरूले सिर्जना गरेको भूमरीमा फस्दै गए ।

## ३.३ उद्योग विभागको निर्णय

वन क्षेत्रबाट उद्योगको दूरीका विषयमा विभिन्न विवादहरू बढ्दै जाँदा उद्योग विभागले मिति २०६६।१।२५ मा एक थप विवादास्पद निर्णय गरी सबै उद्योगहरू वन क्षेत्रबाट पाँच किमी टाढाको दूरीमा सार्नुपर्ने परिपत्र गरी यस विषयमा थप जटिलता सिर्जना गरिदियो । किनकि, उद्योग विभागको उक्त निर्णय मिति २०६४।५।३ मा वातावरण संरक्षण नियमावली (२०५४) को अनुसूची २ मा संशोधन गरी कायम गरिएको नयाँ व्यवस्था विपरीत रहेको थियो ।

## ३.४ सर्वोच्च अदालतको निर्णय

वनक्षेत्रबाट उद्योग स्थापना र सञ्चालन गर्ने क्षेत्रसम्मको दूरीका विषयमा माथि उल्लिखित विभिन्न निकायहरूले वातावरण संरक्षण नियमावली (२०५४) विपरित निर्णय गरी विवादहरू सिर्जना गरेकोले यी विवादित विषयहरू सर्वोच्च अदालतमा पुगे । यस विषयमा विभिन्न स:मिल तथा फर्निचर उद्योग व्यवसायीहरूले घरेलु तथा साना उद्योग विभागका विरुद्ध अदालतमा दिएका रिट निवेदनहरूमा सर्वोच्च अदालतले मिति २०६७।१०।१० मा निम्न बमोजिमको निर्णय गरेको थियो :–

- वन क्षेत्रबाट पाँच किमीको दूरीमा मात्र उद्योग स्थापना र सञ्चालन गर्नुपर्ने भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गरेको निर्णय खारेज हुने ।
- उद्योग स्थापना र सञ्चालन गर्ने दूरी वन क्षेत्रबाट दुई किमी टाढा हुनुपर्ने ।
- वन क्षेत्रबाट उद्योगको दूरी निर्धारण सम्बन्धमा घरेलु तथा साना उद्योग विभागले नयाँ मापदण्ड बनाउनु पर्ने ।

यस विवादका विषयमा सर्वोच्च अदालतले गरेको निर्णयका दुईवटा बुँदाहरू कानुनसम्मत रहे पनि उद्योग स्थापना र सञ्चालन गर्ने दूरी वन क्षेत्रबाट दुई किमी टाढा हुनुपर्ने भनी गरेको निर्णय भने आफैंमा विवादास्पद रहेको छ, किनकि, उक्त निर्णय र वातावरण संरक्षण नियमावली (२०५४) को अनुसूची २ मा गरिएको व्यवस्थाका बीचमा तालमेल खाँदैन । त्यसैले सर्वोच्च अदालतले गरेको उक्त निर्णय उपर पुर्नविचार हुनुपर्ने अवस्था रहेको छ ।

यहाँ समीक्षा गरिएका विभिन्न विभागीय निर्णय तथा परिपत्र, संबैधानिक निकायका निर्णयहरू र सर्वोच्च अदालतबाट भएका निर्णयहरूका बीचमा विरोधाभाष कायमै छन् । यसरी वन उद्यम र वन क्षेत्रको बीचमा रहनुपर्ने दूरीका विषयमा निकास दिने नाममा आपसी समन्वय बिना र सरोकारवालाहरूसँग परामर्श नै नगरी एकलौटी रूपमा आ-आफ्नो निकायगत अधिकार प्रदर्शन गर्ने शैलीमा गरिएका निर्णयले वन उद्यमहरूको विकासमा निरन्तर अवरोध र नैराश्यता सिर्जना गरेको छ । त्यसैले सम्बन्धित निकायहरूले आफ्नो क्षेत्राधिकारको रवाफभन्दा पनि समग्र वन उद्यमको विकास र हितलाई ध्यान दिँदै यस विषयमा नयाँ व्यवस्था गर्नुपर्ने अवस्थाको सिर्जना भएको छ ।

## ४. दूरीसम्बन्धी नयाँ व्यवस्था : अवसर, चुनौती तथा सम्भावित प्रभावहरू

वन पैदावारमा आधारित उद्योग र वन क्षेत्रको दूरीका विषयमा सरकारी निकाय, न्यायिक निकाय र संबैधानिक निकायहरूका बीचको आपसी विवाद र यसबाट प्रभावित, पीडित र आजित भएका वन उद्यमी बीचको लामो छलफल र वार्ताहरू पश्चात् उद्योग मन्त्रालयको सिफारिसमा मन्त्रिपरिषद्बाट मिति २०७१।५।१६ मा पैदावारमा आधारित उद्योग र वन क्षेत्र बीचको दूरी सम्बन्धमा निम्न बमोजिमको नयाँ व्यवस्था कायम गरिएको छ :–

**तालिका ४: नयाँ व्यावस्था अनुसार वन पैदावारमा आधारित उद्योग स्थापना गर्दा उद्योग र वन बीच हुनु पर्ने दूरी**

| सि.नं. | उद्योगको किसिम | भौगोलिक क्षेत्र (किमी.) | |
|---|---|---|---|
| | | उच्च एवम् मध्य पहाडी क्षेत्र | चुरे, भित्री मधेस तथा तराई क्षेत्र |
| १ | फर्निचर | | |
| १.१ | १८ इन्चसम्म आरा रहेको कुटिर उद्योग | ०.५ | ०.५ |
| १.२ | १८ देखि ३५ इन्चसम्म आरा रहेको साना तथा मझौला उद्योग | ०.५ | १ |
| २ | ३६ इन्च तथा सोभन्दा बढी साइजको आरा रहने सबै खाले उद्योग (स:मिल समेत) | १.५ | ३ |
| ३ | भेनियर उद्योग | १ | ३ |
| ४ | दाउरा तथा काठ र यस्तै प्रकृतिका कच्चा पदार्थलाई पूर्ण वा आंशिक रूपले प्रयोग गर्ने उद्योग | १ | ३ |
| ५ | खयर उद्योग | १ | ३ |
| ६ | जडीबुटी प्रशोधन उद्योग | ०.५ | १ |
| ७ | स्थानीय वन उपभोक्ता समूह र निजी क्षेत्रको साझेदारीमा सञ्चालन हुने उद्योग | ०.२५ | १ |

स्रोत : नेपाल राजपत्र, खण्ड ६४ सङ्ख्या २० भाग ५, मिति २०७१।६।६

माथि उल्लिखित सात किसिमका उद्योगमध्ये खासगरी जडीबुटी उद्योग भन्नाले कस्तो किसिमका जडीबुटी उद्योग भन्ने बारेमा स्पष्ट प्रकार वा प्रकृतिहरू नखुलाइएकोले ठूला किसिमका जडीबुटी प्रशोधन उद्योग र सामान्य किसिमको वा स्थानीय प्रकृतिको जडीबुटी उद्योग स्थापना गर्न पनिदूरीसम्बन्धी एउटै मापदण्ड लागू गर्दा खासगरी स्थानीय प्रकृतिका साना जडीबुटी उद्योगलाई अन्याय हुन जाने अवस्था सिर्जना हुने देखिएको छ। त्यसैले लामो समयको अनुभव पश्चात् तर्जुमा गरिएको मापदण्डका पनि कमजोरीहरू रहेको देखिन्छ।

(क) इँट्टाभट्टा सञ्चालन गर्दा दाउरा प्रयोग नहुने भनी सम्बन्धित निकायबाट प्रमाणित भई आएमा जिल्ला वन कार्यालयको सहमति लिई सञ्चालन गर्न पाउने।

(ख) वन जङ्गलमा कुनै हानी नोक्सानी नपुऱ्याई र काठ/दाउराको प्रयोग नगरी सुगन्धित वनस्पतिबाट तेल निकाल्ने उद्योगहरूको हकमा न्यूनतम दूरीको प्रावधान नलाग्ने तर त्यस्ता उद्योग स्थापना गर्दा जिल्ला वन कार्यालयसँग सहमति लिनुपर्ने।

(ग) संरक्षित क्षेत्र अन्तर्गत पर्ने मध्यवर्ती क्षेत्रको हकमा मध्यवर्ती क्षेत्र नियमावली, २०५२ र मध्यवर्ती क्षेत्र (उद्योग स्थापना र सञ्चालन) मापदण्ड, २०६२ अनुसार हुने।

(घ) औद्योगिक क्षेत्रमा सञ्चालन हुने वन पैदावारमा आधारित उद्योगका हकमा दूरी नलाग्ने।

(ङ) काठमाडौं उपत्यका लगायतका स्थानमा उद्योग दर्ताका सम्बन्धमा उद्योग मन्त्रालय, औद्योगिक प्रवर्द्धन बोर्डको १३२ औं बैठकबाट भएको निर्णय नं. १ का अधीनमा रही काठमाडौं उपत्यका, जिल्ला सदरमुकाम र नगरपालिका क्षेत्रमा वन पैदावारमा आधारित उद्योग दर्ता गर्दा यो मापदण्ड लागू नहुने

(च) यो मापदण्ड लागू हुन अघि दर्ता भई सञ्चालनमा रहेका वन पैदावारमा आधारित उद्योगहरूका हकमा यो मापदण्ड लागू हुनेछैन। तर यस्ता उद्योगहरु सो स्थानबाट स्थानान्तरण वा क्षमता वृद्धि गर्नुपर्ने भएमा यसै मापदण्ड अनुसार हुनेछ।

(छ) यस मापदण्डको कार्यान्वयनमा आइपर्ने समस्या तथा बाधा उत्पन्न भएमा स्थानीय विकास अधिकारीको संयोजकत्वमा जिल्ला वन अधिकृत र घरेलु तथा साना उद्योग कार्यालयको प्रमुख सदस्य रहेको समितिको सिफारिसमा उद्योग मन्त्रालयले बाधा अड्काउ फुकाउन आवश्यक निर्णय गर्न सक्ने।

स्रोत : नेपाल राजपत्र, खण्ड ६४ सङ्ख्या २० भाग ५, मिति २०७१।६।६

त्यस्तै मन्त्रिपरिषद्को उक्त निर्णयमा माथि उल्लिखित दूरीसम्बन्धी मापदण्डका अलावा उद्योग रहने स्थानका सन्दर्भमा थप निम्न निर्णयहरू पनि भएको छ, जसको पनि सकारात्मक र नकारात्मक पक्षहरू रहेका छन्।

माथि उल्लिखित व्यवस्थाहरूबाट सुगन्धित वनस्पतिबाट तेल उत्पादन गर्ने उद्योगहरूका लागि यो व्यवस्था सकारात्मक रहे पनि यसमा पनि उद्योगको स्तर नखुलाइएकोले विवादरहित भन्न सकिने अवस्था रहेको छैन।

त्यसैगरी वन उपभोक्ता समूह र निजी क्षेत्रको साझेदारीमा सञ्चालन हुने उद्योगको लागि निर्धारण गरिएको दूरी सम्बन्धी मापदण्ड घरेलु तथा साना उद्योग विभागको कार्यविधि दिग्दर्शन (२०६८) मा गरिएको व्यवस्थासँग बाझिएको छ। किनकि, उक्त दिग्दर्शनमा वन उपभोक्ता समूहले सामुदायिक वनभित्र स्थापना गर्ने वन पैदावार उद्योगको हकमा वन नियमावली (२०५१) को नियम ३२(४) बमोजिम गर्नुपर्ने र सो हदसम्म दूरी सम्बन्धी प्रतिबन्ध नलाग्ने व्यवस्था गरिएको थियो। तर मन्त्रिपरिषद्को निर्णयमा यस विषयमा कुनै व्यवस्था उल्लेख नगरिएकोले वन उपभोक्ता समूहले मात्र खाल्ने उद्योगको हकमा दूरी सम्बन्धी कुन व्यवस्था लागू हुने भन्ने अन्यौलता कायमै रहेको छ।

वन क्षेत्र र उद्योगको बीचमा रहनुपर्ने दूरीको विषयमा गरिएको नयाँ व्यवस्थाका सबल पक्ष र कमजोरीहरू पनि रहेका छन्, जसको प्रभाव यसको अभ्यासबाट आगामी दिनमा देखिँदै जानेछ। नयाँ व्यवस्थाले विद्यमान समस्या हटाउनका लागि निम्नानुसार सहयोग मिल्ने छ :–

- दूरीको विषयमा यसपूर्व अन्यौलताको अवस्थामा धेरै वन उद्यमहरू स्थानान्तरण गर्नुपर्ने हो कि भन्ने अवस्था सिर्जना गरी धेरै उद्योगीहरूमा चिन्ता जन्माएको थियो, यद्यपि, यस नयाँ व्यवस्था अनुसार सो व्यवस्था गरिएको मितिभन्दा पूर्व स्थापना भएका वन उद्योगहरूलाई दूरीका कारण स्थानान्तर गर्नु नपर्ने व्यवस्था गरिएकोले उद्योगहरूले वातावरणमैत्री अवस्थाको सिर्जना गरी यथास्थानामा उद्योग सञ्चालन गर्न सक्दछन्।
- नेपालमा वन पैदावारमा आधारित उद्योगमध्ये नेपाली हाते कागज उद्योग र अन्य स-साना गैरकाष्ठ वन पैदावारमा आधारित उद्यमहरूले पनि ठूलो हिस्सा ओगटेका छन्। दूरीसम्बन्धी नयाँ व्यवस्थामा यस्ता प्रकृतिका सबै उद्यमलाई जडीबुटी प्रशोधन उद्योगको वर्गभित्र पारी साना ठूला सबै किसिमका उद्योग/उद्यमलाई एउटै वर्गमा पारी दूरीसम्बन्धी समान व्यवस्था लागू गरिएको छ, जसले खासगरी जडीबुटी प्रशोधनमा आधारित साना उद्यमलाई अझै पनि खासै हित गर्ने अवस्था देखिदैन। त्यसैले यसमा थप सुधार हुनुपर्ने अवस्था रहेको छ।
- उद्योग मन्त्रालयको यो नयाँ व्यवस्था र विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयले तर्जुमा गरेको वातावरण संरक्षण नियमावली (२०५४) का बीचमा पनि अझै विरोधभाष रहेकोले दूरीसम्बन्धी नयाँ व्यवस्थासँग तालमेल मिलाउने गरी वातावरण संरक्षण नियमावलीमा पनि संशोधन हुनुपर्ने आवश्यकता रहेको छ।

## ५. के हुनुपर्छ ?

नेपाल सरकारले विगतमा स्थापना गरेका अधिकांश औद्योगिक क्षेत्रहरू वनक्षेत्र वा वनक्षेत्रको आसपासमा रहेका छन्। त्यस्तै वन संरक्षणको दृष्टिकोण कैयौं संवेदनशील उद्योगहरू पनि वन क्षेत्रबाट नजिकको दूरीमा रहेका छन्। यस्ता उद्योगहरू वन क्षेत्रको दूरीका आधारमा स्थानान्तरण वा बन्द गर्ने हो भने यसबाट राज्य र वन उद्योगीले ठूलो मूल्य चुकाउनुपर्ने हुन्छ। त्यसैले वन उपभोक्ता समूहले स्थापना गर्ने सुगन्धित वनस्पतिमा आधारित मात्र नभई अन्य वन पैदावारमा आधारित साना प्रकृतिका वन उद्योगको लागि दूरीसम्बन्धी मापदण्ड लागू हुनु उपयुक्त देखिदैन।

त्यसैगरी वातावरण संरक्षण नियमावली २०५४ को अनुसूची २ मा गरिएको व्यवस्था अनुसार वन पैदावारमा आधारित उक्त ठूला प्रकृतिका वन उद्योगहरू वनक्षेत्रबाट एक किमीको दूरीमा स्थापना र सञ्चालन गर्ने हो भने त्यस्ता उद्योगको वातावरणीय प्रभाव मूल्याङ्कन गरी उद्योग स्थापना र सञ्चालन गर्न उपयुक्त हुने देखिएमा त्यस्ता उद्योग स्थापना र सञ्चालन गर्न दिनु उपयुक्त हुन्छ। यद्यपि, त्यसो गर्दा त्यस्ता उद्योगले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा पहिचान गरिएका वन क्षेत्रमा प्रभाव पर्ने प्रकृतिका कामलाई न्यूनीकरण गर्ने योजनाको भने कडाइका साथ पालना गर्नुपर्ने हुन्छ। यसका लागि एउटा अधिकारसम्पन्न र शक्तिशाली किसिमको स्वतन्त्र अनुगमन निकाय र कानुन कार्यान्वयन गर्ने निकायको स्थापना र परिचालन गर्नुपर्ने हुन्छ। यसो हुन सकेमा वन पनि संरक्षण हुने र वनमा आधारित उद्योग पनि सञ्चालन भई देशको आर्थिक विकास र मानिसको समृद्धिका लागि सहयोग पुग्न सक्दछ।

## सन्दर्भ सामग्रीहरू

**अख्तियार दुरूपयोग अनुसन्धान आयोग**। २०६७। वार्षिक प्रतिवेदन २०६६/०६७, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौं, नेपाल।

**घरेलु तथा साना उद्योग विभाग**। २०६८ कार्यविधि दिग्दर्शन, २०६८, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, काठमाडौं, नेपाल।

**नेपाल राजपत्र**। खण्ड ६४ सङ्ख्या २० भाग ५ मिति २०७१।६।६।

**नेपाल कानुन आयोग**। २०५४। वातावरण संरक्षण नियमावली २०५४, नेपाल कानुन आयोग, काठमाडौं, नेपाल।

**सर्वोच्च अदालत**। २०६७। राम प्रसाद उपाध्याय विरुद्ध घरेलु तथा साना उद्योग विभाग, २०६५ को रिट नं. ०८७६।

# नेपालमा वन उद्यम व्यवसायले बाटो बिराउँदा

✍ डा. भरत पोखरेल[1], जैलबकुमार राई[2]

## १. पृष्ठभूमि

यो लेखको मुख्य उद्देश्य नेपालमा रहेको वन स्रोतको बुद्धिमतापूर्ण उपयोगले स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याउने योगदानको बारेमा बहस चलाउनु हो । यो लेख विषेशतः लेखकहरूको व्यक्तिगत अनुभव, सिकाइ तथा बुझाइहरूका आधारमा तयार पारिएको छ र केही सन्दर्भ सामग्रीहरूको अध्ययन र विश्लेषण पनि गरिएको छ ।

नेपालमा वन स्रोत व्यवस्थापनको औचित्य, प्राथमिकता तथा आवश्यकताहरू समय अनुसार विस्तारै परिवर्तन हुँदै आएका छन् (Paudel 2012) । यसरी परिवर्तन हुनुका पछाडि वन स्रोतमा आश्रित समुदायहरूको वनसँग जोडिएको आर्थिक, सामाजिक तथा सांस्कृतिक नाता सम्बन्ध, आवश्यकता तथा चाहनाहरूमा भएको परिवर्तनहरूले हो भन्न सकिन्छ । यसको अलावा नेपालमा वन क्षेत्रमा कार्यरत सहयोगी संस्था तथा दातृ निकायहरूको सहयोगीनीतिले पनि यसमा प्रभाव पारेको हुन सक्दछ (NSCFP 2011, ANSAB 2009, NORM 2004) ।

नेपालमा सन् १९५० को दशकमा राज्यले वनको संरक्षण, व्यवस्थापन तथा उपयोग कुन निकाय र तरिकाले गर्दा राम्रो होला भन्ने बहसै नगरी निजी वन र खर्कहरूको राष्ट्रियकरण गऱ्यो । भूमिसुधारको नाममा नापी गर्दै जाँदा वनलाई पनि कृषि भूमि देखाउने होडबाजीमा वनको विनाश तिब्र रूपमा बढ्दै गई करिब १९७० को दशकको अन्ततिर आइपुग्दा नेपालको झण्डै एक चौथाइ वन क्षेत्र नै समाप्त भयो । उक्त अवधिमा राज्यले वन क्षेत्रसँग सम्बन्धित विभिन्न खालका ऐन तथा कानुनहरू निर्माण गरी लागू गऱ्यो । खासगरी नियन्त्रणमुखी वन ऐन, २०१८ निरन्तर रूपमा ३१ वर्षसम्म चल्यो । यसलाई पञ्चायतको अवसानपछि वन ऐन २०४९ ले विस्थापित गऱ्यो । पञ्चायत कालमा बनेको र चलेको ऐनले वन क्षेत्रको संरक्षण तथा व्यवस्थापनका विषयमा राज्यले लिएको नीति तथा अभ्यास सही नभएको निष्कर्षका साथ वन क्षेत्रको संरक्षण तथा व्यवस्थापन स्थानीय समुदायहरूको सहभागिता तथा सक्रियभूमिकाको माध्यमबाट गरिनुपर्ने अवधारणाको विकासलाई वन ऐन २०४९ ले निर्देशित गऱ्यो (HMGN 1998) । यसकालागि वन विकास गुरुयोजना २०४७ को दिशानिर्देश अनुकरणीय छ । यसरी सुरु भएको सामुदायमा आधारित वन व्यवस्थापनको अवधारणा तथा अभ्यासले अहिलेसम्म आइपुग्दा थुप्रै खालका नीतिगत तथा व्यवहारिक आरोह अवरोहहरू पार गर्दै आएको छ ।

समुदायमा आधारित वन क्षेत्रको संरक्षण तथा व्यवस्थापन नेपालमा सफल मात्रै हैन, एक उदाहरणीय नै भएको कुरामा दुई मत छैन । उल्लिखित ऐतिहासिक पृष्ठभूमिबाट सुरु भएको वन क्षेत्रको बहस तथा छलफल अहिले संरक्षणमुखी वन व्यवस्थापनबाट उठेर वन उद्यम र व्यवसायमा लाग्नुपर्छ भन्ने विषयमा आएर रोकिएको छ । बहसको विषय वन क्षेत्र उद्यमको विकास हुनुपर्छ कि पर्दैन भन्ने हैन कि वन उद्यम र व्यवसाय कसले सञ्चालन गर्दा बढी प्रभावकारी हुन्छ, कसको स्वामित्व र व्यवस्थापनमा सञ्चालित वन उद्यम र व्यवसाय चाहिँ नेपालको सामाजिक, आर्थिक, राजनीतिक, भौगोलिक तथा सांस्कृतिक परिस्थितिमा सफल हुन सक्दछ भन्ने विषयले अहिले वन क्षेत्र तातेको छ । यो बहस सामुदायिक वनले स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याउनुपर्ने योगदान यथेष्ट रूपमा पुऱ्याउन नसकेको भन्ने आरोपले निम्त्याएको हो (Antinori and Bray 2005, Pokharel and Nurse 2004) ।

## २. नेपालको वन क्षेत्र विकासका चरणहरू

### क) संस्थागत संरचनाको विकास

वन क्षेत्रको संरक्षण तथा व्यवस्थापनको सुरुआतको अवस्था वन क्षेत्रको संरचना तथा संस्थाको विकास गर्ने काममा केन्द्रित भयो । यस अवधिमा वन तथा भू-संरक्षण मन्त्रालय र यस अन्तर्गत विभिन्न विभागको पुर्नसङ्गठन, वनसँग सम्बन्धित विभिन्न गैर सरकारी र सामुदायिक

१ लेखक हेल्भेटास स्विस इन्टरकोअपरेसन नेपालका राष्ट्रिय निर्देशक हुन ।

२ लेखक त्रिभुवन विश्व विद्यालय, समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभाग कीर्तिपुरमा अध्यापन गराउनुका साथै फरेष्टएक्सन नेपालमा अनुसन्धानकर्ताका रूपमा कार्यरत छन् ।

सङ्घ सङ्गठनहरूको स्थापना तथा यिनीहरूको क्षमता अभिबृद्धि गर्ने जस्ता विषयहरूमा यथेष्ट समय तथा स्रोत खर्च भएको छ ।

### ख) सामुदायिकता तथा सहकारिताको विकास

यो चरणमा वनको दिगो संरक्षण तथा व्यवस्थापनका लागि स्थानीय समुदायलाई जिम्मेवार बनाउने काम प्रमुख प्राथमिकताको विषय बन्यो । स्थानीय समुदायलाई वन स्रोत संरक्षण तथा व्यवस्थापनका काममा सहभागी गराउने, अपनत्व महसुस गराउने, स्वामित्वको विकास गराउने र उनीहरूका बीचमा सहकारिताको भावना तथा अभ्यास विकास गर्ने कामलाई प्राथमिकता दिइयो । यसैगरी यस चरणमा वन स्रोतको दिगो व्यवस्थापन कसरी गर्ने, कसरी वन स्रोतलाई साझा सम्पतिको रूपमा विकास गर्ने भन्ने जस्ता कुराहरू प्राथमिकतामा परे । यस अवधिमा स्थानीय समुदायहरूले आफ्नो क्षेत्रमा भएको वन क्षेत्र तथा वन स्रोतको सफल संरक्षण गरेर पनि देखाए । तर स्थानीय समुदायहरूले वन क्षेत्रको संरक्षणमा गरेको लगानीबाट अपेक्षा गरे अनुसारको आर्थिक लाभ प्राप्त गर्न नसकेपछि राज्यले सामुदायिक वन समुहहरूलाई बढी सक्षम बनाउनको साटो यसको विकल्प खोज्ने र कहिले संरक्षित क्षेत्रहरूको (खासगरी राष्ट्रिय निकुञ्ज) विस्तार त कहिले चुरे क्षेत्र संरक्षण समितिको गठन गरी विकेन्द्रित हुँदै गएको वन क्षेत्रलाई फेरि केन्द्रिकरण गर्ने प्रयास गरेको देखिन्छ । यसले वन क्षेत्रमा नयाँ विवादको बीजारोपण भएको छ ।

### ग) वन क्षेत्रमा लगानी विस्तार

अहिलेको अवस्था भनेको वनको सफल संरक्षण भइरहेको तर आर्थिक लाभ चाहिँ  लगानी अनुसार प्राप्त गर्न नसकेको अवस्था हो । परिणामस्वरूप समुदायको लागत बढ्ने र लाभ कम हुने कुराले वनमाथि समुदायको चासो घट्दै गएको छ । यसका लागि वन क्षेत्रमा थप लगानी कसरी बढाउने भन्ने विषयमा चर्चा गर्नु सान्दर्भिक छ । तर यसका पछाडि दुई वटा महत्वपूर्ण प्रश्नहरु देखिएका छन् ।

## ३. नेपालको वन उद्यम विकासमा देखिएका मुख्य बहसहरु

### क) उद्यम र व्यापारमा लगानी कसले गर्ने ?

वन क्षेत्रको विकास गरी अर्थोपार्जन गर्न थप आर्थिक लगानीको आवश्यकता पर्दछ । सरकारी र सामुदायिक लगायत निजी क्षेत्रलाई वन विकास र उद्यममा लगानी बढाउन सकिएको खण्डमा उद्योग व्यवसाय सञ्चालन गर्न आवश्यक पर्ने प्रविधि, उत्पादित वस्तुको बजारीकरण निजी लगानीकर्ताले गर्न सक्दछ । तर निजी क्षेत्रको लगानी बारे अर्को खालको तर्क पनि त्यतिकै बलियो गरी उठेको देखिन्छ । जसअनुसार स्थानीय कृषक, गरिब तथा विपन्न समुदायहरूले वन क्षेत्रमा धेरै लगानी गरिसकेका छन् र उनीहरूको लगानीबाट अब लाभ प्राप्त गर्ने बेलामा निजी लगानीकर्ताहरूको आगमनले अहिलेसम्म संरक्षण भएको स्रोतको विनाश हुने सम्भावना बढेर जान्छ भन्ने तर्क समेत गरेको पाइन्छ । यस्तो तर्कले वन क्षेत्रमा लगानी गर्न चाहने निजी लगानीकर्तालाइ बिच्क्याएको छ ।

### ख) उद्यम व्यवसायको दैनिकी व्यवस्थापन कसले गर्ने ?

वन उद्यमको स्थापना गर्ने तथा विकास गर्ने कुरामा कसैको पनि दुई मत नभए पनि वन उद्यमहरूको व्यवस्थापनको जिम्मा कसले लिने भन्ने विषयमा पनि चर्कै विवाद तथा बहस भएको देखिन्छ । एकथरिको तर्क अनुसार वन स्रोतको प्राकृतिक विशेषताका कारण यसको संरक्षण सामूहिक भए पनि उद्योग व्यवसाय सामूहिकरूपले गर्दा व्यवसाय खर्चिलो हुन जान्छ । लगानी जुटाउन पनि निजी क्षेत्र आवश्यक पर्ने हुँदा समुदाय र निजीक्षेत्र मिलेर उद्यम व्यवसाय स्थापना गर्ने तर उद्यम व्यवसायको दैनिकी व्यवस्थापन निजीले गर्दा उद्यम व्यवसाय फस्टाउने सम्भावना बढी हुन्छ ।

## ४. उद्यम व्यवसायका लागि अगाडिको बाटो

कुनै पनि उद्यम व्यवसायको दिगो विकासका लागि तीन वटा प्रमुख तत्वहरू हुनु जरुरी हुन्छ ।पहिलो, उद्योगसँग सम्बन्धित नीति, नियम, कानुन, प्रक्रिया, सङ्घ संस्थाहरू जसले उद्योगको विभिन्न तह तथा पक्षहरूमा सहयोग गर्ने, सहजीकरण गर्ने, तथा नीतिगत अनुकूलताको सिर्जना गर्ने जस्ता महत्त्वपूर्ण कामहरू गर्दछन् । जसलाई उद्योगको लागि अनुकुल वातावरण (*enabling environment*) भनिन्छ । दोस्रो, मानवीय तथा प्राकृतिक स्रोत जसले उद्योग सञ्चालनको हरेक आयाम जस्तैः– उत्पादन, प्रशोधन, बजारीकरण आदिलाई नियमित तथा जीवन्त बनाउने काम गरिरहेका हुन्छन् जसलाई मूल्य साङ्लो (value chain) भनिन्छ । तेस्रो, उद्यमशीलता र व्यवसायका विकासका लागि आवश्यक सम्पूर्ण सेवाहरू प्रदान गर्ने सेवा प्रदायक र वित्तीय स्रोतहरू हुन् जसले उद्योगको सुरुआतदेखि अन्त्यसम्म कुनै पनि बेला आवश्यक पर्ने सम्पूर्ण वित्तीय, व्यवसायिक तथा प्राविधिक सेवाहरू

प्रदान गर्दछन् । यसलाई बिजिनेस डेभलपमेन्ट सर्भिस (बिडिएस) पनि भनिन्छ । यी तीन प्रमुख तत्वहरूको पारस्परिक सहयोग र समन्वयात्मक कामबाट कुनै पनि उद्योग व्यवसाय सञ्चालन भइरहेको हुन्छ । यसको अर्थ जब यी तीन तत्वहरू एक आपसमा परिपूरकका रूपमा भूमिका निर्वाह गर्दैनन् वा गर्न सक्दैनन् तब कुनैपनि उद्योग व्यवसाय प्रभावकारी तथा सफल रूपमा सञ्चालन हुन सक्दैन । जबसम्म यिनीहरूका बीच संयोजन हुन सक्दैन तबसम्म उद्योगहरूमा समस्याहरू देखिइरहन्छन् । यी विभिन्न तहका तत्व अन्तर्गतका सरोकारवालाहरूको भूमिका तथा कर्तव्य फरक फरक भए पनि उद्योग व्यवसायको सफल सञ्चालनका लागि सबैकौ योगदान महत्त्वपूर्ण हुन्छ । तर नेपालमा वन उद्यम व्यवसायको सवालमा हरेक सरोकारवालाहरूले आफ्नो भूमिकाको पहिचान नै गर्न सकेको देखिदैन । यसकारण सरोकारवालाहरूले एक अर्काको भूमिका तथा कर्तव्यको पहिचान र सम्मान गर्ने संस्कृतिको विकास गर्न जरुरी देखिन्छ ।

**चित्र १ : उद्यम व्यवसायका प्रमुख तत्वहरू (वन पैदावारमा आधारित उद्यमको उदाहरण)**

**१. नीति, नियम, कानुन, प्रक्रिया तथा सङ्घ संस्था**

नीति | कानुन | मन्त्रालय / विभाग / कार्यालय | महासङ्घ | सङ् | समिति | नियम | कानुन लागूगर्ने मनसाय र संस्कृति | परिपत्र | आन्दोलन / हड्ताल | चन्दा | दस्तुर | बजेट भाषण | भ्रष्टाचार | कर | भेटी

**२. मानवीय तथा प्राकृतिक श्रोत र तिनिहरूको भ्यालु चेन (value chain): उत्पादन, प्रशोधन, बजारिकरण र उपभोग**

वन | वन उपभोक्ता समुह | ठेगदार / लगनिकर्ता / व्यवस्थापक | श्रमिक | उद्यम प्रशोधन केन्द्र | थोक व्यापारि | खुद्रे व्यापारि | खरिद कर्ता / उपभोक्ता

**३. उद्यमशीलता र व्यवसायका लागि आवश्यक पर्ने सेवा र सहयोग**

व्यवसायिक तालिम दिने स्रोत केन्द्र | स्रोत व्यक्ति | उद्यम र व्यवसायिक योजना | बैंक / सहकारी संस्था / साहु /महाजन | प्रशोधन मेसिन बनाउने उद्योगी व्यापारी / कारखाना | जानकारी पुस्तिका | व्यवसायिक सीप, शिक्षा, तालिम | एप्रेन्टीसिप (काम गर्दै सिक्नु) | मेनुअल

## ५. निष्कर्ष

नेपालको वन उद्यमको सफलताका लागि उद्यमसँग सम्बन्धित सबै एक्टरहरूले एक अर्काको भूमिका, कर्तव्य, आवश्यकता तथा क्षमताको पहिचान र सम्मान गर्दै उद्योगलाई समग्र मूल्य साङ्लाको विकासका रूपमा लैजान पहल गर्नु गर्दछ । यसका साथै नेपालमा स्थापित भएको समुदायमा आधारित वन व्यवस्थापनको सन्दर्भ, नेपाली समाजको संरचना, वर्तमान राजनैतिक तरलता, विद्यमान सामाजिक असमानता जस्ता कुराहरूको सन्दर्भमा तल दिइएका प्रश्नहरूका बारेमा थप छलफल, बहस तथा अन्तरक्रिया गरी ती विषयहरूमा सबै सरोकारवालाहरूले साझा बुझाइ तथा मान्यताको विकास गर्नुपर्ने आवश्यकता देखिन्छ ।

## क) वन समूह उत्पादक मात्र कि उद्यमका मालिक र सञ्चालक पनि ?

भूमिकाका हिसाबले वन उपभोक्ता समूहरू अहिलेसम्म सामान्यतया वन क्षेत्रको संरक्षण गर्ने र कच्चा पदार्थको सङ्कलन गर्ने काम मात्रै गर्दै आएका छन् । वन उद्योगको सन्दर्भमा उनीहरूलाई उद्योगको सञ्चालक, व्यवस्थापक वा मालिक पनि बनाउन सकिन्छ कि सकिदैन ?भन्ने कुरा छलफलको विषय बन्नुपर्ने आवश्यकता देखिन्छ ।

## ख) वन उद्यममा गरिब र विपन्नको पहुँच कसरी बढाउने ?

हालको अवस्था भनेको वन उद्योग ठूला ठूला लगानीकर्ता वा व्यवसायीहरूले लगानी गरी सञ्चालन भएको अवस्था हो भने सामान्यतया त्यस्ता उद्योगहरूले धेरै लाभ आफैंलाई गर्ने सम्भावना रहन्छ भने अर्कोतिर स्थानीय कृषक वा गरिब बीचको सम्बन्ध, संवाद, अन्तरक्रिया पातलो वा निष्प्रभावी बन्दै जाने सम्भावना पनि उच्च रहन्छ । यस्तो अवस्थामा उद्योग सञ्चालकले स्थानीय समुदायको दुःख, उक्त स्रोतको संरक्षणमा गरेको लगानी जस्ता कुराहरूको महसुस तथा सम्मान गर्ने वातावरण सिर्जना गर्न सक्नुपर्दछ । स्थानीय गरिब तथा विपन्नलाई रोजगारी दिने, उनीहरूले पाउने सुविधाहरूको बारे लिखित शर्तनामामा उल्लेख गर्ने, बिमा, स्वास्थ्य, शिक्षा, सुरक्षा आदिको व्यवस्था गर्नुपर्दछ ।

## ग) उद्यम मात्र कि दिगो उद्यम / व्यवसाय ?

वन उद्योगको सङ्ख्यात्मक बृद्धिले गर्दा दिगो वातावरणीय संरक्षण र वन स्रोतको दिगो व्यवस्थापनमा पर्न सक्ने नकरात्मक प्रभाव तथा वन स्रोतको तिब्र दोहन वा विनाशको सम्भावनालाई कसरी नियन्त्रण वा न्यूनीकरण गर्न सकिन्छ? वन उद्यमको सङ्ख्यात्मक बद्धिले वन स्रोतको दिगो व्यवस्थापन भन्दा त्यसको तिब्र विनाश वा दोहन बढाउन पनि सक्दछ । उक्त सम्भावनालाई कसरी नियन्त्रण तथा न्यूनीकरण गर्न सकिन्छ भन्ने कुरा पनि उत्तिकै महत्वपूर्ण भएकाले यस बारे थप बहस र छलफलको आवश्यकता देखिन्छ ।

## घ) लगानी मात्रको कुरा कि स्थानीय लगानीको कुरा ?

दिगो उद्यम /व्यवसायका लागि उद्यमहरूमा वन स्रोतको संरक्षण गर्ने स्थानीय समुदायहरूको स्वामित्व तथा अपनत्व सुनिश्चित गर्न आवश्यक छ । वन उद्यमको स्थापना तथा विकासबाट स्थानीय समुदायले आर्थिक लाभ मात्रै प्राप्त गरेर पुग्दैन । उनीहरूको उक्त उद्योगप्रतिको अपनत्व तथा स्वामित्वको विकास पनि गर्नुपर्दछ । तसर्थ अगाडिको बाटो भनेको स्थानीय समुदाय र स्थानीय रूपमा रहेको निजी लगानीकर्ता बीचको साझेदारीमा उद्यम र व्यापार सञ्चालन गर्नु हो । स्थानीय वन स्रोतमा आधारित साना र मझौला उद्यमहरूका लागि बाह्य लगानी त्यति प्रभावकारी देखिदैन । तसर्थ स्थानीय वन उपभोक्ता समूह र त्यही क्षेत्रका लगानी गर्न सक्ने स्थानीय व्यक्ति, निकाय र संस्था मिलेर वन उद्यम/व्यवसाय चलाउनु व्यवहारिक देखिन्छ । वैदेशिक रोजगारीबाट कमाएको रकम तथा स्थानीय सहकारीहरू उक्त उद्यम व्यवसायका लागि प्रभावकारी र दिगो वित्तीय स्रोत हुन सक्छन् ।

## सन्दर्भ सामग्रीहरू


**ANSAB**. 2009. Challenges and opportunities for Nepal's small and medium forest enterprises (SMFEs). Asia Network for Sustainable Agriculture and Bioresources (ANSAB), Kathmandu, Nepal.

**Antinori C. and Bray D.B.** 2005. Community Forestry Enterprises as Entrepreneurial Firms: Economic and Institutional Perspectives From Mexico. *World Development* 33(9) pp 1529-1543.

**His Majesty's Government of Nepal (HMGN)**. 1988. Master Plan for Forestry Sector, Nepal. HMG/ADB/FINNIDA, Kathmandu, Nepal.

**NORMS**. 2004. A Report on the Review of Information on Enterprise development in the National Context, NSCFP, Kathmandu.

**NSCFP**. 2011. Two Decades of Community Forestry in Nepal. What Have we Learned? NSCFP, Kathmandu

**Paudel, D**. 2012. In Search of Alternatives: Pro-Poor Entrepreneurship in Community Forestry. The Journal of Development Studies, 48:11, 1649-1664.

**Pokharel, B.K., & Nurse, M.** 2004. Forests and people's livelihood: Benefiting the poor from community forestry. Journal of Forest and Livelihood, 4(1), 19-29.

**Subedi, B., Ojha, H.R., Nicholson, K. and Binayee, S.B.** 2002. An Assessment of Community Based Forest Enterprises in Nepal: Case Studies, Lessons and Implications. ANSAB and SNV/Nepal.

# वनमा आधारित उद्यम विकासका नीतिगत चुनौती र सुधारका सम्भावनाहरू : *कोशी पहाडी जिल्लाहरूको अनुभव*

✍ डा. दिनेश पौडेल[१], जैलबकुमार राई[२], डा. नेत्रप्रसाद तिम्सिना[३]

## १. परिचय

कोशी पहाडी क्षेत्र नेपालको आधुनिक विकासको एक केन्द्र नै हो। विगत चार दशकदेखि कृषिको आधुनिकीकरण र वनजन्य सोत उपयोगको लागि उपलब्ध हुँदै आएको बेलायती सहायताले यस क्षेत्रलाई आधुनिक विकासको केन्द्र बनाउनका लागि अग्रणी भूमिका निर्वाह गरेको छ । यसैगरी हाल सञ्चालित बहुसरोकारवाला वन कार्यक्रम जुन विगतको वन स्रोत व्यवस्थापनसँग सम्बन्धित कार्यक्रमको निरन्तरता हो, यसले पनि यस क्षेत्रको प्राकृतिक स्रोत व्यवस्थापनका माध्यमबाट विकासमा फड्को मार्न मद्दत गरेको छ । बहुसरोकारवाला वन कार्यक्रमको मुख्य जलवायु परिवर्तनकोजोखिमलाई कम गर्दै स्थानीयस्तरमा आर्थिक विकास, जीविकोपार्जनमा सुधार र वन स्रोतको दिगो व्यवस्थापनमा सघाउ पुऱ्याउनु रहेको छ । जसका लागि यसकार्यक्रमले वन सुशासन, गरिबमुखी जीविकोपार्जन, उद्यम विकास र जलवायु परिवर्तन न्यूनीकरण एवम् अनुकूलन गरी चारवटा विषयगत क्षेत्रहरूमा काम गर्दै आएको छ । जसमध्ये स्थानीय क्षेत्रको आर्थिक विकासका लागि समुदायिक उद्यमशीलताको प्रवर्द्धन प्राथमिक विषय रहेको देखिन्छ ।

वन सम्पदाको व्यवसायिक उपयोगको लामो इतिहास भएपनि कोशी पहाडी क्षेत्रमा सामुदायिक उद्यमशीलताको प्रवर्द्धन र उद्यममा समुदायको सामूहिक संलग्नता वन स्रोतसँग सम्बन्धित कार्यक्रमका लागि नयाँ अवधारणा हो । यस क्षेत्रमा सञ्चालित परियोजनाका दस्तावेजहरूले वन क्षेत्रमा स्थानीय आर्थिक क्रियाकलापहरू प्रवर्द्धन गर्नमा स्थानीय समुदायहरू र उद्यमीहरूको व्यापारिक साझेदारी हुनुपर्नेमा जोड दिएको छ । तर सामुदायिक वन उपभोक्ता समूहमा उद्यमशीलताको विकासका बारेमा अन्तरनिहित विचार, अवधारणाहरूर विधिहरूयोजना तथा व्यवहार दुवै पक्षमा स्पष्ट रूपमा बुझ्न सकेको देखिदैन । त्यसैले, यो लेखको उद्देश्य विद्यमान अनुभवहरू आदानप्रदान गर्ने र परियोजनाले अवलम्बन गरेको उद्यमशीलताको अवधारणा तथा तरिकाहरूका बारेमा छलफल गर्नु रहेको छ ।

यो लेखमा कोशी पहाडी जिल्लाहरूमा भएका अनुभव तथा अवस्थाहरूका आधारमा वनमा आधारित उद्यमहरूको सञ्चालन, विकास तथा प्रवर्द्धनका क्षेत्रमा देखा परेका नीतिगत सवालहरूको व्याख्या गर्ने प्रयास गरिएको छ । त्यसैले यहाँ वनमा आधारित उद्यमहरूको हालको अवस्था, प्रवृत्ति र अभ्यासहरूको व्याख्या गर्दै समुदायमा आधारित वन उद्यमहरू र तिनीहरूको आर्थिक सहयोगको संयन्त्रका बारेमा चर्चा गर्ने प्रयास गरिएको छ । अन्त्यमा, वनमा आधारित उद्यमहरूलाई प्रवर्द्धन गर्नमा आइपरेका मुख्य समस्याहरू र परियोजना सञ्चालनबाट उपलब्धि हसिल गर्ने सम्भावित बाटोहरूको पहिचान गर्ने प्रयास गरिएको छ ।

यो लेख चार जिल्ला (धनकुटा, तेह्रथुम, भोजपुर र संखुवासभा) हरूमा भएको व्यापारिक गतिविधिहरूको अलावा विभिन्नसमूह, स्थानीय उद्यमी, कच्चा पदार्थ सङ्कलक, उद्योग व्यवसायी, उद्योगका लगानीकर्ता, गैह्र सरकारी तथा सामुदायिक सङ्घ संस्था, बैंक तथा योजना कार्यान्वयन निकायहरूसँग भेटघाट तथा अन्तरक्रियाका आधारमा तयार गरिएको हो । यस लेखको माध्यमबाट वन उद्यमको वर्तमान संरचना, अभ्यासका साथै समस्या र त्यसप्रतिको धारणालाई विश्लेषण गर्दै स्थानीय आर्थिक समृद्धि र रोजगारी सिर्जना गर्न के गर्न सकिन्छ भन्ने बारेमा साझा बुझाइको विकासमा सहयोग पुऱ्याउने उद्देश्य लिइएको छ ।

---

१ लेखक अमेरिकाको अप्पलाचिअन स्टेट युनिभर्सिटीमा अध्यापन गर्दछन् ।

२ लेखक त्रिभुवन विश्व विद्यालय, समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभाग कीर्तिपुरमा अध्यापन गराउनुका साथै फरेष्टएक्सन नेपालमा अनुसन्धानकर्ताका रूपमा कार्यरत छन् ।

३ लेखक फरेष्टएक्सन नेपालमा आबद्ध छन् ।

## २. नेपालमा वनमा आधारित उद्यमहरूको अवस्था

नेपालमा बहुसङ्ख्यक सङ्घ संस्था र निकायहरूग्रामीण विकासको मुख्य माध्यम उद्यमहरू नै भएको कुरामा विश्वस्त भएको देखिन्छ। विभिन्न निकाय तथा सङ्घ संस्थाहरूले आफ्नो अवधारणा अनुसार विभिन्न खालका उद्यमहरूको संरचना, विधि र प्रक्रियाहरूको विकास, परीक्षण तथा अभ्यास गर्दै आएका छन्। सामुदायिक वनमा आधारित उद्यमहरूको अवधारणा पनि यस्तै प्रक्रियाहरूबाट जन्मेको देखिन्छ। हालसम्म गरिएका अभ्यास तथा प्रयासहरू केहीहदसम्म सफल रहेपनि विभिन्न कारणहरूले गर्दा (जस्तैः–व्यापारिक अड्चन, लगानीको अभाव, नीतिगत अड्चन आदि) गरिब मानिसहरूको जीवनमा अपेक्षा गरिए अनुसारको परिवर्तन ल्याउन र धनी तथा गरिब बीचको खाडल कम गर्न सकेको भने देखिदैन।

वर्तमान अवस्थामा सञ्चालित उद्यमहरूको विश्लेषण गर्दा स्थानीय पुँजीपति तथा सम्पन्न व्यक्तिहरू, व्यापारीहरू र वितरकहरू आ-आफ्नो किसिमले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सङ्गठित भएको देखिन्छ। यस्तो सङ्गठित हुने प्रक्रियाले उनीहरूको व्यापारिक सम्बन्धलाई सुदृढ गर्दै अझ मजबुद बनाउन मद्दत गरेको देखिन्छ। यद्यपि यस्तो गठबन्धनमा स्थानीय समुदायमा रहेका गरिब तथा विपन्न मानिसहरूसामेल भएका हुँदैनन्। सरकार तथा परियोजनाहरूले सामुदायिक उद्यमशीलताका माध्यायमबाट गरिब तथा विपन्नहरूको जीविकोपार्जनका आधारहरूको विकास तथा सुधारलाई मुख्य कार्य क्षेत्र बनाए पनि वास्तविकरूपमा भने यिनीहरूको पक्षमा पर्याप्त र उपलब्धिमूलक काम भएको देखिँदैन।

नेपालको सामुदायिक वनमा आधारित उद्यमको प्रवर्द्धनका माध्यमबाट वनमा आश्रित गरिबहरूको आय आर्जनमा बृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखाएको छ (Scherr et al., 2004)। उदाहरणको लागि गैह्रकाष्ठ वन पैदावारमा आधारित उत्पादनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गरी दुवै बजारमा तिव्र रूपमा माग भइरहेको छ र उक्त बजारको मागलाई सम्बोधन गर्न नेपालको वन स्रोतहरूको दिगो व्यवस्थापन गर्दै आर्थिक विकास गर्न सम्भव देखिन्छ।

पर्यावरणीय विविधता भएको कोशी पहाडी क्षेत्र व्यापारिक वनजन्य वनस्पतिहरूमा धनी छ। यस क्षेत्रमारहेका थुप्रै प्रकारका वन स्रोतहरू जस्तैः– चिराइतो, सतुवा, उत्तिस, खयर, बेल, लोक्ता, अल्लो, अर्घेली, अलैंची, अम्रिसो, जटामसी, खोटो आदिले व्यापारिक सम्भावना बोकेका छन्। यस क्षेत्रमा रहेका सामुदायिक वनहरूले पनि आफ्नो आम्दानीको रूपमा विभिन्न गैह्रकाष्ठ वन पैदावार तथा जडीबुटीको खेती सुरु गरिसकेका छन्। त्यसमध्ये कैयौं समूहले प्राकृतिक रूपमै उम्रने वन स्रोतलाई बचाउने, प्रबवर्द्धन र बिक्री वितरण गर्ने कार्य पनि गरेका छन्। अहिले लगभग एक सयभन्दा बढी सामुदायिक वन उपभोक्ता समूहहरू विभिन्न खालका वनजन्य उत्पादनहरूको खेती गर्ने कार्यमा संलग्न रहेका छन्। यस्ता समूहले मुख्य रूपमा अम्रिसो, अलैंची, कुरिलो, लोक्ता र चिराइँतो जस्ता वनस्पतिहरूको खेती र बजारीकरण गर्दै आएका छन्। यहाँका सामुदायिक वनहरूमा प्रकृतिक रूपमा नै उम्रने वनस्पतिहरू जस्तैः–अल्लो, लोक्ता, अर्गेली, निगालो जस्ता प्रजातिहरू पनि प्रशस्त मात्रामा पाइन्छ। तर ती वनस्पतिहरूको दिगो संरक्षण र सङ्कलनको ज्ञान तथा चेतनाको कमीका कारण सरकारी र समुदायिक वन क्षेत्र गरी दुवैमा लोप हुने क्रम बढेको छ। धेरैजसो सामुदायिक वनहरूले खोटो सङ्कलनबाट राम्रो आम्दानी गरिरहेको देखिन्छ। त्यसैगरी चिराइतो, लोक्ता, रिट्ठा, सल्लाको खोटो, नागबली, मजिठो, उम्रिसो, अलैंची र निगालो जस्ता वन पैदावारहरू विदेशमा पनि निर्यात गरिन्छ। चिउरी, रिट्ठा, ओखर, बेल र लप्सी जस्ता फलफूलको ठूलो बजार क्षमता रहेको छ। केही वन पैदावारहरू निर्यात गर्नुभन्दा अगाडि जिल्लामै पनि प्रशोधन गर्न सुरु गरिएको छ, जसले रोजगारी सिर्जना गर्नमा सघाउ पुर्‍याउँछ।

## ३. कोशी पहाडी जिल्लामा वनमा आधारित उद्यमहरूको विद्यमान संरचनाहरू

केही वर्षयता विभिन्न सङ्घ संस्था, विकास परियोजना र उद्यमी लगायत उपभोक्ता समूहहरूले उद्यम विकास र वन स्रोतको बजारीकरणलाई प्राथमिकतामा राख्दै आएका छन्। यसका मुख्य दुई कारणहरू रहेका छन् : (क) सामुदायिक वनले तीन दशकभन्दा बढी समयसम्म वनकोसंरक्षण र व्यवस्थापनमा बिताए र अब यसबाट समुदायको फाइदाका लागि वनको उपयोग गर्ने समय आएको छ र (ख) विकासमा निर्वाहमुखी उत्पादन पछौटेपनको मुख्य कारण भएकोले वनलाई व्यवसायिक रूपमा पनि व्यवस्थापन गर्ने बजारमुखी दृष्टिकोणको सुरुआत हुनुपर्छ भन्ने हो, जसले गर्दा आर्थिक अवसररूको

पूर्ण सम्भावना सुरक्षित बनाउन सकिन्छ र निर्वाहमुखी समुदायहरू कि त उद्यमीमा परिणत हुन्छन्, कि त कामदारमा ।

उद्यममा संलग्न व्यक्तिहरूको चाहना तथा उद्देश्यलाई विश्लेषण गर्दा कोशी पहाडी जिल्लाहरूमा रहेका वन उद्यमहरू खासगरी निम्न दुई खालका मोडेलमा सञ्चालित भएको देखिन्छ :

### क) त्रिपक्षीय सहकार्य भएको तर सामुदायिक वनमा अदृश्य व्यापारिक उद्देश्य भएको उद्यम

कोशी पहाडी क्षेत्रमा देखिएको उद्यम विकासको मान्यताहरू उजागर गर्नुभन्दा अगाडि जिल्ला वन कार्यालय (जिवका), सामुदायिक नेतृत्व र केही व्यापारीहरूका बीचको सम्बन्धबाट स्थापना भएका केही उद्यमहरू कसरी र कहाँ सञ्चालन भइरहेका छन् भन्ने कुराका बारेमा चर्चा गर्न उचित होला । सामुदायिक वनको लामो इतिहास हेर्दा क्षमता अभिवृद्धि, सञ्जालहरूको विकास रसञ्जालबाट शक्ति केन्द्रहरूउत्पन्न हुदै आएका छन्, जसले वन स्रोतको व्यापारीकरणमा महत्त्वपूर्ण घुम्ती दिएको छ । यस्ता अनौपचारिक सञ्जालले प्राविधिक योजना तयार गर्न, सामुदायिक समर्थन प्राप्त गर्न,वन स्रोत उत्पादनको प्रयोग गर्न र व्यापार गर्ने कामहरूका लागि सामुदायिक वनका सदस्यहरूलाई सामेल हुनको लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसले गठबन्धनमा सहभागी भएका सम्पूर्ण सदस्यको चासोलाई सन्तुष्ट पारेको छ । यद्यपि यसमा कैयौं नकारात्मक प्रवृत्तिहरू पनि विकास भएका छन्, जस्तै :– (क) समुदायका धनी व्यक्तिहरूले नेतृत्व लिने र अतिरिक्त आम्दानी गर्ने रुचि बढाउने, (ख) सरकारी कर्मचारीहरूले बिक्री वितरणमा नियन्त्रण गर्ने र व्यक्तिगत रूपमा कम कानुनी खतरामा व्यक्तिगत आर्थिक फाइदा लिने, र (ग) ठेकेदारले छोटो समयमा धेरै नाफा कमाउने इच्छा राख्ने ।

वन पैदावरमा आधारित उद्यमहरूको विकासका लागि सञ्जाल तथा गठबन्धन निर्माणको एउटै र सिधा प्रक्रिया छैन । यसमा संलग्न हुनेहरूका बीच हरेक कारोबारमा बैधता र स्वीकृति/अनुमोदन प्राप्त गर्नुपर्दछ । यद्यपि, गठबन्धनमा समावेश भए बापत सम्पूर्ण कर्ताहरूले केही मात्रामा भए पनि फाइदा प्राप्त गर्दछन् । वास्तविक सेयरको फाइदा बाडफाँड विषयमा विषमता हुन्छ । सेयरको फाइदा बढाउनको लागि हरेक कर्ताले यसको वैधानिकताको खोजी गर्दछन् र आवश्यक स्रोतहरूपरिचालन गर्दछन् । उदाहरणको लागि समुदायका धनी व्यक्तिहरूले आफ्नो सेयर उपयुक्त छैन जस्तो मानेमा समुदायका सदस्यहरूलाई सामूहिक शक्तिको रूपमा परिचालन गर्छन् । व्यापारीकरणबाट अझ धेरै फाइदा लिनका लागि उनीहरूले सामानको गुणात्मकता घटाउँछन् र मात्रा पनि कम गर्दछन् । त्यसै गरी बाधाहरूखडा गरेर आफ्नो शक्ति र स्थान प्राप्त गर्ने कोसिस गर्छन् । यस्तो अभ्यासबाट सामुदायिक वन उपभोक्ता समूहको साझेदारिता र नेतृत्वमा स्थापित हुन खोज्ने अरूढाँचाहरूप्रभावित भएका छन् ।

### ख) सामुदायिक वन उपभोक्ता समूहसँगको साझेदारीमा आधारित उद्यमशीलताको नमुना

वनबाट उत्पादनहरू सङ्कलन गरिसकेपछि समुदायले आफ्ना उत्पादनहरू बाहिर बेच्नका लागि सकेसम्म चाँडै अन्य व्यापारिक क्रियाकलापमा संलग्न हुन्छन् । समुदायले वन पैदावारको व्यापारीकरण गर्ने मुख्य तीनतरिकाहरू छन् :

१) ठेकेदारबाट रोएल्टी लिएर वनको उत्पादन उनीहरूलाई नै प्रयोग गर्न दिने र आफू निष्क्रिय समूहका रूपमा रहने ।

२) निजी कम्पनीहरू या लगानीकर्ताहरूले उद्यमको प्रक्रियाहरूमा नेतृत्व लिने तर आवश्यक कानुनी र संस्थागत प्रक्रिया तथा लगानीमा समूहहरूको सहयोग तथा भूमिकाको प्रयोग गर्ने ।

३) समूहले निजी लगानीकर्ताहरूलाई उत्पादन र बजारीकरणका लागि सहयोग लिई उद्यमको नेतृत्व गर्ने ।

वन परियोजनाहरूले सन् १९९० को दशकबाट लिएका विकास उद्देश्यहरूमा प्राथमिक रूपमा समुदायलाई निर्वाहमुखी कार्यक्रममा संलग्न गराउनु थियो, जसका कारण उनीहरूले सक्रिय रूपमा वनस्रोतहरूलाई नाश हुनबाट बचाउन सक्छन् । त्यसैले सोही समयदेखि सामुदायिक वनलाई बढवा दिन विकेन्द्रीकरणको धारणा, सशक्तीकरण र स्थानीय नियन्त्रणहरूलाई मुख्य विकासका दृष्टिकोणको रूपमा परिचालन गरियो । तर, समसामयिक विकास कार्यक्रममा अन्तरनिहित विचारले सामुदायिक वनमा आधारित उद्यमलाई केही आलोचना गरेको देखिन्छ । जस्तै :–समूह र गरिब व्यक्तिहरू वन उद्यममा सिधैं

सामेल हुन साधारणतयाकम क्षमता राख्दछन् । किनकि, उनीहरूसँग एकातिर वित्तीय लगानीमा पहुँच हुँदैन भने अर्कोतिर उनीहरूका लागि उद्यम सञ्चालनमा समय समयमा बाधा व्यवधानहरू मात्रै सिर्जना भइरहन्छन् । त्यसकारण, समुदायका विपन्नहरूको वन उद्यममा संलग्नता निकै कम हुन्छ । यी विभिन्न कारक तत्त्वहरूले वनमा आधारित उद्यमको प्रचलित दृष्टिकोणहरूले गरिब घरधुरीको जीविकोपार्जनको विकास तथा फरक स्थानीय आर्थिक विकासका लागि वनमा आधारित उद्यमहरूको क्षेत्रलाई सीमित गरिदिएको छ ।

## ४. कोशी पहाडी क्षेत्रमा निर्वाहमुखी जीविकोपार्जन र उद्यमशीलताको अन्तरसम्बन्ध

स्थानीय समुदायलाई आफ्नो विकासको लक्ष्य पत्ता लगाउने कामलाई सरल बनाउनका लागि सामुदायिक वनमा प्रचलित सहभागितामूलक विकास नमुना लागू गरिएको छ । सामुदायिक वनको निर्वाहमुखी प्रयोग र संरक्षणवादी मान्यताको कारण समुदायलाई विकास हस्तक्षेपले निर्वाहमुखी प्रयोगको तहभन्दा बाहिर हेर्ने पर्याप्त दृष्टिकोण प्रदान गरेको छैन । सरकारी निकायहरूले समुदायलाई आर्थिक कारोबारको लागि वन उत्पादनहरू प्रयोग गर्न दिन अनिच्छुक मात्र नभई उनीहरूलाई हैरान पारेर मध्यस्थकर्ताहरूलाई र परम्परागत ठेकेदारलाई व्यापारिक निकासी गर्नका लागि प्रोत्साहन गरिरहेका छन् । सामुदायिक वन उपभोक्ता समूहको भूमिका निर्वाहमुखी प्रयोग र संरक्षणकर्ताको रूपमा मात्र देखिन्छ । त्यस्तै व्यापारिक वर्गहरूभने सरकारको हस्तक्षेपमा विश्वास गर्दछन् ।

कोशी पहाडी क्षेत्रमा भएको सामुदायिक वनको तीस वर्ष लामो इतिहासले यो प्रष्ट पारेको छ कि केवल निर्वाहमुखी आवश्यकतामा मात्र ध्यान केन्द्रित गरेर स्थानीय आर्थिकवद्धिलाई र विशेषगरी किसान समुदायलाई उनीहरूको दयनीय जीविकोपार्जनको अवस्था परिवर्तन गर्नका लागि अवसर प्रदान गर्न सकिँदैन । कोशी पहाडी क्षेत्रमा अवस्थित मौजुदा सामुदायिक सहकार्यमा आधारितउद्यमहरूले जसोतसो भएपनि यी व्यापारीहरूसँग बराबरीको आर्थिक क्रियाकलाप सिर्जना गर्ने सामर्थ्य राख्दछन् भन्ने प्रदर्शन गरेका छन् । विभिन्न उपभोक्ता समूहहरू र व्यापारिक समूहहरूबीचको सहकार्य तथा साझेदारीले समुदायमा आधारित व्यापारिक प्रारूपलाई स्थानीयस्तरमा आर्थिक विकासको औजारको रूपमा आकर्षक बनाउन सक्दछ ।

विकासे हस्तक्षेपहरू गरिबी र सामुदायिक जीविकोपार्जनको जटिलतालाई पहिचान गर्न बारम्बार विफल भइरहेका छन् । गरिबहरूसँग आय आर्जन र स्रोतको मात्र अभाव नभएर एउटा निर्णय गर्ने प्रक्रियाहरूमा असन्तुलित सहभागिता र राजनीतिक सम्पत्तिको अभावले गर्दा पनि कठिनाइ भएको हो । जसले उनीहरूले आफूले आफैंलाई सहयोग गर्न सक्ने क्षमता र धारणाको विकास गर्ने सम्भावनाको कुरालाई उजागर गर्दछ । अर्कोतिर प्राइभेट कम्पनीहरूलेउनीहरूलाई खाली व्यापारीकरण र सस्तो ज्यालादारीको रोजगारी दिलाउने तर्कमा मात्र ध्यान दिने कार्यले सामाजिक शक्ति संरचना र असमानताहरूको  न्यूनीकरणमा खासै ठूलो परिवर्तन ल्याउन सक्दैन । कोशी पहाडी क्षेत्रमा लागू भएको सहकार्यको प्रारूपले समुदायहरूको व्यापारिक गतिविधिहरूको गैह्रसमावेशीताको सीमिततालाई पहिचान गरेको छ । यसले संस्थापकीय तरिकालाई अनुशरण गर्ने उद्देश्य राख्दछ । जुन चाहिँ जीविकोपार्जनको फाइदा, आर्थिक वृद्धि र वनको दिगोपनामा सिर्जना गर्ने सहकार्यको व्यापारिक संरचनातर्फ उन्मुख हुन्छ ।

तीस वर्षभन्दा अघिदेखि विकसित हुँदै आएको सामुदायिक वनले धेरै चरणहरू पार गर्दै आएको छ । यस्तो सामुदायिक सङ्घहरूको स्थापना, अन्य स्रोत व्यवस्थापन, स्रोत परिचालनले व्यापारिक र आर्थिक विकासलाई एउटा फड्को प्रदान गरेको छ । यसकारण, नेपालको वन क्षेत्रको बहस वनसँग सम्बन्धित सामुदायिक संस्थाहरूको गठन, वन क्षेत्रको सामुदायिक संरक्षण तथा व्यवस्थापनको सफल प्रयासहुँदै अहिले वन स्रोतको उपयोग र उद्यमशीलताको विकासमा पुगेर अडिएको छ ।

## ५. कोशी पहाडी क्षेत्रमा सामुदायिक र निजी सहकार्यमा आधारित वन उद्यमको संरचना

कोशी पहाडी क्षेत्रमासहकार्यमा आधारित वन उद्यम संरचनाको मुख्य विशेषता भनेकोसमूह र व्यक्तिगत लगानीकर्ता बीचको साझेदारी हो । यस्ता उद्यमहरूमा संलग्न व्यक्तिहरूसमुदायभित्र र बाहिरका पनि पर्दछन् । यस्तो साझेदारितामा सामुदायिक वन समूहका उपभोक्ताहरू, समूहभित्र विपन्न पहिचान भएका घरधुरीहरू पनि लगानीकर्ता वर्गकोरूपमा समावेश भएका छन् । सामुदायिक कोष र विकास परियोजनाबाट पाएको

बाह्य सहयोगहरू समुदायका गरिब तथा विपन्नहरूको लगानीको स्रोत बनेको छ ।

कोशी पहाडी क्षेत्रमा साझेदारी उद्यमहरू भिन्न तरिकाले उत्पादन गर्ने प्रक्रियामा उदाहरणीय भएका छन् । यस क्षेत्रका यस्ता सहकार्यमा आधारित वन उद्यमहरू सामान्यतया दुई तरिकाले सञ्चालित छन् ।

क) सामुदायिक वन उपभोक्ता समूह र उक्त समूहका गरिब घरधुरी बीचको संयुक्त लगानीमा आधारित (जस्तैः– बेलको जुस, खोटो सङ्कलन, अल्लो सङ्कलन र प्रशोधन आदि) ।

ख) सामुदायिक वन उपभोक्ता समूह र निजी कम्पनीहरूबीच सहकार्य (जस्तैः–भेनिर उत्पादन, लोक्ता कागज, काठको व्यापार, खोटो सङ्कलन, अल्लो आदि) ।

साधारणतया थप लगानी र स्तरीय सीपहरू चाहिएको खण्डमा वन उपभोक्ता समूहहरूले स्थानीय उद्यमीसँग मिलेर उद्यम स्थापना गर्दछन् । यस्तो अवस्थामा साधारणतया कच्चा पदार्थ सङ्कलन तथा निर्यात गर्न र उत्पादित वस्तुहरू स्थानीय क्षेत्रमा वितरण गर्नका लागि पनि वन उपभोक्ता समूहको सञ्जाल सञ्चालित हुन्छन् । यदि उत्पादनहरू स्थानीय स्तरमा उपभोग हुँदैन र बाह्य बजारमा (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा) बिक्री वितरण गर्दा निजी क्षेत्रको साझेदारी आवश्यकता पर्दछ ।

सहकार्यमा आधारित उद्यमहरूमा गरिब परिवारको पहिचान,सम्भाव्य उत्पादनका अवसरहरूको खोजी, उद्यम संरचनाको स्थापना, लगानीकर्ताहरूको पहिचान, उत्पादनको विस्तृत योजना, वस्तुको वितरण र मुनाफा बाँडफाँडको संयन्त्र र अनुगमन तथा मूल्याङ्कनको लागि राम्रोसँग परिभाषित संस्थागत विकास र प्रक्रियाको आवश्यकता पर्दछ । विचारको विकास, एकता र सामूहिक निर्णय गर्नका लागि हरेक तहहरूमा क्षमता अभिवृद्धि जस्ता कुराको लागि विभिन्न समूहहरूकाबीच छलफलको आवश्यकता छ जुन यसखालको उद्यमको मुख्य विशेषता तथा सम्पत्ति नै हो ।

सहकार्यमा आधारित उद्यमहरूको आवश्यकता वा महत्त्वलाई निम्न अनुसार व्याख्या गर्न सकिन्छ :

क) स्थानीय आर्थिक विकास हासिल गर्नःउत्पादन कार्यमा/प्रक्रियामा सामेल भएका कर्ताहरूबीचमा विश्वासको कमी भयो भने उद्यम विफल हुन्छ । यसखाले वन उद्यममा गरिब घरधुरीहरू सामूहिक रूपमा वन स्रोतहरूको संरक्षण, सङ्कलन, प्रशोधन, बजारीकरण तथा लाभको बाँडफाँडमा सहभागी हुन्छन् जसले गर्दा एक आपसमा विश्वासको वातावरण सिर्जना हुन्छ । परिणामस्वरूप स्थानीय स्रोतका माध्यमबाट आर्थिक विकास गर्न योगदान गर्दछन् ।

ख) गरिबमुखी जीविकोपार्जनको प्रत्याभूति गर्नः परम्परागत विकासका तरिकाहरूले सीपविहीन निर्वाहमुखी कामदार र रोजगारीको विकास गर्ने काम गरेको छ । सीपयुक्त र आत्मनिर्भर श्रमशक्तिको विकासका लागि भएपनि सहकार्यमा आधारित उद्यमको आवश्यकता देखिन्छ ।

ग) वन स्रोतको दिगोपना सुनिश्चित गर्नः कोशी पहाडी क्षेत्रमा उद्यमको सफलता र दिगोपना स्रोतको दिगो व्यवस्थापनमा भर पर्दछ । सामुदायिक वनमा, सामुदायिक वन उपभोक्ताहरू र सदस्य घरधुरीलाई दिइने प्रोत्साहनका कारण उत्पादकत्व र दिगो वन व्यवस्थापनमा अझ बढी ध्यान दिन्छन् जसले कच्चा पदार्थ मात्र बेच्ने निष्क्रियकर्ताबाट उद्यमी बन्न, मालिक बन्न र उद्यमको सिधैं लाभान्वित बन्न प्रोत्साहन गर्छ ।

कोशीपहाडी क्षेत्रमा वन उद्यमहरूलाई सफल साझेदारी उद्यमको रूपमा विकास गर्नका लागि मुख्य सम्भावित दुई नमुना अथवा संरचनाहरू छन् :

क) स्थानीय लगानीकर्ता र समूहका बीच साझेदारीः समुदायका निजी लगानीकर्ताहरू र समूहहरू समायोजित भई उद्यम सञ्चालन गर्दछन् । यस प्रक्रियामा सामुदायिक वनले समुदायका गरिब घरधुरीहरूको पहिचान गर्दछन् र उनीहरू सबैको साझा सङ्गठन वा सञ्जाल बनाउँछन् । व्यवसायिक बिक्रीबाट पूर्णमुनाफा प्राप्त गर्न सामुदायिक वन उपभोक्ता समूहको सञ्जालले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ ।

ख) समुदायका सदस्यहरू, सामुदायिक समूहरू र समुदायका व्यक्तिहरूको साझेदारीःव्यक्तिगत

उद्यमीहरू, सामुदायिक वन उपभोक्ता समूहहरू र पहिचान गरिएका गरिब घरधुरीहरूयस खालको उद्यममा एकैसाथ आउँछन् र संयुक्त रूपमा उद्यमको सञ्चालन गर्दछन् । उनीहरू सबै नै उद्यमको लगानीकर्ता हुन्छन् र उद्यमको लाभांशबाट समान लाभ पनि प्राप्त गर्दछन् । व्यक्तिगत लगानीकर्ताहरू दुईवटा समूहको हुन सक्छन् । एउटा, समूहका उपभोक्ता वा सदस्यहरू र दोस्रो, विशेष सीप र बजारसँग सम्पर्क भएको बाहिरिया व्यक्ति ।

सहकार्यमा सञ्चालित उद्यमहरू सफल रूपमा सञ्चालन हुनका लागि केही आधारभूत तत्त्वहरू हुनु जरुरी हुन्छ । यस्ता केही प्रमुख तत्त्वहरू निम्नानुसार रहेका छन् ।

क) उद्यमको स्थापना गर्दा लामो तथा सबैले स्विकार गर्ने खालको सामाजिक प्रक्रिया, उनीहरूको सशक्तिकरण, निर्णय तथा मुनाफा वितरणहरूमा सबैको संलग्नता हुने संयन्त्रको स्थापना गरिन्छ ।

ख) उद्यममा सामेल भएका सबै कर्ता तथा लगानीकर्ताहरूको उक्त उद्यममा स्वामित्वको संरचना स्पष्ट रूपमा परिभाषित गरिएको हुनुपर्दछ ।

ग) उद्यमका लागि आवश्यक कच्चा पदार्थको खेती, सङ्कलन, संरक्षण, व्यवस्थापनहरूका बारेमा सामुदायिक वन उपभोक्ता समूहहरूको सञ्चालन योजनामा स्पष्ट तथा दीर्घकालीन योजना निर्माण गरिनु पर्दछ ।

घ) उद्यममा सीमित व्यक्तिहरूमा केन्द्रित नभई स्थानीय अर्थतन्त्रमा केन्द्रित हुनु पर्दछ । तर बजार तथा उद्यमलाई आवश्यक सीपहरूको पहुँचका लागि ठूला ठूला उद्यमी तथा कम्पनीहरूसँग सम्पर्क तथा सम्वन्वयको सुरुआतबाट नै गरिनु पर्दछ, जसले गर्दा प्रारम्भिक पुँजीका साथै व्यापार, बजार,सीप र उद्यम सञ्चालन गर्न चाहिने सञ्जालको स्रोत पनि प्रदान होस् ।

ङ) सामुदायिक वन उपभोक्ता समूह तथा उनीहरूको सञ्जाललाई स्रोत, सम्पत्ति, स्रोतको व्यवस्थापक र स्थिर सङ्गठनको रूपमा परिचालन गर्नु पर्दछ ।

च) विशेष उत्पादनको लागि परिचित बजारबाट सुरु गर्ने,जसले गर्दा सुनिश्चित बजारका आधारमा उद्यम स्थापना होस् । अन्यथा, बजार र माग विनाको उद्यमले थप सङ्घर्ष गरिरहनुपर्ने हुन्छ ।

## ६. सहकार्यमा आधारित वन उद्यममा लगानी

निजी तथा सामुदायिक सहकार्यमा आधारित वन उद्यमहरूको लगानी योजना र पुँजीको संयन्त्र उक्त उद्यमका लगानीकर्ता तथा उद्यमको स्वामित्वको संरचना अनुसार फरक हुन्छ । फरक तहको उद्यमलाई फरक तहको लगानी आवश्यकता हुन्छ । कच्चा पदार्थ उत्पादन गर्ने उद्यमहरूले थोरै मात्र लगानी गरेका हुन्छन् भने धेरै ठूलो उद्यमहरू जो लोक्ता कागज, भेनिर, प्लाइउड आदिको प्रशोधन र बजारीकरणमा संलग्न भएकाहरूले संरचना, संसाधन र मानव साधनको लागि भनेर बढी लगानी गर्दछन् । उद्यममा सुरुआतको लगानी र सञ्चालनको खर्च उक्त उद्यमले मुनाफा आर्जन गर्न सुरु गर्ने बेलासम्म व्यवस्थापन गर्दछन् । त्यो लगानीको बदलामा लगानीकर्ताहरूले उद्यमले आर्जन गर्ने मुनाफाबापत केही पाउने आशा गर्दछन् । कोशी पहाडी क्षेत्रमा थुप्रै सम्भावित वित्तीय संस्था तथा स्रोतहरू छन् । जस्तैः– विकासका बजेटहरू, गैरसरकारी सङ्घ सङ्गठनका बजेटहरू, बैंक, जिल्ला सहकारीहरू, बचत तथा ऋण सहकारीहरू, सामुदायिक वनका कोषहरू, जिविसको समुदायमा आधारित समूह तथा उपसमूहको सहयोग, गाविसको समुदायमा आधारित उपसमूहहरूलाई सहयोग, जलवायु अनुकूलन कोष, साना उत्पादकहरू, उद्यमीहरू आदि ।

### क) सामुदायिक वन उपभोक्ता समूहहरूको लगानी

उद्यमको सेयर किन्नको लागि सामुदायिक वन उपभोक्ता समूहहरूले आफ्नो कोष लगानी गर्दछन् । यस्तो लगानी समूहको कोषको आकार र सञ्चालन योजनामा तय गरिएको प्रमुखताको आधारमा फरक फरक हुनसक्दछ । सामुदायिक वन उपभोक्ता समूहको यस्तो लगानी सामूहिक स्वामित्वमा हुन्छ र यस्तो लगानी समूहको आमभेला वा साधारणसभाबाट स्वीकृत हुनु आवश्यक हुन्छ । सम्पूर्ण मुनाफाहरू समूहकै कोषमा सङ्कलन हुन्छ र आवश्यकता अनुसार पुनः लगानी गर्न पनि सकिन्छ । समुदायले धितो वा विना धितो पनि वित्तीय संस्थाबाट ऋण लिन सक्छ । उनीहरूसँग विकासे संस्थाहरूबाट उद्यम खोल्न र त्यससम्बन्धी कार्यका लागि भनेर वित्तीय सहयोग पनि हुन्छ । तर हाल कोशी पहाडी क्षेत्रमा कुनै पनि उपभोक्ता समूहले उद्यम विकासको लागि भनेर बैंक र अन्य वित्तीय संस्थाबाट ऋण लिएको छैन ।

### ख) गरिबको शेयरमा लगानी

उपभोक्ता समूहहरूले पहिचान गरेको घरधुरीका लागि सेयर खरिद गर्नँ साझेदारी उद्यम संरचनाको एक महत्त्वपूर्ण र सजिलै प्रश्न गर्न नसकिने विषय बनेको छ । यस्ता घरधुरीहरूआफैं लगानीकर्ता हुन नसक्ने भएका कारण उनीहरूका लागि कि त समूहले कि सङ्घ संस्थाहरूले सयर खरिद गरिदिन्छन् ।उक्त सेयर सामान्यतया दुई तीन वर्षका लागि घुम्तीकोषका रूपमा रहन्छ र उक्त सेयर सम्बन्धित धनीले बिक्री वितरण गर्न चाहिँ सक्दैन । केही परिस्थितिमा, घरधुरीहरूसँग सेयर खरिद गर्ने रकम नभएका कारण उनीहरूको लगानीका लागि कच्चा पदार्थ र श्रम ज्याला प्रयोग गर्ने स्वीकृति पनि दिइएको हुन्छ । लगानीको स्वामित्वको संरचना अनुसार लाभांश सेयर पुनः वितरण गरिन्छ । पहिचान गरिएका घरधुरीहरूले विस्तारै ऋण चुक्ता गर्छन् र फेरि उद्यममा अरू घरधुरीलाई संलग्न गराउनको लागि प्रयोग गर्दछन् ।

### ग) व्यक्तिगत लगानीकर्ताहरूद्वारा गरिएको वित्तीय लगानी

व्यक्तिगत लगानीकर्ताहरूले उनीहरूको व्यक्तिगत स्रोतबाट वित्तीय लगानी गर्दछन् । उद्यम संरचना अनुसार व्यक्तिगत लगानीकर्ताहरूले राख्न पाउने सेयरको संख्या निर्धारण गरिन्छ रव्यक्तिगत लगानीकर्ताहरूले लगानी गर्दछन् । तर, उनीहरूले मुनाफा उत्पादन गर्न सामाजिक दायित्व आफूसँग भएको कुरा पहिचान गर्नु जरुरी हुन्छ । साधारणतया, उद्यमको व्यवसायिक क्षेत्रमा व्यक्तिगत लगानीकर्ताहरूले आफ्नो अनुभव र सीपको योगदान गर्दछन् । हालको व्यक्तिगत लगानीकर्ताहरूले बैंकबाट ऋण लिनुको साथसाथै आफ्नै व्यक्तिगत सम्पत्ति पनि प्रयोग गर्ने गरेको पाइएको छ ।

## ७. कोशी पहाडी जिल्लामा वन उद्यम प्रवर्द्धनमा देखिएका समस्याहरू

वन उद्यम कोशी पहाडी जिल्लाहरूमा नयाँ विषय हैन । वन उद्यमहरूको सङ्ख्या पनि कम छैन । तर धेरै उद्यमहरू असफल भएका उदाहरणहरू भेटिएका छन् । त्यसै गरी वन उद्यमहरूले प्रतिस्पर्धात्मक उद्यमशीलता पनि प्राप्त गर्न सकेका छैनन् । कोशी पहाडी जिल्लाहरूमा वन उद्यमहरूको विकासमा बाधा पुऱ्याउने थुप्रै तत्त्वहरूमध्ये केही महत्त्वपूर्ण तत्वहरूको तल चर्चा गरिन्छ ।

### क) नीतिगत तथा कानुनी बाधाहरूः

साधारणतया, नेपालमा सहयोगी र समुदायमा आधारित उद्योगहरू स्थापना गर्नमा यहाँको सरकारी नीति, नियम तथा कानुनहरूसहयोगी हुनुको सट्टा हस्तक्षेपकारी छन् । कानुनी सवालहरू अन्तर्गत उद्योग दर्ता गर्ने प्रक्रिया, कच्चापदार्थ सङ्कलनको स्वीकृति, वस्तुहरू निकासी गर्ने बेलामा चेक प्वाइन्टहरू, दोब्बर कर, उत्पादनमा धेरै चर्को कर, र सरकारी कर्मचारीहरूको हस्तक्षेपकारी प्रवृत्ति जस्ता कुराहरू पर्दछन् । सही नीति तथा संयन्त्रद्वारा यी समस्याहरूको समाधान गरिएन भने तत्कालीन नीतिगत वातावरणमा उद्यमको लागि सहयोगी मान्यताहरू असम्भव देखिन्छ । त्यसैगरी, अहिलेको समयमा उद्यमीहरूले भोगिरहेको अर्को समस्या भनेको सरकारी कर्मचारीहरूको घुस खोज्ने व्यवहार हो । उद्यमीहरूले विभिन्न चेकपोस्ट र सरकारी कार्यालयहरूमा घुस नतिरिकन कुनै पनि उद्योग सञ्चालन गर्न सक्ने अवस्था छैन । कोशी पहाडी जिल्लाहरूका केही विशिष्ट सवालहरू छन्ः

१) प्राइभेट कम्पनीका लागि वनको तीन किलोमिटर भित्र उद्यम खोल्न नपाइने कुरा सबैभन्दा जटिल नीतिगत सवालको रूपमा रहेको छ । फलस्वरूप, व्यक्तिगत उद्यमीहरू सामुदायिक वन समूहहरूसँग उद्यम खोल्नका लागि समन्वय गरिरहेका छन् । तर सामान्यतया, सामुदायिक वन समूहहरूको भूमिका भनेको निजी कम्पनी अथवा उद्योग दर्ता गर्न सहयोग गर्ने र त्यसबापत केही रकम वार्षिक रूपमा लिने कुरामा नै सीमित रहेको देखिन्छ । यो प्रावधानले विस्तारै गाउँमा भएका उद्यमहरूलाई विस्थापित गरिरहेको छ । तर तीन किलोमिटरको प्रावधान औद्योगिक क्षेत्रमा भने लागू हुँदैन । नेपाल सरकारले वन क्षेत्रबाट उद्योग रहने दुरीका बारेमा हालै गरेको नयाँ निर्णयले यस विषयमा केही राहत पुग्ने देखिन्छ ।

२) विद्यमान उद्यम नीतिलेप्रति वर्ष १०० क्युबिकफिट भन्दा कम काठ प्रयोग गरेको खण्डमा किमीको प्रावधान त्याग गरिन्छ, तर उक्त मात्राले उद्यम वा कारखानासञ्चालन हुन सक्दैन ।

३) व्यक्तिगत जग्गामा भएको काठजन्य रूखहरूको लागि छोडपुर्जा लिने स्वीकृति प्रक्रिया लामो भएको कारण यस्ता काठको मूल्य बजार मूल्यभन्दा दोब्बर

बढाएको छ। उक्त कारणले गर्दा ग्रामीण क्षेत्रमा काठका ग्राहकहरू गुम्नुका साथै स:मिल वा काठ चिर्ने कारखानाहरू खोल्नेकाम निरुत्साहित भएको छ।

४) गाविस, जिविस, जिवका, पुलिस स्टेसन जस्ता जिल्लाका विभिन्न केन्द्रहरूमा कर तिर्नुपर्ने कारणले गर्दा वनमा आधारित उद्यमहरू बोझिलो र महङ्गो मात्र नभएर समुदायका लागि लगभग असम्भव नै बनेको छ।

५) उद्यमीहरूले उत्पादन र बजारीकरणको प्रक्रियामा विभिन्न खालका बाधा तथा अप्ठचाराहरूभोगिरहेका छन्। जस्तैः–कुनै पनि क्षेत्रमा उद्यम स्थापना गर्न उद्यमीले आइइइ (IEE), इआइए (EIA) जस्ता कानूनी प्रावधानहरू छन्। पाँच टनभन्दा कम स्रोत सङ्कलन गर्नका लागि आइइइर पचास टनभन्दा बढीको लागि इआइए आवश्यकता पर्दछ। अभ्यासमा, यी प्रावधानहरू वातावरणीय नियमको उपकरणभन्दा पनि भ्रष्टाचार र घुसको साधन बनेको छ।

६) सहयोगी संस्थाहरू र उद्यमीहरूको विभिन्न तहहरूमा समन्वय एकदमै कम र कति अवस्थाहरूमा त लगभग छदै छैन। जसले गर्दा स्रोत तथा उद्यम स्थापनाका कामहरूलाई दोहोऱ्याउने काम गरेको छ। गैह्रकाष्ठ वन पैदावारको प्रवर्द्धन, विकास र प्रमाण राख्ने कामका लागि जिल्लामा समन्वयात्मक योजनाको अझै कमी छ।

७) दलाल संस्कृतिमा आधारित वन व्यापारले वास्तविक सङ्कलक तथा उत्पादकले आफ्नो उत्पादन र श्रमको उचित मूल्य प्राप्त गरेका छैनन्।

## ख) बजार, प्रविधि र प्रशोधन

वन उद्यमीहरूले उद्यमहरूको उत्पादित वस्तुको बजारीकरणमा समस्या भोगिरहेका छन्। सामुदायिक उद्यमीहरूका लागि उक्त कुरा महत्त्वपूर्णसवालको रूपमा देखिएको छ। बजार खोज्ने, क्रेताहरूसँगको सम्पर्क विकास गर्ने, माग अनुसारको गुणात्मक वस्तु उत्पादन गर्ने, प्रतिस्पर्धात्मक मूल्य र क्रेताहरूसँग सम्बन्ध विकास गर्ने जस्ता विषयहरूमा उद्यमीहरूले केही वर्षदेखि विभिन्न खालका समस्याहरू भोग्दै आएका छन्। यसैगरी यातायात, भण्डारण र सञ्चारको अभाव जस्ता विषयहरू पनि थपिएका छन्। उद्यमीहरूले आफूले उत्पादन गरेको सम्पूर्ण उत्पादनहरू बेच्न सक्दैनन् र यदि बेची नै हाले भनेपनि उचित मूल्य प्राप्त गर्दैनन्। बजारीकरणको समस्याभित्र बजारको अध्ययनको साथसाथै उत्पादन वितरण शृङ्खलाको अभाव धेरै महत्त्वपूर्ण सवालको रूपमा रहेको छ।

त्यसैगरी, समुदायमा आधारित उद्यमहरूसँग आधुनिक प्रविधिहरू र उत्पादन सीपको कमी छ, जुन कुरा उनीहरूसँग उपलब्ध छैन वा धेरै नै महङ्गो छ। तरपनि उनीहरूले ठूला कम्पनीहरूसँग बजार र मूल्यको लागि प्रतिस्पर्धा गर्नुपर्दछ। ग्रामीण क्षेत्रका समुदायमा आधारित उद्यमहरू विकास गर्दा यस्ता प्रविधिहरू उद्यमलाई कसरी उपलब्ध गराउन सकिन्छ भन्ने महत्त्वपूर्ण सवालको समाधान गर्नुपर्दछ। त्यसैगरी, उत्पादनमा दक्षता अर्को सवाल हो। कच्चा पदार्थको नाश र ढिलो उत्पादन प्रक्रियाहरूले उद्यमको लाभलाई हानी गरिरहेको छ। कोशी पहाडी जिल्लाहरूमा देखिएका सवालहरू मध्ये केही प्रमुख सवालहरू निम्नानुसार छन्।

१) सहयोगी उद्यमहरू क्षमता (आर्थिक), सीप,तथा मानवीय स्रोतको अभावबाट गुज्रिरहेका छन्। केवल केही उद्यम तथा व्यक्तिहरूमात्र प्राविधिक सीप तथा तालिम प्राप्त छन् र यदि उनीहरूले उद्यम छोडे भने उत्पादन कार्य पूर्ण रूपमा रोकिन्छ।

२) कच्चापदार्थको नाश एकदमै धेरै हुन्छ र त्यसको पुनः प्रयोग तथा प्रशोधनको कुनै पनि प्रविधिहरू उपलब्ध छैन।

३) वन स्रोतका कति उत्पादनहरूकानुनी रूपमा निर्यात हुने वस्तुको रूपमा सूचीबद्ध नभएको कारण निर्यातमा समय-समयमा अप्ठचारोहरू बेहोर्दै आएका छन्।

४) कोशी पहाडी क्षेत्रमा गैह्रकाष्ठ वन पैदावार प्रवर्द्धनमा प्रतिस्पर्धी बजार र बजार मूल्यको सूचना अभावका कारण उत्पादक/सङ्कलकले वस्तुको वास्तविक मूल्य कति हो भन्ने थाहा पाइरहेका छैनन् र कम मूल्यमा बेच्नु पर्ने बाध्यता छ।

## ग) संस्थागत ढाँचा, उद्यमशीलता र व्यवस्थापन

कोशी पहाडी क्षेत्रमा रहेका उद्यमहरूको केही विशेष अवसरहरू रहेको देखिन्छ। समुदायद्वारा सञ्चालित सहयोगात्मक उद्यमको ढाँचाका तीन अवसरहरू देखिन्छ। प्रथम, सबैको लगानी हुने भएको कारण सबैको अपनत्व रहने। दोस्रो, सबैको लगानी तथा सार्वजनिक जवाफदेहिता भएको कारण वित्तीय पारदर्शिता हुने।

तेस्रो, स्थानीय स्रोतहरू सामाजिक उत्तरदायित्वको रूपमा प्रयोग हुने । चौथो, निर्णय प्रक्रिया तथा नेतृत्वमा सामाजिक समावेशीता हुने ।

समुदायद्वारा सञ्चालित वन उद्यममा केही चुनौतीहरू पनि देखिन्छ । प्रथम, निर्णय प्रक्रिया कहिलेकाहीँ बोझिलो हुनुका साथै लामो समय पनि लाग्ने हुन सक्दछ । दोस्रो, थुप्रै सङ्ख्यामा लगानीकर्ताहरू र तिनीहरूको धेरै चासो र क्षमताका कारण उद्यमहरूको क्रियाकलापको समन्वय र समान बुझाइको विकास गर्ने कार्य गाह्रो हुन्छ । तेस्रो, गरिब र सिमान्तकृत समूहको निर्णय प्रक्रियामा पहुँच पुग्ने प्रक्रिया लामो र जटिल छ । चौथो, बाहिरीयाबाट प्रभावित हुने सम्भावना । पाँचौं, राजस्व बाहिरिने सम्भावना पनि रहन्छ ।

अहिले धेरैजसो उद्यमहरूमा उपयुक्त व्यवसायिक सीपको अभाव, राम्रो व्यवसायिक नेतृत्वको अभाव र उद्यमशीलताको ज्ञानको अभाव जस्ता केही सवालहरू उठेका छन् । स्थानीय क्षेत्रमा व्यवसायिक सीप प्रदान गर्ने कुनै पनि सङ्गठनहरू छैनन् भएपनि सेवा प्रदान गर्ने संस्थाहरूको क्षमता कि त कम छ कि संस्था नै छैनन् । केही गैरसरकारी संस्थाहरूउद्यम विकासमा तालिमप्राप्त भएपनि उनीहरू प्राविधिक पक्षमा समर्थन गर्न भने सक्दैनन् ।

उद्यमहरू आफैंसँग पनि व्यापार योजनाको अभाव छ । केही अस्तित्वमा भएका उद्यमहरू पनि धेरै प्रारम्भिक वा अपूर्ण व्यवसायिक योजनाको मातहतमा सञ्चालन भइरहेका छन् । उद्यमहरूले सहयोगी उद्यमलाई विस्तृत सञ्चालन योजनाको आवश्यकता भएको अनुभव गरेका छन् जसले उनीहरूले आफ्नो योजना बनाउन र कार्यक्रम र उत्तरदायित्व लगानीकर्ताहरूसँग विभाजन गरे अनुसारको क्रमैसँग सम्पादन गर्न सकून् ।

### घ) वित्तीय पहुँच

कोशी पहाडी क्षेत्रमा वन उद्यमहरूका लागि वित्तीय पहुँच अर्को एउटा चुनौती हो । समुदाय,पहिचान गरिएका गरिब घरधुरी र प्राइभेट क्षेत्र बीच त्रिपक्षीय सम्झौताले वित्तीय संस्थाका लागि ऋण प्रदान गर्न द्विविधा सिर्जना गरेको छ । समुदायहरू स्रोतको दिगो उपयोगका लागि उद्यम खोल्न चाहन्छन् तर उनीहरूसँग वित्तीय लगानीको अभाव छ । त्यसैगरी, पहिचान गरिएको गरिब घरधुरीहरूसँग पनि लगानी गर्ने वित्तिय स्रोतहरू छैनन् ।

## ८. वन उद्यम विकासका लागि के गर्न सकिन्छ ?

क) कोशी पहाडी जिल्लाहरूमा उद्योगहरूको दुईवटा आधारभूत ढाँचाहरू (समुदायद्वारा नेतृत्व गरिएको र निजी रूपमा नेतृत्व गरिएको) को विकास गर्न सकिन्छ तर यी दुवै ढाँचाहरूमा समुदाय र निजी क्षेत्र दुवैको साझेदारी र सहकार्यलाई प्राथमिकतामा राख्न आवश्यक देखिन्छ ।

ख) वन उद्यममा सहयोग गर्ने निकायहरूको सर्त भनेको गरिब, महिला र सीमान्तकृत वर्ग तथा समुदायलाई फाइदा दिलाउन र स्रोतसाधनहरूको दिगो व्यवस्थापन गर्ने हुनुपर्दछ, जसले गर्दा स्थानीय अर्थतन्त्रको वृद्धि तथा रोजगारी सिर्जना गर्न सकोस् ।

ग) सामुदायिक वनहरू कच्चा पदार्थको स्रोत भएका कारण वन समूहहरूलाई सहयोग गर्ने कार्यमा ध्यान केन्द्रित गराउन आवश्यक हुनेछ ।

घ) समुदाय र सामुदायिक वन समुदायहरूलाई निजी लगानीकर्ता र बजारसँग सहकार्य गराउन सहयोग गर्नुपर्दछ ।

ङ) यस क्षेत्रमा अहिलेसम्मका प्रयास तथा सिकाइहरूकै प्राथमिकता राखी नयाँ पहलहरू गर्ने । यसो गर्दा, समुदायकको ज्ञान तथा क्षमताको विकास गर्ने, गरिब र विपन्न वर्गहरूमा पुग्ने फाइदालाई वृद्धि गराउने, सेवा प्रदायकहरूलाई सेवा प्रदान गर्न प्रोत्साहन गर्ने, उद्योग विकासको योजनालाई सहयोग गर्ने, विभिन्न वित्तीय संस्थाहरू र तिनीहरूको गरिबमुखी जागरण बीचको सम्बन्धलाई सहयोग पुऱ्याउने, बजार सूचना प्रणालीको विकास गर्ने जस्ता कामहरूलाई प्राथमिक विषय बनाउनुपर्ने देखिन्छ ।

च) विद्यमान नीतिगत सुधारका लागि विभिन्न चरणहरूमा हस्तक्षेप गर्ने कामलाई प्राथमिकताको विषय बनाइनु पर्दछ ।प्रमुख नीतिगत सुधारको विषयहरूका रूपमा प्रत्येक गाविसहरूमा साना तथा घरेलु उद्योगहरूको दर्ता गर्ने अधिकार, निश्चित समयावधिसम्मका लागि सहकार्यमा सञ्चालित उद्योगहरूलाई कर छुट गराउन, स्थानीय उत्पादनलाई सम्बन्धित जिल्लामा प्रयोग गर्न बाध्यकारी नीति ल्याउनुपर्ने, उद्योगहरूको नियमन गर्ने अधिकारहरूको पूर्ण विकेन्द्रिकरण गर्ने, स्रोतको दिगोपनालाई सुनिश्चित गर्ने विधि तथा प्रक्रियाको विकास गर्ने, घुस दिनुपर्ने प्रथालाई अन्त्य

गर्ने जस्ता विषयहरूमा नीतिगत पहल गर्नु नितान्त आवश्यक छ ।

छ) हरेक जिल्ला र क्षेत्रको लागि वन उद्योग विकास योजना अपरिहार्य छ । उक्त योजनाले जिल्लाको भावी उद्योगहरू, उत्पादन विवरणहरू, बजार व्यवस्थाहरू, सम्भावित सरोकारवाला र कार्यान्वयन योजना सहितकोसमष्टिगत स्वरूपप्रदान गर्न सकोस् । उक्त योजनामा स्रोतको उपलब्धता, सम्भावित सरोकारवालाहरूको पहिचान, उनीहरूको व्यापारिक साझेदारीहरू (जस्तैः– वन समूह, निजी क्षेत्रहरू, व्यापारिक सेवा प्रदायकहरू, सहजकर्ताहरू), आर्थिक स्रोतहरू तथा लगानीकर्ताहरू, सहयोगका क्रियाकलापहरू, सहयोग पुऱ्याउने सम्भावित संस्थाहरूको विवरण जस्ता कुराहरूको स्पष्ट जानकारी तथा योजना हुन आवश्यक छ ।

ज) आगामी पाँच वर्षको लागि कोशी पहाडी क्षेत्रको वन उद्यमको उत्पादन तथा व्यापार विकास गर्नका लागि केही मुख्य उत्पादनहरू(कम्तीमा २० वटा) पत्ता लगाउन र प्राथमिकताका आधारमा स्तरीकरण गरी त्यही आधारमा सबै निकायहरूलाई सहयोग गर्ने नीति बनाउने ।

झ) वनमा आधारित उद्योगहरूको वित्तीय संयन्त्रहरू हुन नितान्त आवश्यक छ । यसका लागि जिल्ला वा गाविसस्तरमा एउटा छुट्टै कोष स्थापना गर्ने, हरेक उद्योगहरूले गरिबमुखी क्रियाकलापहरूको लागि एउटा घुम्ती वा चक्रिय कोष बनाउने, स्थानीय बैंक, बचत तथा ऋण लगानी समूहहरूलाई सम्पर्क गराउने, निजी बैंकहरूले ऋणको केही हिस्सा बिना व्याज दिने जस्ता कुराहरूलाई प्राथमिकताको विषय बनाउन उपयुक्त देखिन्छ ।

ञ) सम्भावित उद्यमीहरूको उद्योग स्थापना, व्यवसायको व्यवस्थापन, दीर्घकालीन व्यवसायिक सेवा प्रदान, बजारको सूचना, प्राविधिक सहयोग जस्ता विषयहरूमा क्षमता अभिवृद्धि गरिनु पर्दछ ।

ट) बजार सम्बन्धी समस्याहरूको समाधान गर्ने । यसका लागि खरिद बिक्री सम्झौता, उत्पादनका आधारमा सञ्जालको निर्माण, उद्योगभित्रै बजार विभागहरू खडा गर्नु, ठूला उद्योगहरूसँग सम्पर्क गराउने जस्ता क्रियाकलापहरूका माध्यमबाट बजारको समस्या समाधान गर्न सकिन्छ ।

ठ) उद्योगको आन्तरिक सुशासन उद्योगको सफलताको लागि महत्त्वपूर्ण हुन्छ । यसका लागि सहभागिमूलक निर्णय प्रक्रिया अपनाउने, उद्योग सञ्चालनका भूमिकालाई कार्यविधिहरूका माध्यमबाट विभागहरूमा विभाजन गर्ने, उद्योगको समितिको र साधारण सभाको नियमित बैठक र भेला बाध्यकारी गराउने, स्पष्ट रूपमा व्याख्या गरिएको योजनाको तयारी (नियमहरू, विधिहरू, योजनाहरू, निर्णयहरू दस्तावेजहरू) गर्ने जस्ता कुराहरूबाट उद्योगको सुशासन सुधार्न सकिन्छ ।

ड) उत्पादनको विविधिकरण र उद्योगबाट उत्पादनमा उपयोग नभएका वस्तुहरूको प्रयोगको खोजी गर्नु नितान्त आवश्यक देखिन्छ ।

ढ) सहकारी उद्योगको नियमित अनुगमन र मूल्याङ्कन गर्ने औजारहरू, विधिहरू र समितिहरूको निर्माण तथा कार्यान्वयन नितान्त आवश्यक छ ।

ण) पहिचान भएका सबै गरिबहरूसमान रूपमा सक्रिय हुँदैनन् । यसकारण, उद्योगको उत्पादन प्रक्रियामा सक्रिय व्यक्तिलाई उद्योगको लाभको प्राथमिकतामा राख्नु पर्दछ ।

## ९. छलफल तथा निष्कर्ष

कोशी पहाडी क्षेत्रमा वनमा आधारित उद्योगहरूका माध्यमबाट स्थानीय अर्थतन्त्रको विकास गर्ने प्रवल सम्भावना छ । सहकार्यमा आधारित वन उद्योग संरचनाहरूको विकास गर्नका लागि विभिन्न समुदायहरू सक्रिय छन् । तर विकासका सहयोगी निकायहरू भने समुदायमा आधारित उद्योगहरू भन्दा निजी उद्योगहरूले नेतृत्व गरोस् भन्ने चाहेको देखिन्छ । यो अध्ययनबाट पुष्टि भएको कुरा के हो भने विकासका सहयोगी निकायहरू ऐतिहासिक रूपमा सफलता पाउँदै आएको सामुदायिक अभ्यासहरूलाई बुझ्न असफल भएको छ । सहकार्य र साझेदारी अभ्यासहरूले पारिवारिक सम्बन्ध, नातेदारी सम्बन्ध, व्यक्तिगत सम्बन्ध तथा सञ्जालहरूको निर्माण गरेका छन् जसका माध्यमबाट उनीहरू आफ्नो उद्यम, व्यापार, बजारहरूको विस्तार गरिरहेका छन् । वन उद्यममा व्यापारी तथा निजी लगानीकर्ता वा निजी बजारमा भरपर्ने कुराले एकातिर ती ऐतिहासिक सफलताको संस्कारलाई नामेट पार्न सक्दछ भने अर्कोतिर रोजगारी सिर्जना तथा स्रोत व्यवस्थापनका काममा पनि प्रत्युत्पादक बन्न सक्दछन् । तसर्थ, कोशी

पहाडी क्षेत्रको वनमा आधारित उद्योगहरूको विकासको लागि संयुक्त लगानीका संरचनाहरू अपरिहार्य देखिन्छ ।

सामुदायिक वन कार्यक्रमले स्थानीय समुदायहरूलाई वनक्षेत्र हस्तान्तरणका माध्यमबाट स्वायत्तता प्रदान गर्ने कार्यमा ठूलो सफलता हासिल गरेको छ। यसले सामुदायिक वनमाथिको कानुनी अधिकार स्थानीय समुदायहरूलाई हस्तान्तरण गर्न सक्षम भएको छ। तर व्यवहारमा सामुदायिक वन स्थानीय धनीमानीहरू र व्यापारीहरूको हस्तक्षेप र शक्तिको तहगत संरचनाहरूलाई समाधान गर्न वा चुनौती दिन असमर्थ देखिन्छ। यो चुनौतीले एउटा नयाँ विकल्पको माग गर्दछ। जुन कुरा कोशी पहाडी जिल्लामा देखिएको साझेदारी उद्यमको संरचना तथा अभ्यासले सुरुआत गरेको अनुभव हुन्छ। उक्त अभ्यासमा वन उपभोक्ता समूहहरू, गरिब तथा विपन्न जनताहरू र निजी लगानीकर्ताहरू एक आपसमा साझेदारी तथा सहकार्यको सम्बन्ध विकास गरी वन पैदावारहरूको सङ्कलन, प्रशोधन, तथा बजारीकरण गरी स्थानीय आर्थिक विकास र रोजगारीको सिर्जना गर्ने काममा आफ्नो नियन्त्रण कायम राख्ने सम्भावना देखिन्छ ।

साझेदारी उद्यम नै समाजको सबै समस्या समाधानको सञ्जीवनी बुटी चाहिँ अवश्य हुन सक्दैन। यसले गहिरो गरी जरा गाडेको वर्गीय संरचनाभित्रका गरिब जनता र ऐतिहासिक रूपले स्थापित भएको सामाजिक विभेदहरूलाई अचानक परिवर्तन गर्न पनि पक्कै सक्दैन । तर यो अभ्यास एउटा प्रगतिशील कदम चाहिँ पक्कै हो, जसले गरिब जनतलाई बढीभन्दा बढी आर्थिक र सामाजिक फाइदाहरू प्रदान गर्दै उच्चस्तरको आर्थिक र रोजगारको मौकाहरूसिर्जना गर्न र सामुदायिक वनको सबल तथा दिगो व्यवस्थापनमा योगदान पुऱ्याउँदछ। वन उपभोक्ता समूहहरू, गरिब घरधुरीहरू र स्थानीय लगानीकर्ताहरू बीचको साइनो तथा नातेदारीले वन स्रोत संरक्षणको कामलाई अतुलनीय रूपमा परिणाममुखी तथा सफल बनाएको छ। जुन कुरा नाफामुखी समूहले किमार्थ गर्न सक्दैनन् । उत्पादन, बजार तथा नाफामुखी उद्योग सामुदायिक वनको दिगो व्यवस्थापनका लागि बेठिक र प्रत्युत्पादक मात्र नभई भविष्यमा यसले वन क्षेत्रबाट असमान लाभको वद्धि गर्दै सामाजिक द्वन्द्वलाई बढावा दिन सक्ने प्रवल सम्भावना देखिन्छ। यसकारण संयुक्त लगानीका वन उद्यम एक प्रगतिशील दृष्टिकोण र अभ्यास हो, जसले गरिब मानिसहरूलाई वित्तीय वृद्धि र सामाजिक फाइदा प्रदान गरेको छ। यसका साथै, यसले आर्थिक विकास र स्थानीय रोजगारीका अवसरहरू प्रदान गर्नेकाममा महत्त्वपूर्णभूमिका निर्वाह गर्दै सामुदायिक वनको दिगो व्यवस्थापनमा सहयोग गरेको छ।

## सन्दर्भ सामग्रीहरू


**DOF.** 2012. Forestry Sector Annual Report 2012, Kathmandu.

**Hill, I.** 1999. Forest Management in Nepal.World Bank Technical Paper 445, Washington DC.

**Kunwar, S.; Ansari, A.; and Luintel, H**. 2009. Non-timber Forest Products Enterprise Development: Regulatory Challenges in the Koshi Hills of Nepal*, Journal of Forest and Livelihood 8(2).*

**RRN/FA**. 2014. Annual and Quaterly Progress Report for MSFP Lot 1. Rural Reconstruction Nepal (RRN) and ForestAction Nepal (FA), Kathmandu.

**Pokharel, B.; Paudel, D.;Branney, P.; Khatri, D.; and Nurse, M**. 2006. Reconstructing the Concept of Forest-Based Enterprise Development in Nepal: Towards a Pro-Poor Approach. *Journal of Forest and Livelihood 5(1).*

**Scherr, S. J.; White, A.; and Kaimowitz, D**.2004. *A New Agenda for Forest Conservation and Poverty Reduction. Making Markets Work for Low Income Producers*. Washington DC: Forest Trends.

**World Bank**.1994. Forestry Sector Potential and Constraints: An Unpublished Report Prepared by J. Gayfer and P. Tamrakar. Kathmandu: World Bank.

# नेपालको वन व्यवस्थापनमा काठ:
## *सम्भावना, चुनौती तथा आगामी पाइलाहरू*

✍ गोविन्द पौडेल[1]

### १. परिचय

नेपालमा वन क्षेत्रसँग सम्बन्धित नीतिहरूलाई सरसर्ती हेर्दा राज्यले वन क्षेत्रलाई धेरै महत्वका साथ प्राथमिकतामा राखेको जस्तो देखिन्छ । जस्तैः– वन विकास गुरुयोजना २०४६ मा स्पष्टै लेखिएको थियो कि वन क्षेत्रले नेपाली जनताको आधारभूत आवश्यकता पूरा गरी स्थानीय र राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने छ । त्यस्तैगरी विगतका प्रायः सबै पञ्चवर्षीय योजनाहरूले पनि वन क्षेत्रले आम्दानी र रोजगारीका अवसरहरू सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने राष्ट्रिय अभियानमा योगदान पुऱ्याउने छ भनी उल्लेख गरिँदै आएको थियो । यी विभिन्न नीतिगत दस्तावेजहरूको अवधि सकिइसकेको छ । तेह्रौं आवधिक योजना (२०७१-२०७४) मा पनि विगतका नीतिगत दस्तावेजमा उल्लेख गरे अनुसार नै वन क्षेत्रमार्फत आम्दानी र रोजगारी बढाउने कार्यक्रम गरिने छ भनी विभिन्न व्यवस्था उल्लेख भएको छ । नीतिहरूमा लेखिएका यी व्यवस्थाहरूप्रति विमति जनाउनुपर्ने कुनै कारण छैन । किनकि यी योजनाहरू आफैंमा राम्रा र सही जस्ता छन् । तर यी नीतिहरूको कार्यान्वयन के कसरी भयो र सोचिएका उपलब्धिहरू प्राप्त भए भएनन् भन्ने कुरा महत्वपूर्ण छ ।

विभिन्न अध्ययनहरू र तिनीहरूको निष्कर्ष हेर्दा वन क्षेत्रको प्रवर्द्धन र विकासबाट आयआर्जन, आम्दानी, रोजगारी र राजस्वको वृद्धिमा आशा गरिए जस्तो योगदान पुग्न सकेको देखिदैन । सामुदायिक वनकै उदाहरण लिँदा नेपालको सामुदायिक वनले वन स्रोतको उत्पादन बढाउने, हरियाली र वनबाट प्राप्त हुने वातावरणीय सेवाको मात्रा र गुणस्तर बढाउने काममा ठूलो योगदान पुऱ्याएको भए पनि वनबाट आर्थिक उपार्जन गर्ने र रोजगारीका अवसर सिर्जना गरी समुदायको जीवनस्तर बढाउने काममा आंशिक सफलतामात्रै हात पारेको छ (Neupane 2000, Mahapatra 2001) । केही अध्ययनले सामुदायिक वनहरूमार्फत समुदायको जीवनयापनमा योगदान पुग्ने, आम्दानी, रोजगारी र राजस्वमा वद्धि गर्ने सम्भावना देखिए पनि खासमा नेपालको वन क्षेत्र आर्थिक सम्भावनाबाट धेरै कम मात्रै लाभान्वित हुन सकेको छ (Banjade et al. 2011) । अब प्रश्न उठ्छ, अध्ययनहरूले वा विज्ञहरूले औंल्याएको सम्भावना र वन क्षेत्रको व्यवस्थापनबाट रोजगारी बढाउने, समुदायको जीवनस्तर उकास्ने, राजस्व वृद्धि गरी गरिबी न्यूनीकरणमा उल्लेखनीय योगदान पुऱ्याउन सकिने भनेर किटान गरिएका नीतिगत दस्तावेजका उद्देश्यहरू समेत किन हासिल हुन सकेनन् त ? यही सेरोफेरोमा केन्द्रित हुँदै वन क्षेत्रको सम्भावना (मुख्यगरी काठ व्यवस्थापन) के के छन्, किन यी आर्थिक सम्भावनाबाट मुलुकले फाइदा लिन सकेन र आगामी दिनमा कसरी अगाडि बढ्नुपर्छ भन्ने विषयमा यस लेखमा चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

### २. काठ व्यवस्थापन नै किन ?

वन क्षेत्रको समग्र विकासमा पर्याप्त लगानी र उपयुक्त व्यवस्थापन हुने हो भने यसबाट वनजन्य उत्पादन (काठ, गैरकाष्ठ वन पैदावार) र वातावरणीय सेवा (जस्तैः– पानी, भू –तथा जलाधार संरक्षण, कार्बन सञ्चिति वृद्धि आदि) दुवै किसिमका फाइदाहरू लिन सकिन्छ । सघन रूपमा वन विकास हुँदा एउटा निश्चित क्षेत्रफलबाट एकैचोटी काठ, दाउरा, जडीबुटी र अन्य वातावरणीय सेवा दिगो रूपमा प्राप्त हुने र त्यसको व्यवस्थापनबाट आम्दानी र रोजगारी सिर्जना गरी स्थानीय र राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउन सकिन्छ । हावा, पानी जस्ता जीवनदायी र विकल्प विहीन वस्तु तथा सेवा उत्पादन हुने यो क्षेत्रको विकास समग्रतामा हुनुपर्ने हो । तथापि काठ केन्द्रित व्यवस्थापन किन गर्नुपर्छ भन्ने बारेमा केही चर्चा गर्नु आवश्यक छ ।

#### क) नीतिगत र व्यवहारिक पक्ष

व्यवहारमा राज्यले अवलम्बन गरेका नीतिहरू, तिनको कार्यान्वयन गर्ने संयन्त्र, अनुगमन प्रणाली जस्ता सबै विषयहरू काठ व्यवस्थापनसँग सम्बन्धित देखिन्छन् । सन् १९२७ मा काठको व्यापारलाई नियमन गर्न काठ


[1] लेखक फरेष्टएक्सन नेपालसँग आबद्ध छन् ।

महलको स्थापना भएपछि र त्योभन्दा पनि अगाडिदेखि नै हाम्रा नीतिहरू काठलाई केन्द्रविन्दुमा राखेरै बनेका देखिन्छन्। वन प्राविधिकहरूले पनि काठ व्यवस्थापन, यसको अनुगमन, काठ व्यापारको नियमन, नियन्त्रण आदिमै आफ्नो धेरैजसो कार्यालय र विदाको समय खर्च गर्नुपरेको छ र व्यक्तिगत भेटघाटमा समेत यिनै विषयहरूमा बढी छलफल हुने र वनको वातावरणीय सेवा, जैविक विविधता जस्ता विषयमा कमै चर्चा हुने गरेको छ (Banjade 2012)। यसरी नीतिगत र व्यवहारिक दुवै हिसाबले काठलाई व्यक्ति, राज्य र समाजले महत्व दिइरहेको सन्दर्भ हेर्दा काठको व्यवस्थापनबाट वनको व्यवस्थापनको सुरुआत गर्न सजिलो होला भन्ने अनुमान गर्न सकिन्छ।

**ख) वन क्षेत्रमा काठबाट बढी आम्दानी**

विभिन्न अध्ययनहरूको निष्कर्ष हेर्दा काठको बिक्री वितरणबाट नै धेरै आम्दानी (र रोजगारी पनि) भएको देखिन्छ। सन् १९९८/०९९ देखि २००८/२००९ को तथ्याङ्क हेर्दा वन क्षेत्रबाट उठेको कुल राजस्व मध्ये ८०% भन्दा बढी काठ बिक्रीबाट भएको देखिन्छ (Banjade 2012)।

**चित्र १: सात वटा आर्थिक वर्षमा नेपालमा काठ तथा वन स्रोतबाट सङ्कलन भएको राजस्वको मात्रा (रू. दश लाखमा)**




स्रोत :Banjade 2012

सरकारी वनमा मात्रै नभएर सामुदायिक वनमा पनि स्थिति उही छ। आम्दानीका स्रोतहरूमा केही विविधता देखिए पनि सामुदायिक वनहरूको वार्षिक आम्दानीको लेखाजोखा गर्दा सालाखाला ८०% आम्दानी काठ बिक्रीबाट नै आएको देखिन्छ। उदाहरणको लागि काठबाट सामुदायिक वनहरूले नवलपरासीमा ९०% (Banjade 2012) र दोलखामा ७०% भन्दा बढी (Banjade & Paudel 2008) आम्दानी गरेका छन्। यसको मतलब मौजुदा जनशक्ति, प्रविधि र लगानी एवम् व्यवस्थापनलाई आधार मानेर हेर्दा तत्काल आम्दानी र रोजगारी सिर्जना गर्नको लागि काठको उचित व्यवस्थापन गर्नु आवश्यक छ।

**ग) उद्यम सञ्चालनको लागि कच्चा पदार्थ**

नेपालमा काठको प्रयोग र प्रशोधनमा आधारित उद्योगहरूले प्लाइउड, खयर र फर्निचरमा गरी करिब करिब रू. १२ अर्बको लगानी गरेका छन्। काठमा आधारित यी उद्यमहरूमा १,५०,००० जनाले काम पाइरहेको अवस्था छ (Banjade 2012)। यी उद्योगहरू दिगो रूपमा चल्न यिनको क्षमता विस्तार गरी आम्दानी र रोजगारीका सम्भावना बढाउने पर्याप्त अवसरहरू विद्यमान छन्। तर काठको उत्पादन बढाउने गरी वन व्यवस्थापन गर्न सकिएन भने यी उद्यमहरूको भविष्य धरासायी हुन्छ। उद्यमसँगै यसबाट प्राप्त हुने आम्दानी (राजस्व समेत) र

रोजगारीका सम्भावनाहरू समाप्त हुनेछन् । त्यसकारण स्थानीय र राष्ट्रिय स्तरमै आम्दानी र रोजगारी बढाउन सकिने सम्भावना भएकोले पनि काठ व्यवस्थापन जरुरी छ ।

### घ) काठको आयात प्रतिस्थापन गर्ने

नेपालमा काठ उत्पादन, कटानी, ओसारपसार र बिक्री वितरण प्रणाली अव्यवस्थित र बिना योजना भइरहेको छ (MoFSC 2014) । माग र आपूर्तिको चाँजोपाँजो नमिल्दा कतै काठको कालोबजारी हुने र कतै काठ कुहिएर जाने अवस्था सिर्जना भइरहेको छ । काठ काट्नु भनेको वन मास्ने हो भन्ने आमधारणा बनेको कारणले गर्दा पनि दिगो रूपले नै लिन सकिने काठको आर्थिक आम्दानी पनि कम कटानी हुने (Paudel et al. 2014) र काठ कटानी र निकासीको लागि लिनुपर्ने अनुमति प्रक्रिया पनि जटिल र झञ्झटिलो (Nenpane 2000, Mahapatra 2001) हुनाले बजारमा काठको माग अनुसार आपूर्ति गर्न सकिने काठ हुँदाहुँदै पनि कानुनसम्मत तरिकाले काठ बजारमा किनबेच हुन सकेको छैन । यसले गर्दा काठको कालोबजारी (MOFSC 2014), अनियमितता र अत्याधिक मूल्य वद्धि भएर उपभोक्ताहरूले सहज  र सरल मूल्यमा काठ पाउन सकेका छैनन् । त्यतिमात्र होइन, असहज आपूर्ति, मूल्य वृद्धि र झञ्झटिलो कानुनी प्रक्रियाले गर्दा देशको काठ उपयोगमा नआउने, अन्यत्रबाट काठ  र काठको विकल्पको रूपमा खरिद हुने सामग्रीको लागि ठूलो धनराशी खर्चनु परेको छ । व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको सन् २०१२/२०१३ को तथ्याङ्कको अध्ययन गर्दा नेपालले यो वर्ष साढे तीन अर्बरूपैयाँ बराबरको काठ र काठजन्य उत्पादन आयात गरेको छ । यसो हुँदा देशले दुई किसिमबाट नोक्सानी व्यहोरिरहेको छ । एकातिर भएको काठको सदुपयोग नहुँदा यसबाट प्राप्त हुन सक्ने आम्दानी र रोजगारीका अवसरहरू गुमाइरहेका छौं भने अर्कोतिर खरबौं रूपैयाँ बराबरको विदेशी मुद्रा खर्च गरी काठजन्य उत्पादन आयात भइरहेको छ । यो आर्थिक असन्तुलन र व्यापार घाटा हटाउन हामीले काठ व्यवस्थापनमा जोड दिनुपर्ने हुन्छ । काठको आयात प्रतिस्थापन मात्रै गर्न सक्ने हो भने पनि ठूलो धनराशी बचत हुने र आम्दानी एवम् रोजगारी बढ्ने हुन्छ ।

## ३. काठ व्यवस्थापनको सम्भावना

माथिको खण्डमा वनको व्यवस्थापन किन गर्नु जरुरी छ भन्ने विषयमा केन्द्रित भई छलफल गरियो । अब यो खण्डमा वन व्यवस्थापनको क्षेत्रमा पर्याप्त लगानी, काठ व्यवस्थापनमा कानुनी र व्यवहारिक पक्षको सुव्यवस्था कायम गर्न र दक्ष जनशक्तिको व्यवस्था र कार्य कुशलता अभिवृद्धि गर्न सकिएको खण्डमा नेपालमा काठ व्यवस्थापनका सम्भावनाहरू के कति हुन सक्छन् भन्ने विषयमा चर्चा गर्ने प्रयास गरिएको छ ।

### क) काठ व्यवस्थापनबाट ठूलो मात्रामा काठ र आम्दानी वृद्धि हुने

नेपालको वनबाट ठूलो परिमाणमा र दिगो रूपमा काठको उत्पादन हुने सम्भावना देखिएको छ । यसरी उत्पादन हुने काठ निकाल्दा वनको हैसियतमा कुनै असर नपारी हरेक वर्ष वृद्धि हुने परिमाणभित्र रहेर नै निकाल्न सकिने हुँदा काठको बिक्री वितरण र काठमा आधारित उद्यम व्यवसाय सञ्चालन र प्रवर्द्धन गर्ने काममा ठूलो सहयोग हुन्छ । ठूला ठूला कलकारखाना नभएको हाम्रो जस्तो देशमा अहिले भइरहेको प्रविधि, लगानी र मानवीय स्रोतको उपयोग गरी ग्रामीण भेगमा आम्दानी र रोजगारी बढाउन सकिने एउटा सम्भावित क्षेत्र काठ व्यवस्थापन हो । एउटा अध्ययन अनुसार नेपालमा काठको उत्पादन वृद्धिदर नहुँदाको अवस्थामा करिब ४९ अरब, ५०% क्षेत्रमा सामान्य वृद्धिहुदाँ करिब ६३ अर्ब र सबै वनमा राम्रो वृद्धिदर हुने गरी व्यवस्थापन गर्न सकिएमा करिब करिब एक खर्बरूपैयाँ आम्दानी गर्न सकिन्छ (हेर्नुहोस तालिका १) ।

**तालिका १: काठ उत्पादन र यसबाट प्राप्त हुनसक्ने आम्दानी**

| | उत्पादन हुने परिमाण (घनफिट) | राजस्व (रू.) |
|---|---|---|
| वृद्धि दर | ६,१५,१५,४७६ | ४९,२१,२३,८०,८०० |
| ५०% (सामान्य) वृद्धिदर हुँदा | ९,२२,७३,२१४ | ७३,८१,८५,७१,२०० |
| राम्रो वृद्धिदर हुँदा | १२,३०,३०,९५२ | ९८,४२,४७,६१,६०० |

स्रोत : सुवेदी २०१२

काठ व्यवस्थापनबाट माथि उल्लेख गरिएको तालिकामा दिए अनुसार आम्दानी मात्रै होइन यसबाट उल्लेखनीय रूपमा रोजगारी सिर्जना हुने देखिन्छ। सन् २०११ मा भएको एउटा अध्ययन अनुसार काठ व्यवस्थापनबाट वर्षेनी १ लाख जनालाई काम दिन सकिन्छ (ERI 2011)। यो हिसाबले ग्रामीण क्षेत्रमा नगद आम्दानी र रोजगारीको माध्यमबाट समुदायको जीवनयापनलाई सहयोग पुग्ने देखिन्छ।

### ख) सामुदायिक वनमा काठ व्यवस्थापन

माथि नै उल्लेख गरिसकियो कि सरकारी राजस्व र सामुदायिक वनको आम्दानीका स्रोतहरूमा विविधता भए तापनि आम्दानीको मुख्य स्रोत भनेकै काठको बिक्री वितरण हो। सरकारी वन होस् या सामुदायिक वन वनबाट हुने आम्दानीको सालाखाला ७०-८०% (वा त्यो भन्दामाथि) रकम काठ बिक्रीबाट आउँछ। सामुदायिक वन व्यवस्थापनका विभिन्न उद्देश्यहरू (जस्तैः– जैविक विविधता संरक्षण, जडीबुटी व्यवस्थापन आदि) मध्ये काठको उत्पादन, वितरण र बिक्री प्रमुख हो। फरेष्टएक्सनले २०१३ मा गरेको एक अध्ययन अनुसार सामुदायिक वनमा काठको उत्पादन र बिक्री वितरणबाट उल्लेखनीय रूपमा आम्दानी र रोजगारी प्राप्त गर्न सकिन्छ। उक्त अध्ययन अनुसार व्यापारिक हिसाबले बजारमा बिक्री वितरण हुने प्रमुख नौ वटा प्रजाति (साल, सिसौ, अस्ना, कर्मा, जामुन, चिलाउने, खोटेसल्ला, उत्तिस र गोब्रे सल्ला) बाट वार्षिक करिब १ करोड घन फिट काठ निकाल्न सकिन्छ। यो काठको मूल्याङ्कन सरकारी दररेटमा गर्दा चार अर्ब र बजार मूल्य अनुसार २७ अर्ब आम्दानी हुन जान्छ (हेर्नुस् तालिका नं. २)। यी तथ्याङ्क हेर्दा नेपालमा काठका लागि बजारले सरकारी दररेट भन्दा करिब ७ गुणा बढी मूल्य दिन तयार (Willingness to pay) देखिन्छ।

**तालिका नं. २ः सा.व.मा काठ व्यवस्थापनबाट हुनसक्ने आम्दानी**

| मुख्य प्रजाति | वार्षिक स्वीकार्य कटान (घन फिट) | मूल्य सरकारी दररेटमा (रू दश लाखमा) | बजार मूल्य (रू दश लाखमा) |
|---|---|---|---|
| साल | ६००७८३८.६७ | ३२०२.१८ | २१०२७.४४ |
| सिसौं | ८६९५१.९५ | २६.०९ | २१७.३८ |
| अस्ना | ५५२६७९.९९ | १३८.१७ | १४९२.२४ |
| कर्मा | १२८७६३.१६ | ३२.१९ | ३४७.६६ |
| जामुन | ७४७७५.४७ | १८.६९ | १४९.५५ |
| चिलाउने | ५८४७०३.१४ | ११६.९४ | ४०९.२९ |
| खोटे सल्ला | २२८५६०३.६६ | ३९९.९८ | २२८५.६० |
| उत्तिस | ९७२८३६.६६ | ९७.२८ | ३४०.४९ |
| गोब्रे सल्ला | ९४१७१५.७१ | ९४.१७ | ९४१.७२ |
| **जम्मा** | | ४१२५.६९ | २७२११.३७ |

स्रोत : Paudel et al. 2014

त्यति मात्र होइन सामुदायिक वनको मात्र काठ व्यवस्थापन हुने हो भने पनि यसबाट वार्षिक करिब २२,००० जनालाई रोजगारी दिन सकिन्छ। यो भनेको नेपालको सबै वनमा रहेको काठ व्यवस्थापन गर्दा हुन सक्ने रोजगारी (वार्षिक १,००,७२७ जना) को करिब २१% भाग हो (ERI 2011)।

### ग) विदेशी मुद्रा बचत गर्ने

नेपालले जडीबुटी, सुगन्धित तेल, नेपाली हाते कागज, काष्ठकला आदि वन पैदावार (कच्चा वा प्रशोधित) सामग्री समेत गरी वार्षिक ५० करोड बराबरको निर्यात गर्दछ भने काठ, फर्निचर, मेटल फर्निचर र काठको विकल्पको रूपमा प्रयोग हुने आल्मुनियम आदिको खरिदमा करिब

४ अर्ब रुपैयाँ खर्च गर्दछ (व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको सन् २०१२/१३ को तथ्याङ्क)। यस हिसाबले हामीले अरबौं रूपैयाँ बराबरको विदेशी मुद्रा हरेक वर्ष गुमाइरहेका छौं। हामीले मलेसिया लगायतका देशबाट बर्षेनी २ अर्ब रुपैयाँ बराबको त काठ मात्रै खरिद गर्दछौं (काठमाडौं पोस्ट, २०१२)। यो तथ्याङ्क हेर्दा हामी काठ उत्पादनमा आत्मनिर्भर हुन सक्दा मात्रै पनि बर्षेनी करिब २ अर्ब बचत गर्न सक्छौं। अझ यसमा रोजगारी र रोजगारीबाट प्राप्त हुने आम्दानीको हिसाब गरिएको छैन। आयात रोक्न मात्रै होइन, काठको सुलभ आपूर्ति गर्न सक्दा काठ आपूर्ति कम हुँदाको परिणति (जस्तैः– अनियमितता, कालोबजारी र अत्याधिक मूल्य वृद्धि) हटाउन सक्छौं र काठको बिक्री वितरणलाई कानुनतः नियमन गरी उल्लेखनीय रूपमा राजस्व वद्धि गर्न सकिन्छ। यसको अलावा काठ बिक्री वितरणबाट आर्थिक रूपले लाभान्वित हुनको लागि राष्ट्रिय, द्विदेशीय, बहुदेशीय राजनीतिक वा कुटनीतिक तारतम्य मिलाउने झमेला (जलस्रोत, विद्युत वा कार्बन व्यापारमा जस्तो) व्यहोर्नु पर्दैन। नेपालको मौजुदा जनशक्ति प्रविधि र क्षमताबाट नै आर्थिक फाइदा लिन सकिन्छ र दातामाथिको निर्भरता समेत कम गर्न सकिन्छ।

## ४. काठ व्यवस्थापनबाट फाइदा लिन नसक्नुको कारण

काठको व्यवस्थापन गर्दा हुनसक्ने आर्थिक फाइदाहरू (जस्तैः– आम्दानी, राजस्व, रोजगारी) को चर्चा गरिरहँदा यी यावत सम्भावनाहरू किन लिन सकिएन भन्ने प्रश्न आउँछ जुन स्वाभाविक हो। अब यही प्रश्नमा छलफल गरौं। यसमा केही कानुनी, केही प्रक्रियागत र केही जनमानसमा रहेको सोच प्रमुख छन्।

### क) वन व्यवस्थापन (विशेष गरी काठ) लाई सार्वजनिक बहसमा ल्याइएको छैन

सैद्धान्तिक र नीतिगत रूपमा काठ व्यवस्थापनलाई व्यवस्थित गर्ने र नियमन गर्ने प्रावधानहरू राखिए पनि काठ उत्पादन र बिक्री वितरण प्रक्रिया एकदम अव्यवस्थित र बिना योजना चलिरहेको छ (MoFSC 2014)। बजारमा नियमसङ्गत रूपमा काठ खरिद गर्छु भन्ने हो भने पनि काठ सहज रूपमा उपलब्ध छैन। यस्तो हुँदा पनि काठ व्यवस्थापनको बारेमा जैविक विविधता, कार्बन व्यापार, वातावरणीय सेवा जस्ता विषय जसरी सार्वजनिक रूपमा छलफल र बहसमा आएका छन् त्यसरी काठको विषय बहसमा देखिदैन (Banjade 2012)। यसले गर्दा काठको व्यवस्थापनमा प्रत्यक्ष रूपले संलग्न व्यक्ति वा निकाय बीचमा मात्रै छलफलहरू हुन्छन् र त्यहीँ सीमित भएका छन्। त्यसो हुनाले अनियमित रूपमा काठको आपूर्ति (कालोबजारी नै भनौं) भई राज्यले र उपभोक्ताहरूले फाइदा लिन सकेका छैनन र उद्यम व्यवसायीहरूले समेत सहजरूपमा काठ खरिद गर्न सकेका छैनन्।

### ख) संरक्षण केन्द्रित सोच

सरकारी क्षेत्र, वन समूहका उपभोक्ताहरू, सञ्चार क्षेत्र र सर्वसाधारण समेतमा रूख काट्नु भनेको वन मास्नु हो भन्ने धारणा व्याप्त छ। रूख काट्नु पनि वन व्यवस्थापनको अभिन्न अङ्ग हो भन्ने बुझ्न र बुझाउन सकिएको छैन। यसकारण वन व्यवथापनका नीतिगत व्यवस्था र काठ कटानी र बिक्री वितरण नियमन गर्न बनेका प्रावधानहरू संरक्षण केन्द्रित छन्। यसले गर्दा दिगो रूपमा निकाल्न सकिने काठलाई पनि सहजरूपमा बजारमा पुऱ्याउन अप्ठचारो छ। काठको उत्पादन, बिक्री वितरण, उद्यम र बजारीकरण सहज किसिमले हुन नसक्दा र निकाल्न मिल्ने काठ पनि वनमै छोडिदा त्यसबाट स्थानीय समुदाय मात्र होइन राष्ट्रिय अर्थतन्त्र पनि लाभान्वित नहुने नै भयो।

### ग) सिङ्गो वन क्षेत्र नै त्रसित

काठ व्यवस्थापन गर्दा संलग्न हुने कर्मचारी र उद्यम व्यवसायीहरू काठ कटानी र बिक्री वितरणबाट हच्किनुपर्ने गरी त्रसित छन्। नियमसङ्गत रूपमा गरिने काठ व्यवसाय वा अरू वनजन्य उद्यम व्यवसायलाई 'तस्करी' को रूपमा बुझिने गुनासो व्यवसायीहरूको छ। वन पैदावारको कटानी, ओसारपसार र उपयोग पनि वन व्यवस्थापनकै पाटो हो भन्ने नबुझी संरक्षण गर्नु मात्र 'राम्रो' हो भन्ने मान्यता हावी भएको छ। रूख कटानी भएको देख्नासाथ अनियमितता/वन विनाश भयो भनेर मिडियामा रिर्पोटिङ हुने कुरा परम्परा जस्तो भइसक्यो। यसरी सञ्चार माध्यममा आएपछि त्यो रोक्नुपर्ने प्रत्यक्ष/अप्रत्यक्ष दबाव वन कार्यालयहरूमा पर्दछ। अनियमितता हो कि नियमसङ्गत कटानी भएको हो यकिन नहुँदै त्यसको रिर्पोटिङ हुने र त्यसको प्रष्टिकरण र छानविनमा तानिनु भन्दा बरु 'केही नगरी बस्नु' राम्रो भन्ने मानसिकता वन प्राविधिक, उपभोक्ता र कर्मचारीहरूमा छ। केही ठाउँमा भएको अनियमिततालाई नियन्त्रण गर्न बनेका वा बनाइने नियमहरू र तिनीहरूको कार्यान्वयनले

गर्दा सिङ्गो वन क्षेत्र नै त्रसित छ । यस्तो मनस्थितिमा काठको व्यवस्थापन सहज हुनु र त्यसबाट आम्दानी र रोजगारी वृद्धि गर्ने काम गाह्रो हुँदै गएको देखिन्छ ।

## ५. नेपालमा काठ व्यवस्थापनका चुनौतीहरू

नेपाल सरकारले २०७१-२०८१ लाई वन दशक मनाउने निर्णय लिनु र वन तथा भू-संरक्षण मन्त्रालयले समृद्धिका लागि वन भन्ने अवधारणा आत्मसात् गरेको वर्तमान अवस्थामा सरकारले वन क्षेत्रलाई ठूलो महत्व दिएको प्रतीत हुन्छ । यसकारण वन क्षेत्रबाट काठ उत्पादन गर्ने र त्यसैबाट आयआम्दानी लिन र रोजगारी बढाउन गरिनुपर्ने कानुनी तथा व्यवहारिक पहलहरूका बारेमा राज्यले लिने अबको बाटो सबैको चासोको विषय बनेको छ । अब यस लेखमा अहिलेसम्म गरिएको विश्लेषणका आधारमा देखिएका केही चुनौतीहरूको प्रस्तुति गरिन्छ ।

### क) कम जनशक्ति र अपर्याप्त क्षमता विकास

जिल्ला वन कार्यालयहरू लगायत सरकारी निकाय तथा संयन्त्रहरूमा प्राविधिक जनशक्तिको कमी छ । भएको जनशक्तिले प्रशासकीय एवम् प्राविधिक दुबै किसिमको सेवाहरू प्रदान गरिरहेको छ । त्यसमाथि दिन प्रतिदिन सामुदायिक वन र अन्य समुदायमा आधारित वनहरूको सङ्ख्या बढिरहने हुँदा त्यही अनुपातमा प्राविधिक सेवाको माग बढ्दै जाने तर मौजुदा जनशक्तिले त्यो सेवा पुऱ्याउन नसकिरहेको अवस्था छ । सरकारी संयन्त्रमा मात्रै होइन कि वन क्षेत्रमा कार्यरत गैरसरकारी सङ्घसंस्था एवम् दातृ निकायहरूले पनि जनशक्ति बढाउने र तिनको कार्य कुशलता बढाउन पर्याप्त सहयोग पुऱ्याउन सकेको देखिँदैन । त्यसकारण वनको उत्पादकत्व बढाउन र त्यसको सदुपयोग गर्नेतर्फ धेरै काम हुन सकेको छैन । वनपैदावर उत्पादन र उपयोगमा नै अपेक्षित सफलता हासिल गर्न नसकिएपछि त्यसबाट आम्दानी बढ्ने र जनजीविकामा सोचे अनुसारको सहयोग नपुग्नु स्वाभाविक नै भयो ।

### ख) संरक्षण केन्द्रित वन व्यवस्थापनको नीतिगत व्यवस्था

नेपालमा वन व्यवस्थापन गर्नका लागि बनेको नीतिगत व्यवस्था, विशेष गरी वन पैदावर कटानी संयन्त्र, ओसार पसार र बिक्री वितरण सम्बन्धी प्रावधानहरू झञ्झटिला र संरक्षणलाई मात्र प्रोत्साहन दिने खालका छन् । अझ काठ कटानी हुने बित्तिकै लौ वन सकियो भने जस्तो गरी रिपोर्टिङ हुन्छ । योजनाबद्ध तरिकाले वन व्यवस्थापन गरी प्राप्त काठ होस् वा अन्य काठ होस्, नियमितता वा अनियमितता के भएको हो भन्नेतर्फ नसोची प्रचार हुँदा रूखहरू काट्नु भनेको तस्करी हो कि भन्ने आमधारणा बनेको छ । वन सम्बन्धी यस्तो धारणा आममानिसमा मात्रै होइन, वन व्यवस्थापनमा प्रत्यक्ष संलग्न हुने उपभोक्ता तथा वन प्राविधिकहरूमा पनि कुनै न कुनै रूपमा रहेको देखिन्छ । वार्षिक वृद्धिभन्दा कम मात्र कटानी परिमाण निकाल्नुपर्ने प्रावधान भएको वन मापन मार्गदर्शन, त्यो परिमाणभन्दा पनि घटाएर कटान अनुमति दिने प्रचलन र कटान अनुमतिभन्दा पनि कम कटान गर्नु राम्रो हो भन्ने उपभोक्ताको सोच पनि संरक्षण केन्द्रित धारणाको एउटा पाटो हो ।

### ग) वन पैदावर कटानी र बिक्री वितरणको क्रममा हुने गरेको अनियमितता

वन काट्नु भनेको वन मास्नु हो र अनियमितता गर्ने जुक्ति हो भन्ने आमधारणा बन्नुको प्रमुख कारण भनेको केही ठाउँमा वन पैदावर कटान र बिक्री वितरणमा भएका अनियमितता र सोसँग सम्बन्धित मुद्दामामिला एवम् अदालती केसहरू हुन् । कुनै क्षेत्र वा जिल्लामा भएका यस्ता गतिविधिले गर्दा सबैतिरका वन क्षेत्रमा यस्तो हुन्छ होला भनेर बुझ्ने गरिएको छ । यसले गर्दा वन पैदावार निकालेर अनियमितता हुनुभन्दा बरु ननिकालेकै जाति अथवा यसो गरेर अदालती प्रक्रियामा तानिनुभन्दा चुप लागेर बसेकै राम्रो भन्ने जस्ता धारणाहरू बलियो गरी निर्माण भएको देखिन्छ । कुनै निश्चित ठाउँमा भएका वा हुने गरेका अनियमितता नियन्त्रण गर्न बनाइने नीतिनियम र प्रावधानहरू सबै ठाँउमा लागू हुने हुँदा वनको सदुपयोग गरी आम्दानी/रोजगारी बढाउने गरी नीति वा प्रक्रियाहरूको सरलीकरण गरी प्रोत्साहन गर्ने काम हुन सकेको छैन ।

### घ) वन व्यवस्थापनका सम्बन्धमा विविध मत

वनको व्यवस्थापन गरेर उत्पादकत्व बढाउने, वन पैदावरको उचित सदुपयोग गरेर जनताको जीवनस्तर बढाउने भन्ने कुरामा वन क्षेत्रमा काम गर्ने सरोकारवालाहरू बीच एकमत देखिए पनि कसरी वन व्यवस्थापन गर्ने भन्नेमा विविध मतहरू देखिन्छन् । उदाहरणको लागि सक्रिय/बैज्ञानिक व्यवस्थापनको नाममा विज्ञ र प्राविधिकहरू प्रभावी हुने र स्थानीय जनताले कानुनसम्मत प्राप्त अधिकारहरू समेत केन्द्रिकृत हुन जान्छ भन्ने एक किसिमको बुझाइ छ भने अर्कोतिर सामुदायिक वा परम्परागत वा सहभागिमूलक

व्यवस्थापन भनेर वन विज्ञानका मान्यतालाई महत्व नदिँदा उत्पादकत्व बढ्ने र दिगो रूपमा वनको व्यवस्थापन हुँदैन कि भन्ने धारणा पनि रहेको देखिन्छ । यसले गर्दा वनको व्यवस्थापन सोचिए अनुसार अगाडि जान सकिइरहेको अवस्था छैन ।

## ६. अबको पहल

यो लेखमा उल्लेख भएझैं नेपालमा काठ व्यवस्थापनको माध्यमबाट हुन सक्ने आर्थिक सम्भावनाबाट लाभान्वित हुनको लागि निम्नलिखित केही पहलहरू लिनु पर्दछ ।

क) नेपालमा सामुदायिक वन लगायत सबै किसिमका वनहरूमा काठको उत्पादन वृद्धि हुने किसिमले व्यवस्थापन गर्नु पर्दछ । यसको लागि काठ काट्नु पनि वन व्यवस्थापनको अभिन्न अङ्ग हो भन्ने कुरा अभियान कै रूपमा देशभरी फैलाउनु पर्दछ । वनमा काठको उत्पादन बढाई आम्दानी र रोजगारीका अवसर सिर्जना गर्नु पर्दछ भन्नेमा सबै निकायहरूको मतैक्यता भएझैं त्यसको लागि वनको कस्तो व्यवस्थापन र कसरी गर्ने भन्ने विषयमा घनीभूत छलफल र अन्तरक्रिया हुनु जरुरी छ ।

ख) काठ कटानी र ओसारपसार गर्दा हुने कानुनी र प्रक्रियागत कार्यविधिलाई सरलीकृत गरी काठको कटानी, सङ्कलन र बिक्री वितरण प्रक्रियालाई सहज बनाउने एवम् काठ उद्यमहरूलाई प्रोत्साहन गरिनु पर्दछ ।

ग) काठको व्यवस्थापनलाई प्राथमिकतामा राखेर सामुदायिक वन लगायत अन्य वन क्षेत्रमा सघन व्यवस्थापन गर्ने, उत्पादन बढाउने र तत्कालको लागि विदेशबाट आयात भइरहेको काठको प्रतिस्थापन गर्ने, देशभित्रको माग सम्बोधन हुने गरी आपूर्ति व्यवस्थापन सहज गर्ने र दीर्घकालीन रूपमा काठ र काठजन्य उत्पादन निर्यात गर्ने उद्देश्य लिनुपर्ने हुन्छ ।

घ) वनको दिगो व्यवस्थापनलाई सहज हुने गरी सरकारी, सामुदायिक, साझेदारी वा अन्य प्रकारका वनहरूको संस्थागत संरचनालाई पुर्ननिर्माण गर्नु पर्दछ ।

ङ) वन क्षेत्रको व्यवस्थापनलाई सुदृढ गर्न आवश्यक पर्ने जनशक्ति व्यवस्था गर्ने, मौजुदा जनशक्तिको क्षमता अभिवृद्धि गर्ने र सरकारी क्षेत्रमा नपुग जनशक्ति, विशेष गरी वन प्राविधिकहरू, परामर्शदातृ प्राविधिकको रूपमा (freelancer) सरकारी संरचना बाहिरबाट व्यवस्था गर्ने ।

च) वन क्षेत्रमा भइरहेका अनियमितता न्यून गर्न संरचनागत सुव्यवस्था कायम गर्ने, कुनै एक ठाउँको अनियमितताको कारण सम्पूर्ण क्षेत्रको (आपूर्ति) व्यवस्थापन अवरुद्ध नहुने कुराको सुनिश्चित गर्ने ।

## सन्दर्भ सामग्रीहरू

**Banjade, M.** 2012. Discourse and Discursive Practices Over Timber in Nepal. Journal of Forest and Livelihood, 10(1): 58-73.

**Banjade, M. R. and Paudel, N. S.** 2008. Improving equity and livelihoods in community forestry: Suspa community forest user group site report. Kathmandu: ForestAction Nepal

**Banjade, M., Paudel, N., Karki, R., Sunam, R. and Paudyal, B.** 2011. Putting Timber in the Hot Seat: Discourse, Policy and Contestations over Timber in Nepal. Discussion Paper series 11.2. Kathmandu: ForestAction Nepal.

**ERI.** 2011. 'Employment in forestry sector', Environmental Resources Institute, Lalitpur, Nepal

**Kathmandu Post.** 2012. 'Policy sought for forest products' http://www.ekantipur.com/the-kathmandu-post/2012/07/31/money/policy-sought-for-forest-products/237875.html (Accessed on 20 Dec, 2013).

**Mahapatra, R.** 2001. Betrayed: Nepals Forest Bureaucracy Prepares for the Funeral of the Much Hailed Community Forest Management Programme. Down to Earth: 9 (22), http:/www.oneworld.org/cse /html

**MoFSC.** 2014. 'Review of Implementation of the Master Plan for the Forestry Sector: Achievements and Lessons' The Ministry of Forests and Soil Conservation, Singh Durbar, Kathmandu.

**Neupane, H.R.** 2000. Factors that Influence the Poorer Households Benefit from CommunityForests:An Analysisof Forest Management and Benefit Sharing Processes (Unpublished MPhilthesis).The University of Reading, UK..

**Paudel, N.S., Paudel, G., Karki, R. and Khatri, D.B.** 2014. Revenue and employment opportunities from timber management in Nepal's community forests. ForestAction Policy Brief No. 29.

**सुवेदी, विजयराज** । २०६९ । वैज्ञानिक वन व्यवस्थापनका अवसर र चुनौती हाम्रो वन सम्पदा, वर्ष १०, अङ्क १, फरेष्टएक्सन ।

# बहुसरोकारवाला वन कार्यक्रमबाट वन उद्यमको विकासमा सहयोगः
## *कोशी पहाडी जिल्लाहरूमा भएको सिकाइ तथा अनुभवहरू*

✍ **जैलबकुमार राई[१], डा. सर्वराज खड्का[२], सुदिल गोपाल आचार्य[३]**

### १. पृष्ठभूमि

वन उद्यमको माध्यमबाट वन स्रोतमा आश्रित गरिब तथा विपन्न समुदायको आय आर्जनमा वृद्धि गर्ने तथा स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने कुरा अहिले वन स्रोतसँग सम्बन्धित सबै सरोकारवालाहरूको प्राथमिकताको विषय बनेको छ । यसका प्रमुख चार कारणहरू छन् :– पहिलो, देशको कूल भू-भागको ठूलो क्षेत्र (करिब ४० प्रतिशत) वनले ओगट्नु (MoFSC 2013); दोस्रो, भौगोलिक तथा पर्यावरणीय विविधताका कारण वनजन्य उत्पादन वा वन पैदावारहरूको उपलब्धतामा विविधता हुनु; तेस्रो, ग्रामीण समाजको बहुसङ्ख्यक जनसङ्ख्या वा घरधुरीहरू वनस्रोतमा आश्रित वा निर्भर हुनु; र चौथो नेपालमा वन स्रोतको संरक्षण तथा व्यवस्थापन (खास गरी सामुदायिक वनको रूपमा) सफल भएको तर यसले स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याएको योगदान तुलनात्मक रूपमा कम हुनु जस्ता कारणहरूले गर्दा वन उद्यमको विकास प्राथमिकताको विषय बन्नैपर्ने अवस्था देखिन्छ ।

तर, नेपालमा अहिलेसम्मका अभ्यासहरूले वन उद्यमहरू प्रायः सफल हुन नसकेको तथा अपेक्षा गरिए अनुसार सफल नभएको कुरा सबैका लागि स्विकार्य विषय बन्दै आएको छ । उक्त कुराले नेपालमा वन उद्यम सम्भव छैन त भन्ने गहन प्रश्न जन्माएको छ । खासगरी वन उद्यम स्थापना गर्ने विषयमा विद्यमान नीतिगत प्रावधानहरू तथा उद्यमसञ्चालन गर्दा अपनाउनु पर्ने विभिन्न प्रशासनिक प्रक्रियाहरू र प्रशोधन भएका वस्तुहरूको ओसारपसार र बिक्री वितरणसँग जोडिएका विभिन्न कानुनी, व्यवहारिक वा प्रक्रियागत समस्याहरू (जस्तैः– हरेक प्रक्रियाहरूमा अनुमति लिनुपर्ने, विभिन्न प्रकारका कर तथा शुल्कहरू तिर्नुपर्ने जस्ता) वन उद्यमको विकासमा देखिएको र अनुभव गरिएको प्रमुख अप्ठ्याराहरू हुन् (Kunwar et al. 2009) ।

करिब तीन दशक अघि (आठौं पञ्चवर्षीय योजना) देखि नेपाल सरकारले गरिबी न्यूनीकरणलाई राज्यको प्रमुख उद्देश्य बनाई (HMG/GoN 1985) विभिन्न कार्यक्रममार्फत यसको निरन्तरता दिँदै आएको छ । तर अपेक्षा गरिए अनुसारका उपलब्धिहरू अझै पनि हासिल हुन सकेको छैन । यही सिलसिलामा यति ठूलो भू-भाग ओगटेको वन स्रोतले देशको गरिबी न्यूनीकरण गर्ने काममा के कति योगदान पुऱ्याएको छ भन्ने विषयको प्रश्नले नेपालको वन व्यवस्थापनमा पनि प्रश्न जन्माएको छ । यही कारण वन क्षेत्रका सरोकारवालाहरूले अब वन स्रोतमा आधारित उद्यमहरूको विकास गरी स्थानीय रोजगारी सिर्जना गर्ने र वन स्रोतको सदुपयोग तथा वनजन्य उत्पादनलाई राष्ट्रिय अर्थतन्त्रको एक महत्वपूर्ण आधार बनाउनु पर्ने विषयलाई प्राथमिकता प्रदान गर्न थालेको देखिन्छ ।

त्यस्तै गरी हाल जलवायु परिवर्तनबाट प्रभावित विपन्न घरधुरीहरूलाई जलवायु परिवर्तन अनुकूलनको क्षमता वृद्धि गर्ने एक माध्यमको रूपमा समेत वन उद्यमलाई लिन सकिने विचारहरू विस्तारै बढ्दै गएको देखिन्छ । तर विद्यमान वन नीति तथा कानुनी प्रावधानहरू यथावत अवस्थामा रहिरहँदा सोचे अनुसारका उपलब्धिहरूहासिल गर्न सकिन्छ कि सकिदैन भन्ने कुरा चाहिँ छलफलकै विषय बनेको छ । यसका बावजुद देशका विभिन्न ठाउँमा विभिन्न प्रकार तथा स्वरूपका वन उद्यमहरू स्थापना भई केही वन उद्यमहरू सफल रूपमा सञ्चालन भइरहेका उदाहरणहरू रहेका छन् भने कैयौं उद्यमहरू विभिन्न कारणले असफल भएका उदाहरणहरू पनि छन् ।

तथापि अहिलेसम्म वन स्रोतमा आधारित कुनै पनि उद्यमहरूले साँच्चै ठूलो उद्योगको रूप लिन सकेको देखिदैन । त्यस्तैगरी स्थापना भएका धेरैजसो वन उद्यमहरू

---

१ लेखक त्रिभुवन विश्व विद्यालय, समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभागमा अध्यापन गराउनुका साथै फरेष्टएक्सन नेपालमा अनुसन्धानकर्ताका रूपमा कार्यरत छन् ।

२ लेखक आरआरएनमा कार्यरत छन् ।

३ लेखक बहुसारोकारवाला वन कार्यक्रम लट एकका एरिया प्रोग्राम म्यानेजरका रूपमा कार्यरत छन् ।


स्वतस्फूर्त रूपमा स्थापना हुनेभन्दा पनि अन्य सहयोगी सङ्घ-संस्था वा निकायहरूको आर्थिक तथा प्राविधिक सहयोगको कारणले स्थापना भई सञ्चालित हुँदै आएको देखिन्छ । यी अवस्थाहरूले गर्दा नेपालमा वन उद्योगहरूको स्थापना तथा विकास गरी देशको अर्थतन्त्रमा यसको योगदानलाई कसरी बढाउन सकिन्छ भन्ने कुरा सबैको सरोकारको विषय बनेको छ ।

वन उद्यमहरूको स्थापना किन र कसरी गर्ने, स्थापना भएका उद्यमहरू किन सफल वा असफल भए वा उद्यम स्थापना तथा सञ्चालन गर्न के कस्ता नीतिगत, प्रक्रियागत र व्यवहारिक कठिनाइहरू छन् भन्ने विषयहरूमा प्रशस्तै बहस, छलफल तथा अध्ययन अनुसन्धान भइसकेका छन् । तर अपेक्षा गरिए अनुसारका उपलब्धिहरू अहिलेसम्म हासिल हुन सकेको छैन । यही पृष्ठभूमिमा सन् २०१३ देखि नेपालको कोशी पहाडी जिल्लाहरू (धनकुटा, भोजपुर, तेह्रथुम र सङ्खुवासभा) मा सञ्चालन भइरहेको बहुसरोकावाला वन कार्यक्रम अन्तर्गत केही वन उद्यमहरूको स्थापना गर्ने र स्थापित भइसकेका केही उद्यमहरूलाई सहयोग गरी स्थानीय रोजगारी सिर्जना गर्ने उद्देश्यका साथ केही कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । यो लेख यी चारवटा जिल्लाहरूमा रहेका वन उद्यमहरूको पहिचान गर्ने र ती उद्यमहरू मध्ये केही उद्यमहरूलाई सहयोग गरी त्यसैका माध्यमबाट स्थानीय रोजगारीको सिर्जना गर्ने सिलसिलामा भएको अनुभव तथा सिकाइहरूका आधारमा तयार गरिएको छ । यसै क्रममा पहिचान गरी सहयोग गरिएका केही उद्यमहरूको स्थलगत भ्रमण, उद्यमीहरूसँगको अन्तरक्रिया र बहुसरोकारवाला वन कार्यक्रमका अन्य कर्मचारीहरूसँगको छलफल जस्ता विधिहरूका आधारमा यो लेख तयार गरिएको छ ।

## २. कोशी पहाडी जिल्लाहरूमा वन उद्यमको अवस्था

कोशी पहाडी जिल्लाहरूमा उद्यमको सङ्ख्याको कुनै कमी नभएको कुरा तथ्याङ्कले देखाएको छ। यसैगरी उद्योगहरूको सङ्ख्या पनि प्रत्येक वर्ष बढ्दै गएको देखिन्छ । घरेलु तथा साना उद्योग विभागको तथ्याङ्क अनुसार कोशी पहाडी जिल्लाहरूमा आर्थिक वर्ष २०५१/०५२ बाट दर्ता सुरु हुन थालेको उद्योगहरूको सङ्ख्या आर्थिक वर्ष २०७० मा आइपुग्दा कूल ३३७५ पुगेको छ । यी मध्ये २०७० को तथ्याङ्क अनुसार कूल २२३३ वटा उद्योगहरू अद्यावधिक रूपमा नवीकरण भएका छन् ।

**चित्र १: कोशी पहाडी जिल्लाहरूमा विगत ६ वर्षमा बढ्दै गएको उद्योगहरूको सङ्ख्या**




स्रोत : उद्योग मन्त्रालय २०७०

तुलनात्मक रूपमा हेर्दा उद्योगको सङ्ख्या धनकुटा जिल्लामा बढी छ भने भोजपुर जिल्लामा कम छ । तर यी सबै जिल्लाहरूमा विगत ६ वर्षभित्र उद्योगहरूको सङ्ख्या प्रत्येक वर्ष बढ्दै गएको कुरा प्रष्टै देखिन्छ । गत आर्थिक वर्ष २०७० सालमा नवीकरण भएका कूल २२३३ वटा उद्योगहरू मध्ये सबैभन्दा बढी धनकुटा जिल्लामा (७२४) छ भने सबैभन्दा कम भोजपुरमा (३९९) छ । कूल २२३३ उद्योगहरू मध्ये कूल २६८ (धनकुटा ९०, तेह्रथुम ७२, सङ्खुवासभा ६९ र भोजपुर ३७) वटा उद्योगहरू कृषि तथा वनसँग सम्बन्धित छन् ।

कोशी पहाडी जिल्लामा वन स्रोतमा आधारित उद्यमहरू कतिवटा छन् भन्ने कुराको यकिन तथ्याङ्क छैन तर बहुसरोकारवाला वन कार्यक्रमका लागि भएको एक अध्ययनले कोशी पहाडी क्षेत्रका ४ जिल्लाहरूमा कूल १४४ वटा वन स्रोतमा आधारित उद्योगहरू तथा २३६ वटा साना लघु उद्यमहरू रहेको तथ्याङ्क देखाएको छ ।

**तालिका १: कोशी पहाडी जिल्लाहरूमा वन उद्यम तथा लघुउद्यमको सङ्ख्या तथा अनुमानित रोजगारी**

| जिल्लाहरू | वन उद्यमहरू | | | | | | | वन स्रोतमा आधारित लघुउद्यमहरू | कूल रोजगारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | हाते कागज | काठ तथा फर्निचर | अल्लो | जडीबुटी | बाँस | अन्य | कूल | | |
| धनकुटा | ० | २१ | ० | ० | ० | १५ | ३६ | ८६ | १०४९ |
| भोजपुर | ० | ० | ० | ० | ० | ० | २५ | ५० | १००० |
| सङ्खुवासभा | १३ | २० | १९ | २ | ४ | ० | ५८ | ५० | ८०० |
| तेह्रथुम | ३ | २२ | ० | ० | ० | ० | २५ | ५० | १००० |
| **कूल** | १६ | ६३ | १९ | २ | ४ | १५ | १४४ | २३६ | ३८४९ |

स्रोतः DDC Dhankuta 2012, DDC Bhojpur 2012, DFO Sankhuwasabha 2011/12, DDC Tehrathum,2012 (cited in DVN and NORMS 2013)

कोशी पहाडी जिल्लाहरूमा उल्लेख गरिए अनुसारको सङ्ख्यामा वन उद्यम तथा लघु उद्यमहरू रहनु आफैंमा सकारात्मक विषय हो । तर उल्लेख गरिए अनुसारको सङ्ख्यामा वन उद्यमहरू छन् कि छैनन् भन्ने विषय एकातिर आफैंमा छलफलको विषय बन्न सक्छ भने अर्कोतिर यी उद्यमहरूको निरन्तरता महत्त्वपूर्ण र चुनौतीपूर्ण पनि देखिन्छ ।

## ३. कोशी पहाडी जिल्लाहरूमा वन उद्यमको विकास र विस्तार

कोशी पहाडी जिल्लाहरूमा वन उद्यमको विकास नयाँ विषय हैन । यी जिल्लाहरूमा कैयौंका सङ्ख्यामा वन उद्यमहरू स्थापना भइसकेका छन् । तिनीहरू मध्ये धेरै उद्यमहरू स्थापना भएर बन्द भइसकेका छन् भने कही चाहिँ सञ्चालन भइरहेका छन् । उद्यमहरू बन्द हुनुका विभिन्न कारणहरू छन् भने सञ्चालित उद्यमहरूको अवस्था पनि फरक फरक छ । तर यो लेखमा यी सम्पूर्ण पाटोहरूको विश्लेषण गरिएको छैन । विभिन्न प्रकारका फर्निचर उद्योग, हाते कागज उद्योग, फलफूलको जुस वा पेय पदार्थ बनाउने उद्योग, अल्लोको कपडा बनाउने उद्योग, समिल, विभिन्न खालका जडीबुटीहरूको सङ्कलन तथा सामान्य प्रशोधन जस्ता उद्योगहरू कोशी पहाडी जिल्लामा भएका प्रमुख उद्योगहरू हुन् ।

कोशी पहाडी जिल्लामा बहुसरोकारवाला वन कार्यक्रमले[४] वन उद्यमको माध्ययबाट स्थानीय रोजगारी सिर्जना गर्ने कामलाई एक प्रमुख उद्देश्य बनाएको छ । वन उद्यमको सवालमा यस क्षेत्रमा दुई वर्षभित्र (सन् २०१२ देखि २०१५) करिब पाँच दर्जनभन्दा बढी सङ्ख्याका वन उद्यमहरूका माध्यमबाट कूल १३०० भन्दा बढी स्थानीय रोजगारी सिर्जना गर्नुपर्ने लक्ष्य राखेको छ । यही सिलसिलामा पहिलो वर्षमा कूल ३९ वटा वन उद्यमहरूलाई विभिन्न स्वरूप तथा प्रकारका सहयोग गरी रोजगारी सिर्जना गर्ने प्रयास

४ बहुसरोकारवाला वन कार्यक्रम नेपाल सरकार अन्तर्गत वन तथा भू-संरक्षण मन्त्रालय र विभिन्न सङ्घ संस्थाहरुद्वारा सञ्चालित छ । यो कार्यक्रम बेलायत, फिनल्याण्ड, र स्विजरल्याण्ड सरकारको आर्थिक सहयोगमा सन २०१२ देखि सुरु भएको १० वर्षे कार्यक्रम हो ।

गरिएको छ । तर यस लेखमा के कति रोजगारी सिर्जना भयो भन्ने विषयमा नभई यी उद्योगहरूको पहिचान गर्ने तथा सहयोग गर्ने सिलसिलामा भएको अनुभव तथा सिकाइहरूलाई विश्लेषण गर्ने प्रयास गरिएको छ ।

**तालिका २: बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गत पहिलो वर्ष (सन् २०१३) मा सहयोग गरिएका उद्यमहरूको विवरण**

| जिल्ला | काष्ठ उद्यम | | गैह्र काष्ठ उद्यम | | | | जडीबुटी उद्यम | | | | | अन्य | | | कूल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | समिल | फर्निचर | अल्लो | लोक्ता | मौरी | बाँस | अमला | जैतुन | चिराइतो | सतुवा | धुप | जुस | खुकुरी | सिस्नु | |
| भोजपुर | १ | १ | ० | ३ | ० | ० | १ | १ | १ | १ | ० | ० | ० | ० | ९ |
| तेह्रथुम | ० | १५ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १६ |
| सङ्खुवासभा | ० | ० | १ | २ | ० | ० | ० | ० | ० | ० | २ | १ | ० | १ | ७ |
| धनकुटा | ० | २ | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | १ | २ | ० | ७ |
| **कूल** | १ | १८ | १ | ६ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | १ | ३९ |

स्रोतः RRN/FA 2014

बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गत सहयोग गरिएका उल्लिखित कूल ३९ वटा उद्यमहरूलाई प्रदान गरिएको सहयोगको मात्रा तथा विषयहरूमा एकरूपता छैन । सहयोग गरिएको आर्थिक रकमका हिसाबले प्रति उद्योग करिब ८ हजार देखि १ लाखसम्म सहयोग गरिएको छ । सहयोगको विषय वा क्षेत्रको हिसाबले बहुसङ्ख्यक उद्यमहरूलाई उद्यम सञ्चालन गर्न आवश्यक औजार वा समान खरिद गर्ने काममा सहयोग गरिएको छ भने केही नयाँ उद्यमहरूलाई भने उद्योग दर्ता गर्ने प्रक्रियामा र केही उद्यमहरूलाई आवश्यक कच्चा पदार्थ खरिद गर्नका लागि सहयोग गरिएको छ ।

**तालिका ३: बहुसरोकारवाला वन कार्यक्रमको पहिलो वर्ष (सन् २०१३) गरिएको सहयोगका शीर्षकहरू**

| | बहुसरोकारवाला वन कार्यक्रमबाट गरिएको सहयोगको शीर्षकहरू | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जिल्लाहरू | सामग्री खरिद | औजार खरिद | कच्चा पदार्थ खरिद | दर्ता प्रक्रिया | दर्ता तथा औजार | तालिम | अन्य | कूल |
| भोजपुर | ६ | २ | १ | ० | ० | ० | ० | ९ |
| तेह्रथुम | ० | १३ | १ | २ | ० | ० | ० | १६ |
| सङ्खुवासभा | ० | ० | ० | ० | ५ | १ | १ | ७ |
| धनकुटा | ० | ६ | ० | ० | ० | ० | १ | ७ |
| कूल | ६ | २१ | २ | २ | ५ | १ | २ | ३९ |
| प्रतिशत | १५.५ | ५३.८ | ५.१ | ५.१ | १२.८ | २.६ | ५.१ | १००.० |

स्रोतः RRN/FA 2014

बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गत सहयोग गरिएका कूल उद्योगहरू मध्ये सङ्ख्याका हिसाबले उद्योग सञ्चालन गर्नका लागि आवश्यक औजारहरूको खरिद गर्ने काममा खर्च गरेका छन् भने दोस्रोमा आफ्नो उद्योगलाई आवश्यक सामग्रीको खरिद गर्न खर्च गरेका छन् । मेसिन तथा औजारहरूको खरिद अन्तर्गत विटिंग मेसिन, जेनेरेटर, विद्युतीय सामानहरू, फर्निचरका लागि आवश्यक औजारहरू, अन्य मेसिनहरू जस्ता सामग्रीहरू छन् भने अन्य साधन तथा सामग्रीका रूपमा भने ड्रम, पाइप, हाते कागजको फ्रेम तथा जाली जस्ता वस्तुहरूको खरिद रहेका छन् । तुलनात्मक रूपमा औजार र उद्योगलाई आवश्यक सामग्री खरिद गर्नका लागि खर्च गरिनुका केही कारणहरू छन् । पहिलो कारण भनेको उद्यमीहरूसँग सम्बन्धित कारण हो, यस अन्तर्गत दुई वटा कारणहरू पर्दछन्: कुनै पनि उद्योगका लागि आवश्यक औजार सबैभन्दा पहिले चाहिने चिज हुने र औजारको खरिद

तुलनात्मक रूपमा खर्चिलो वा महङ्गो हुनु हो । दोस्रो कारण भनेको सहयोग गर्ने निकायसँग सम्बन्धित तीन कारणहरू पर्दछन्: औजारहरूको वितरण गर्न सजिलो हुने, यसैको माग उद्यमीहरूबाट हुने, र औजारहरूको वितरण स्पष्ट देखिने (भौतिक प्रकृतिको) हुनु हो ।

यद्यपि, बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गत उद्योगीहरूलाई गरिएको सहयोगका क्षेत्रको निर्धारण विभिन्न कुराहरूका आधारमा, (जस्तैः– उद्यमीहरूको माग, स्थलगत अध्ययन, वास्तविक आवश्यकता आदि) गरिएका छन् । यी उद्योगहरूले के कति थप रोजगारी सिर्जना गर्न सकेका छन् भन्ने कुराको विश्लेषणात्मक तथ्याङ्क नभए पनि यी उद्योगहरूले करिब १५० जना व्यक्तिहरूलाई प्रत्यक्ष रूपमा (पूर्णकालीन) र करिब २००० व्यक्तिहरूलाई अप्रत्यक्ष रूपमा आंशिक रोजगारी प्रदान गरिरहेको अनुमान गरिएको छ ।

यी उद्योगहरूबाट सिर्जना भएको रोजगारीको निरन्तरता अति आवश्यक छ । यद्यपि यो कुरा निकै चुनौतीपूर्ण पनि देखिन्छ । उक्त कुरा सामान्यतया नेपालको विद्यमान वन उद्यमसँग सम्बन्धित ऐन कानुन, वन स्रोतको सङ्कलन तथा उपयोग गर्ने नीतिगत प्रावधान, सम्बन्धित सरोकारवाला तथा वन कर्मचारीहरूको व्यवहार र उद्यमीहरूको सोच तथा व्यवहारमा पनि भर पर्दछ ।

## ४. कोशी पहाडी जिल्लाहरूमा वन उद्यमसँग सम्बन्धित अनुभव तथा सिकाइहरू

कोशी पहाडी जिल्लाहरूमा वन उद्यमसँग सम्बन्धित अनुभव तथा सिकाइहरूलाई केही विषयहरूमा आधारित भई विश्लेषण गर्ने प्रयास गरिएको छ ।

**क) सम्भावित उद्यमहरूको पहिचानः** कोशी पहाडी जिल्लाहरूमा सम्भावित उद्यमहरूको पहिचान गर्नु एक महत्वपूर्ण क्रियाकलापको रूपमा लिइएको थियो । बहुसरोकारवाला वन कार्यक्रममा सम्भावित उद्यम भन्नाले सामान्यतया स्रोतको उपलब्धता वा कच्चा पदार्थको उपलब्धता, उपलब्ध स्रोतको प्रशोधन गर्न सकिने नसकिने अवस्था, प्रशोधन गर्न आवश्यक प्रविधिको उपलब्धताको अवस्था, प्रशोधन गरी बजारमा बिक्री वितरण गर्न सकिने वा उपभोग्य वस्तुको उत्पादन गर्नका लागि चाहिने लगानी र लगानीकर्ताको अवस्था, उत्पादित वस्तुको बजारीकरण र बजारको मागको अवस्थाका साथै यी सम्पूर्ण प्रक्रियाहरूमा आवश्यक मानवीय स्रोत साधनको अवस्था जस्ता कुराहरू पर्दछन् । उल्लेखित विषयहरूको आधारमा कोशी पहाडी जिल्लामा कैयौंको सङ्ख्यामा वन उद्यमहरूको प्रचुर सम्भावना भएको अनुभव गरिएको छ ।

यद्यपि, सम्भावित उद्यमहरूको पहिचान गर्नु त्यति कठिन नभए पनि सम्भावित उद्यमहरूमध्येबाट परियोजनाद्वारा सहयोग गर्नका लागि छनौट गर्ने काम सैद्धान्तिक तथा व्यवहारिक हिसाबले निकै कठिन भएको अनुभव गरिएको छ । यसको प्रमुख कारण भनेको वन उद्यम दर्ता गर्नु अति कठिन हुनु, दर्ता भइसकेका उद्यमहरूलाई स्रोत उपलब्ध हुँदा हुँदै पनि आवश्यक कच्चा पदार्थहरू सहज रूपमा उपलब्ध गर्न नसक्नु तथा उद्योगबाट उत्पादन भएका वस्तुहरूको बेचविखन विभिन्न कारणहरूले (जस्तैः– पटके कर, यातायातको असुविधा, कानुनी झञ्झट आदि) गर्दा कठिन हुने कुरा देखिएको छ । जस्तै :– भेनियर, सःमिल, फर्निचर जस्ता कैयौं उद्यमहरू विगत दुई तीन वर्षदेखि दर्ता गर्नका लागि अधिक प्रयास गर्दा पनि दर्ताको काम सफल हुन सकेका छैनन् । यसकारण सम्भावनायुक्त उद्यमहरू स्थापना हुन नसक्दा कैयौं स्रोतहरूको सङ्कलन तथा बिक्री वितरण हुन नसकी सम्भावित आर्थिक विकासमा टेवा पुऱ्याउने तथा रोजगारी सिर्जना गर्ने अवसरहरूमा अवरोध भएको अनुभव गरिएको छ ।

**ख) सम्भावित उद्योग वा उद्यमहरूको स्थापना र सञ्चालनका लागि लगानीः** कोशी पहाडी जिल्लाहरूमा सम्भावित केही वन उद्यमहरूको स्थापना तथा सञ्चालनका लागि ठूलो लगानीको आवश्यकता देखिन्छ । जुन लगानी गाउँ स्तरमा रहेका स्थानीय कृषक तथा वन समूहका उपभोक्ताहरूको आन्तरिक लगानीबाट मात्र सञ्चालन हुन प्रायः असम्भव देखिन्छ । जस्तै :– उत्तिसको रूख (वा वनहरू) निजी तथा सामुदायिक वन दुवैमा प्रशस्त रहेका छन् र हालको अवस्थामा ती रूखहरूको बजार तराई क्षेत्रमा स्थापित भएका प्लाइउड उद्योगहरू मात्र रहेको छ । स्थानीय स्तरमा नै भेनियर तथा प्लाइउडका उद्योगहरू स्थापना गरी ती रूखहरूको सदुपयोग गर्न सकिएको खण्डमा यसले स्थानीय अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउन सक्दछ । तर भेनियर उद्योगको स्थापना तथा सञ्चालनका लागि कम्तीमा जिल्ला स्तरका वित्तीय संस्थाहरूको लगानी अथवा जिल्ला स्तरका निजी लगानीकर्ताहरू वा व्यापारीहरूलाई लगानीका प्रेरित गर्नुपर्ने आवश्यकता देखिन्छ ।

निजी क्षेत्रको लगानी खास गरी दुई अर्थमा आवश्यक रहेको देखिन्छ । पहिलो, ठूलो आर्थिक लगानी गर्न निजी क्षेत्रकै आवश्यकता हुन्छ भने दोस्रो यस्ता लगानीबाट उत्पादन भएका वस्तुहरूको बजारीकरण वा बिक्री वितरणका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यापारीहरूसँगको सम्बन्ध, चिनजान र सहकार्यका लागि हो । जुन कुरा गाउँ स्तरका कृषक वा वन समूहहरूको सामर्थ्य भन्दा वाहिरको कुरा हो। तर यी दुवै प्रकारका सम्भावित लगानीकर्ताहरुको संलग्नता वा लगानी हालको वन नीति, नियम तथा कानूनी प्रावधानहरुबाट सिर्जित समस्याहरु (जस्तै : वैधानिक तथा अवैधानिक करहरु) का कारण प्राय असम्भव देखिन्छ । जसले गर्दा कैयौं सम्भावित वन उद्यमहरुको स्थापना र सञ्चालन गरी स्थानीय रोजगारी सिर्जना गर्ने अवसरहरु गुमिरहेको छ ।

**ग) वास्तविक उद्योग तथा उद्यमीहरुको विकासः** कोशी पहाडी जिल्लामा दर्जनौको संख्यामा वन स्रोतमा आधारित उद्यम वा उद्योगहरु छन् । तर सक्षम, सवल तथा आत्मनिर्भर उद्यमहरु भेट्न निकै कठिन छ । यस क्षेत्रमा रहेका धेरै जसो वन उद्यमहरु विभिन्न परियोजना तथा सहयोग (आर्थिक, प्राविधिक, बजारीकरण आदि) का कारण स्थापना र सञ्चालन भएको देखिएको छ । जसले गर्दा बहु-संख्यक उद्यमहरुमा वास्तविक उद्यमशीलताको विकास नभई वुझाई तथा व्यवहार दुवैमा परनिर्भर मानसिकताको विकास भएको देखिन्छ। पुरानो तथा नयाँ दुवै खालका बहुसङ्ख्यक उद्योगहरू बाह्य सहयोग पाउनकै लागि वा बाह्य सहयोगकै कारण स्थापना हुने तथा सञ्चालन हुने गरेको जस्तो अवस्था देखिन्छ। यसकारण वन उद्योगहरूलाई कसरी आत्मनिर्भर बनाउने भन्ने कुरा महत्वपूर्ण तर अहिलेको अवस्थामा जटिल देखिन्छ ।

**घ) उत्पादित सामग्रीको बिक्री वितरण र बजारीकरणः** स्थापित भएका उद्योगहरूले उत्पादन गरेका वस्तुहरूको बजार र बजारीकरण अर्को महत्वपूर्ण कुरा हो। जिल्लाहरूमा रहेका उद्योग वा उद्यमहरूले उत्पादन गरेका वस्तुहरूको बजार प्रायः स्थानीय स्तरमा मात्रै सीमित भएको देखिन्छ। जसले गर्दा बहुसङ्ख्यक उद्यमहरू प्रतिस्पर्धामा उत्पादन गर्ने भन्दा सहानुभूतिमा आधारित बजारमा निर्भर रहेको देखिन्छ। एकातिर बहुसङ्ख्यक उद्यमहरूले उत्पादन गरेका बस्तुहरुको गुणस्तरीयता निकै कम्जोर छ भने अर्कोतिर ती उद्योगहरुले उत्पादन गरेको वस्तुहरू परिमाणको हिसाबले पनि अन्तर्राष्ट्रिय बजारको त कुरै छैन राष्ट्रिय बजारको सिमित मागलाई मात्र पनि सम्बोधन गर्न सक्ने अवस्था छैन । त्यसैगरी गुणस्तरीय वस्तुको उत्पादन गर्न नसक्दा एकातिर स्थापना भएको बजारसँगको सम्बन्ध बिग्रदै गएका थुप्रै उदाहरणहरू भेटिएका छन् भने अर्कोतिर माग अनुसारको परिमाणमा वस्तुहरूको उत्पादन गर्न नसक्दा बजारसँगको विश्वास तथा सम्बन्ध पनि बिग्रदै गएको देखिन्छ । जसले गर्दा एकातिर यस्ता उद्योगहरू आर्थिक हिसाबले सक्षम हुन सकेका छैनन् भने अर्कोतिर उद्यमीहरू पनि विस्तारै वन उद्योगतिर निरुत्साहित हुँदै गएको दखिन्छ ।

**ङ) आधुनिक प्रविधिको विकास तथा प्रयोगः** वन उद्यमको लक्ष्य भनेको परिमाण तथा गुणस्तरका हिसाबले बजारमा प्रतिस्पर्धात्मक वस्तुहरूको उत्पादन गर्न सक्नु हो। गुणस्तरीय वस्तुको उत्पादन हुन सके पनि ठूलो परिमाणमा वस्तुको उत्पादन आधुनिक प्रविधिको प्रयोगबाट मात्र सम्भव देखिन्छ । प्रायः सबै उद्योगहरू परापरागत प्रविधि, सीप, ज्ञान तथा अनुभवहरूमा आधारित भएको देखिन्छ । यसको प्रमुख कारण भनेको आवश्यक प्रविधिहरूका बारेमा ज्ञानको अभाव तथा लगानीको अभाव हो । कैयौं वनस्रोतहरू आधुनिक प्रविधिको अभावका कारण ठूलो परिमाणमा कच्चा पदार्थकै रूपमा राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय बजारहरू (जस्तैः– भारत तथा चीन) मा बिक्री वितरण हुँदै आएको देखिन्छ । जस्तै :– अलैची, चिराइतो, सतुवा जस्ता बहुमूल्य जडीबुटीहरू कच्चा पदार्थकै रूपमा चीन तथा भारततर्फ बिक्री वितरण हुँदै आएका छन् । यस्ता स्रोतहरूलाई आधुनिक प्रविधिको प्रयोग गरी सामान्य प्रशोधन मात्रै गर्न सकेको खण्डमा कैयौं गुणा बढी आम्दानी हुन सक्दछ ।

**च) वन स्रोतहरूको आर्थिक सम्भाव्यताको आवश्यक अध्ययन अनुसन्धानः** कोशी पहाडी जिल्लाहरूमा रहेका कैयौं सम्भावित वन स्रोतहरूको बहुउपयोगहरूका बारेमा यथेष्ट अध्ययन तथा अनुसन्धानको पनि अभाव भएको देखिएको छ । जस्तै :– चिराइतो, सतुवा जस्ता बहुमूल्य जडीबुटीहरूको प्रयोग के प्रयोजनका लागि कसरी गर्न सकिन्छ भन्ने कुराका बारेमा सामान्य अध्ययन पनि हुन सकेको छैन । जसले गर्दा उत्पादन भएका बहुमूल्य वन स्रोतहरू कच्चा पदार्थकै रूपमा बिक्री वितरण हुदै आएको छ । परिणाम स्वरूप स्थापना भई सफल रूपमा चल्न सक्ने कैयौं सम्भावित उद्योग वा उद्यमहरूका बारेमा अनविज्ञ हुनुपर्ने अवस्था देखिन्छ ।

**छ) सरोकारवालाहरूका बीच विश्वास तथा आवश्यक सहकार्यः** वन उद्यमलाई सफल बनाउन चाहिने नीतिगत तथा कानुनी वातावरणको अभाव भएको कुरा माथि नै चर्चा गरिसकिएको छ । उद्यम विकासका लागि अनुकूल नीतिको विकास नहुनुको प्रमुख कारण सरोकारवालाहरू बीचमा आपसी विश्वास नभएको कुरा अनुभव गरिएको छ । कोशी पहाडी जिल्लाहरूमा उद्यमी तथा सरकारी कर्मचारीहरूका बीच एक आपसमा विश्वास गर्नेभन्दा एकले अर्कोलाई अविश्वासको दृष्टिले हेर्ने गरेको देखिन्छ । जस्तै :– उद्यमीले सरकारी कर्मचारीहरू सामान्यतया उद्यम स्थापना, सञ्चालन तथा विकासका लागि सहयोग गर्नेभन्दा पनि दुःख दिने वा बाधा व्यवधान सिर्जना गर्ने पक्षको रूपमा देख्दछन् भने सरकारी कर्मचारीहरू उद्यमीहरूलाई स्रोतको विनाशक हुन् र यिनीहरूलाई कानुनी तथा व्यावहारिक रूपमा नियन्त्रण तथा नियमन गरिरहनु पर्दछ भन्ने मानसिकताबाट प्रेरित भएको देखिन्छ । यसैगरी एउटा उद्योग सफल रूपमा सञ्चालन हुनका लागि यसका विभिन्न कर्ताहरू, जस्तैः– उद्यमी, उत्पादक, श्रमिक, वित्तीय संस्था, व्यापारी, वन कर्मचारी आदिका बीच आपसी समन्वय, सहकार्य र साझेदारीताको आवश्यक पर्दछ । तर यी सरोकारवालाहरुका बीच आपसी सहकार्य तथा साझेदारीताको विकास हुन नसकेको स्पष्ट देखिन्छ । जसले गर्दा एकातिर सम्भावित उद्यमहरू स्थापना नै हुन सकेका छैनन् भने अर्कोतिर स्थापना भएका उद्यमहरू पनि सफल रूपमा सञ्चालनमा आउन सकेका छैनन् ।

**ज) उद्यम वा उद्योगको संरचना तथा नमुनाः** कोशी पहाडी जिल्लामा रहेका वन उद्यमी र सरोकारवालाहरूको बुझाइ तथा व्यवहार हेर्दा वन उद्यम भनेको के हो र यसको व्यवस्थापनको संरचना कस्तो हुनु पर्दछ भन्ने विषयमा निकै भिन्न मतहरू रहेका देखिन्छन् । केही सरोकारवालाहरू वन उद्यमहरू निजी रूपमा सञ्चालन भए मात्रै सफल हुने तर्क राख्दछन् भने केही सरोकारवालाहरू वन स्रोत सामूहिक भएको कारण वन उद्यम पनि सामूहिक नै हुनुपर्ने तर्क राख्दछन् । निजी हुनु पर्दछ भन्नेहरूको तर्क अनुसार उद्योग साझा भए सधैं विवाद मात्र भइरहने र फस्टाउन नसक्ने तर्क राख्दछन् भने सामुदायिक उद्यममा विश्वास गर्नेहरूको तर्क अनुसार उद्योग सामूहिक भयो भने मात्रै वन स्रोतको दिगो संरक्षण तथा स्रोतको न्यायोचित वितरण हुन्छ भन्ने तर्क राख्दछन् ।

कोशी पहाडी जिल्लाहरूमा केही उद्यमहरू निजी व्यक्तिले नै स्थापना गरी निजी रूपमा नै सञ्चालन गरेको देखिन्छ भने कैयौं उद्यमहरू समुदायले स्थापना गरी सञ्चालन गरिरहेको देखिएको छ । त्यसैगरी कैयौं उद्यमहरू निजी तथा समुदायको साझेदारीमा पनि सञ्चालन भएको देखिन्छ । सबै खालका उद्यमहरू केही सफल रूपमा सञ्चालित भइरहेका छन् भने कतिपय उद्यमहरू असफल पनि भएका छन् । जसले गर्दा कुन खालको नमुना र संरचनाको उद्यम सफल हुन्छ भन्ने विषयमा विभिन्न व्यक्तिहरूको फरक फरक बुझाइहरू विकास भएको र त्यही बुझाइहरूका आधारमा तर्क वितर्क गर्ने गरेको देखिएको छ । त्यसैले वन उद्यम कुन संरचना वा नमुनाको हुनुपर्छ भन्ने बारेमा प्रशस्त छलफल तथा बहसहरू हुनुपर्ने देखिन्छ ।

**झ) उद्योग, उद्यम र उद्यमशीलताः** वन स्रोतबाट स्थानीय रोजगारी सिर्जना गर्ने, स्थानीय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने तथा राष्ट्रिय अर्थतन्त्रमा पनि योगदान पुऱ्याउने भन्ने विषयमा सरोकारवालाहरू बीच रहेका विभिन्न सोच तथा बुझाइमा भिन्नता छ । एक थरिको सोचअनुसार वनको संरक्षण तथा व्यवस्थापन स्थानीय समुदायले गरेका हुन् र यसको फाइदा पनि स्थानीय समुदायले नै पाउनु पर्दछ । जुन कुराका लागि ठूलो उद्योग वा उद्यमको आवश्यकता जरुरी छैन, बरु ठूला उद्योगहरूले कालान्तरमा स्रोतको विनाश गर्दछन् भन्ने तर्कमा विश्वास गर्दछन् । तर अर्कोतिर वन स्रोतबाट आर्थिक विकास गर्नका लागि ठूल्ठूला उद्योगहरूको स्थापना तथा विकास गर्नु पर्दछ र यसको सुरुआत वन उद्यमहरूको वैधानिक दर्ताबाट गरिनु पर्ने तर्कमा विश्वास गरेको देखिन्छ । यसकारण, वन स्रोतमा आधारित उद्यमशीलताको मात्रै विकास गर्ने हो वा साना उद्यमहरू हुँदै ठूलो उद्योगतिर जाने हो भन्ने विषयमा पनि फरक फरक बुझाइहरू विकास भएको देखिन्छ ।

## ५. कोशी पहाडी जिल्लामा वन उद्यमका प्रमुख चुनौतीहरू

कोशी पहाडी जिल्लाको भौगोलिक तथा पर्यावरणीय अवस्था, भौतिक पूर्वाधार विकासको अवस्था, उपलब्ध वन स्रोतको अवस्था, स्थानीय समुदायको वन स्रोतसँगको निकटता तथा परनिर्भरता जस्ता कुराहरूको अवस्था हेर्दा वन उद्यम स्थानीय अर्थतन्त्रको विकास तथा रोजगारीको सिर्जनाका लागि एक भरपर्दो माध्यम भएको अनुमान

गर्न सकिन्छ । यद्यपि, वन उद्यमको विकास विद्यमान सामाजिक असमानता तथा राजनैतिक अस्थिरताको सन्दर्भमा त्यति सजिलो देखिदैन । यस सन्दर्भमा हेर्दा निम्न अनुसारका चुनौतीहरू रहेको देखिन्छ ।

**क) स्थापना भएका उद्यमहरूको निरन्तरताः** कोशी पहाडी जिल्लाहरूमा सयौंका सङ्ख्यामा वन स्रोतमा आधारित उद्यमहरू स्थापना भएका छन् । तर ती उद्यमहरूको निरन्तरता हुन सक्ने कुरामा थुप्रै आशङ्काहरू रहेको देखिन्छ । एकातिर वन स्रोतसँग सम्बन्धित विद्यमान नीतिगत प्रावधानहरूले उद्यमीहरूलाई उद्यम सञ्चालनमा निरुत्साहित बनाएको छ भने अर्कोतर्फ सरकारी कर्मचारीहरू, वन उपभोक्ताहरू र उद्यमीहरूका बीच अविश्वासको वातावरण सिर्जना हुँदै जाँदा वन उद्यमहरू सफल रूपमा सञ्चालन भइरहने छन् भन्ने कुरामा विश्वस्त हुने अवस्था छैन । जसले गर्दा वैधानिक रूपमा स्थापना भई सञ्चालन भएका धेरै उद्यमहरूले अनेकौं कानुनी झञ्झट तथा व्यवधानहरू भोगिरहनु परेको अवस्था छ भने अर्कोतिर स्थापना भएका धेरै उद्यमहरूले विभिन्न परियोजना तथा सहयोगी निकायहरूको सहयोगका आधारमा स्थापना तथा सञ्चालन भएका कारण ती उद्यमहरू परनिर्भर भइरहने वातावरण पनि विकास भएको देखिन्छ । यी विभिन्न कारणहरूले गर्दा वन उद्यमहरूको निरन्तरतामा चुनौती देखिन्छ ।

**ख) अर्थतन्त्रमा पुऱ्याइरहेको योगदानको एकीकृत तथ्याङ्कको विकासः** कोशी पहाडी जिल्लाहरूमा भएको वन स्रोत तथा वन उद्यमहरूले स्थानीय अर्थतन्त्र र स्थानीय रोजगारीको सिर्जना गर्ने काममा कुनै न कुनै रूपमा योगदान पुऱ्याइरहेका छन् । तर एकातिर स्थानीय रोजगारी तथा स्थानीय अर्थतन्त्रमा के कति योगदान पुऱ्याइरहेको छ भन्ने कुराको स्पष्ट तथा यकिन तथ्याङ्क छैन भने अर्कोतिर वन स्रोतले राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याएको योगदान विस्तारै घट्दै गएको कुरा राष्ट्रिय तथ्याङ्कहरूले देखाएको छ । यसको अर्थ कोशी पहाडी जिल्लाहरूले राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याइरहेको योगदान घट्दै नै गएको हो त भन्ने प्रश्न जन्माएको छ । यस कारण यस क्षेत्रमा भएको वन स्रोत तथा वन उद्यमहरूले स्थानीय रोजगारीको सिर्जना, स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याइरहेको योगदानलाई तथ्याङ्कगत हिसाबले पारदर्शी तथा गणनायोग्य कसरी बनाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण हो ।

**ग) स्थापना भएका उद्यमहरूको स्तरोन्नतिः** कोशी पहाडी जिल्लाहरूमा सयौंका सङ्ख्यामा वन उद्यमहरू स्थापना भई केही उद्यमहरू मात्र सञ्चालित छन् भने कैयौं उद्यमहरू विभिन्न कारणले बन्द भइसकेका छन् । सञ्चालन भइरहेका उद्यमहरू मध्ये पनि बहुसङ्ख्यक उद्यमहरू रोजगारी सिर्जना गर्ने, स्थानीय स्तरमा उपलब्ध वन स्रोतको सङ्कलन गर्ने र बिक्री वितरण गर्ने, केही सामान्य प्रशोधन गर्ने जस्ता कामहरूमा मात्र सीमित रहेको देखिन्छ । यी उद्यमहरू सफल उद्योगको रूपमा अहिलेसम्म विकास हुन सकेको देखिदैन । त्यसकारण, यस क्षेत्रमा रहेका सबै उद्यमहरू लघु उद्यमकै रूपमा रहिरहने हुन् कि केही उद्यमहरूचाहिँ सक्षम उद्योगको रूपमा पनि विकास हुँदै जाने हो भन्ने कुरा अहिले सबैको चासो तथा छलफलको विषय बन्नुपर्ने अवस्था आएको देखिन्छ । यसको अर्को अर्थ के पनि हुन सक्दछ भने यस क्षेत्रका वन उद्यमहरूको व्यवस्थापनको स्वरूप र लगानी तथा सञ्चालनको संरचनाहरूमा व्यापक छलफल गरी आवश्यकता अनुसारका नीतिगत र व्यावहारिक कदमहरू चाल्नुपर्ने देखिन्छ ।

**घ) सञ्चालित उद्यमहरूसँग सम्बन्धित कच्चा पदार्थको दिगो व्यवस्थापनः** वन उद्यम वा उद्योगको सफलताको महत्वपूर्ण पाटो भनेको आवश्यक कच्चा पदार्थको दिगो व्यवस्थापन हो, जसले गर्दा उक्त उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थको उपलब्धता दीर्घकालीन वा दिगो हुन सकोस् । यदि आवश्यक कच्चा पदार्थको उपलब्धतालाई दीर्घकालीन रूपमा सुनिश्चित गर्न सकिएन भने उद्यम वा उद्योगको निरन्तरता हुँदैन । कोशी पहाडी जिल्लामा सञ्चालित केही उद्यमहरू (जस्तै :– हाते कागज बनाउने उद्योग) को स्थापना तथा सङ्ख्या तिब्र रूपमा बढेको देखिन्छ । यसरी केही उद्यमहरूको सङ्ख्या बढ्दै जाँदा स्रोतको सङ्कलन तथा दोहन पनि तिब्र रूपमा नै हुने सम्भावना रहन्छ । यसैगरी यदि यस्ता लघु उद्यमहरू साँच्चै ठूलो उद्योगको रूपमा परिणत वा विकास हुँदै जाने हो भने यस्ता उद्योगहरूबाट कच्चा पदार्थको माग तथा खपत पनि सोही अनुपातमा बढ्दै जान्छ । यस्तो अवस्थामा वन उद्योग वा उद्यमहरूले आफूले प्रयोग गरेको वन स्रोतको दीर्घकालीन व्यवस्थापनका लागि आवश्यक नीति तथा अभ्यासको सुरुआत गर्दै स्रोतमा दीर्घकालीनताको सुनिश्चितता गर्नुपर्ने आवश्यकता खड्किएको देखिन्छ ।

**ङ) आपसी विश्वास, सहकार्य तथा साझेदारीको विकासः** वन उद्यम वा उद्योगको स्थापना तथा सञ्चालन अन्य उद्यम (जस्तैः– कृषि उद्योग) हरू भन्दा तुलनात्मक रूपमा केही जटिल उद्यमको रूपमा बुझ्ने गरिएको छ । यसको प्रमुख कारण वन क्षेत्रको जटिल नीति तथा सरकारी कर्मचारी तथा उपभोक्ता/व्यापारी/उद्यमीहरू बीचको अविश्वासको वातावरण हो (Kunwar et al. 2009) । तर अर्को पाटोबाट हेर्दा कोशी पहाडी जिल्लाहरूमा तुलनात्मक रूपमा वन उद्यमहरूको सङ्ख्या बढ्दै जानु र वनजन्य उत्पादनबाट स्थानीय स्तरमा थुप्रै आय आर्जन वा आम्दानी भइरहेका उदाहरणहरूले जटिल भनी बुझ्ने गरिएका विद्यमान वन नीति तथा कर्ताहरूका बीच चर्चा गर्ने गरिएको अविश्वासको वातावरणलाई चुनौती दिएको देखिन्छ । यस्तो अवस्थामा उद्यमीहरू तथा सरोकारवालाहरूले वन उद्यमसँग सम्बन्धित नीतिगत प्रावधानहरूको परिमार्जन गर्ने काममा पहल गर्ने, सरोकारवालाहरूका बीचमा पूर्ण विश्वासको वातावरण सिर्जना गर्ने, आवश्यक क्षेत्र तथा विषयहरूमा विभिन्न सरोकारवालाहरू (जस्तै :– स्थानीय कृषक, उत्पादक, उद्यमी, व्यापारी, लगानीकर्ता, वित्तीय संस्था, सेवा प्रदायक संस्था आदि) बीच विश्वास, सहकार्य तथा साझेदारीको विकास गर्नु नितान्त आवश्यक छ ।

## ६. कोशी पहाडी जिल्लामा वन उद्यमका सम्भावनाहरू

यस क्षेत्रमा रहेको वन स्रोतको अवस्था, स्थापना भएका वन उद्यमहरूको सङ्ख्या तथा आंशिक रूपमा सफल भएको अवस्था, उत्पादन तथा सङ्कलन भएका वन स्रोतहरूको बजारीकरणको अवस्था तथा भौतिक पूर्वाधारहरूको अवस्थाहरूका आधारमा कोशी पहाडी जिल्लाहरूमा वन उद्यम विकासको राम्रो सम्भावना रहेको छ भन्न सकिन्छ । यी आधार अनुसार देखिएका केही मुख्य सम्भावनाहरूको चर्चा तल गरिएको छ ।

**क) वन स्रोतहरूको विविधता र उपलब्धता हुनुः** कोशी पहाडी जिल्लाहरूको भौगोलिक अवस्थिती तथा पर्यावरणीय विविधताका कारणले गर्दा वन स्रोत उपलब्धतामा सम्पन्न देखिन्छ । काठ उत्पादनका हिसाबले (उत्तिस बाहेक) सामान्य अवस्था रहे पनि केही गैरकाष्ठ वन पैदावार (खासगरी लोक्ता, अर्घेली, लौठ सल्ला आदि) तथा जडीबुटीहरूको उत्पादनका हिसाबले यो क्षेत्र निकै सम्भावना भएको क्षेत्रको रूपमा लिइन्छ । यी र यस्ता स्रोतहरूको पहिचान गरी सम्भावित स्रोतहरूमा आधारित सफल वन उद्यमहरूको विकास गर्न सकिने प्रवल सम्भावना छ ।

**ख) धेरै सङ्ख्यामा उद्यमहरू स्थापना हुनुः** कोशी पहाडी जिल्लाहरूमा कूल ३३७५ वटा घरेलु तथा साना उद्योगहरू दर्ता भइसकेका छन् भने ती मध्ये २२३३ वटा उद्यमहरू आर्थिक वर्ष २०७० मा नवीकरण भएका छन् (उद्योग मन्त्रालय २०७०) । यस तथ्याङ्कको आधारमा के भन्न सकिन्छ भने कोशी पहाडी क्षेत्रमा उद्यम तथा उद्यमीहरूको कुनै अभाव छैन । यसरी वन स्रोतसँग सम्बन्धित उद्यमीहरूको सङ्ख्या धेरै हुनुले यस क्षेत्रमा वन उद्यम विकासको प्रचुर सम्भावना भएको अनुमान गर्न सकिन्छ ।

**ग) विकासका पूर्वाधारहरूको अवस्था विस्तार हुँदै जानुः** कुनै पनि ठाउँमा उद्योगको स्थापना तथा सञ्चालनका लागि केही पूर्वाधारको जरुरी पर्दछ । कोशी पहाडी जिल्लाहरूमा उद्योग स्थापना तथा सञ्चालनका लागि आवश्यक पूर्वाधारहरू (जस्तैः– यातायात, सञ्चार, विद्युत आदि) को क्रमिक रूपमा विकास र विस्तार हुँदै गएको देखिन्छ । जस्तै :– कोशी पहाडी जिल्लाका सबै सदरमुकामहरू मोटर बाटोले जोडी सकिएको छ भने बहुसङ्ख्यक गाविसहरूमा अहिले बाटोको ट्र्याकहरू खन्ने काम पनि तिब्र रूपमा बढ्दै गएको छ । यी पूर्वाधारहरूको विकासले यस क्षेत्रमा उद्यमहरूको स्थापना तथा स्थापना भइसकेका उद्यमहरूलाई आफ्नो उत्पादनको व्यापार तथा बजारीकरण गर्नका लागि सहज बनाएको छ ।

**घ) उपलब्ध वन स्रोतहरूको व्यापार तथा बजारीकरणको अवस्था राम्रो हुनुः** कोशी पहाडी जिल्लाहरूमा उपलब्ध केही वन स्रोतहरू (जस्तै :– चिराइतो, तेजपात, सतुवा, अम्रिसो, अल्लो, रुद्राक्ष, हाते कागज आदि) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारहरूमा बिक्री वितरण हुँदै आएको छ । यस क्षेत्रमा पाइने केही वन स्रोतहरू चीन, भारत, युरोपियन देशहरू, अमेरिका जस्ता ठूला देशहरूमा बिक्री वितरण हुँदै आएको देखिन्छ । जस्तै :– चिराइतो, सतुवा, रुद्राक्ष जस्ता वन स्रोतहरू अत्यधिक रूपमा चीन तथा भारतका बजारहरूमा बिक्री वितरण हुँदै आएको छ भने लोक्ताको हाते कागज तथा अल्लोको कपडाहरू युरोप, अमेरिका तथा जापान जस्ता देशहरूमा बिक्री वितरण हुँदै आएको देखिन्छ । त्यसैगरी यसरी बिक्री वितरण हुँदै आएका धेरैजसो वन स्रोतहरू स्थानीयदेखि अन्तर्राष्ट्रिय बजारहरूमा अत्यधिक मात्रामा खपत तथा माग हुँदै आएको छ । यसरी उत्पादन हुने वस्तुहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारहरूमा सहजै रूपमा बिक्री वितरण

हुँदै आउनु र धेरै मात्रामा खपत हुनु तथा माग भइरहेको अवस्थाले यस क्षेत्रमा वन उद्यमको प्रवल सम्भावनालाई सङ्केत गर्दछ ।

**ङ) स्थानीय समुदायहरूले वन स्रोतको उपयोगबाट ठूलो आर्थिक अपेक्षा राख्नु:** नेपालमा समुदायमा आधारित वन व्यवस्थापनले वन स्रोतको संरक्षणलाई सफल बनायो तर यसले अपेक्षा गरे अनुसारको आर्थिक योगदान (स्थानीय तथा राष्ट्रिय दुबै स्तरमा) पुऱ्याउन सकेको छैन । वन स्रोतको सफल संरक्षणमा योगदान पुऱ्याउने स्थानीय समुदायहरू आफूले पुऱ्याएको योगदानको मूल्य व्यक्तिगत तथा घरधुरी स्तरमा कसरी पाउने भन्ने उपायको खोजी गर्न थालेका छन् । उक्त कुरा सामान्यतया वन स्रोतको बिक्री वितरणबाट मात्रै सम्भव देखिन्छ । स्थानीय समुदायहरूमा भएको यस्तो चाहनाले अब कोशी पहाडी जिल्लाहरूमा उपलब्ध वन स्रोतको संरक्षण र व्यवस्थापनसँगै उद्योग, उद्यमहरू तथा उद्यमशीलताको विकास गर्नुपर्ने देखिन थालेको छ । स्थानीय स्तरमा भएको यस्तो वातावरणले वन उद्यमको सम्भावना तथा आवश्यकतालाई स्पष्ट रूपमा सङ्केत गरेको देखिन्छ ।

**च) वन उद्यम राज्य तथा सबै सरोकारवालाहरूको प्राथमिकताको विषय बन्दै जानु:** नेपालमा वन स्रोतको संरक्षण सफल भए पनि यसले देशको अर्थतन्त्रमा पुऱ्याउनु पर्ने योगदान अपेक्षा गरे अनुसार नभएको सन्दर्भमा वन उद्यमको स्थापना तथा सञ्चालन वनसँग सम्बन्धित सबैको चासो तथा सरोकारको विषय बन्दै गएको देखिन्छ । वन स्रोतको माध्यमबाट रोजगारीको सिर्जना गर्ने र स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याउने योगदानको मात्रालाई बढाउनु पर्ने विषय अहिले सबैको प्राथमिकतामा पर्न थालेको छ । जुन कुराले वन उद्यमको स्थापना तथा विकासको आवश्यकता महसुस गर्ने काम मात्रै नभएर आवश्यकता अनुसार सहयोग गर्ने तथा सहजीकरण गर्ने काममा पनि सबैको भूमिका तथा कर्तव्यका रूपमा विकास हुँदै जाने सम्भावना देखिन्छ । यस्तो वातावरणले कोशी पहाडी क्षेत्रमा पनि वन उद्यमको विकास गर्ने कामलाई प्रत्यक्ष रूपमा प्रोत्साहन गर्ने कुराको अनुमान गर्न सकिन्छ ।

## ७. निष्कर्ष

ग्रामीण समाजको परिवर्तनको मूल आधार भनेको स्थानीय अर्थतन्त्रको विकास नै हो । अर्थतन्त्रको विकास अन्तर्गत सामान्यतया बेरोजगार व्यक्तिहरूका लागि रोजगारीको सिर्जना गर्ने र व्यक्ति वा घरधुरीहरूको आय आर्जनको वृद्धि गर्ने काम पर्दछन् । उद्यमशीलताको विकास गर्दै सफल उद्योग तथा उद्योगीहरूको उत्पादन गर्न सकिएमा अवश्य नै अर्थतन्त्रको विकास हुन्छ । वन स्रोतमा आश्रित गरिब तथा विपन्न समुदायको परिवर्तन वा विकासका लागि वन स्रोतमा आधारित उद्यमीहरूको विकास तथा उद्योगहरूको स्थापना यसअर्थमा अपरिहार्य देखिन्छ । र नेपालमा हाल उक्त कुराको महसुस वन स्रोतसँग सम्बन्धित सबै सरोकारवालाहरूको साझा विषय बनिसकेको छ ।

कोशी पहाडी जिल्लामा रहेको वन स्रोत तथा वन उद्यमहरूको अवस्था हेर्दा यो क्षेत्र वन उद्यमका माध्यमबाट स्थानीय रोजगारी सिर्जना गर्ने र स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउनको लागि निकै सम्भावित क्षेत्र भएको देखिन्छ। तर अहिलेसम्म स्थापना भएका वन उद्यमहरूको अनुभवहरू, ती उद्यमहरूको अवस्था तथा सरोकारवालाहरूको फरक फरक बुझाइहरूलाई हेर्दा यी उद्यमहरूको दिगो विकासमा तीन प्रकारका चुनौतीहरू रहेको देखिन्छ : (१) उपलब्ध वन स्रोतको दिगो व्यवस्थापनको सुनिश्चित गर्दै उद्योगहरूमा आधुनिक प्रविधिहरूको विकास तथा प्रयोग गर्नु, (२) उत्पादित वस्तुहरूको गुणस्तरको सुनिश्चितता गर्दै परिमाणात्मक तथा प्रतिस्पर्धात्मक वस्तुहरूको उत्पादन गर्नु, र (३) यी सबै कुराहरूका लागि सम्पूर्ण सरोकारवालाका बीच एक आपसमा विश्वासको वातावरण सिर्जना गर्ने र आवश्यकता अनुसार सहकार्य तथा साझेदारी अभ्यासको विकास गर्नु ।

बहुसरोकारवाला वन कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा गरिएको अवलोकन, छलफल तथा अन्तरक्रियाले कोशी पहाडी जिल्लाहरूमा भएका विभिन्न आकार, प्रकार तथा स्वरूपहरूमा रहेका उद्यमहरूको बाह्य तथा केही आन्तरिक अवस्थाहरू बुझ्ने अवसर मिलेको छ । उक्त विधि तथा प्रक्रियामा भएको बुझाइलाई समग्र रूपमा भन्नुपर्दा हालसम्म स्थापना भएका उद्यमहरूले तीन वटा परिणामहरू सिर्जना गरेको देखिन्छ : (१) वन उद्यमहरूले केही आर्थिक विकास तथा रोजगारीको सिर्जना गर्न सफल भए पनि अझै ती उद्यमहरूले वास्तविक गरिब तथा विपन्नहरूलाई गर्नुपर्ने तथा गर्न सक्ने लाभ वा फाइदा पुऱ्याउन सकेका छैनन्, (२) वन उद्यम भनेको के हो र कस्तो हुनु पर्दछ भन्ने विषयमा विभिन्न खालका सोच तथा विचारहरू जन्माउन थालेको छ, जसले गर्दा

विभिन्न सरोकारवाला निकायहरूका बीच एक आपसमा संवादहरूको पनि विकास हुन थालेको छ, र (३) वन उद्यमहरूले कोशी पहाडी जिल्लाहरूमा समान चाहना वा उद्देश्य भएका व्यक्तिहरूको सामाजिक सञ्जाल तथा समूहहरूको निर्माण र वित्तीय संस्था, व्यापारी, व्यवसायी, उद्योगी र लगानीकर्ताहरूका बीच सम्वन्ध तथा सहकार्यको विकास भएको छ, जसले गर्दा थुप्रै व्यक्तिहरूले आफ्नो सामाजिक नेतृत्व तथा क्षमताको विकास पनि गरेका छन् ।

माथि चर्चा गरिएका कुराहरूका आधारमा कोशी पहाडी जिल्लाका वन उद्यमहरूको बृहत्तर हितका लागि वन स्रोतसँग सम्बन्धित सम्पूर्ण सराकोरवालाहरूले निरन्तर रूपमा बहस, छलफल, अन्तरक्रिया, संवादहरू गरी साझा मूल्य मान्यता र अभ्यासको विकास गर्नुपर्ने देखिन्छ । जसले गर्दा एकातिर सबै सरोकारवालाहरूले वन उद्यमको आवश्यकतालाई महसुस गर्दै जान्छन् भने अर्कोतिर उनीहरूले आ-आफ्नो भूमिका तथा उत्तरदायित्वको बोध गर्दछन् । यसका साथै सहयोग गर्ने निकाय तथा संस्थाहरूले पनि उद्यमीहरूका यी सम्पूर्ण प्रक्रियाहरूमा सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता देखिन्छ ।

## सन्दर्भ सामग्रीहरू


**DVN and NORMS.** 2013. District Baseline DevelopmentReportShankhuwasabha,Bhojpur and Tehrathum Districts. Multi Stakeholder Foresttry Program (MSFP), Kathamndu.

**HMG/NPC.** 1985. The Seventh Plan (1985-1990) (English Summary). Kathmandu.

**Kunwar, S., Ansari A. S., and Luintel, H.** 2009. Non-Timber Forest Products Enterprise Development: Regulatory Challenges in Koshi Hill of Nepal. Journal of Forest and Livelihood, pp. 39-50.

**MoFSC.** 2013. Persistence and Change: Review of 30 years of community forestry in Nepal. Ministry of Forest and Soil Conservation, Government of Nepal, Kathmandu.

**Paudel, D.** 2012. In Search of Alternatives: Pro-Poor Entrepreneurship in Community Forestry. The Journal of Development Studies, 48:11, 1649-1664.

**RRN/FA.** 2014. Annual and Quaterly Progress Report for MSFP Lot 1. Rural Reconstruction Nepal (RRN) and ForestAction Nepal (FA), Kathmandu.

**उद्योग मन्त्रालय** । २०७० । औद्योगिक प्रवर्द्धन तथ्याङ्क । घरेलु तथा साना उद्योग विभाग । नेपाल सरकार, काठमाडौं ।

**उद्योग मन्त्रालय** । २०७१ । नेपाल राजपत्र, खण्ड ६४, सङ्ख्या २०, भाग ५, मिति २०७१ असोज ६ गते । नेपाल सरकार.

# नेपालमा वन स्रोतमा आधारित उद्यमको विकासः
## *अवसर र सम्भावनाहरू*

✍ **घनश्याम पाण्डे**[1]

### १. पृष्ठभूमि

"हरियो वन नेपालको धन" भन्ने उखान र नारा अहिले पनि आम नेपालीको मानसपटलमा रहिरहेको छ। तर आजभोलि एउटा ठूलो प्रश्न हाम्रो सामु उठ्न थालेको छ। त्यो प्रश्न भनेको नेपालको वन स्रोतले कति नेपालीलाई रोजगारी प्रदान गरेको छ र राष्ट्रिय अर्थतन्त्रमा कति योगदान पुऱ्याएको छ। उक्त प्रश्नको यकिन उत्तर न त नेपाल सरकारसँग छ, न त वन क्षेत्रमा काम गर्ने अन्य निकायहरूसँग नै छ। जसले गर्दा वन क्षेत्रमा क्रियाशील व्यवसायी, निजी क्षेत्र, समुदाय, दातृ संस्था, सहयोगी परियोजना र अनुसन्धानकर्ताहरूको काम, भूमिका तथा योगदानका विषयमा औँला उठाउने ठाउँहरू बन्दै गएको छ।

तर यसको अर्थ नेपालको वन स्रोतले रोजगारी र आर्थिक विकासमा योगदान नै गर्न नसकेको भने पटक्कै होइन, सोचे अनुसारको योगदानमात्रै गर्न नसकेको हो। किनभने नेपालको वन स्रोतले प्रत्यक्ष योगदान दिन नसकेको भएतापनि ग्रामीण क्षेत्रमा बसोवास गर्ने जनताको जीविकोर्पाजन धान्न र पशुपालन व्यवसाय सञ्चालन गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। ग्रामीण र दुर्गम क्षेत्रमा बसोबास गर्ने जनताको खाद्यान्नको एउटा महत्त्वपूर्ण आधार वन क्षेत्र नै हो। विशेष गरी विपन्न घरधुरीहरूले खानको लागि जङ्गलमा पाइने वनतरुल, गिट्ठा, निगुरो आदि जस्ता विभिन्न कन्दमूलहरू सङ्कलन गरी खाने गरेको पाइन्छ। त्यसैले गरिब विपन्न समुदायको जीविकोपार्जनको एक प्रमुख आधार भनेको नेपालको वन स्रोत नै हो।

नेपालमा खाना पकाउने उर्जाको अर्को महत्वपूर्ण स्रोत भनेको नेपालको वन स्रोत नै हो। ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनता मात्र होइन, सहर बजारका नजिकमा बसोबास गर्ने धेरै गरिब तथा घरपरिवारहरूले आफ्नो परिवारलाई चाहिने दाउरा वरिपरि रहेको वन क्षेत्रबाट नै प्राप्त गर्दछन्। यतिमात्र हैन, नेपालका सुरक्षा निकायहरू जस्तैः– नेपाली सेना, नेपाल प्रहरी, र सशस्त्र प्रहरीबलका भोजनालयहरूमा धेरैजसो काठ दाउराबाट नै खाना तयार गर्ने गरेको पाइन्छ। उनीहरूलाई चाहिने दाउराको स्रोत पनि वरिपरि रहेको वनक्षेत्र नै हो। यसको अर्थ नेपालको वन स्रोत बहुसङ्ख्यक नेपालीहरूको उर्जाको एउटा महत्त्वपूर्ण स्रोत हो। अर्को महत्त्वपूर्ण कुरा भनेको यी वनक्षेत्रहरू नवीकरणीय उर्जाका प्रमुख स्रोत पनि हुन्।

नेपालमा परम्परागत पशुपालनकै बाहुल्यता छ। यी परम्परागत पशुपालनको एक प्रमुख आधार भनेको वनक्षेत्र नै हो। पशुपालनका लागि चाहिने प्रमुख घाँसपातहरू वनक्षेत्रभित्र नै पाइन्छ। यही वनको घाँस, झारपात र पशुपालनको सम्मिश्रणबाट नेपालका बहुसङ्ख्यक कृषकहरूले परम्परागत प्राङ्गारिक मलको उत्पादन गर्दै आएका छन्। यसरी प्राङ्गारिक मलको प्रयोग गरी तयार गरिएका फलफूल, तरकारी र अन्नबालीले मानिसको स्वास्थ्यमा प्रतिकूल असर नपार्ने भएकोले आजभोलि जैविक मल (प्राङ्गारिक मल) को प्रयोग गरी उत्पादन गरेको जैविक उत्पादनको माग बढ्दो छ। त्यसैले नेपालको वन स्रोतले देशको कृषि र पशुपालनमा पुऱ्याएको योगदानको उचित मूल्याङ्कन हुनुपर्ने आवश्यकता छ।

नेपालका अधिकांश ग्रामीण तथा दुर्गमक्षेत्रहरूमा आधुनिक स्वास्थ्य उपचारका सेवा तथा सुविधाहरूको विस्तार हुन सकेको छैन। जसले गर्दा एकातिर गरिब विपन्न समुदायले आधुनिक स्वास्थ्यको सेवा सुविधाहरूबाट वञ्चित हुनु परेको छ भने केही आम्दानी भएका तथा खर्च गर्न सक्ने व्यक्ति तथा घर परिवारहरूले स्वास्थ्य उपचार लिनका लागि सहर तथा बजारी क्षेत्रहरूमा चर्को मूल्य तिरेर भए पनि जानुको विकल्प छैन। यस्तो अवस्थामा ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनता र गरिब विपन्न समुदायले स्वास्थ्य उपचारका लागि पनि आफ्नो वरिपरि रहेका वन जङ्गलमा पाइने जडीबुटीको प्रयोग गरी आयुर्बेदिक औषधीमा नै भरपर्दै आएको पाइन्छ। यसकारण नेपालको तराईदेखि हिमालसम्मको भू-भाग र जङ्गलमा रहेका बहुमूल्य जडीबुटीहरू ग्रामीण समाजको

[1] लेखक सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालका पूर्व अध्यक्ष तथा ग्रिन फाउन्डेसन नेपालका अध्यक्ष हुन्।

स्वास्थ्य उपचारको आधार पनि बन्दै आएको कुरा नौलो विषय होइन ।

नेपालको वन जङ्गल जैविक विविधताको दृष्टिले सम्पन्न रहेको छ । संसारका दुर्लभ अवस्थामा रहेका अनेकौं जीवजन्तु, जनावर, चरा चुरुङ्गी तथा पन्छीहरू, पुतली र बोटबिरुवाहरू नेपालमा पाइन्छन् । आज यिनै जैविक विविधतालाई आधार बनाएर विश्वभरि प्राकृतिक पर्यटन अर्थात् पर्यापर्यटनको विकास भइरहेको छ । तर नेपालमा यी जैविक विविधता र प्राकृतिक सुन्दरताबाट गर्न सकिने पर्यटनको विकास हुन सकेको छैन । अर्को कुरा पर्य-पर्यटनबाट भइरहेका केही आम्दानीहरू पनि यी स्रोतका वरिपरि बसोवास गर्ने स्थानीय समुदाय र गरिब विपन्नहरूले प्रत्यक्ष लाभ पाउन सकिरहेका छैनन् भन्ने गुनासो छ । यसको अर्थ नेपालको हरियो वन जङ्गलले नेपालमा पर्य-पर्यटनको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्ने कुरा महत्वपूर्ण छ ।

यसैगरी नेपालको पूर्वाधार विकासमा हरियो वन जङ्गलको महत्वपूर्ण योगदान रहिआएको छ । नेपालको ग्रामीण र दुर्गम क्षेत्रमा निर्माण हुने आवास, घर, भवन, पुलपुलेसाहरूमा वरिपरि रहेका वन जङ्गलको काठ नै प्रयोग भएको पाइन्छ । अझ महत्त्वपूर्ण कुरा त ग्रामीण समुदायका गरिब विपन्न परिवारको घर तथा गोठहरूको निर्माण वन जङ्गलमा उपलब्ध हुने काठको प्रयोग गरिएको हुन्छ । नेपालमा साल तथा सिसौं जस्ता कतिपय प्रजातिका काठहरूको लामो आयुका बारेमा सय वर्ष खडा सय वर्ष पडा भन्ने उखान नै बनेको पाइन्छ । यसको अर्थ नेपालका वनक्षेत्रहरूमा पाइने केही प्रजातिका रूखहरू एक सय वर्षसम्म बाँच्छन् र रूख काटेपछि थप अर्को एक सय वर्षसम्म राम्रोसँग काम गर्छ भन्ने हो । यस्ता प्रजातिका रूखहरूले एकातर्फ वातावरणीय सन्तुलनमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेका छन् भने अर्कोतिर यी प्रजातिका रूखका काठहरू धेरै लामो समयसम्म प्रयोग गर्न सकिने हुँदा रूख फँडानी कम गर्न सकिने सम्भावना पनि देखिन्छ । अर्को कुरा यस्ता प्रजातिका काठको प्रयोगले औद्योगिक उत्पादनलाई प्रतिस्थापन गर्दछ । त्यसैगरी नेपालको वन जङ्गलको काठ दाउरा प्रयोग गर्दा स्वदेशी उत्पादन प्रयोग हुन्छ र विदेशमा हुने पुँजी पलायनलाई पनि रोक्दछ । त्यसैले नेपालको वन स्रोतले नेपालको पूर्वाधार विकासका लागि कच्चा पदार्थको आपूर्ति गर्दछ ।

यसरी नेपालको वन स्रोतले कृषि, उर्जा, पशुपालन, स्वास्थ्य उपचार, पर्य-पर्यटन र पूर्वाधार विकासमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा थुप्रै योगदानहरू पुऱ्याइरहेको छ । तर माथि चर्चा गरिएका कुराहरू नेपालको वन स्रोतले पुऱ्याउन सक्ने सम्भावित योगदानको केही अंश मात्र हो । यसकारण, नेपालको वन स्रोतबाट वन उद्यमको विकास गर्न सकिएमा लाखौंलाख हरित रोजगारी सिर्जना भई वन क्षेत्रको आर्थिक योगदान बढ्ने पक्का छ । तर यसरी वन उद्यमको स्थापना तथा सञ्चालनसँगै वन स्रोतको दिगो व्यवस्थापनको सुनिश्चितता गर्ने कुरा चुनौतीपूर्ण छ । यसो गर्न सकिएमा हरियो वन हरियो नै रहन्छ, हरित उद्यमबाट हरित रोजगारी वृद्धि भई जनताले आफ्नो आय आर्जन गर्न थाल्दछन् । यसबाट देश, जनता र वनको समृद्धि प्राप्त हुन्छ ।

## २. नेपालमा वन उद्यम विकासका सम्भावित अवसरहरू

नेपालमा करिब सत्ताइस लाख हेक्टर कृषियोग्य जमीन छ । यसको ठिक दोब्बर पचपन्न लाख हेक्टर वन क्षेत्र छ । सत्ताइस लाख हेक्टर कृषियोग्य जमिनले नेपालका असी प्रतिशत जनतालाई खान, लाउन र काम गर्नका लागि अवसर प्रदान गरेको छ । नेपालको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । तर कृषि क्षेत्रभन्दा दोब्बर क्षेत्रफल भएको वन क्षेत्रले नेपाली जनता र नेपालको आर्थिक विकासमा पुऱ्याएको योगदानको मात्रा धेरै कम छ । यसको अर्थ नेपाल र नेपाली जनताको आर्थिक समृद्धिमा वन क्षेत्रले उल्लेख्य मात्रामा योगदान पुऱ्याउन सकिरहेको छैन । यसो हुनुको प्रमुख कारण नेपालको वनको दिगो व्यवस्थापन नहुनु नै हो । नेपालको वन स्रोतको उचित व्यवस्थापन नहुँदा वन स्रोतको गुणस्तर बिग्रदो अवस्थामा छ भने वनको चोरी निकासीमा वृद्धि भई वन क्षेत्र भ्रष्टाचारको अखडा बन्न पुगेको छ । यी कारणहरूले नेपालमा वन स्रोतमा आधारित वन उद्यमहरूको विकास हुन सकिरहेको छैन । त्यसैले यसतर्फ सरकार, समुदाय, निजी क्षेत्र र सबै सरोकारवालाहरूले गम्भीर भएर सोच्नुपर्ने बेला भइसकेको छ ।

नेपाली समाजमा प्रचलित एक उखान छ "लङ्कामा सुन छ, कान मेरा बुच्चै" । उक्त उखानलाई नेपालको वन स्रोतसँग जोडेर हेर्दा यसको अर्थ देशमा वन त हरियो छ तर नेपाली जनता र राष्ट्रले खासै केही प्राप्त गर्न

सकिरहेको छैनन् भन्ने हुन्छ । त्यसैले नेपालको वनलाई दिगो व्यवस्थापन गरी हरियो धनबाट उत्पादकत्व बढाउन लाग्नुपर्ने बेला भएको छ । यसको अर्को अर्थ भनेको नेपालको वन स्रोतलाई हरियो धनयन्त्रमा बदल्नु पर्दछ । नेपाली जनताको धनयन्त्रका रूपमा नेपालको वन प्रयोग भयो भने मात्र सधैंका लागि हरियो वन नेपालको धन भइरहन्छ । होइन भने हरियो वन तस्करको धन हुन्छ र वन स्रोत विनाश भएर सकिन्छ ।

नेपालको वन स्रोतलाई धनयन्त्र बनाउने एउटै अचुक उपाय भनेको दिगो वन व्यवस्थापनमा आधारित हरित वन उद्यमहरूको स्थापना र सञ्चालन हो । नेपालको वन व्यवस्थापन र वन विकाससम्बन्धी परम्परागत अवधारणामा आमूल परिवर्तन ल्याउन जरुरी छ । नेपालको आर्थिक, सामाजिक र वातावरणीय विकासका लागि दिगो वन व्यवस्थापन र वनमा आधारित उद्यम व्यवसाय सञ्चालन वर्तमानको अनिवार्य आवश्यकता हो । त्यसैले वनलाई धनयन्त्र बनाउनका लागि यससम्बन्धी व्यापक छलफल, बहस, अध्ययन, अनुसन्धान र प्रचारप्रसार हुन आवश्यक छ ।

नेपालमा दिगो वन व्यवस्थापनमा आधारित के कस्ता वन उद्यमहरू सञ्चालन गर्न सकिन्छ भन्ने विषयमा थुप्रै छलफल, अन्तरक्रिया तथा बहसहरू भइसकेका छन् । यद्यपि, सोचेअनुसारका उद्यमहरूको न स्थापना नै हुन सकेको छ न त स्थापना भएका उद्यमहरू सफल नै भएका छन् । किन भएन वा हुन सकेन भन्ने विषयमा यस लेखमा चर्चा गर्न नसकिए पनि नेपालको वनक्षेत्रबाट के कस्ता उद्यमहरूको स्थापना तथा विकासका सम्भावनाहरू छन् भन्ने कुराका बारेमा यस लेखमा चर्चा गरिएको छ ।

वन उद्यमहरू सञ्चालन गरेर लाखौंलाख वन उद्यममा आधारित रोजगारीहरू सिर्जना गर्न सकिन्छ । तर यसका लागि वन क्षेत्रको दिगो व्यवस्थापन गर्नु जरुरी हुन्छ । वनको दिगो व्यवस्थापन गर्दा वनमा आधारित उद्योग तथा कलकारखानालाई कच्चा पदार्थ उपलब्ध हुने मात्र होइन, नेपालको वन स्रोतको गुणस्तर र हैसियतमा समेत सुधार भई वनको दिगो संरक्षण हुन जान्छ । वनलाई धनयन्त्र बनाउनका लागि सम्भावित हरित उद्यमहरूको चर्चा तल गरिएको छ ।

### क) काठ उद्यम

नेपालको वन जङ्गलमा दुई प्रकारका काठ (नरम र कडा) उत्पादन गर्न सकिन्छ । नरम काठको प्रयोग विशेष गरी सजावटका सामग्रीहरू, फर्निचर, प्लाइउड आदि बनाउन प्रयोग गरिन्छ भने कडा काठको प्रयोग विशेषगरी बलियो प्रकारको पूर्वाधार निर्माणमा प्रयोग गरिन्छ । जस्तो कडा काठको प्रयोग पुलपुलेसा र भवनहरू बनाउने काममा प्रयोग गरिन्छ । त्यसैगरी कतिपय अवस्थामा काठको उत्पादन गर्दा दाउरा अतिरिक्त उत्पादनका रूपमा आउँछ ।

नेपालको वन जङ्गलमा कति मात्रामा काठ उत्पादन गर्न सकिन्छ भन्ने कुराको यकिन तथ्याङ्क छैन । तर नेपालको वन जङ्गललाई सामान्य रूपमा मात्रै व्यवस्थापन गर्न सकिएको खण्डमा पनि करिब पन्ध्र करोडभन्दा बढी क्युबिक फिट काठ वर्षेनी उत्पादन गर्न सकिने अनुमान गरिएको छ । दिगो वन व्यवस्थापनका सिद्धान्तमा आधारित भएर सक्रिय वन व्यवस्थापन गर्ने हो भने धेरै परिमाणमा काठको उत्पादन गर्न सकिन्छ । अहिलेको राष्ट्रिय वनबाट यो सम्भावना छ भने निजी वनको विकास गरेर थप काठ उत्पादन गर्न सकिन्छ ।

एक सामान्य अध्ययन अनुसार नेपालमा अहिले वर्षेनी दश करोड क्युबिक फिट काठको माग छ । तर अहिले सामुदायिक वन, सरकारी वन र निजी वनहरू समेतबाट करिब दुई करोड क्युबिक फिटभन्दा कम मात्र काठ नेपाली बजारमा आउने गरेको छ । यो परिमाण सम्भावित काठ उत्पादनको ज्यादै न्यून मात्रा हो । नेपाली बजारमा माग बमोजिमको काठ दाउराको आपूर्ति नेपालको वन क्षेत्रबाट सम्भावना हुँदाहुँदै पनि हुन सकिरहेको छैन । एकातिर नेपालको वन जङ्गलमा काठ दाउराहरू जलेर तथा कुहिएर नष्ट भइरहेका छन् भने अर्कोतर्फ नेपालमा काठको आपूर्ति मलेसिया, बर्मा, चाइना, न्युजिल्यान्ड जस्ता देशहरूबाट हुँदै आएको छ, जसले गर्दा अरबौंरूपैंया नेपाली मुद्रा विदेशिने गरेको छ । यसकारण, बजारमा काठको आपूर्ति सहज नहुँदा एकातिर काठको बजार भाउ महङ्गीएकोले उपभोक्ताले चर्को मूल्य तिर्न बाध्य भएका छन भने अर्कोतर्फ कतिपय अवस्थामा काठको सट्टामा फलाम, स्टिल, टिन, सिमेन्टेड सामान जस्ता वातावरण प्रदूषण गर्ने उद्योगका उत्पादन प्रयोग गर्न बाध्य हुनु परेको छ ।

विदेशबाट काठ मात्र होइन काठजन्य सामग्रीको पनि व्यापक रूपमा आयात हुने गरेको छ । तयारी सामग्री आयात हुँदा एकातर्फ रोजगारी विस्थापन भएको छ भने अर्कोतर्फ नेपाली पुँजी विदेशीएको छ । नेपालमा

काठ र काठजन्य सामग्रीको आयात हुँदा अरबौं (करिब २०-२५ अर्ब नेपाली रूपैंया बराबर) को पुँजी विदेश पलायन भएको अनुमान छ । यसले नेपालको व्यापार घाटा बढाएको छ । त्यसैले नेपालको वन जङ्गलको दिगो व्यवस्थापनबाट काठ दाउरा उत्पादन गरी नेपाली बजारमा आपूर्ति गर्नु पर्दछ । अहिलेकै सामान्य आँकडा अनुसार पनि वर्षेनी नेपालको जङ्गलबाट पन्ध्र करोड क्युबिक फिट काठ उत्पादन गर्ने हो भने नेपाली बजारमा रहेको दश करोड क्युबिकफिट काठ आपूर्ति गरी बचेको पाँच करोड क्युबिक फिट काठ विदेशमा निर्यात गर्न सकिन्छ । काठ मात्र होइन काठका सामग्रीहरू उत्पादन गरी विदेशी बजारमा बिक्री गर्ने हो भने एकातिर विदेशी मुद्रा मनग्ये कमाउन सकिन्छ भने अर्कोतिर स्वदेशमा रोजगारी बढाउन सकिन्छ । यसो गर्न सकिएमा नेपालको बढ्दो व्यापार घाटालाई कम गर्न यसले ठूलो मद्दत गर्ने छ । अब सरकार, समुदाय र निजी क्षेत्रको तर्फबाट नेपालको वन स्रोतलाई दिगो व्यवस्थापन गरी काठमा आधारित वन उद्यम विकासमा लाग्नु पर्दछ । यसो गरियो भने नेपालको वन स्रोत धनयन्त्रमा रूपान्तरित हुन्छ ।

### ख) जडिबुटी तथा गैरकाष्ठ उद्यम

नेपालको सामुदायिक, निजी र सरकारी वनमा प्रशस्त सम्भावना भएको अर्को वन उद्यम जडीबुटी तथा गैरकाष्ठ वन उद्यम हो । नेपालको हावापानी विश्वमा विशिष्ट प्रकारको छ । यस्तो विशिष्ट प्रकारको जलवायुमा पाइने जडीबुटीको गुणस्तर र विशेषता नै विशेष प्रकारको हुन्छ । तराईको समथर भू-भागदेखि उच्च हिमाली भेगसम्ममा विभिन्न प्रकारका बहुमूल्य जडीबुटीहरू पाइन्छन् । यी जडीबुटीको व्यवस्थित किसिमले सङ्कलन गरी प्रशोधन गर्न सकिन्छ । यस्ता बहुमूल्य जडीबुटीबाट विभिन्न प्रकारका औषधी, सुगन्धित तेल आदि उत्पादन गरी अन्तर्राष्ट्रिय बजारमा बिक्री गरी प्रशस्त मात्रामा विदेशी मुद्रा कमाउन सकिन्छ ।

नेपालको वन स्रोतमा के कस्ता प्रकारका जडीबुटी र औषधीजन्य वनस्पतीहरू पाइन्छन् भन्ने विषयमा विस्तृत खोज, अध्ययन, अनुसन्धान र पहिचान नै भइसकेको पाइदैन । पहिचान भएका जडीबुटीहरूको सङ्कलन र प्रशोधन पनि राम्रोसँग हुन सकेको छैन । अहिले पनि नेपालबाट बहुमूल्य जडीबुटीहरू बोरामा खाँदेर कौडीको भाउमा विदेशमा बिक्री गर्ने गरिएको छ । त्यस्ता जडीबुटीहरूको खेती विस्तार गर्ने र उपलब्ध जडीबुटीको दिगो संरक्षण र व्यवस्थापन गरेर सङ्कलन गर्नु पर्दछ । यसरी सङ्कलन गरेको जडीबुटीको नेपालमै प्रशोधन गर्ने उद्यम सञ्चालन गरी उत्पादन गरेको तयारी सामान र वस्तु मात्र बाहिर बिक्री गर्न सकिएको खण्डमा यसले लाखौंको सङ्ख्यामा रोजगारी सिर्जना गर्दछ । जस्तैः– नेपालमा पाइने विशेष प्रकारको जडीबुटी (हिमाली भेगमा किरा भनेर चिनिने) यार्सागुम्बाको प्रचलित मूल्य प्रतिकिलोग्राम बीसदेखि तीस लाखसम्म हुने गरेको पाइन्छ । यस्ता जडीबुटीको अहिले पनि चोरी तस्करी र गैरकानुनी व्यापार हुने गरेको छ । त्यसैले गैरकानुनी रूपमा हुने जडीबुटीको व्यापारलाई नियन्त्रण गर्नु पर्दछ र कानुनी रूपमा जडीबुटी सम्बन्धी वन उद्यम सञ्चालन गर्ने व्यवस्था गर्नु पर्दछ ।

नेपालको वन स्रोतमा जडीबुटीको अतिरिक्त गैरकाष्ठ वन पैदावारका बोटबिरुवाहरू प्रशस्त मात्रामा रहेका छन् । यस्ता वन पैदावारहरूबाट पोषिलो खाना, लत्ताकपडा, कागज, खेलौना र विभिन्न प्रकारका निर्माण सामग्रीहरू बनाउन सकिन्छ । यस्ता बोटबिरुवाका जरा, पात, काण्ड, फलफूल आदि सबै भागलाई प्रयोगमा ल्याउन सकिन्छ । त्यसैले नेपालको वन स्रोतको दिगो व्यवस्थापन गरी गैरकाष्ठ सम्बन्धी वन उद्यमहरू सञ्चालनबाट रोजगारी सिर्जना र अर्थिक लाभ लिन सकिन्छ । अहिले पनि वन जगङ्लबाट गैरकाष्ठ वन पैदावारबाट उत्पादित वस्तुको रूपमा हाते कागज, डोरी, बायोब्रिकेट, अल्लोको कपडा, हस्तकला सामग्री, खोटो, जङ्गली माहुरीको मह आदि उत्पादन गरी बिक्री वितरण हुने गरेको छ । नेपालको हरियो वनमा यस्ता खाले जडीबुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित उद्यमहरूको स्थापना तथा सञ्चालन गरी रोजगारी तथा आर्थिक विकास र आम्दानी बढाउन सकिने सम्भानाहरू भएको कारण यस विषयमा सबै सरोकारवालाहरूको ध्यान तथा लगानी बढाउनु पर्ने आवश्यकता रहेको छ ।

### ग) कृषि वन उद्यम

नेपालको वनमा कृषिको र कृषिमा वनको विस्तार गर्ने प्रशस्त सम्भावना रहेको छ । नेपालको कतिपय वन क्षेत्रमा माटोको उर्वरता तथा भौगोलिक कारणहरूले गर्दा ठूला रूखहरू हुर्कन नसक्ने अवस्था छ । यस्तो वन क्षेत्रमा एकातिर विभिन्न प्रकारका फलफूलहरू जस्तैः– बाँस खेती, चिया खेती, कफी खेती, च्याउ खेती सञ्चालन गर्न सकिन्छ भने अर्कोतिर विभिन्न प्रजातिका बोट बिरुवाहरू

लगाई तिनीहरूको बिक्री वितरणबाट आय आर्जन गर्न सकिन्छ । यसको अर्थ नेपालमा कैयौं वनक्षेत्रहरूमा वनको प्राकृतिक अवस्था र हैसियत नबिग्रने गरी कृषि वनको विस्तार गर्न सकिन्छ । यसैगरी किसानहरूको खेतबारी र खाली जग्गा जमीनमा परम्परागत कृषि बालीको सट्टामा कृषि वनको विस्तार गरेर मनग्यरूपमा आम्दानी गर्न सकिन्छ । नेपालको सामुदायिक वन, निजी वन र सरकारी वनहरूमा कृषि वनको विस्तार गरेर कृषि वन उद्यम सञ्चालनबाट खाद्य सुरक्षा बढाउनुको साथै हरित रोजगारी सिर्जना गरी आर्थिक लाभ प्राप्त गर्न सकिन्छ । त्यसैले नेपालको हरियो वनलाई धनयन्त्र बनाउने एउटा महत्वपूर्ण उपाय भनेको वन क्षेत्रमा कृषि वन उद्यम सञ्चालन गर्ने हो ।

### घ) पर्य-पर्यटन उद्यम

नेपाल प्राकृतिक रूपमा सुन्दर देश हो । नेपालको कूल ३९.६ प्रतिशत भू-भागमा वन जङ्गल रहेको छ । नेपालको जङ्गल तराईको समथर भू–भागदेखि हिमालको उच्च भू-भागसम्म फैलिएको छ । नेपालको वन जङ्गल जैविक विविधताले भरिपूर्ण छ । त्यसैले नेपालको रमणीय वन जङ्गलको दृश्यावलोकनका लागि पर्या-पर्यटनको विकास गर्ने प्रशस्त सम्भावना रहेको छ। नेपालको वन जङ्गलहरूमा एकातिर थुप्रै दुर्लभ वन्यजन्तुहरू पाइन्छन् भने अर्कोतिर वन जङ्गल भित्रै नै विभिन्न प्रकारका छहरा, झरना, नदी खोला, गुफा, चरा, पुतली आदिहरू पनि प्रशस्त पाइन्छन् । संसारभरि नै स्वस्थ र स्वच्छ वातावरणमा घुम्न रुचाउने पर्यटकहरूको सङ्ख्या बढ्दो छ । त्यसैले नेपालको वन जङ्गलमा पर्या-पर्यटनका पूर्वाधारहरू विकास गरेर स्वदेशी तथा विदेशी पर्यटकहरूलाई सेवा प्रदान गरी पर्या-पर्यटन उद्यमहरू सञ्चालन गर्न सकिन्छ ।

नेपालको वन क्षेत्रमा सामान्य रूपमा वनभोज स्थलदेखि जङ्गल सफारी, जङ्गल यात्रा, जङ्गल पदमार्ग, चरा तथा जनावर अवलोकन, प्राकृतिक चिडियाखाना आदि सञ्चालन गर्न सकिन्छ । वन जङ्गलमा पर्या-पर्यटनको विकास गरेर नेपालको वन जङ्गललाई धनयन्त्रका रूपमा विकास गर्न सकिन्छ । यसरी वन जङ्गलमा आधारित भएर पर्या-पर्यटनको विकास गर्दा एकातिर लाखौंका सङ्ख्यामा विदेशी पर्यटकलाई पर्यटन सेवा प्रदान गरेर अरबौं विदेशी मुद्रा आर्जन गर्न सकिन्छ भने अर्कोतिर स्वदेशमा नै हरित रोजगारी वृद्धि भई आर्थिक विकास तथा आर्थिक विकासका ढोकाहरु खुल्दछन् । त्यसैले पर्या-पर्यटनका रूपमा नेपालको वनक्षेत्रमा आधारित पर्या-पर्याटनको स्थापना तथा सञ्चालन गर्नेतर्फ सबै सरोकारवालाहरूको ध्यान जानु आवश्यक छ ।

### ङ) पशुपन्छी तथा जनावर पालन उद्यम

नेपाल अहिले पनि मासु र दूध उत्पादनमा आत्मनिर्भर हुन सकेको छैन । गत आर्थिक वर्षमा नेपालले बिदेशबाट करिब बीसदेखि पच्चीस अर्ब बराबरको मासु तथा दूधजन्य उत्पादन आयात गरेको अनुमान छ । नेपालको वन क्षेत्रमा पशु, पन्छी तथा जनावर पालनको प्रशस्त सम्भावना रहेको छ । नेपालको वन जङ्गलमा आधारित भई पशु, पन्छी र जनावर पालन गर्ने उद्यमीहरूको खाँचो छ । यसो गर्न सकिएमा एकातिर स्वदेशमै उत्पादित मासु तथा दूधबाट देश आत्मनिर्भर हुँदै जान्छ भने अर्कोतिर यस्ता उत्पादनहरू विदेशमा पनि निर्यात गर्न सकिन्छ ।

नेपालको तराई, भित्री मधेश र पहाडी क्षेत्रहरूमा बाख्रा, भैंसी, गाई आदि पालनको प्रशस्त सम्भावना रहेको छ । यसैगरी नेपालको वन जङ्गलमा जङ्गली कुखुरा, लुइचे, कालिज र विभिन्न जातिका पन्छीहरूको व्यावसायिक पालनको सम्भावना रहेको छ । वन जङ्गलमा जरायो, बदेल आदि प्रजातिका जनावरहरूको पालन गर्न सकिने सम्भावना पनि त्यतिकै छ । वन जङ्गलका खोलानाला र ताल तलैयामा प्राकृतिक रूपमा नै माछा, गँगटा आदि पालन गर्न सकिन्छ । उल्लिखित क्रियाकलापहरूका निम्ति उपयुक्त नीति, लगानी, अवसर र बजारको आवश्यकता छ ।

हरियाली वन उद्यमका रूपमा नेपालको वन जङ्गलमा पशु, पन्छी र जनावर पालनबाट मासु र दूध उत्पादन मात्र नभई पर्या-पर्यटन उद्यम पनि सञ्चालन गर्न सकिन्छ । नेपालको विभिन्न भू-भागमा रहेको वन जङ्गलमा शिकार खेल्ने जस्ता मनोरञ्जनात्मक व्यवसाय सञ्चालन गर्न सकिन्छ । यसरी पशु, पन्छी तथा जनावर पालनबाट नेपालको वन स्रोतलाई हरियो धनयन्त्रका रूपमा विकास गर्न सकिन्छ । यो पनि आत्मनिर्भर हरियाली अर्थतन्त्रको एउटा बलियो आधार बन्न सक्दछ । यसकारण नेपालमा मासु तथा दूधमा आत्मनिर्भर बन्ने नीति तथा कार्यक्रम बनाएर लागू गर्नुपर्ने आवश्यकता देखिन्छ ।

## च) वातावरणीय सेवा उद्यम

कुनै पनि वन स्रोतले काठ, गैरकाष्ठ, खाद्य सामग्री तथा वातावरणीय सेवा प्रदान गर्दछ। वन जङ्गल संरक्षण र व्यवस्थापन गर्नाले काठ, गैरकाष्ठ, खाद्य र सामग्री सेवा जङ्गलबाट पुऱ्याए बापत केही न केही लाभ तथा प्रत्यक्ष फाइदा पाएका हुन्छन् तर वन जङ्गलले वातावरणीय सेवा पुऱ्याए बापत वन जङ्गल संरक्षण गर्ने जनताले प्रत्यक्ष फाइदा पाउने गरेको उदाहरण ज्यादै कम छ। यसो हुनुको प्रमुख कारण नेपालको वन जङ्गलले पुऱ्याएको वातावरणीय सेवाको उचित पहिचान र मूल्याङ्कन नहुनु नै हो।

त्यसैले नेपालको विभिन्न वन जङ्गलले वातावरणीय सेवा के, कति र कसरी पुऱ्याएको छ भन्ने बारेमा यथोचित मूल्याङ्कन, पहिचान र मान्यता पाउन आवश्यक छ। उदाहरणका लागि काठमाडौं उपत्यकाको चारैतिरका सामुदायिक वन र अन्य वनले काठमाडौं सहरलाई महत्त्वपूर्ण वातावरणीय सेवा पुऱ्याइरहेका छन्। काठमाडौं उपत्यकामा आउने सबै पानीका मुहानहरूयिनै वन क्षेत्रमा पर्दछन्। यिनै वन क्षेत्रले काठमाडौं उपत्यकाबासीलाई स्वच्छ हावा प्रदान गरिरहेका छन्। काठमाडौं वरिपिरका सामुदायिक वनहरूले काठमाडौं उपत्यकाबासीहरूलाई सौन्दर्य र मनोरञ्जन प्रदान गरिरहेका छन्। यसका अतिरिक्त यी हरियाली वनहरूले जैविक विविधता, संस्कृति र अन्य वातावरणीय सेवा प्रदान गरिरहेका छन्। अब काठमाडौं उपत्यकाका चारैतिरको सामुदायिक वन र अन्य वनहरूले पुऱ्याएको वातावरणीय सेवाको उचित मूल्याङ्कन गरी ती सामुदायिक वन संरक्षण गर्ने व्यक्ति, समुदाय र संस्थाहरूलाई काठमाडौं उपत्यकाभित्र बसोवास गर्ने व्यक्ति र संस्थाहरूले वातावरणीय सेवा लिए बापत वातावरणीय सेवा शुल्क भुक्तानी गर्नु पर्दछ।

वन जङ्गल संरक्षण गर्ने जनसमुदायले वातावरणीय सेवा उद्यमको विकास गरी उचित लाभ प्राप्त गर्नु पर्दछ। नेपालको वन जङ्गलसंरक्षण हुँदा अन्तर्राष्ट्रिय स्तरमा समेत वातावरणीय सेवा पुग्न जान्छ। यस वापत नेपालले अन्तर्राष्ट्रिय स्तरमा पनि वातावरणीय सेवा शुल्कको दाबी गर्न सक्दछ र त्यस्तो वातावरणीय सेवा वापतको रकम वन संरक्षण गर्ने स्थानीय जनतालाई प्रदान गर्नु पर्दछ। यसरी नेपालको वन क्षेत्रमा वातावरणीय सेवा उद्यमको विकास गरी वन स्रोतलाई हरियो धनयन्त्रमा रूपान्तरण गर्न सकिने सम्भावना छ। तर यसका लागि थप अध्ययन, अनुसन्धानका साथै आवश्यक नीति, नियम तथा कानुनहरूको पनि खाँचो छ।

## छ) कार्बन व्यापार उद्यम

जलवायु परिवर्तनका बारेमा नेपाल र संसारभरि नै विभिन्न प्रकारका चर्चा परिचर्चा भइरहेको छ। जलवायु परिवर्तनका असर न्यूनीकरण र अनुकूलनमा वनको योगदानका बारेमा प्रशस्तै बहस तथा पैरवीहरूभइरहेको छ। यसै सिलसिलामा वनको कार्बन व्यापारको बहस पनि प्रारम्भ भएको छ।

जलवायु परिवर्तन गराउने हरित गृह ग्याँसहरू मध्ये कार्बनडाइअक्साइड पनि एउटा हो। यस ग्याँसको मात्रा घटाउने काममा वन स्रोतको ठूलो भूमिका रहन्छ। वन जङ्गलले वायुमण्डलमा रहेको कार्बनडाइअक्साइड ग्याँसलाई हरिया पातहरूले सोस्छ र हरिया पातहरूले प्रकाश संश्लेषण विधिबाट वायुमण्डलबाट सोसेर लिएको कार्बनडाइअक्साइडमा रहेको कार्बनलाई ठोस बनाएर सञ्चित गरी राख्दछ र वायुमण्डलमा प्राणवायुको रूपमा अक्सिजन फाल्दछ। यस्तो प्रक्रिया नियमित रूपमा चली नै रहन्छ। तर, एउटा निश्चित उमेर पुगेपछि वन जङ्गलको रूख विरुवा बूढो हुन्छ र थप कार्बन सञ्चित गर्न सक्दैन। यस्तो अवस्थामा त्यस्तो बूढो रूख काटेर नयाँ विरुवा हुर्कन दिनु पर्दछ। यसरी काटिएको रूखबाट विभिन्न प्रकारको सामग्री बनाएर प्रयोग गर्न सकिन्छ।

प्राकृतिक रूख विरुवाबाट उत्पादन भएका सामग्रीहरूले वातावरण प्रदूषण गर्ने उद्योगहरूले उत्पादन गरेका सामग्रीहरूको विस्थापन गर्दछ र थप कार्बनडाइअक्साइड उत्पादनमा कमी ल्याउँदछ। यसरी वनले कार्बनको संश्लेषण, सञ्चिती र विस्थापन गर्ने कार्य गर्दछ। उदाहरणको रूपमा सालको रूखले वायुमण्डलमा भएको कार्बनडाइअक्साइड आफूभित्र लिन्छ र सञ्चित गर्दछ। यसरी कार्बन सञ्चित गर्दै जाँदा सालको रूख हुर्कदै र बढ्दै जान्छ। एउटा निश्चित उमेरमा पुगेपछि यो रूख काटेर निर्माण सामग्री, फर्निचर आदि बनाउँदा बजारमा फलाम, स्टिल, प्लास्टिक, सिमेन्ट आदि औद्योगिक उत्पादनलाई विस्थापन गरिदिन्छ। यस्ता औद्योगिक उत्पादन कम गर्ने भनेको वायुमण्डलमा जलवायु परिवर्तन गराउने मुख्य हरितगृह ग्याँसको उत्सर्जनमा कमी ल्याउनु हो। प्राकृतिक रूपमा उत्पादन भएका वस्तु र सामग्रीको उपयोगले वातावरण संरक्षणमा महत्त्वपूर्ण योगदान पुग्न जान्छ। यसरी वन स्रोतले सञ्चित र विस्थापन गरेको

कार्बनको मूल्य अन्य कार्बन उत्पादन गर्ने उद्योगलाई बेचेर आम्दानी गर्न सकिन्छ। यस्तो वन उद्यमलाई कार्बन उद्यमका रूपमा विकास गर्न सकिन्छ।

### ज) हरियाली उर्जा वन उद्यम

उर्जाको एउटा महत्त्वपूर्ण स्रोत वन जङ्गल हो। वन जङ्गलबाट प्राप्त हुने उर्जालाई नवीकरणीय उर्जाको रूपमा लिने गरिन्छ। खाना बनाउन र तातोको लागि प्रयोग हुने उर्जाको प्रमुख स्रोत नै नेपालको वन जङ्गल हो। काठ दाउराको प्रयोगबाट नेपालमा ८०% उर्जा प्राप्त हुन्छ। वन जङ्गलबाट काठ दाउरा, बायोब्रिकेट (जैविक गुइठा) मात्र होइन, वन पैदावारको प्रयोग गरेर विद्युत समेत उत्पादन गर्न सकिन्छ। वन व्यवस्थापनबाट प्राप्त भएको काठ दाउरा र झारपातलाई जलाएर (आधुनिक प्रविधिको प्रयोग गरेर) विद्युत शक्ति उत्पादन गर्न सकिन्छ। नेपालको विद्युत विस्तारको एउटा ठूलो समस्या भनेको विद्युत प्रसारण लाइन निमार्ण हो। तर विभिन्न स्थानमा वन पैदावारको प्रयोग गरेर विद्युत उत्पादन गर्ने हो भने यस्तो महङ्गो विद्युत प्रसारण लाइनको आवश्यकता नै पर्दैन। युरोप, अमेरिका लगायतका विभिन्न देशमा यस्तो वन पैदावारको उपयोग गरी विद्युत उत्पादन गर्ने गरिएको छ। नेपालका विभिन्न सामुदायिक वन उपभोक्ता समूहहरूले पनि वनमा पाइने वनमारा झार लगायतका विभिन्न झारपात प्रयोग गरी जैविक गुइँठा उत्पादन गरी बिक्री गर्ने गरेका छन्। नेपालको वन जङ्गलमा सज्युन (जेट्रोपा ) लगायतका तेल उत्पादन गर्न सकिने बोट विरुवाको खेती गरेर जैविक इन्धन (बायो डिजल) को उत्पादन पनि गर्न सकिन्छ। नेपालको अहिले उर्जा सङ्कटलाई टार्नका लागि वन जङ्गलबाट हरियो उर्जामुखी वन उद्यम सञ्चालन गर्नु नै उपयुक्त विकल्प हुन सक्छ।

### झ) जैविक मल वन उद्यम

कृषि उत्पादन वृद्धिका लागि मलको ज्यादै आवश्यक हुन्छ। नेपालमा वर्षेनी अरबौं रूपैंयाको रासायनिक मल विदेशबाट आयात गर्ने गरिएको छ। नेपालमा अहिलेसम्म रासायनिक मल उत्पादन गर्ने ठूलो उद्योग कारखाना छैन। किसानहरूले चाहिएको समयमा गुणस्तरयुक्त मल प्राप्त गर्न सकिरहेका छैनन्। रासायनिक मलको प्रयोगले एकातिर जमीनको उत्पादकत्वमा कमी आइरहेको छ भने अर्कोतिर मानव स्वास्थ्य र वातावरणमा प्रतिकूल असर पुर्‍याइरहेको अवस्था छ। त्यसैले अब रासायनिक मल र विदेशबाट आयात हुने मलको विकल्प खोज्नुपर्ने आवश्यकता भएको छ।

नेपालको प्रायः सबै वन जङ्गलको वर्षमा एक पटक पात झर्दछ। अहिलेसम्म यस्तो झरेको पात आगलागीबाट डढ्ने र वर्षाको समयमा बगेर जाने गरेको छ। यस्ता पात पतिङ्गरलाई प्रयोग गरी आर्थिक उपार्जन गर्ने काम विरलै मात्र पाइन्छ। यस्तो वन जङ्गलबाट प्राप्त हुने पतिङ्गर र झारपातको सङ्कलन गरेर जैविक मल कारखाना सञ्चालन गर्न सकिन्छ। यसरी उत्पादन गरिएको जैविक मलले रासायनिक मलको आयात प्रतिस्थापन मात्रै हैन यसले मानव स्वास्थ्य, वातावरण र जमीनको उत्पादकत्व वृद्धिमा समेत सकारात्मक असर पार्दछ। यसैगरी आजभोलि बजारमा जैविक उत्पादनको माग बढिरहेको छ। जैविक उत्पादनका लागि आवश्यक पर्ने किटनाशक औषधी पनि जैविक रूपमा नै उत्पादन गर्न सकिन्छ। त्यसैले नेपालको वन स्रोतबाट जैविक मल र जैविक किटनाशक औषधीको उत्पादनको प्रशस्त सम्भावना रहेको छ। यसबाट रासायनिक मल खरिदमा हुने पुँजीको विदेश पलायनलाई रोक्नुका साथै स्वदेशमा नै स्वरोजगारीको सिर्जना गर्न सकिन्छ।

### ञ) खनिजजन्य उद्यम

नेपालको वन क्षेत्रमा पानी, ढुङ्गा आदि खनिज पदार्थहरू प्रशस्तै पाइन्छन्। यी खनिज पदार्थमा आधारित खनिजजन्य वन उद्यमहरू सञ्चालन गरेर रोजगारी तथा आम्दानी बढाउन सकिन्छ। वनमा पाइने खनिज पदार्थहरूलाई औद्योगिक उत्पादनहरूमा कच्चा पदार्थका रूपमा बेचबिखन पनि गर्न सकिन्छ। यसो गर्न सकिएमा वन स्रोतमा निर्भर ग्रामीण समुदायमा थप रोजगारी तथा आम्दानी बढाउन सकिन्छ।

## ३. नेपालमा वन उद्यम विकासका फाइदाहरू

कुनै पनि देशको आर्थिक समृद्धिको मूल आधार भनेको प्राकृतिक स्रोतको उपलब्धता, ती स्रोतहरूको दिगो व्यवस्थापन, उपयोग र उद्यमशीलता तथा उद्यमहरूको विकास नै हो। नेपालको वन जङ्गल महत्वपूर्ण प्राकृतिक स्रोत हो। यसको दिगो व्यवस्थापन, उद्यम व्यवसायको सञ्चालन तथा विकास गरेर समृद्ध नेपालको निर्माण गर्न सकिन्छ। यसरी हरियाली वन उद्यम सञ्चालन गर्दा नेपालको ग्रामीण विकास, स्वरोजगारी वृद्धि र दिगो अर्थतन्त्र विकासमा महत्वपूर्ण योगदान पुग्दछ। हरियाली वन उद्यम विकासबाट हुने फाइदाहरूको बारेमा यहाँ केही चर्चा गरिएको छ।

## क) हरित स्वरोजगारी सिर्जना गर्ने

नेपालमा सामुदायिक वनको क्षेत्रफल १७ लाख हेक्टरभन्दा धेरै रहेको छ। सत्र लाख हेक्टर सामुदायिक वन क्षेत्रफल सहित नेपालमा करिब पचपन्न लाख हेक्टर वन क्षेत्र रहेको छ। नेपालको कृषि भू-भागको दोब्बर वन भू-भाग रहेको छ। नेपालमा एक हेक्टर कृषि क्षेत्रफलबाट कम्तीमा एउटा परिवार वा छ सात जनालाई स्वरोजगारी प्राप्त भइरहेको छ। तर यो मात्रा वन क्षेत्रको हकमा निकै कम हो । यसले के कुराको सङ्केत गर्दछ भने नेपालमा वनको दिगो व्यवस्थापन गरी रोजगारी बढाउनु पर्ने आवश्यकता देखिन्छ। नेपालमा वन स्रोतको दिगो व्यवस्थापन गरी एक हेक्टर वन क्षेत्रबाट बढीमा पाँच छ जनालाई स्वरोजगारी प्रदान गर्न सकिन्छ। यसो गर्दा नेपालको कूल वन क्षेत्रलाई व्यवस्थापन गर्दा दुईदेखि तीन लाख जनाका लागि रोजगारी सिर्जना गर्न सकिन्छ। तर यसका लागि ठूलो लगानीको आवश्यकता र भौतिक पूर्वाधार विकासको आवश्यकता पर्दछ। त्यसैगरी नेपालको कतिपय वनक्षेत्र पहुँचभित्र पनि रहेको छैन ।

नेपालका १८ हजारभन्दा धेरै सामुदायिक वनहरूमध्ये प्रायः सबै सामुदायिक वन क्षेत्र दिगो व्यवस्थापनका लागि योग्य रहेका छन्। नेपालका यी सबै सामुदायिक वनको दिगो व्यवस्थापन गरी सामुदायिक वन उद्यम विकास गर्ने र सञ्चालन गर्ने हो भने विद्यमान अवस्थामा थप पचास लाख जनालाई स्वरोजगारी सिर्जना गर्न सकिन्छ। एक सामुदायिक वनमा कम्तीमा एक वन उद्यमको विकास गर्ने हो भने पनि नेपालको बीस पच्चीस हजार साना तथा मझौला वन उद्यमहरू सञ्चालन गर्न सकिन्छ।

माथि उल्लिखित सबै सामुदायिक वन उद्यमहरू सामुदायिक वनका माध्यमबाट सञ्चालन गर्न सकिन्छ। सामुदायिक वन उद्यम विकासबाट नेपालको विद्यमान बेरोजगारी समस्यालाई समाधान गर्न यसले ठूलो मद्दत गर्न सक्दछ। त्यसैले दिगो वन व्यवस्थापनमा आधारित सामुदायिक वन उद्यमबाट हरित स्वरोजगारी विकास गर्ने एउटा महत्त्वपूर्ण अवसर नेपालको वन क्षेत्रसँग रहेको देखिन्छ। यसले देशको बेरोजगारी समस्याको समाधान गर्दै राष्ट्रिय अर्थतन्त्रमा पनि महत्त्वपूर्ण योगदान पुग्न जान्छ। त्यसैले नीति निर्माता, समुदाय, विकास साझेदार र निजी क्षेत्रले वन उद्यमहरू सञ्चालन गरी हरित स्वरोजगारी सिर्जना गर्नेतर्फ ध्यान दिनु पर्छ।

## ख) युवा तथा जनशक्तिको पलायनलाई रोक्ने

नेपालमा बेरोजगारी समस्या कहालीलाग्दो छ। ग्रामीण र दुर्गम क्षेत्रमा भौतिक पूर्वाधार र बजार विस्तार हुन सकिरहेको छैन। त्यसैले ग्रामीण क्षेत्रबाट मानिसहरू सहरी क्षेत्रमा बसाइसराइ गर्ने र नेपालबाट कामका लागि विदेश जाने युवा जनशक्तिको सङ्ख्या ठूलो छ। यस्तो बसाइसराइ र विदेश पलायनले नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक र पारिवारिक संरचनामा निकै दुरगामी असर पारिरहेको छ। यस्तो बसाइसराइ र विदेश पलायन कसैको रोजाइको विषयभन्दा पनि बाध्यताको कारण बनेको छ। त्यसैले नेपालको सामुदायिक वन उद्यमहरूले कम्तीमा पचास लाख स्वरोजगारी सिर्जना गर्दा युवा तथा जनशक्तिको सहर र विदेश पलायनलाई रोक्न मद्दत पुग्न सक्दछ। सामुदायिक वन लगायत अन्य वनहरूको दिगो व्यवस्थापन गरी वन उद्यम सञ्चालन गर्दा स्वदेशमै रोजगारी गर्नेको सङ्ख्या बढ्न जान्छ। त्यसैले सामुदायिक वन उद्यमको एउटा महत्त्वपूर्ण फाइदा भनेको युवा तथा जनशक्तिको विदेश पलायनलाई रोक्ने हुन्छ।

## ग) गरिबी न्यूनीकरण

नेपाल गरिबी र भोकमरीको चेपुवामा छ। नेपालका ग्रामीण र दुर्गम भेगका जनताहरू खाना नपाएर मृत्युवरण गर्नु परिरहेको तितो यथार्थ हाम्रो सामु छर्लङ्ग छ। यसो हुनाको प्रमुख कारण अहिलेसम्म नेपालमा भइरहेका सबै विकासका पहल तथा प्रयासहरू प्रभावकारी नहुनु हो। गरिबलाई खान दिएर मात्र पुग्दैन उनीहरूलाई सीप सिकाई उद्यमी बन्न सिकाउनु पर्दछ। कुनै पनि उद्यम गर्नका लागि विद्यमान प्राकृतिक स्रोतहरू जस्तैः– जल, जङ्गल र जमीनमा गरिबको अधिकार स्थापित गर्नु पर्दछ। गरिब विपन्नलाई उद्यमी बन्ने अवसर प्रदान गर्नु पर्दछ। त्यसैले सामुदायिक वनको दिगो व्यवस्थापनका माध्यमबाट सामुदायिक वन उद्यमको विकास गरी देशको गरिबी न्यूनीकरण तथा बेरोजगारीको जल्दोबल्दो समस्या घटाउन सकिने सम्भावना छ। नेपालको सामुदायिक वन र अन्य वन क्षेत्रको दिगो व्यवस्थापन गरेर दिगो रूपमा वन उद्यमहरू सञ्चालन गर्ने हो भने आगामी दश वर्षमा नेपालमा गरिबी निवारण हुन्छ। यसकारण गरिबी निवारण सामुदायिक वन उद्यमको एउटा महत्त्वपूर्ण फाइदा हो।

## घ) ग्रामीण क्षेत्रको विकास

नेपालको वन स्रोत प्रायः जसो ग्रामीण क्षेत्रमा रहेको छ । सामुदायिक वन उपभोक्ता समूहहरूको सङ्ख्या पनि ग्रामीण क्षेत्रमा नै धेरै रहेको छ । एक सामुदायिक वन एक वन उद्यमको अवधारणा अनुसार नेपालका सामुदायिक वनहरू रहेको ग्रामीण क्षेत्रमा नै वन उद्यमहरू स्थापना र सञ्चालन हुन जान्छन् । यसले ग्रामीण क्षेत्रको भौतिक पूर्वाधार विकासमा महत्त्वपूर्ण योगदान पुग्न जान्छ । ग्रामीण क्षेत्रमा रोजगारी वृद्धि भई ग्रामीण अर्थतन्त्रमा सुधार ल्याउन मद्दत गर्दछ । त्यसैले सामुदायिक वन उद्यमको एउटा महत्त्वपूर्ण फाइदा भनेको दिगो ग्रामीण विकास पनि हो ।

## ङ) दिगो वातावरण संरक्षण

सामुदायिक वन उद्यम सञ्चालनका लागि वनको दिगो व्यवस्थापन अनिवार्य छ । नेपालका वनहरूमा दिगो व्यवस्थापनका कार्यहरूनहुँदा वनको गुणस्तर बिँग्रदो छ । यसले वन संरक्षणमा भन्दा वातावरण बिगार्नमा सहयोग पुगेको छ । वनहरू हरियो हुँदैमा स्वच्छ र राम्रो तथा मानिस मोटो हुँदैमा स्वस्थ र तन्दुरुस्त हुँदैन । वन हरियो भएर वनभित्र रूख विरुवाहरूको पुस्तान्तरणको (साना विरुवाहरू र विभिन्न उमेर समूहका विरुवाहरू) विषयलाई राम्ररी व्यवस्थापन गरिएको छैन भने त्यस्तो वन स्रोत एकै अवधिमा समाप्त हुन सक्छ । नेपालका सामुदायिक वनहरूको अवस्था प्रायः यस्तै छ । त्यसैले सामुदायिक वनलाई दिगो बनाउनका लागि दिगो वन व्यवस्थापन आवश्यक छ । दिगो वातावरण संरक्षणका लागि वनको दिगो व्यवस्थापन अनिवार्य छ भने दिगो वन व्यवस्थापन नभई कुनै पनि सामुदायिक वन उद्यम पनि दिगो रूपमा विकास र सञ्चालन हुन सक्दैन । त्यसैले वन उद्यमले दिगो वन व्यवस्थापन र दिगो वातावरण संरक्षणमा योगदान पुऱ्याउँदछ ।

## च) वन पैदावारको समुचित उपयोग

नेपालमा सामुदायिक वन लगायत अन्य वनहरूमा दिगो वन व्यवस्थापन नहुँदा एकातिर वन पैदावारको समुचित उपयोग हुन सकेको छैन भने अर्कोतिर नेपालमा सञ्चालनमा रहेका वन स्रोतमा आधारित उद्योगहरूले दिगो रूपमा कच्चा पदार्थ प्राप्त पनि गर्न सकेका छैनन् । नेपालमा सञ्चालनमा रहेका कतिपय वन पैदावार प्रशोधन उद्योगहरू वन पैदावारमा आधारित कच्चा पदार्थको अभावका कारण बन्द हुने अवस्थामा पुगेका छन् । यसले वन उद्योगमा लगानी भएको अरबौं लगानी डुब्ने अवस्थामा छ । त्यसैले सामुदायिक वन उद्यमको विकास र सञ्चालनले वन पैदावरको समुचित उपयोग गर्न सकिन्छ भने उद्योग, कलकारखानाका लागि कच्चा पदार्थको दिगो आपूर्तिलाई पनि विस्तारै सुनिश्चित गर्दै लैजान्छ ।

## छ) वस्तु तथा सेवाको आपूर्ति र खाद्य सुरक्षा

नेपालको वन स्रोत स्थानीय समुदाय र आदिवासी जनजातिहरूको जीविकोपार्जनसँग प्रत्यक्ष गासिएको एउटा महत्त्वपूर्ण प्राकृतिक स्रोत हो । सामुदायिक वन र अन्य वन क्षेत्रमा कृषि वन र पशु, पन्छी तथा जनावर पालन गरेर ग्रामीण क्षेत्रमा विद्यमान खाद्य असुरक्षाको अन्त्य गर्न सकिन्छ । वन जङ्गलमा पाइने पोषिला फलफूलका साथै अन्य खाद्य वस्तुहरूको प्रयोग गरी खाद्य सुरक्षामा योगदान पुऱ्याउँछ । यसैगरी मानिसका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारको विकास गर्न र मानिसको सुविधाका लागि सामुदायिक वन उद्यमहरूले वस्तु र सेवा प्रदान गर्न सक्दछ । सामुदायिक वन उद्यमहरूले प्रत्यक्ष रूपमा मात्र नभई अप्रत्यक्ष रूपमा जैविक विविधता र जलाधार संरक्षणमा मद्दत गर्न सक्दछ भने वातावरणीय सेवामा महत्त्वपूर्ण योगदान गर्न सक्दछन् । त्यसैले सामुदायिक वन उद्यमहरूले खाद्य सुरक्षा र वस्तु तथा सेवाको आपूर्तिमा सहयोग पुऱ्याउँदछन् ।

## ज) दक्ष जनशक्तिको विकास

नेपालको हरियाली वन क्षेत्र र सामुदायिक वनहरूमा दिगो र सक्रिय वन व्यवस्थापन कार्य सञ्चालन गर्दा र दिगो वन व्यवस्थापनबाट प्राप्त वन पैदावारमा आधारित वन उद्यमहरू सञ्चालन गर्दा ठूलो सङ्ख्यामा दक्ष जन शक्तिको आवश्यकता पर्दछ । यस्तो खालको जनशक्तिको मागलाई पूरा गर्नका लागि तालिम, शिक्षा, गोष्ठी आदि क्षमता विकासका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दा स्वदेशमै दक्ष जनशक्तिको विकास गर्न सकिन्छ । सामुदायिक वन उद्यम सञ्चालन गर्दा विकास भएको दक्ष जनशक्तिले स्वदेश तथा विदेशमा राम्रो रोजगारीको अवसर पनि प्राप्त गर्न सक्दछन् । त्यसैले सामुदायिक वन उद्यम विकासले दक्ष जनशक्तिको विकासमा समेत महत्वपूर्ण सहयोग पुऱ्याउँदछ ।

### झ) आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन

नेपालको विद्यमान व्यापार घाटा कहालीलाग्दो छ। नेपालले विदेशमा बेच्ने सामग्रीभन्दा बिदेशबाट खरिद गर्ने सामग्रीको परिणाम निकै बढ्दै गई अहिले उक्त आँकडा ज्यादै ठूलो भइसकेको छ। नेपालको राष्ट्रिय बजेटभन्दा धेरै ठूलो परिमाणमा नेपालले व्यापार घाटा व्यहोरिरहनु परेको छ। गत आर्थिक वर्षमा नेपालको व्यापार घाटा साढे चार खर्बभन्दा धेरै रहेको थियो। यो तथ्याङ्क औपचारिक व्यापार घाटाको मात्र हो। नेपालले भारतको खुला सिमानाका कारण भारतबाट नेपालमा भन्सार छलेर पनि धेरै सामानहरू आयात हुने गरेको अनुमान छ। यी सबै अवस्थालाई हेर्ने हो भने नेपालको बैदेशिक व्यापार घाटा अझै बढ्न जान्छ। नेपाल कृषिप्रधान देश भएर पनि खाद्यान्न, मासु, फलफूल र दूधमा समेत आत्मनिर्भर हुन सकिरहेको छैन। नेपालको जङ्गलमा प्रशस्त मात्रामा काठ उत्पादन गर्ने क्षमता हुँदाहुँदै विदेशबाट काठको आयात भइरहेको छ।

कुनै पनि देशको व्यापार घाटा घटाउने एउटा मात्र उपाय भनेको राष्ट्रिय उत्पादनमा वृद्धि गर्नु हो। नेपालका सन्दर्भमा राष्ट्रिय उत्पादनको वृद्धि गर्ने भनेको यहाँको प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा आधारित उद्यम र उद्योग धन्दाको विकास गर्नु हो। राष्ट्रिय उत्पादन र राष्ट्रिय उत्पादनको उपयोगमा जोड दिनु पर्दछ। नेपालको वन क्षेत्र र सामुदायिक वनको दिगो व्यवस्थापन गरी सञ्चालन गरेका वन उद्यमहरूले काठ, जडीबुटी, खाद्यान्न, मासु, फलफूल र दूध उत्पादनमा आत्मनिर्भर हुने मात्र होइन यस्ता उत्पादनहरूको विदेशमा निर्यात गर्न सकिन्छ। त्यसैले नेपालको सामुदायिक वन उद्यमले नेपालको व्यापार घाटा सन्तुलन गर्न, आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धनमा महत्त्वपूर्ण सहयोग पुऱ्याउन सक्दछ। नेपालको वन स्रोत र सामुदायिक वन उद्यमहरू विदेशी मुद्रा आर्जन गर्नका लागि पनि लाभदायक हुन सक्दछन्।

### ञ) दिगो र आत्मनिर्भर अर्थतन्त्रको विकास

कुनै पनि देशको राजनितिक स्थायित्व, सामाजिक सद्भाव र सांस्कृतिक विकासका लागि दिगो र आत्मनिर्भर अर्थतन्त्रको विकास अनिवार्य छ। नेपालको वर्तमान अर्थतन्त्र विदेशमा गएका नेपालीहरूले पठाउने विप्रेषण र वैदेशिक सहायतामा निर्भर रहेको छ। त्यसैले हाम्रो देशको अर्थतन्त्र अत्यन्तै जोखिम अवस्थामा रहेको छ। नेपालको औसत आर्थिक वद्धिदर ज्यादै कम रहेको छ। यही दरमा नेपालको आर्थिक विकास रहिरहने हो भने आगामी दुई दशकसम्ममा नेपालले गरिब र विपन्न राष्ट्रको पहिचान बदल्न सक्ने छैन। समृद्ध नयाँ नेपाल निर्माणका लागि द्रुत आर्थिक विकास हुनु आवश्यक छ। द्रुत आर्थिक विकास नगरी देशले राष्ट्रिय विकासको गति लिन सक्दैन। द्रुत आर्थिक विकास र राष्ट्रिय समृद्धिका लागि राष्ट्रिय उद्यमशीलताको जागरण ल्याउन आवश्यक छ। प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा आधारित उद्यम र उद्योगधन्दाको विकासबाट राष्ट्रिय र स्थानीय अर्थतन्त्रमा गतिशीलता ल्याउन सकिन्छ।

## ४. निष्कर्ष

नेपालको प्राकृतिक स्रोतहरू मध्ये वन क्षेत्र एउटा महत्त्वपूर्ण स्रोत हो। नेपालको वन जङ्गलको दिगो व्यवस्थापन गरी वन उद्यमहरूको स्थापना गर्न सकिएमा यसले नेपाली समाजको बहुआयामिक क्षेत्रको विकास तथा परिवर्तनमा प्रत्यक्ष मद्दत पुग्ने देखिन्छ। यसकारण नेपालको वन स्रोतबाट वन उद्यमहरूको सञ्चालन गर्नु नेपालमा विद्यमान आर्थिक तथा सामाजिक अवस्थाका दृष्टिले उचित तथा समय सापेक्ष भएको देखिन्छ।

नेपालको कृषि परम्परागत तथा निर्वाहमुखी छ। हाम्रो कृषि प्रणालीलाई आधुनिकीकरण र व्यवसायीकरण गर्दै आय आम्दानी गर्नेतर्फ विकास गर्नु पर्दछ। तर कृषि उत्पादनका कैयौं क्रियाकलापहरू कुनै न कुनै रूपमा वन स्रोतसँग सम्बन्धित छन्। यसको अर्थ के हो भने नेपालको कृषि उत्पादनका क्रियापलापहरूलाई वन स्रोतको दिगो व्यवस्थापन तथा वन उद्यमको विकाससँग जोडेर हेर्नुपर्ने देखिन्छ।

नेपालमा वन क्षेत्रको दिगो व्यवस्थापन गरी वन उद्यमहरू सञ्चालन गरेर नेपालको अर्थतन्त्रमा चमत्कारिक ढङ्गले कायापलट ल्याउन सकिन्छ। नेपालको वन क्षेत्र र सामुदायिक वनहरूमा माथि चर्चा गरिए अनुसारका वन उद्यमहरू सञ्चालन गरियो भने थप पचास साठी लाख हरित रोजगारी सिर्जना गर्न सकिन्छ। राष्ट्रिय उत्पादनलाई वद्धि गरेर आयात प्रतिस्थापन गर्दै निर्यात प्रवर्द्धन गर्न सकिन्छ। नेपालको वर्तमान व्यापार घाटाको अन्त्य गरी नाफामा अन्तरराष्ट्रिय व्यापार सञ्चालन गर्न सकिन्छ। तर यसका लागि उपयुक्त वातावरण, लगानी, प्रविधि र नीतिगत व्यवस्थाको आवश्यकता पर्दछ।

यदि यी कुराहरू अनुकूल हुने हो भने वन उद्यमहरूको विकासबाट आगामी दश वर्षमा हरेक नेपालीको औसत प्रतिव्यक्ति वार्षिक आय चार हजारदेखि पाँच हजार अमेरिकी डलरसम्म पुऱ्याउन सकिन्छ। राष्ट्रिय आम्दानी दोहोरो अङ्कमा वृद्धि गर्न सकिन्छ। यसरी वन स्रोतको दिगो व्यवस्थापनबाट हरित वन उद्यमहरूको विकास र सञ्चालन गरि दिगो र आत्मनिर्भर अर्थतन्त्रको विकास गर्न सकिन्छ। दिगो अर्थतन्त्रको विकासले राजनीतिक स्थिरता, शान्ति र लोकतान्त्रिक गणतन्त्र बलियो हुन्छ। राष्ट्रिय समृद्धि हुन्छ र हामी सबै नेपालीले आर्थिक लोकतन्त्रको रूपमा संसारमा चिनिने छौं।

त्यसैले नेपालको हरियो वन र सामुदायिक वनलाई निरन्तर रूपैयाँ निकाली रहने धनयन्त्र बनाउनका लागि वनको दिगो व्यवस्थापन र वन उद्यम सञ्चालन र विकासमा आजैदेखि लाग्नु पर्दछ। दिगो वन व्यवस्थापनलाई धनयन्त्र बनाउनका लागि आइपर्ने सबै बाधा व्यवधानहरूलाई समुदाय, निजी क्षेत्र, सरकार, र सबै सरोकारवालाहरूको सहकार्य आवश्यक छ। यसकारण समृद्ध राष्ट्र निर्माणका लागि प्राकृतिक स्रोतको दिगो व्यवस्थापन र वन उद्यम विकासका लागि हामी सबैले सहकार्य, सहमति र सफलतामय यात्राको प्रारम्भ गरौं र हरियो वनलाई दिगो धनयन्त्र बनाऔं।

# कोशी पहाडी जिल्लाहरूमा नेपाली हाते कागज उत्पादनः
## *वर्तमान अवस्था, चुनौती र सम्भावनाहरू*

✍ जैलबकुमार राई[1], कृष्ण ढुङ्गाना[2], उत्तरकुमार राई[3], इन्द्रकिशान राई[4]

### १. पृष्ठभूमि

लोक्ता तथा अर्घेलीको उपलब्धता तथा उत्पादनको हिसाबले कोशी पहाडी क्षेत्रमा रहेका चार जिल्लाहरू (धनकुटा, तेह्रथुम, भोजपुर र सङ्खुवासभा) को हावापानी, भूगोल तथा पर्यावरणीय अवस्था उपयुक्त मानिन्छ । नेपाली हाते कागज उत्पादनको विगत तथा वर्तमान अवस्थाका हिसाबले पनि यस क्षेत्रका जिल्लाहरू उपयुक्त रहेको देखिन्छ (Dutta 1994, DVN and NORMS 2013) । अर्कोतिर हाल सामुदायिक वन समुहहरूले आफ्नो वन क्षेत्रमा भएको स्रोतका माध्यमबाट वन उद्यमको विकास गर्ने प्रयासहरूले पनि हाते कागज उद्योगको महत्त्वलाई पुष्टि गरेको छ (Ojha et al. 2000) । त्यसैगरी वन व्यवस्थापनको क्षेत्रमा वन उद्यम विस्तारै सबैको प्राथमिक विषयका रूपमा विकास हुँदै गएको छ (Paudel 2012) । अध्ययनहरूले पनि गैरकाष्ठ वन पैदावारको उत्पादनले ग्रामीण जीविकोपार्जनमा महत्वपूर्ण योगदान पुऱ्याएको कुरा देखाएका छन् (Pyakurel and Baniya 2011) । जसले गर्दा नेपाली हाते कागज उत्पादनको महत्वलाई बिस्तारै स्थापित हुन थालेको छ ।

उपलब्ध तथ्याङ्कका अनुसार कोशी पहाडी क्षेत्रका चार वटै जिल्लाहरू हाते कागज उत्पादन हुने वा गर्न सकिने जिल्लाका रूपमा देखिन्छ (MoFSC 2060-2070) । यद्यपि धनकुटा जिल्लामा नेपाली हाते कागज उत्पादन गर्ने कुनै पनि उद्योगहरू नभएको तथ्याङ्क छ । बाँकी तीन जिल्लाहरूमा उत्पादन तथा सङ्कलन भएको लोक्ता तथा अर्घेलीबाट यस क्षेत्रमा के कति कागज उत्पादन हुन्छन् र ती उत्पादित कागजले स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा के कति योगदान पुऱ्याइरहेका छन् भन्ने कुराको अहिलेसम्म यकिन तथ्याङ्क छैन र उक्त कुराको मिहीन विश्लेषण पनि हुन सकेको छैन । यस लेखमा हाल धनकुटा बाहेक अन्य तीन वटा जिल्लाहरूमा रहेका नेपाली हाते कागज उत्पादन गर्ने उद्योगहरूले वि.सं. २०५१ देखि अहिलेसम्म उत्पादन गरेका हाते कागजको अवस्था, चुनौती तथा सम्भावनाहरूका बारेमा व्याख्या तथा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

यो लेख कोशी पहाडी जिल्लाहरूमा बहुसरोकारवाला वन कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा पहिचान गरिएका हाते कागज उत्पादन गर्ने उद्योगहरूको स्थलगत भ्रमण, ती उद्योगका उद्यमी र व्यवस्थापकहरूसँगको छलफल तथा अन्तरक्रिया, ती उद्यमहरू मध्ये केही उद्योगहरूलाई बहुसरोकारवाला वन कार्यक्रमका तर्फबाट सहयोग गर्ने क्रममा भएको सिकाइ तथा अनुभवका आधारमा तयार गरिएको छ । यसको अलावा यी तीन जिल्लाहरूमा हाल सञ्चालित हाते कागज उद्योगहरूको स्थापनादेखि अहिले सम्ममा उत्पादन गरेका हाते कागजको परिमाण तथा त्यसले स्थानीय तथा राष्ट्रिय स्तरमा पुऱ्याएको आर्थिक तथा रोजगारी सिर्जना गर्ने कामको योगदानलाई पनि अनुमान गर्ने प्रयास गरिएको छ । साथै ती तीन जिल्लाका उत्पादक तथा उनीहरूले उत्पादन गर्ने कागजको खरिदकर्ताहरू बीचको छलफल र अन्तरक्रियाका साथै काठमाडौंमा रहेका केही राष्ट्रिय उद्यमीहरूको उद्योगको स्थलगत भ्रमण र अन्तरक्रियाबाट भएको सिकाइलाई पनि यस लेखमा समेटिएको छ । उल्लेखित विधिबाट प्राप्त तथ्याङ्कहरूको विश्लेषणलाई अझ बढी सान्दर्भिक

१ लेखक त्रिभुवन विश्व विद्यालय समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभागमा अध्यापन गराउनुका साथै फरेष्टएक्सन नेपालमा अनुसन्धानकर्ताका रूपमा कार्यरत छन् ।

२ लेखक बहुसरोकारवाला वन कार्यक्रम लट एक अन्तर्गत तेह्रथुम जिल्लामा सञ्चालन भइरहेको कार्यक्रममा आरआरएनका तर्फबाट कार्यक्रम अधिकृतका रूपमा कार्यरत छन् ।

३ लेखक बहुसरोकारवाला वन कार्यक्रम लट एक अन्तर्गत भोजपुर जिल्लामा सञ्चालन भइरहेको कार्यक्रममा स्थानीय संस्था हिहर्लडमा कार्यरत छन् ।

४ लेखक बहुसरोकारवाला वन कार्यक्रम लट एक अन्तर्गत सङ्खुवासभा जिल्लामा सञ्चालन भइरहेको कार्यक्रममा स्थानीय संस्था सोडेक नेपालमा कार्यरत छन् ।


बनाउनका लागि केही राष्ट्रिय तथा जिल्लास्तरका उपलब्ध द्वितीय तथ्याङ्कहरूलाई पनि विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## २. नेपाली हाते कागज उत्पादनका लागि कच्चा पदार्थ सङ्कलनको राष्ट्रिय अवस्था

नेपाली हाते कागज उत्पादन र उत्पादित विभिन्न बस्तुहरूको राष्ट्रिय-अन्तर्राष्ट्रिय बजारीकरणबाट के कति लाभ/आम्दानी भएको छ भन्ने कुराको यकिन तथ्याङ्कहरूको विश्लेषण यस लेखमा समावेश गर्न सकिएको छैन । यद्यपि, नेपाली कागज बनाउन प्रयोग हुने कच्चा पदार्थ (लोम्ता र अर्घेली) को उपलब्धता हुन सक्ने भौगोलिक अवस्थाको आधारमा हेर्दा नेपालका ७५ जिल्लाहरू मध्ये १५०० देखि ३५०० मिटरको उचाइमा रहेको भू-क्षेत्रहरू अन्तर्गत ४० वटाभन्दा बढी जिल्लाहरू पर्दछन् । यसको अर्थ नेपालको भू–बनौटलाई हेर्दा सुदूरपूर्वको इलाम, पाँचथर र ताप्लेजुङदेखि लिएर सुदूरपश्चिमको बैतडी, दार्चुला र हुम्लासम्म फैलिएर रहेका सबै हिमाली जिल्लाहरू र धेरैजसो पहाडी जिल्लाहरूमा रहेका वन क्षेत्रहरूमा लोक्ता र अर्घेली पाइने सम्भावना देखिन्छ । कच्चा पदार्थको उपलब्धता हुनु भनेको कुनै न कुनै रूपमा नेपाली हाते कागज उत्पादन गर्ने सम्भावना हुनु हो ।

अर्कोतिर नेपालको हिमाली तथा पहाडी भेगमा रहेका प्रायः सबै जिल्लाहरूमा धेरथोरको सङ्ख्यामा नेपाली हाते कागज उत्पादन गर्ने व्यक्ति वा समूह अथवा उद्योगहरू सञ्चालित भइरहेको देखिन्छ । जस्तै :– वन विभागको वन पैदावार बिक्री वितरण तथा राजस्व सङ्कलनको विवरण वा तथ्याङ्क हेर्दा पनि करिब ३० वटा जिल्लाका जिल्ला वन कार्यालयहरूले लोक्ता तथा अर्घेलीको सङ्कलन तथा बिक्रीबाट राजस्व सङ्कलन गरेको देखिन्छ । यसको अर्थ के हो भने ती जिल्लाहरूमा रहेको राष्ट्रिय तथा निजी वनहरूबाट लोम्ता तथा अर्घेली उत्पादन तथा कच्चा पदार्थ बिक्री वितरण हुन्छ भन्ने अनुमान गर्न सकिन्छ ।

**चित्र १: विगत एघार वर्षभित्र नेपालमा सङ्कलन भएको लोक्ता तथा अर्घेलीको मात्रा**





स्रोत : वन विभाग, २०६० देखि २०७०

वन विभागबाट प्रकाशित विगत १० वर्षभित्र भएको लोक्ता सङ्कलनको तथ्याङ्क हेर्दा प्रत्येक वर्ष यसको परिणाम विस्तारै घट्दै गई दश वर्षको बीचमा करिब १० गुणा नै कम भएको देखिन्छ । लोक्ताको परिमाण घट्नुको पछाडि केही कारणहरू छन् । पहिलो, सम्भावित कारण भनेको पहिलेका राष्ट्रिय वनहरू, जहाँबाट लोक्ता सङ्कलन गरी बिक्री गर्दा सम्बन्धित जिल्लाको जिल्ला वन कार्यालयलाई तोकिएको राजस्व तिर्नुपर्ने हुँदा सङ्कलित उक्त लोक्ताको परिमाण सरकारी तथ्याङ्कमा देखिन्थ्यो । तर वनहरू विस्तारै सामुदायिक वनको रूपमा हस्तान्तरण हुँदै गएपछि सङ्कलन तथा बिक्री भएको लोक्ताको राजस्व वन कार्यालयमा तिर्न नपर्ने हुनाले सरकारी तथ्याङ्क घटेको हुनु पर्दछ । दोस्रो, लोक्ताको सङ्कलन अव्यवस्थित रूपमा हुँदै गएपछि यसको उत्पादन नै घटेको हुन सक्दछ । तेस्रो, लोक्ताको कागजको व्यापार तथा व्यवसाय बढ्दै गएपछि सङ्कलन भएका लोक्ता पनि अवैधानिक रूपमा बेचविखन हुने अभ्यास बढेको हुन सक्दछ । र चौथो, स्थानीय स्तरमा उपलब्ध कच्चा

पदार्थलाई स्थानीय समुदाय आफैंले सङ्कलन गरी कागज उत्पादन गर्न थालेपछि उक्त कच्चा पदार्थको राजस्व उत्पादित कागजको रूपमा जिल्ला विकास समितिमार्फत तिरिएको कारण जिल्ला वन कार्यलयको तथ्याङ्कमा लोक्ताको परिमाण घटेको हुनुपर्दछ ।

अर्घेलीको सङ्कलनको मात्रा बढ्दै जानुको मुख्य कारण लोक्ताको उत्पादन र परिमाण घट्दै गएपछि अर्घेली मिसाएर कागज उत्पादन गर्न थालिनु हो । त्यस्तैगरी लोक्ताको तुलनामा निजी जग्गाहरूमा पनि अर्घेली सजिलै खेती गरी उत्पादन गर्न सकिने, यसलाई गाईवस्तुले खाएर नष्ट गर्न नसक्ने, परिपक्व भएको अर्घेली काटेपछि पनि बाँकी रहेको जरा वा ठूटाबाट फेरि अरू हाँगाहरू सजिलै पलाउने, लोक्ताको तुलनामा चाँडै परिपक्व हुने र लोक्ताको तुलनामा कम उचाइ भएका ठाउँहरूमा पनि अर्घेली खेती हुनु जस्ता कारणहरूले गर्दा अर्घेली उत्पादनको परिणाम बढेको हुनु पर्दछ । लोक्ता परिपक्व हुन कम्तीमा सात वर्ष लाग्छ भने अर्घेली सामान्यतया ४ वर्षमा नै परिपक्व हुन्छ र सामान्यतया १५०० मिटरदेखि नै यसको खेती गर्न सकिन्छ । यही विशेषताहरूले गर्दा लोक्ता पाइने ठाउँका वा क्षेत्रका कृषकहरूले अर्घेलीको खेती गर्न थालेको देखिन्छ । अझ महत्त्वपूर्ण कुरा भनेको त अर्घेली निजी जग्गामा नै लगाई आफूलाई सहज हुने बेला र समयमा सङ्कलन गरी आफ्नो निजी आम्दानी गर्न सहज हुने हुनाले यसको खेती र उत्पादन बढेको हो । जसले गर्दा अर्घेलीको उत्पादन गरेपछि कृषकले जिल्ला वन कार्यालयमा निर्धारित राजस्व तिर्नु नपर्ने हुनाले पनि यसको उत्पादनको परिमाण बढेको हो । अर्घेलीको सङ्कलनको परिणाम विगत १० वर्षभित्र ३ गुणाभन्दा बढीले वृद्धि भएको देखिन्छ । त्यसमा पनि तुलनात्मक रूपमा पूर्वाञ्चलका जिल्लाहरूमा बढिरहेको देखिन्छ । यसरी पूर्वाञ्चलबाट अर्घेलीको सङ्कलन बढ्दै गई विस्तारै मध्यमाञ्चलतिर बढ्दै जानुको विशेष कारण छ । अर्घेलीको उत्पादन बढ्दै जानुका चार प्रमुख कारणहरू छन् । पहिलो, लोक्ता उत्पादनको मात्रा घट्दै गए पछि हाते कागज उत्पादकहरूले यसको विकल्पका रूपमा अर्घेलीको प्रयोग गर्न थाल्नु हो । दोस्रो, बढीमा ४० प्रतिशतसम्म अर्घेलीलाई लोक्तासँग मिसाएर बनाएको कागज बजारमा सजिलै गरी बिक्री हुन्छ । तेस्रो, नेपाली हाते कागजको माग राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा राम्रो रहेको छ । चौथो, अर्घेलीको उत्पादन सजिलैसँग हुनु र धेरै ठाउँहरूमा अर्घेलीको वृक्षारोपण तथा खेती गरिनु पनि हो ।

**चित्र २: पाँच विकास क्षेत्रमा विगत एघार वर्षमा सङ्कलन भएको लोक्ताको मात्रा**





स्रोत : वन विभाग, २०६० देखि २०७०

पाँच विकास क्षेत्रहरूमा भएको लोक्ता तथा अर्घेलीको उत्पादन तथा सङ्कलनको परिमाणलाई हेर्दा पूर्वाञ्चल र मध्यमाञ्चल क्षेत्रमा तुलनात्मक रूपमा बढी, पश्चिमाञ्चलमा केही कम र बाँकी दुई वटा विकास क्षेत्रहरूमा निकै कम रहेको देखिन्छ । समग्रमा भन्नुपर्दा लोक्ताको सङ्कलन तथा बिक्री वितरण पाँचै विकास क्षेत्रहरूमा क्रमिक रूपमा घट्दै गएको कुरा तथ्यङ्कले देखाएको छ । केही विकास क्षेत्रहरूमा यसको मात्रा कुनै वर्ष बढेको र कुनै वर्ष घटेको कुरा स्पष्ट देखिन्छ । नेपालका पाँच विकास क्षेत्रहरूमा लोक्ताको सङ्कलन तथा उत्पादनको तथ्याङ्कबाट कोशी पहाडी जिल्लाहरूमा उत्पादनको मात्रामा भएको घटबढको अवस्था तथा अन्य

विकास क्षेत्रहरूमा भएको मात्रासँग तुलना गरेर विश्लेषण गर्न सजिलो हुन्छ। पूर्वाञ्चल विकास क्षेत्रमा भएको घटबढको अवस्था हेर्दा यस क्षेत्रमा बीचका केही वर्षहरूमा (विशेष गरी आर्थिक वर्ष २०६१/६२) मा निकै बढेको र विगत दुई तीन वर्षहरूमा आइपुग्दा यसको मात्रा निकै कम भएको देखिन्छ। यसले के सङ्केत गर्दछ भने नेपालको कोशी पहाडी जिल्लाहरूमा लोक्ता उत्पादन तथा सङ्कलनको अवस्था तुलनात्मक रूपमा बढी खस्कदै गएको छ।


**चित्र ३: पाँच विकास क्षेत्रहरूमा विगत एघार वर्षमा सङ्कलन भएको अर्घेलीको मात्रा**




स्रोत : वन विभाग, २०६० देखि २०७०

सामान्यतया लोक्ताबाट नेपाली कागज बनाइने इतिहास पूर्वाञ्चल र मध्यमाञ्चलका जिल्लाहरूमा व्यापक भएको कुरा स्थानीय तथा राष्ट्रिय स्तरका उद्यमीहरू बताउँछन्। यसका धेरै कारणहरू मध्ये मुख्य कारणहरू यसप्रकार छन् :– पहिलो, पूर्वाञ्चल तथा मध्यमाञ्चल क्षेत्रहरू यातायात तथा उत्पादित वस्तुहरूको बजारीकरणका हिसाबले अन्य क्षेत्रहरू भन्दा सुगम भएका कारण उद्योगहरूको सङ्ख्या बढी हुनु पर्दछ, जसले गर्दा उपलब्ध कच्चा पदार्थको प्रयोग तथा माग उच्च भई अर्घेलीको प्रयोग तुलनात्मक रूपमा बढी हुनु पर्दछ। दोस्रो, भौगोलिक बनावट र हावापानीको हिसाबले पनि यी क्षेत्रहरू अन्य क्षेत्रहरू भन्दा अर्घेली खेती तथा उत्पादन गर्नका लागि उचित तथा योग्य हुनु पर्दछ। तेस्रो, यस क्षेत्रमा नेपाली हाते कागज उद्योगहरूको सङ्ख्या बढी हुनु र कच्चा पदार्थको अभाव बढ्दै गएको कारण अर्घेलीको खेती, उत्पादन, सङ्कलन तथा प्रयोगमा वृद्धि भएको हुनु पर्दछ। यसको अलावा हाल नेपाली बजारका उपभोक्ताहरूलाई लक्षित गरी बाबियो, केरा र अलैचीको डाँठ जस्ता अन्य पदार्थहरू लोक्तासँग मिलाएर कागज बनाउने प्रविधिको विकास र अभ्यास पूर्व र मध्यमाञ्चलका थुप्रै ठाउँहरूमा हुन थालेको कुरा यही अध्ययनको सिलसिलामा अवलोकन गरिएको थियो।


## चित्र ४: विगत एघार वर्षमा सङ्कलन भएको लोक्ताको जिल्लागत परिमाण




स्रोत : वन विभाग, २०६० देखि २०७०

नेपालमा कुन कुन जिल्लामा कति परिमाणमा लोक्ता तथा अर्घेलीहरू उत्पादन हुन्छ भन्ने  यकिन तथ्याङ्क यस लेखमा  उल्लेख गर्न नसकिए पनि नेपाल सरकारको वन विभागले तयार गरेको विगत १० वर्षको तथ्याङ्कलाई हेर्दा कूल ३२ वटा जिल्लाहरूमा लोक्ता सङ्कलन भएको देखिन्छ। र ती जिल्लाहरू मध्ये परिमाणको हिसाबले बाग्लुङ जिल्लामा सबैभन्दा बढी सङ्कलन भएको छ भने प्युठान जिल्ला सबैभन्दा कम सङ्कलन गर्नेमा परेको छ।

## चित्र ५: विगत एघार वर्षभित्र सङ्कलन भएको अर्घेलीको जिल्लागत परिमाणहरू





स्रोत : वन विभाग, २०६० देखि २०७०

वन विभागको विगत १० वर्षको तथ्याङ्कलाई हेर्दा नेपालभरि कूल १३ वटा जिल्लाहरूमा मात्रै अर्घेलीको सङ्कलन तथा बिक्री वितरण भएको देखाएको छ। सङ्कलन भएको परिमाणको हिसाबले दोलखा जिल्लामा सबैभन्दा बढी परिमाण सङ्कलन भएको देखिन्छ भने जाजरकोटमा सबैभन्दा कम ङ्कलन भएको देखिन्छ।

उत्पादन, सङ्कलन तथा बिक्री वितरण भएको लोक्ता र अर्घेलीबाट सङ्कलन भएको राजस्वको अध्ययन अर्को चासोको विषय बन्न सक्दछ। यद्यपि यस लेखमा यो पक्षको यथेष्ट विश्लेषण भने गरिएको छैन। वन विभागले प्रकाशन गरेको तथ्याङ्कलाई हेर्दा सङ्कलित राजस्वले राष्ट्रिय अर्थतन्त्रमा राम्रै योगदान पुऱ्याएको अनुमान

लगाउन सकिन्छ। यद्यपि, सङ्कलित राजस्वको मात्रा भने अपेक्षा अनुसार वृद्धि हुन सकेको देखिदैन। तर विगत दश वर्षभित्र सङ्कलन भएको राजस्वको मात्रालाई हेर्दा लोक्ताबाट सङ्कलन भएको राजस्वको मात्रा प्रत्येक वर्ष घट्दै गए पनि अर्घेलीबाट सङ्कलन भएको राजस्वको मात्रा चाहिँ थोरै भए पनि बढ्दै गएको देखिन्छ।

**चित्र ६: विगत एघार वर्षमा लोक्ता र अर्घेलीको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रा**




स्रोत : वन विभाग, २०६० देखि २०७०

लोक्ता तथा अर्घेलीबाट सङ्कलन हुने कूल राजस्वको मात्रा क्रमिक रूपमा घटदै गएको तथ्याङ्कले नेपालमा लोक्ता तथा अर्घेलीको उत्पादन तथा सङ्कलन घटेको हो कि राजस्व मात्रै घटेको हो भन्ने प्रश्न जन्माएको छ। स्थानीय स्तरका हाते कागज उत्पादक तथा राष्ट्रिय स्तरका उद्योमीहरूसँगको छलफलका आधारमा भन्नुपर्दा नेपालमा हाते कागज उत्पादनको मात्रा घटेको छैन तर लोक्तामा अर्घेली, बाबियो र केराको डाँठ प्रयोग गरी कागज बनाउने प्रचलन भने विस्तार बढ्दै गएको छ। यस्तै गरी कोशी पहाडी क्षेत्रका तीन जिल्लाहरूमा सञ्चालित हाते कागज उत्पादन गर्ने उद्योगको सङ्ख्या तथा उत्पादनको मात्रालाई हेर्दा पनि नेपालमा हाते कागजको उत्पादनको मात्रा घटेको होइन भन्ने अनुमान गर्न सकिन्छ।

यसरी लोक्ता तथा अर्घेलीबाट सङ्कलन हुने राजस्व घट्नुले केही गम्भीर प्रश्नहरू जन्माएको छ। पहिलो प्रश्न, हाते कागजको उत्पदनबाट राष्ट्रिय राजस्व किन घटेको हो ? दोस्रो, राष्ट्रिय राजस्वमा योगदान बढ्न नसक्ने उद्योगको राष्ट्रिय महत्व के छ ? तेस्रो, हाते कागजको उत्पादन, व्यापार, तथा व्यवसाय बढ्दै जाँदा यसले राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याउने योगदानलाई कसरी बढाउने ? चौथो, के लोक्ता तथा अर्घेली सङ्कलनबाट उठ्ने राजस्वमा वृद्धि नभए पनि यसले स्थानीय अर्थतन्त्रमा योगदान पुऱ्याइरहेको छ ? पाँचौ, यदि छ भने उक्त योगदानलाई कसरी सार्वजनिक बनाउन सकिन्छ ? यस लेखमा यी सबै प्रश्नहरूको उत्तर दिन नसकिए पनि केही प्रश्नहरूको उत्तर भने कोशी पहाडी जिल्लाहरूमा भएको हाते कागज उत्पादनको अवस्थाबाट अनुमान गर्न सकिने छ।

नेपाली हाते कागजको उत्पादन राष्ट्रिय अर्थतन्त्रको हिसाबले पनि महत्वपूर्ण भएको कुरा काठमाडौं उपत्यकाभित्र दर्जनौंको सङ्ख्यामा रहेका उद्योगहरूले पनि सङ्केत गर्दछ। काठमाडौं उपत्यकाभित्र रहेका उद्योगहरूमध्ये केही उद्योगहरूको अवलोकन तथा उद्योगीहरूसँगको अन्तरक्रियालाई आधार मान्दा प्रायः सबै उद्योगीहरूले आफ्नो व्यवसाय सफल भएको कुरा बताउँछन्। राष्ट्रिय स्तरका यी उद्योगीहरूले अनेक प्रकारका वस्तुहरू (जस्तै :– डायरी, विभिन्न आकार प्रकारका बाकसहरू, बत्तीका सेटहरू, विभिन्न प्रकारका उपहारका वस्तुहरू, सजावटका सामग्रीहरू, कार्डहरू) बनाउने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्दै आएका छन्। उनीहरूले सयौं व्यक्तिहरूलाई आफ्नो उद्योगहरूमा रोजगारी पनि दिएका छन्। यी उद्योगी तथा व्यापारीहरूले नेपाली हाते कागजबाट बनाएका विभिन्न प्रकारका वस्तुहरू

काठमाडौंको ठमेल, असन, लाजिम्पाट तथा कुपण्डोलका पसलहरूमा जतातत्तै देख्न सकिन्छ । त्यस्तै गरी अर्को महत्वपूर्ण पक्ष नेपाली सरकारी कामकाजका लागि नेपाली हाते कागज अनिवार्य हुनु पनि हो । यसकारण नेपाली हाते कागजको उत्पादनले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको कुरामा कुनै दुई मत छैन । तर यसको अन्तिम मूल्यलाई[५] विश्लेषण गर्दा स्थानीय उत्पादक तथा कृषकहरूले तुलनात्मक रूपमा पाउन सक्ने फाइदा चाहिँ पाउन सकेको देखिदैन । यसको अर्थ नेपाली हाते कागजबाट उत्पादन भएका वस्तुहरूको अन्तिम मूल्यले राष्ट्रिय स्तरका ठूला व्यापारी, उद्यमी, राष्ट्रिय उद्यमी तथा स्थानीय उत्पादकहरूका बीच मध्यस्थता गर्ने व्यक्ति, उत्पादित वस्तु अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्ने निर्यातकर्ताहरू र होलसेलरहरूले बढी फाइदा लिइरहेका छन् (ANSAB 2009)।


यद्यपि, नेपाली हाते कागजको उत्पादन, ती कागजबाट निर्माण हुने अन्य वस्तुहरूको मात्रा तथा देशको विभिन्न ठाउँहरूमा भएको हाते कागजसँग सम्बन्धित उद्योग तथा उद्यमीहरूको उत्पादन, बिक्री वितरण तथा बजारीकरणको अवस्था हेर्दा हाते कागजको उत्पादनलाई नेपालको एक महत्वपूर्ण उद्योगका रूपमा लिन सकिन्छ। तर यी उद्योग तथा उद्यमीहरूको दीर्घकालीनताका लागि विभिन्न चुनौतीहरू छन् । ती चुनौतीहरूको पहिचान गरी समयमै सही कदम नचाल्ने हो भने यी उद्योगहरूको भविष्य समस्याग्रस्त हुन सक्दछ। जस्तै :– यस्ता उद्योग वा उत्पादन समूहहरूले कच्चा पदार्थ कहाँबाट प्राप्त गर्दछन् र उक्त कच्चा पदार्थको उत्पादनको दीर्घकालीनताका लागि कुनै लगानी गरिएको छ कि छैन भन्ने कुरा निकै महत्वपूर्ण छ । यद्यपि, यी विषयहरूका बारेमा यस लेखले चर्चा गर्न सकेको छैन ।

## ३. कोशी पहाडी जिल्लाहरूमा नेपाली हाते कागज उत्पादनको अवस्था

### क) कच्चा पदार्थ उत्पादनको अवस्था

कोशी पहाडी जिल्लाको हावापानी, भौगोलिक तथा पर्यावरणीय अवस्था लोक्ता तथा अर्घेली उत्पादनका हिसाबले राम्रो मानिन्छ । तर वन विभागले प्रकाशन गरेको तथ्याङ्क अनुसार यी जिल्लाहरूमा लोक्ता तथा अर्घेली सङ्कलन तथा बिक्री वितरणको परिमाण निकै कम भएको देखिन्छ। उक्त तथ्याङ्कलाई हेर्दा कोशी पहाडी जिल्लाहरूमा के लोक्ता र अर्घेली उत्पादन तथा सङ्कलन नै नहुने हो त भन्ने प्रश्न उठ्दछ। तर अभ्यासमा हेर्दा यी चार वटा जिल्लाहरू मध्ये धनकुटा बाहेक अन्य जिल्लाहरूमा नगन्य मात्रामा लोक्ता र अर्घेली सङ्कलन भई ठूलो मात्रामा नेपाली हाते कागज उत्पादन भइरहेको देखिन्छ।

**चित्र ७: कोशी पहाडी जिल्लाहरूमा विगत एघार वर्षमा बिक्री वितरण भएको लोक्ताको परिमाण**





स्रोत : वन विभाग, २०६० देखि २०७०

५ हाते कागजबाट बनेका अन्य समान वा वस्तुहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्दाको मूल्यलाई यस लेखमा अन्तिम मूल्य भनिएको हो ।

चित्र ७ मा भएको तथ्याङ्कले कोशी पहाडी चार जिल्लाहरू मध्ये भोजपुर बाहेक अन्य तीन जिल्लाहरूमा विगत एघार वर्षभित्र लोक्ताको उत्पादन, सङ्कलन तथा बिक्री वितरण भएको देखिन्छ। विगत एघार वर्षको कूल तथ्याङ्कलाई तुलनात्मक रूपमा हेर्दा यी तीन जिल्लाहरू मध्ये पनि तेह्रथुम जिल्लामा बढी सङ्कलन तथा बिक्री वितरण भएको देखिन्छ। तर अध्ययन गर्ने सिलसिलामा अवलोकन गरिएको उद्योगहरूको सङ्ख्या, अवस्था तथा उत्पादकहरूसँगको छलफल र अन्तरक्रियालाई आधार मान्दा उक्त तथ्याङ्क वास्तविकताभन्दा फरक भएको अनुमान हुन्छ। जस्तैः– उपलब्ध तथ्याकङ्ले भोजपुर जिल्लामा लोक्ताको सङ्कलन तथा बिक्री वितरण पूर्ण रूपमा शून्य भएको देखाउनु, धनकुटा जिल्लामा बिक्री वितरणको मात्रा देखाउनु र तेह्रथुम जिल्लामा तुलनात्मक रूपमा बढी सङ्कलन हुनु वास्तविकता भन्दा फरक छ। त्यसैगरी वन विभागको तथ्याङ्कले अर्घेली उत्पादनको अवस्थालाई पनि अध्ययनको क्रममा अवलोकन गरिएको अवस्था भन्दा फरक देखाएको छ।

**चित्र ८: कोशी पहाडी जिल्लाहरूमा विगत एघार वर्षमा बिक्री वितरण भएको अर्घेलीको परिमाण**




स्रोत : वन विभाग, २०६० देखि २०७०

चित्र ८ अनुसार कोशी पहाडी चार जिल्लाहरूमध्ये सङ्खुवासभा र तेह्रथुममा मात्रै अर्घेलीको सङ्कलन तथा बिक्री वितरण भएको देखिन्छ जुन कुरा अध्ययन गर्ने सिलसिलामा अवलोकन गरिएको अवस्था भन्दा फरक छ। जस्तै :– भोजपुर जिल्लामा रहेका हाते कागज उत्पादन गर्ने उद्योगहरूको स्थलगत अध्ययन, अवलोकन तथा अन्तरक्रिया गर्दा यस जिल्लामा ठूलै परिमाणमा अर्घेलीको उत्पादन, सङ्कलन तथा बिक्री वितरण भएको कुरा अनुमान गर्न सकिन्छ। यसको अलावा तथ्याङ्कमा देखिएको सङ्कलित तथा बिक्री वितरण भएको अर्घेलीको मात्रा पनि वास्तविकता भन्दा निकै कम भएको देखिन्छ। किनभने कोशी पहाडी जिल्लाहरूमा हाल सञ्चालित नेपाली हाते कागज उद्योगहरूको सङ्ख्या, ती उद्योगहरूबाट उत्पादन भएको कागजको मात्रा र उत्पादकहरूको भनाइलाई विश्लेषण गर्दा उपलब्ध तथ्याङ्क भन्दा कैयौं गुणा बढी लोक्ता तथा अर्घेली कोशी पहाडी जिल्लाहरूमा सङ्कलन तथा बिक्री वितरण भएको कुरा प्रस्टै अनुमान गर्न सकिन्छ। यसकारण सरकारी तथ्याङ्क र कागज उत्पादकहरूबाट सङ्कलन गरिएको तथ्याङ्कहरूका बीच भएको अन्तरले हाते कागज उत्पादन भएर पनि किन कोशी पहाडी जिल्लाहरूमा लोक्ता तथा अर्घेली सङ्कलन तथा बिक्री वितरणको तथ्याङ्क नआएको हो वा कम भएको हो भन्ने प्रश्न जन्माएको छ।

### ख) हाते कागज उत्पादनको अवस्था

कोशी पहाडी जिल्लाहरूमा नेपाली हाते कागज उत्पादन गर्ने उद्योगहरूको सङ्ख्या सुरुआतबाट हालसम्म हेर्दा विगत दश वर्षभित्र विस्तारै बढ्दै गएको देखिन्छ। बहुसरोकारवाला वन कार्यक्रम सञ्चालन भइरहेका चारवटा जिल्लाहरूमा हाल सञ्चालनरत नेपाली हाते कागजहरूको खोजी गर्दा कोशी पहाडी जिल्लाहरूमा कूल १३ वटा कागज उत्पादन गर्ने उद्योगहरू विभिन्न ठाउँहरूमा रहेको सामान्य तथ्याङ्क भेटिएको छ। ती उद्योगहरू कुनै भर्खरै स्थापना भएका छन् भने कुनै उद्योगहरू धेरै वर्ष पहिले स्थापना भएका छन्। ती

उद्योगहरूको उत्पादन गर्ने परिणाम, उद्योगको संरचना र कच्चा पदार्थको स्रोतहरूको अवस्था पनि समान छैन । यद्यपि प्रायः सबै उद्योगहरूले उत्पादन गर्ने कागजको बजार चाहिँ काठमाडौं नै रहेको छ । यी उद्योगहरूले उत्पादन गर्ने कागज काठमाडौंमा रहेका विभिन्न व्यापारीहरूको माध्यमबाट बिक्री वितरण हुँदै आएको छ । यी उद्योगहरू मध्ये बहुसङ्ख्यक उद्योगहरूले लोक्ता र अर्घेली मिसाएर कागज उत्पादन गर्दै आएका छन् भने केही उद्योगहरूले चाहिँ शुद्ध लोक्ताको मात्रै पनि बनाउने गरेका छन् । साथै यी उद्योगहरू मध्ये सङ्खुवासभाको तामाफोक गाविसमा रहेको एक उद्योगले चाहिँ विगत दुई तीन वर्षदेखि लोक्तामा बाबियो पनि मिसाएर कागज उत्पादन गर्न थालेको छ ।

कागज उत्पादनको सुरुआत तथा स्थापनाको मितिका हिसाबले सबैभन्दा पुरानो उद्योग विक्रम संवत २०४६ मा स्थापना भएको देखिन्छ भने सबैभन्दा नयाँ चाहिँ गत आर्थिक वर्ष २०७१ मा स्थापना भएको छ । र, हाल सञ्चालित उद्योगको सङ्ख्याको हिसाबले भोजपुर जिल्लामा सबैभन्दा बढी उद्योगहरू सञ्चालित छन् भने सबैभन्दा कम तेह्रथुम जिल्लामा रहेका छ ।

**तालिका १: कोशी पहाडी जिल्लाहरूमा हाल सञ्चालित नेपाली हाते कागज उद्योगहरूको स्थापनाको क्रम**

| | २०६० अघि | २०६१ | २०६२ | २०६३ | २०६४ | २०६५ | २०६६ | २०६७ | २०६८ | २०६९ | २०७० | २०७१ | **कूल** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तेह्रथुम | १ | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | २ |
| सङ्खुवासभा | २ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ५ |
| भोजपुर | ० | ० | ० | ० | ० | ३ | ० | १ | ० | २ | ० | ० | ६ |
| **कूल** | ३ | ० | २ | ० | ० | ३ | ० | २ | ० | २ | ० | १ | १३ |

स्रोतः सम्बन्धित उद्योगका व्यवस्थापन समितिहरू, २०१३ र २०१४

एकातिर हाते कागज उत्पादन गर्ने उद्योगहरूको सङ्ख्या बढ्दै गएको र अर्कोतिर प्रायः उद्योगहरू सामुदायिक वनबाट प्राप्त स्रोतहरूमा निर्भर हुनुले सामुदायिक वनहरूमा कच्चा पदार्थको सही संरक्षण तथा व्यवस्थापन गरिनु पर्ने कुरालाई सङ्केत गरेको छ । यी उद्योगहरूले स्थापना भएको समयदेखि आर्थिक वर्ष २०६९/७० सम्म उत्पादन गरी बेचबिखन गरेको कागजको परिमाण प्रत्येक वर्ष विस्तारै बढ्दै गएको तथ्याङ्कले पनि उक्त कुराका लागि बलियो आधार सिर्जना गरेको देखिन्छ । यी उद्योगहरू सामान्यतया तीन प्रकारका संरचनाहरूमा (निजी, सामुदायिक र निजी-सामुदायिक साझेदारी) मा आधारित भई सञ्चालित भएको देखिन्छ ।

**तालिका २: कोशी पहाडी जिल्लाहरूमा हाल सञ्चालित नेपाली हाते कागज उद्योगहरूको केही विषेशताहरू**


| **जिल्लाहरू** | **कच्चा पदार्थको स्रोत** | | | | **उद्योगको प्रकार** | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **सरकारी वन** | **निजी वन** | **सामुदायिक वन** | **कूल** | **निजी** | **साझेदारी** | **सामुदायिक** | **कूल** |
| तेह्रथुम | ० | १० | १८ | २८ | १ | ० | १ | २ |
| सङ्खुवासभा | ० | २ | २५ | २७ | २ | ३ | ० | ५ |
| भोजपुर | ० | ० | १४ | १४ | ३ | २ | १ | ६ |
| **कूल** | ० | १२ | ५७ | ६९ | ६ | ५ | २ | १३ |

स्रोतः सम्बन्धित उद्योगका व्यवस्थापन समितिहरू, २०१३ र २०१४

कूल १३ वटा उद्योगहरूको कच्चा पदार्थको स्रोत १२ वटा निजी वन तथा ५७ वटा सामुदायिक वनहरू रहेको देखिन्छ । तर सरकारी वनबाट भने कुनै पनि कच्चा पदार्थहरूसङ्कलन नहुने कुरा सम्बन्धित उद्योगका व्यवस्थापकहरू बताउँछन् । उक्त तथ्याङ्क अनुसार बहुसङ्ख्यक उद्योगहरू सामुदायिक वन क्षेत्रमा रहेको स्रोतमा निर्भर छन् । यसले के सङ्केत गर्दछ भने सामुदायिक वन क्षेत्रहरूमा लोक्ता तथा अर्घेलीको संरक्षणको अवस्थाले यस क्षेत्रमा रहेका उद्योगहरूको दिगोपनाको निर्धारण गर्दछ ।

सङ्ख्याको हिसाबले कोशी पहाडी जिल्लामा हाल सञ्चालित १३ वटा हाते कागज उद्योगहरू मध्ये ६ वटा निजी, ५ वटा साझेदारी (निजी र सामुयिक वन) र २ वटा सामुदायिक (सामुदायिक वनले मात्रै) रूपमा सञ्चालित छन् । यी उद्योगहरूले स्थापनादेखि आर्थिक वर्ष २०७० सम्ममा गरेको कागजको उत्पादनको मात्रा हेर्दा केही उद्योगहरूले तुलनात्मक रूपमा धेरै कागज उत्पादन गरी बिक्री गरेको देखिन्छ । यी १३ वटा उद्योगहरूबाट स्थापना भएदेखि आर्थिक वर्ष २०७१ सम्म बिक्री वितरण गरेको कागजको परिमाणको हिसाबले तेह्रथुम जिल्लाबाट सबैभन्दा बढी (२६,३०० कोरी), दोस्रोमा भोजपुर (२५,३७० कोरी) र सङ्खुवासभामा सबैभन्दा कम (११,६१९ कोरी) कागज बिक्री वितरण भएको देखिन्छ । तर, सङ्खुवासभा जिल्लामा यो भन्दा धेरै परिमाण विगतमा उत्पादन भई बिक्री वितरण भएको हुनु पर्दछ । उक्त तथ्याङ्क यस जिल्लामा थुप्रै उद्योगहरू पहिले सञ्चालन भए पनि हाल बन्द भएको कारण ती उद्योगहले उत्पादन गरी बिक्री वितरण गरेका कागजको परिमाण यस लेखमा समावेश गर्न सकिएन । उक्त कुरा अन्य जिल्लाहरूमा पनि लागू हुन सक्दछ । यसको अर्को अर्थ के हो भने यस लेखमा समावेश गरिएको तथ्याङ्क पूर्ण छैन र यही कारण हाते कागज उत्पादनको मात्रा यहाँ प्रस्तुत गरिएको भन्दा बढी हुनु पर्दछ ।

**चित्र ९: कोशी पहाडी जिल्लाहरूमा हाल सञ्चालित हाते कागज उत्पादन गर्ने उद्योगहरूको उत्पादनको अवस्था**




स्रोतः सम्बन्धित उद्योगका व्यवस्थापन समितिहरू, २०१३ र २०१४

समग्रमा हाते कागज उत्पादनको परिमाण कोशी पहाडी जिल्लाहरूमा तिब्र रूपमा बढ्दै गएको देखिन्छ । तर उक्त तथ्याङ्क राष्ट्रिय तथ्याङ्कले देखाएको लोक्ताको सङ्कलन तथा बिक्री वितरणको घट्दो तथ्याङ्कसँग बाझिएको छ । कोशी पहाडी जिल्लाहरूमा हाते कागज उत्पादनको परिमाण सम्बन्धित उद्यमीहरूसँगको प्रत्यक्ष कुराकानीबाट सङ्कलन गरिएको कारण राष्ट्रिय तथ्याङ्कभन्दा यही तथ्याङ्क सही हुनु पर्दछ । यदि यसो हो भने कोशी पहाडी जिल्लाहरूमा हाते कागज उत्पादनको मात्रा प्रत्येक वर्ष बढ्दै गएको छ र उक्त वृद्धिले यस क्षेत्रको अर्थतन्त्र तथा स्थानीय रोजगारीमा कुनै न कुनै रूपमा योगदान पुऱ्याई नै रहेको हुनु पर्दछ । त्यसै गरी यसको अर्थ के पनि हो भने कोशी पहाडी जिल्लाहरूमा कच्चा पदार्थको सङ्कलित परिमाण घटेको नभएर केही कारणले गर्दा राष्ट्रिय तथ्याङ्कमा आउन नसकेको हुनु पर्दछ ।

## ग) रोजगारी सिर्जनामा योगदान

हाते कागज उत्पादनको मात्रा बढ्दै जाँदा यी उद्योगहरूले स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा के कस्तो योगदान पुऱ्याउँदै आएका छन् भन्ने कुराको विश्लेषण गरिनु आवश्यक देखिन्छ । उत्पादित कागजले स्थानीय स्तरमा पुऱ्याएको योगदान, उक्त कागज उत्पादनका लागि आवश्यक कच्चा पदार्थ सङ्कलन, सङ्कलित कच्चा पदार्थबाट कागज बनाउन लाग्ने श्रम तथा कागज उत्पादन गर्ने उद्योगका व्यवस्थापक गरी सामान्यतया तीन तहहरूमा रोजगारीको सिर्जना हुने कुराका आधारमा आँकलन गर्न सकिन्छ । तर उक्त कागजले राष्ट्रिय स्तरमा सिर्जना गरेको योगदानको विश्लेषण गर्न त्यति सजिलो छैन । यद्यपि, काठमाडौंमा रहेको एक उद्योगसँग सामान्य छलफल गरी कागजबाट सिर्जना हुने रोजगारीको आँकलन गर्ने प्रयास गरिएको छ ।

**तालिका ३: सञ्चालित उद्योगहरूले उत्पादन गरको कागजबाट रोजगारी सिर्जनामा पुगेको योगदानको आँकलन**

| जिल्लाहरू | कूल कागज उत्पादन (कोरी) | कच्चा पदार्थको अनुमानित मात्रा[६] (केजी) | कच्चा पदार्थ सङ्कलनमा लाग्ने श्रम (प्रति व्यक्ति प्रति दिन)[७] | अनुमानित रोजगारी सिर्जना (प्रति व्यक्ति प्रति वर्ष) | | | | कूल रोजगारी (प्रति व्यक्ति प्रति वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | कचा पदार्थ सङ्कलनबाट[८] | कागज उत्पादन गर्ने कामबाट[९] | व्यावस्थापन[१०] | कागजबाट अन्य वस्तुहरू बनाउँदा[११] | |
| सङ्खुवासभा | ११६१९ | २०९१४२ | ४१८२८.४ | १५४.९ | ७७४.६ | ४१८.३ | ५५.१ | १४०२.९ |
| भोजपुर | २५३७० | ४५६६६० | ९१३३२.० | ३३८.३ | १६९१.३ | ९१३.३ | १२०.४ | ३०६३.३ |
| तेह्रथुम | २६३०० | ४७३४०० | ९४६८०.० | ३५०.७ | १७५३.३ | ९४६.८ | १२४.८ | ३१७५.६ |
| **कूल** | ६३२८९ | ११३९२०२ | २२७८४०.४ | ८४३.९ | ४२१९.३ | २२७८.४ | ३००.४ | ७६४१.९ |

स्रोत: सम्बन्धित उद्योगका व्यवस्थापक तथा काठमाडौस्थित एक उद्योगको व्यवस्थापकसँग गरिएको अनुमानित आँकडा, सन् २०१४

अनुमान गरिएको आँकडा अनुसार कोशी पहाडी जिल्लाहरूमा हालसम्म सञ्चालित उद्योगहरूले स्थानीय स्तरदेखि राष्ट्रियस्तरमा रोजगारी सिर्जना गर्ने काममा महत्वपूर्ण योगदान पुऱ्याइरहेको देखिन्छ। यसको अर्को अर्थ के हो भने उक्त कागजको उत्पादनले स्थानीयदेखि राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउनु हो। रोजगारीको तुलनात्मक विश्लेषण गर्दा स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने काममा बढी योगदान देखिन्छ। तर राष्ट्रिय स्तरका उद्यमीहरूले विभिन्न खालका वस्तुहरू बनाउँदा सिर्जना भएको रोजगारीको अलावा ती वस्तुहरूको व्यापारबाट सङ्कलन हुने राजस्वको मात्रालाई पनि देखाउन सकिएको भए हाते कागज उत्पादनले राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याउने योगदान स्पष्ट रूपमा देख्न सकिन्थ्यो तर उक्त तथ्याङ्कका विश्लेषण यस लेखमा गर्न सकिएको छैन।

६ कोशी पहाडी जिल्लाका उद्योगहरूले ४० ग्राम, ३० ग्राम, २० ग्राम, १५ ग्राम र १० ग्राम तौल भएका कागजहरू उत्पादन गर्दै आएका छन्। यी विभिन्न तौल भएका कागजहरूको तौल (जस्तै एक कोरी कागजको) पनि फरक फरक हुन्छ (४० ग्रामको ८ केजी, ३० ग्रामको ६ केजी, २० ग्रामको ४ केजी, १५ ग्रामको ३ केजी र १० ग्रामको २ केजी)। सामान्यतया १ केजी कागज बनाउनका लागि २.५ देखि ३ केजी सम्म कच्चा पदार्थ चाहिन्छ (लोक्ता र अर्घेली)। कोशी पहाडी जिल्लामा भएका उद्योगहरूले प्राय २० ग्राम, ३० ग्राम र ४० ग्राम तौल भएको कागज उत्पादन गर्दै आएका छन्। कागजको तौल तथा खपत हुने कच्चा पदार्थको परिमाण हिसाब गर्दा सामान्यतया एक कोरी कागज उत्पादन गर्नका लागि १० देखि २४ केजी सम्म कच्चा पदार्थ चाहिन्छ। उक्त कच्चा पदार्थको मात्रालाई औसत १८ केजी मानी यस लेखमा सिर्जना भएको रोजगारीको आँकलन गरिएको छ। यसकारण यस लेखमा १ कोरी कागज १८ केजी कच्चा पदार्थबाट बन्ने अनुमानित आँकडाका आधारमा कूल कागजको मात्रालाई १० ले गुणन गरी सङ्कलन भएको कच्चा पदार्थको परिमाण निकालिएको छ।

७ एक व्यक्तिले एक दिनमा सरदर ५ केजी कच्चा पदार्थ सङ्कलन गर्न सक्छ भन्ने आँकडाका आधारमा कूल कच्चा पदार्थको मात्रालाई ५ ले भाग गरी अनुमानित रोजगारीको आँकडा निकालिएको छ।

८ अनुमानित वार्षिक पूर्णकालीन कूल रोजगारीको सङ्ख्या निकाल्नका लागि कुनै राष्ट्रिय तथ्याङ्क प्राप्त नभएको कारण वार्षिक रूपमा एक व्यक्तिले २७० दिन काम गर्न सक्ने दिनलाई आधार मानिएको छ। उक्त दिन वर्षको कूल ३६५ दिनमध्ये ५२ दिन शनिवार विदा, २५ दिन वार्षिक चाडपर्व विदा र १९ दिन अन्य विदाको गरी कूल ९५ दिनलाई घटाइएको छ।

९ सामान्यतया एक व्यक्तिले एक दिनमा १ कोरी कागज बनाउन सक्दछ। यस लेखमा यही मात्राका आधारमा २७० दिनमा एक व्यक्तिले २७० कोरी नै कागज उत्पादन गर्न सक्दछ भन्ने कुरालाई आधार मानी कूल कागजलाई २७० ले भाग गरी यो आँकडा निकालिएको छ।

१० करिब ५०० कोरी कागजको व्यवस्थापनका लागि एक जना व्यक्तिले एक वर्षभरी काम गर्नुपर्ने हुनाले कूल कागजको मात्रालाई ५०० ले भाग गरी यो आँकडा निकालिएको छ।

११ सामान्यतया १ कोरी कागज रङ लगाउँदा एक जना व्यक्तिलाई २ घण्टा, उक्त रङ लगाएको कागजलाई आवश्यकता अनुसारको आकारमा टुक्रा पार्नका लागि ४ घण्टा, र उक्त कागजबाट अन्य वस्तुहरु बनाउँदा औसतमा ४ घण्टा (जस्तैः– ३० वटा नोट बुक बनाउन ४ घण्टा, २०० वटा सानो झोला बनाउन ४ घण्टा, २०० वटा बाकस बनाउन ७ घण्टा र अन्य काममा सरदर २ घण्टा लाग्ने अनुमान काठमाडौं स्थित एक उद्योगिसँग बसेर गरियो, जसको औसत ४.२ हुन्छ) गरी १ कोरी कागजले सामान्यतया १०.२५ घण्टाको औसत काम सिर्जना गर्ने अनुमानित आँकडा हुन्छ। एक व्यक्तिले एक वर्षमा २७० दिन काम गर्नु भनेको २७० दिन गुणा ८ घण्टा प्रति दिन गुणन गर्दा एक व्यक्तिले एक वर्षमा कूल २१६० घण्टा काम गर्दछ। यही आँकडाका आधारमा एक व्यक्तिलाई एक वर्ष रोजगारी सिर्जना गर्नका लागि २१०.७ कोरी कागज (२१० गुणा १०.२५ बरावर २१६० घण्टा) चाहिन्छ।

लोक्ता तथा अर्घेली वनमा पाइने हुनाले उल्लिखित उद्योगहरूले कागज उत्पादन गर्दा प्रयोग गर्ने कच्चा पदार्थ कहाँबाट आएछ र यी उद्योगहरूको दीर्घकालीनताका लागि आवश्यक कच्चा पदार्थको दीर्घकालीन संरक्षण तथा व्यवस्थापन भएको छ कि छैन भन्ने कुरा निकै महत्वपूर्ण छ । कोशी पहाडी जिल्लाका केही ठाउँहरूमा निजी व्यक्तिहरूले आफ्नो केही निजी जग्गामा अर्घेलीको खेती गर्न थालेका छन् । तर सामुदायिक वन क्षेत्रहरूमा यसको वृक्षारोपण तथा संरक्षणका कामहरू हुन सकेको छैन । यसकारण, कोशी पहाडी जिल्लाका हाते कागज उद्योगहरूको दिगोपनका लागि केही प्रश्नहरू उठेको अनुमान लगाउन सकिन्छ । यद्यपि, कोशी पहाडी जिल्लाहरूमा अर्घेली र लोक्ताको व्यापक वृक्षारोपण गरी नेपाली हाते कागज उत्पादनलाई एउटा महत्वपूर्ण उद्योगको रूपमा विकास गर्न सकिने सम्भावना भने निकै राम्रो छ । यसका लागि कोशी पहाडी जिल्लाहरूमा लोक्ता तथा अर्घेलीको दिगो संरक्षण तथा व्यवस्थापनका विषयमा थप अध्ययन तथा अनुसन्धानका लागि आवश्यक कदम चाल्नुपर्ने देखिन्छ ।

## ४. कोशी पहाडी क्षेत्रका नेपाली हाते कागज उत्पादनका प्रमुख चुनौतीहरू

यस लेखको अघिल्लो खण्डहरूमा कोशी पहाडी क्षेत्रमा सञ्चालित नेपाली हाते कागज उत्पादनले स्थानीय तथा राष्ट्रिय अर्थतन्त्र तथा रोजगारी सिर्जना गर्ने काममा उल्लेखनीय योगदान पुऱ्याइरहेको कुराको चर्चा गरियो । तर ती उद्योगहरूको दीर्घकालीनताको सुनिश्चितता गर्नका लागि अनेकौं चुनौतीहरू रहेको देखिन्छ । यहाँ केही प्रमुख चुनौतीहरूको चर्चा गरिएको छ ।

### क) हाते कागज उद्योगहरूको दिगोपनाको सुनिश्चितता गर्नु

हाते कागज उद्योगहरूको सङ्ख्या बढ्दै जानु र ती उद्योगहरूबाट उत्पादन भएका कागजको परिमाण बढ्दै जानु एक अर्थमा सकारात्मक भए पनि यसले ती उद्योगहरूको दीर्घकालीनतामा गम्भीर प्रश्नहरू जन्माउँदै लगेको देखिन्छ (HANDPASS 2003) । किनभने बढ्दो कागजको परिमाणले कच्चा पदार्थको दोहन तिब्र रूपमा बढाउँदै लगेको हुन्छ । जुन कुराको नियन्त्रण गर्न निकै कठिन हुन्छ । त्यस्तैगरी नेपाली हाते कागजको माग राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारहरूमा बढ्दै गएको छ । एकातिर यसरी बढ्दो बजारको माग तथा अर्कोतिर स्थानीय स्तरमा कागज उत्पादन गर्ने उद्योगको बढ्दो सङ्ख्याले स्थानीय स्तरमा उपलब्ध सीमित कच्चा पदार्थको दोहनमा प्रतिस्पर्धात्मक वातावरण सिर्जना हुँदै गएको छ भने अर्कोतिर कागज उत्पादन गर्ने उद्योगीहरू स्रोतको उचित संरक्षण तथा व्यवस्थापन भन्दा सकेसम्म धेरै कागज उत्पादन गर्ने उद्देश्यतिर केन्द्रित हुँदै जाने सम्भावना बढ्दै जान सक्दछ ।

### ख) सम्पूर्ण कच्चा पदार्थको सङ्कलन तथा बिक्री वितरणलाई बैधानिक बनाउनु

कोशी पहाडी जिल्लाहरूमा उत्पादन हुने कागजको कच्चा पदार्थको प्रमुख स्रोत भनेको सामुदायिक वनहरू हुन् । तर लोक्ता तथा अर्घेली उपलब्ध हुने सामुदायिक वनहरूले आफ्नो सामुदायिक वन क्षेत्रमा भएको कच्चा पदार्थको सङ्कलन तथा बिक्री वितरण वैधानिक रूपमा गर्नका लागि स्रोत उपलब्धताको अध्ययन तथा मापन (इन्भेन्ट्री) गरी सामुदायिक वनको कार्ययोजनामा स्पष्ट रूपमा उल्लेख गरिएको हुनु पर्दछ । यसकारण इन्भेन्ट्री गर्नु तथा कार्ययोजनाको अवधि सकिएपछि फेरि यसको परिमार्जन गर्ने काम सामुदायिक वन उपभोक्ता समूहहरूका लागि आर्थिक तथा प्राविधिक हिसाबले महङ्गो वा खर्चिलो हुन्छ । तर यी सामुदायिक वन क्षेत्रहरूमा उपलब्ध कच्चा पदार्थ उद्योगहरूलाई बिक्री वितरण गर्नका लागि उक्त कुरा गर्नैपर्ने हुनाले यो प्रक्रिया सामुदायिक वन क्षेत्रमा उपलब्ध कच्चा पदार्थमा निर्भर हाते कागज उद्योगहरूका लागि प्रमुख चुनौती बन्दै आएको छ । त्यसैगरी काठमाडौं भित्र सञ्चालित हाते कागज उद्योगहरूले देशका विभिन्न ठाउँहरूबाट सङ्कलन भएको कच्चा पदार्थको मात्रा तथा कोशी पहाडी जिल्लाहरूमा रहेका केही हाते कागज उद्यमीहरूसँगको छलफल अनुसार नेपालको धेरै ठाउँहरूमा उत्पादन भएको कच्चा पदार्थ अवैधानिक रूपमा सङ्कलन तथा बिक्री वितरण हुँदै आएको छ ।

### ग) उत्पादन तथा बजारीकरणको जटिल तथा झञ्जटिलो प्रक्रियाहरू सहजरूपमा पार गर्नु

हाते कागज उत्पादनदेखि बिक्री वितरणको प्रक्रिया सामान्य व्यक्तिका लागि निकै जटिल तथा झञ्झटिलो देखिन्छ । हातेकागज उद्योग वन स्रोतमा आधारित भएको कारण हरेक प्रक्रियाहरूमा उद्योगीले सम्बन्धित जिल्ला वन कार्यलय तथा इलाका वन कार्यलयको अनुमति लिई रहनुपर्ने हुन्छ । जुन कुरा ग्रामीण समाजमा रहेको एक सामान्य व्यक्तिका लागि निकै कठिन, महङ्गो तथा

झञ्झटिलो हुन्छ । जस्तै एक उद्यमीले कागज उत्पादन गर्नका लागि पहिले कच्चा पदार्थ सङ्कलनको अनुमतिका लागि निवेदन दिने, उक्त निवेदन दिएपछि सङ्कलनका लागि छोडपुर्जी लिने, छोडपुर्जी अनुसार निर्धारित समय अवधिमा कच्चा पदार्थ सङ्कलन गरिसक्ने, सङ्कलन गरिसकेपछि सङ्कलन भएको लिखित जानकारी जिल्ला वन कार्यालयलाई दिने, उक्त सङ्कलित कच्चा पदार्थ स्थानान्तरणका लागि अनुमति लिने, सङ्कलित कच्चा पदार्थबाट कागज बनिसकेपछि सङ्कलन छोडपुर्जीका आधारमा उत्पादित कागज बिक्री वितरण गर्नका लागि अनुमतिपत्र लिने र उक्त अनुमतिपत्र प्राप्त गरेको निश्चित दिन भित्र (सामान्यतया १० दिन) उक्त कागज बजारमा बिक्री गरिसक्नु पर्ने जस्ता कामहरूका लागि एक उद्यमीले जिल्ला वन कार्यालयको निरन्तर अनुमति तथा स्वीकृति लिइरहनु पर्दछ । यसको अलावा यातायातको असुविधाका कारण उत्पादित कागजहरू बजारमा पुर्‍याउने काम पनि उद्यमीहरूका लागि निकै ठूलो चुनौती बन्दै आएको छ ।

## घ) उद्योगमा काम गर्ने कामदारहरूलाई पूर्णकालीन रोजगारीको अवसर प्रदान गर्नु

कोशी पहाडी जिल्लाहरूमा रहेका सम्पूर्ण नेपाली हाते कागज उद्योगहरू पूर्ण रूपमा वा बाह्रै महिना सञ्चालन हुँदैनन् । यसको प्रमुख कारण हावापानी तथा मौसममा भएको परिवर्तन हो । किनभने लोक्ता तथा अर्घेली उच्च पहाडी तथा हिमाली भेगहरूमा हुने भएको कारण प्रायः सम्पूर्ण हाते कागज उद्योगहरू पनि उच्च पहाडी तथा हिमाली क्षेत्रहरूमा नै रहेका छन् । ती उद्योगहरू वर्षायामको समयमा पानी पर्ने हुनाले र हिउँदको समयमा बढी जाडो तथा तुवालो लाग्ने हुनाले करिब ३ देखि ६ महिनाको अवधिमा उद्योगहरू सञ्चालन हुन सक्दैनन् । परिणामस्वरूप यी हाते कागज उद्योगहरूमा काम गर्ने कामदारहरूले काम सिकेर केही समय वा एक वर्ष काम गरेपछि उक्त काम छाडेर अर्को पेशामा लागेको कैयौ उदाहरणहरू छन् । यसकारण, यस क्षेत्रमा भएका हाते कागज उद्योगहरूको एक प्रमुख चुनौती भनेको आफ्नो उद्योगहरूमा काम गर्ने कामदारहरूलाई पूर्णकालीन रोजगारी प्रदान गर्नु रहेको छ ।

## ङ) गुणस्तरीय कागज उत्पादनको सुनिनिश्चितता गर्नु

उत्पादन भएको हाते कागजको गुणस्तरीयता एक प्रमुख विषय हो । कागजमा गुणस्तरीयता कम हुने बित्तिकै उक्त कागजको मूल्य २० देखि २५ प्रतिशत कम हुन्छ । नेपाली हाते कागजमा गुणस्तरीयता हुनका लागि सात वटा विशेषताहरू हुन जरुरी हुन्छ ।

१) तयारी भएको कागजको आकार बाङ्गो वा टेंढो नभई चारकुना राम्ररी मिलेको हुनुपर्ने र उक्त कुरा खासगरी कागज बनाउने फ्रेममा भर पर्दछ (जस्तै फ्रेम चारकुना मिलेको छैन भने उक्त फ्रेममा बनाइएको कागज सतह चारकुना मिलेको हुँदैन) ।

२) तयारी भएको कागजको मोटाइ वा बाक्लोपना कतै बाक्लो र कतै पातलो नभई सबैतिर समान तरिकाले लेबल मिलेको हुनु पर्दछ ।

३) कच्चा पदार्थ (लोक्ता, अर्घेली, वा अन्य कुनै) पकाउँदा वा उमाल्दा प्रयोग गरिएको केमिकल (कास्टिक सोडा वा अन्य कुनै पदार्थ) पकाई सकेपछि राम्ररी धोएको वा पखालेको हुनु पर्दछ (अन्यथा उक्त कागजमा पछि रङ  राम्ररी लाग्दैन र उक्त कागज खेर जान्छ) ।

४) तयारी भएको कागजको पाना सफा हुनु पर्दछ । यदि उक्त कागजमा कुनै धूलो, मैलो वा फोहर कसिङ्गारहरू लागेको वा कुनै प्रकारको मसी वा अक्षरहरू लागेको वा कुनै अक्षरहरू लेखिएको भएमा उक्त कागज प्रयोग गर्न सकिदैन ।

५) तयारी भएको कागजको तोकिएको तौल (जस्तैः– १० ग्राम, १५ ग्राम, २० ग्राम, २५ ग्राम, ३० ग्राम, ४० ग्राम) सही हुनु पर्दछ । यदि कागज तोकिएको तौलभन्दा कम भएमा उक्त कागज ताकिएको कामका लागि प्रयोग हुन सक्दैन र परिणामस्वरूप उक्त कागजको मूल्य कम हुन जान्छ । तर उक्त कागजको तौल तोकिएको भन्दा बढी भएको खण्डमा उक्त कागज तोकिएको काममा प्रयोग हुन सक्दछ र उक्त बढी तौलले उत्पादकलाई घाटा हुन जान्छ ।

६) तयारी भएको कागज छेउ, कुना वा बीच कतै पनि च्यातिएको वा टुक्रिएको हुनु हुँदैन ।

७) तयारी भएको कागजको कुनै पनि भागमा नचाहिँदो रेसा वा फोहरको टुक्राहरू देखिनु हुदैन । उक्त कुराको लागि पकाइएको कच्चा पदार्थ राम्ररी मसिनो बनाइनुपर्ने र तयार भएको घोलमा कुनै फोहर वा धूलो, कच्च पदार्थको नचाँहिदो रेशाहरू (लोम्ता वा अर्घेलीमा बोक्राहरू) राम्ररी छानेर फालिएको हुनु पर्दछ ।

तर, कोशी पहाडी क्षेत्रमा उत्पादन भएका धेरैजसो कागजहरूको गुणस्तर कम भएको कुरा उनीहरूले उत्पादन गरेका कागज खरिद गर्ने काठमाडौंका उद्योगी तथा व्यापारीहरू बताउँछन् । यसका थुप्रै कारणहरू मध्ये प्रमुख कारण ती उद्योगहरूमा काम गर्ने कामदारहरू दिगो नहुनु हो र दिगो नहुनुको प्रमुख कारण पनि माथिल्लो बुँदामा चर्चा गरिए अनुसार यी उद्योगहरूमा पूर्ण रोजगारीको अवसर नहुनु हो । परिणामस्वरूप, उद्योगले समय समयमा नयाँ नयाँ कामदारहरू ल्याउनु पर्ने र ती नयाँ कामदारहरूमा सीप तथा दक्षताको अभाव भएका कारण उनीहरूले गुणस्तरीय कागज उत्पादन गर्न नसकेको देखिन्छ ।

### च) हाते कागज उत्पादनको आर्थिक योगदानलाई सार्वजनिक गर्ने

कोशी पहाडी जिल्लाहरूमा रहेका हाते कागज उद्योगहरूले स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको कुरा माथि चर्चा गरिसकिएको छ । तर उक्त योगदानका बारेमा स्पष्ट तथा सही तथ्याङ्कहरूको निर्माण हुन सकेको छैन । जसले गर्दा एकातिर हाते कागजको आर्थिक योगदान सार्वजनिक बहसको विषय बन्न सकेको छैन भने अर्कोतिर राज्य तथा थप निजी उद्यमीहरूको सहयोग तथा लगानीको लागि उचित वातावरण पनि बन्न सकेको छैन । परिणामस्वरूप यो क्षेत्र ग्रामीण समाजका केही साना लगानीकर्ता र केही परियोजनाहरूको सामान्य सहयोगमा मात्रै सीमित भई आधुनिक प्रविधिमा आधारित उत्पादनको विकास हुन सकेको छैन ।

### छ) उद्योग सञ्चालन गर्नका लागि पराश्रित हुनुपर्ने अवस्थाको अन्त्य गर्ने

कोशी पहाडी जिल्लाहरूमा रहेका थुप्रै हाते कागज उद्योगहरू विभिन्न परियोजना तथा सरकारी र गैरसरकारी निकायहरूको आर्थिक तथा प्राविधिक सहयोगका कारण स्थापना र सञ्चालन भइइरहेको अवस्था छ । जसले गर्दा थुप्रै उद्योग र उद्यमीहरू आफ्नो उद्योग सञ्चालनका लागि बाह्य सहयोगमा आश्रित भएको देखिन्छ । कैयौं उद्योगहरू यस्तै सहयोग प्राप्त गर्नका लागि वा प्राप्त भएकै कारण पनि स्थापना भएका छन् । यस्तो सहयोगका थुप्रै सकारात्मक पाटाहरू भए पनि केही हदसम्म यस्ता सहयोगहरूले उद्यमीहरूमा पराश्रित मानसिकता तथा अभ्यासको विकास गर्ने काम पनि गरिरहेको देखिन्छ ।

## ५. कोशी पहाडी जिल्लाहरूमा भएको नेपाली हाते कागज उद्योगका अवसरहरू

### क) उत्पादित हाते कागज बिक्री वितरणका लागि बजारको अभाव नहुनु

हाते कागज उत्पादन गर्न सकेको खण्डमा यसको बिक्री वितरणका लागि बजारको समस्या देखिदैन । तर उत्पादित कागज गुणस्तरीय हुनु जरुरी छ । कोशी पहाडी जिल्लाहरूमा एकातिर नेपाली हाते कागज उत्पादन गर्ने उद्योगहरूको सङ्ख्या बढ्दै गएको छ भने अर्कोतिर कागज उत्पादन तथा निकासीको परिमाण पनि प्रत्येक वर्ष बढेको देखिन्छ । यसको अलावा कोशी पहाडी क्षेत्र प्राकृतिक तथा पर्यावरणीय दृष्टिकोणले पनि लोक्ता तथा अर्घेली उत्पादनका लागि उचित हुनुले यस क्षेत्रमा हाते कागज उत्पादनको सम्भावना राम्रो देखिन्छ ।

### ख) थप रोजगारीको सिर्जना हुन सक्ने सम्भावना

कोशी पहाडी जिल्लामा रहेका हाते कागज उद्योगहरूले एकातिर स्थानीय स्तरमा नगण्य मात्रामा रोजगारीहरूको सिर्जना गरेका छन् भने अर्कोतिर उनीहरूले उत्पादन गरी बिक्री वितरण गरेका कागजलाई राष्ट्रिय स्तरका उद्यमीहरूले विभिन्न कामहरूमा (जस्तैः– रङ लगाउने, चिल्लो बनाउने, विभिन्न प्रकारका वस्तुहरू बनाउने) प्रशस्तै रोजगारीहरू सिर्जना गरेका छन् (HANDPASS 2003) । यसरी कोशी पहाडी क्षेत्रमा उत्पादन भएको हाते कागजले स्थानीयदेखि राष्ट्रिय स्तरमा रोजगारी सिर्जना गर्ने काममा योगदान पुऱ्याइरहेका छन् (Jeanrenaud 1984) । त्यस्तैगरी यी उद्योगहरूले उत्पादन गरेका कागज सम्बन्धित जिल्लाबाट निकासी गर्दा जिविसमा सङ्कलन भएको राजस्वले[१२] पनि देशको अर्थतन्त्रमा योगदान पुऱ्याइरहेको छ । यस कारण कोशी पहाडी जिल्लाहरूमा हाते कागज उत्पादनको परिमाण वृद्धि गर्ने भनेको कुनै न कुनै रूपमा स्थानीय तथा राष्ट्रिय स्तरमा रोजगारीको सिर्जना गर्नु हो । कोशी पहाडी जिल्लाहरूमा रहेका उद्योगहरूले उत्पादन गरेको कागजको परिमाण बढ्दै गई हाल लगभग वार्षिक रूपमा ८/९ हजार कोरीको हाराहारीमा पुगेको कुरा तथ्याङ्कले देखाउँदछ । यसरी वार्षिक रूपमा बढ्दै गएको परिमाणले उक्त उत्पादित

१२ कोशी पहाडी जिल्लाका हाते कागज खरिद गर्ने व्यापारीका अनुसार दश वर्ष अगाडि प्रति केजी २ रुपैंया थियो । उक्त रकम बढ्दै गई हाल १० रुपैंया पुगेको छ ।

कागजबाट कम्तीमा अर्को एउटा राष्ट्रिय स्तरको उद्योग यही क्षेत्रमा नै पनि सञ्चालन हुन सक्ने सम्भावना देखिन्छ। यसो गर्न सकेको खण्डमा यही क्षेत्रमा थप रोजगारी तथा आर्थिक विकास हुने अर्को बाटो खुल्न सक्दछ।

### ग) हाते कागज उत्पादनको परिमाणमा वृद्धि गर्न सकिने प्रशस्त आधारहरू हुनु

कोशी पहाडी क्षेत्रको हावापानी, भौगोलिक बनावट तथा पर्यावरणीय अवस्था हेर्दा लोक्ता तथा अर्घेलीको व्यवसायिक खेती गरी नेपाली हाते कागजको उत्पादनलाई यस क्षेत्रको एक प्रमुख उद्योग तथा स्थानीय अर्थतन्त्रको एक प्रमुख आधार बनाउन सकिने प्रबल सम्भावना देखिन्छ। कोशी पहाडी क्षेत्रका जिल्लाहरू यातायातको सुविधा तथा अन्य भौतिक पूर्वाधारको अवस्था तुलनात्मक रूपमा राम्रो र पूर्वाधार विकासको सम्भावनाका हिसाबले पनि सहज देखिन्छ। त्यसैगरी यस क्षेत्रमा हाते कागज उद्योगहरूको सङ्ख्या दिनानुदिन बढ्दै जानु भनेको यस व्यवसायमा लगानीकर्ताहरू विस्तारै आकर्षित हुँदै गएको कुराको सङ्केत हो। यसकारण, यस क्षेत्रमा हाते कागज उत्पादनको परिमाण बढाउन सकिने प्रबल सम्भावना देखिन्छ।

### घ) ग्रामीण समाजमा थप आय आर्जनको आधार तथा स्रोत बन्न सक्ने सम्भावना हुनु

कोशी पहाडी जिल्लाहरूमा हाते कागज उत्पादनको अहिलेसम्मको अवस्था तथा अभ्यासहरूलाई हेर्दा यी उद्योगहरूका कारण सयौं घरधुरीहरूले लोक्ता तथा अर्घेलीको खेती, सङ्कलन तथा सहज रूपमा बेचबिखन गरी आफ्नो निजी आम्दानी बढाइरहेका छन्। यसकारण, नेपाली हाते कागज उत्पादन गर्ने उद्योगहरूको सङ्ख्या विस्तारै बढ्दै जानु आर्थिक विकासका दृष्टिले महत्वपूर्ण कार्य हो। किनकि यी उद्योगहरूले ग्रामीण क्षेत्रमा बसोवास गरिरहेका व्यक्ति तथा घरधुरीहरूलाई एकातिर बाँझो रहेको आफ्नो निजी जग्गामा अर्घेलीको खेती गरी थप आम्दानीको आधार बढाउन सक्छन् भने अर्कोतिर वरिपरि रहेका वन क्षेत्रहरूमा उत्पादन हुने वा उत्पादन गर्न सकिने कच्चा पदार्थ (लोक्ता तथा अर्घेली) का माध्यमबाट निजी आम्दानी गर्न सक्ने सम्भावनालाई पनि प्रोत्साहन गर्दछ। यसको अलावा यी उद्योगहरूले सामुदायिक वन तथा निजी रूपमा रहेका खाली वा बाँझो जमीनलाई लोक्ता तथा अर्घेलीको खेती गरी उपयोग गर्ने र स्थानीय आम्दानी बढाउने एक आधार पनि बनाउँदै आएका छन्। उक्त अभ्यासलाई कोशी पहाडी जिल्लाका साथै अन्य ठाउँहरूमा पनि प्रोत्साहन गरी स्थानीय अर्थतन्त्रको विकासमा योगदान पुर्‍याउने सम्भावना देखिन्छ।

### ङ) कच्चा पदार्थको दिगो संरक्षणमा बाह्य लगानी बढाउन सकिने सम्भावना हुनु

गुणस्तरीय नेपाली हाते कागजको बिक्री वितरणका लागि बजारको कुनै समस्या छैन। बरु बजारमा भएको माग अनुसारको कागज उत्पादन हुन सकेको देखिदैन (HANDPASS 2003)। यसको अर्थ गुणस्तरयुक्त कागज उत्पादन गर्न सकेको खण्डमा जतिपनि उत्पादित कागज खरिद गर्ने उद्योगी तथा व्यवसायीहरू नेपालमा छन्। राष्ट्रिय स्तरका उद्योगी तथा व्यापारीहरूले अन्तर्राष्ट्रिय बजारमा भएको नेपाली कागजको मागलाई पूरा नै गर्न नसकेको कुरा उनीहरू बताउँछन्। यसकारण राष्ट्रिय स्तरका उद्योगी तथा व्यापारीहरू र स्थानीय उत्पादकहरूका बीचमा विश्वसनीय सम्बन्धको विकास गरी राष्ट्रिय उद्यमीहरूलाई पनि स्थानीय स्तरमा कच्चा पदार्थको दिगो संरक्षण तथा व्यवस्थापनका लागि विभिन्न कामहरूमा प्रोत्साहन तथा प्रेरित गर्न सकिने प्रबल सम्भावना देखिन्छ।

### च) बाह्य सहयोगको निरन्तरता हुने सम्भावना हुनु

स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड भनेकै उद्योग तथा उद्यमशीलताको विकास हो भन्ने कुरामा सबै सरोकारवालाहरू एकमत छन्। जस्तैः– हाल बहुसरोकारवाला वन कार्यक्रमले वन उद्यमको विकास गरी वन स्रोतमा निर्भर विपन्न घरधुरीहरूको आय आर्जनको वृद्धि गर्ने उद्देश्य राखेको छ (MoFSC, 2013)। यसको अलावा नेपालमा अन्य कैयौं परियोजनाहरू उद्यमको विकासमा केन्द्रित रहेका छन्। यसको सामान्य अर्थ के हो भने कोशी पहाडी क्षेत्रमा रहेका नेपाली हाते कागज उत्पादन गर्ने उद्योगहरूले उद्यम र उद्यमशीलता विकासका कामहरूमा आगामी दिनहरूमा पनि सहयोगहरू प्राप्त गर्ने सम्भावना छ।

### छ) ग्रामीण समाजमा सामाजिक नेतृत्व तथा क्षमताको विकास हुने सम्भावना हुनु

कोशी पहाडी क्षेत्रमा रहेका हाते कागज उद्योगहरूको स्थापना तथा सञ्चालनका माध्यमबाट कैयौं व्यक्तिहरूको सामाजिक नेतृत्वका साथै व्यवसायिक क्षमताको पनि

विकास हुँदै गएको छ । कच्चा पदार्थको सङ्कलन तथा उत्पादित कागजको बिक्री वितरणका लागि उद्यमीहरूले सरकारी निकायका साथै अन्य धेरै निकायका व्यक्तिहरूसँग विभिन्न विषयहरूमा विभिन्न प्रकारका (व्यक्तिगत, सामूहिक, औपचारिक तथा अनौपचारिक आदि) छलफल, भेटघाट, विचार विमर्श, अन्तरक्रिया गर्नु पर्दछ (Kunwar et al. 2009) । यी क्रियाकलापहरूले उद्यमसँग सम्बन्धित धेरै व्यक्तिहरूले आफ्नो सामाजिक तथा व्यावसायिक नेतृत्व, क्षमता, दक्षता तथा सम्बन्धको विकास गर्ने मौका पाएका छन् । यसकारण यी उद्योगहरूका माध्यमबाट ग्रामीण समाजमा सामाजिक विकास तथा परिवर्तनका लागि नेतृत्व तथा क्षमताको विकास गर्ने काममा पनि योगदान पुऱ्याउँदै आएको देखिन्छ ।

## ६. छलफल तथा निष्कर्ष

यस लेखको अघिल्लो खण्डहरूमा नेपालमा लोक्ता तथा अर्घेलीको उत्पादनको अवस्था, कोशी पहाडी क्षेत्रमा रहेका नेपाली हाते कागज उत्पादनको अवस्था, कोशी पहाडी जिल्लाहरूमा रहेका उद्योगहरूले उत्पादन गरेको हाते कागजले स्थानीयदेखि राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याएको योगदानका साथै यसको विकासका लागि देखिएका चुनौती तथा सम्भावनाहरू बारे चर्चा गरियो । समग्रमा भन्नुपर्दा नेपालमा हाते कागज उत्पादन स्थानीय अर्थतन्त्रको एक महत्वपूर्ण आधार बनेको छ । हाते कागज उत्पादनले स्थानीय स्तरमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा थुप्रै रोजगारीका अवसरहरूको सिर्जना गरेको छ । यसको अलावा यी उद्योगहरूले राष्ट्रिय अर्थतन्त्रमा पनि योगदान पुऱ्याइरहेको देखिन्छ ।

कोशी पहाडी क्षेत्रमा भएको हाते कागजको उत्पादनको महत्वलाई समग्रमा नौ वटा कोणहरूबाट विश्लेषण गर्न सकिन्छ । पहिलो, नेपाली हाते कागज उत्पादन गर्ने उद्योगहरूले स्थानीय वन क्षेत्रहरूमा खेर गइरहेका स्रोतहरूको सदुपयोग गर्ने काममा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । दोस्रो, हाते कागज उत्पादन गर्ने उद्योगहरूले वन स्रोतमा निर्भर स्थानीय विपन्न घरधुरीहरूको व्यक्तिगत आम्दानी बढाउने र स्थानीय स्तरमा थप रोजगारी सिर्जना गर्ने काममा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । तेस्रो, नेपाली हाते कागज उत्पादनले स्थानीय अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको छ । चौथो, स्थानीय स्तरमा हातेकागज उत्पादन गर्ने उद्योगहरू राष्ट्रिय स्तरका थुप्रै उद्योगी तथा व्यापारीहरूको व्यापार तथा व्यवसायको आधार बनेका छन् जसले गर्दा राष्ट्रिय स्तरमा पनि सयौं रोजगारीहरू सिर्जना भएको छ । पाँचौं, स्थानीय स्तरमा भएको नेपाली हाते कागज उत्पादनले बाँझो तथा उपयोग नभएका निजी तथा सामुदायिक दुवै खालका जग्गाहरूमा लोक्ता तथा अर्घेलीको खेती गरी आम्दानी बढाउने काममा प्रोत्साहन गरेको छ । छैटौं, यी उद्योगहरूले लोक्ता तथा अर्घेलीको वृक्षारोपण, ती बिरुवाहरूको संरक्षण तथा व्यवस्थापनका माध्यमबाट वन तथा वातावरणको संरक्षणमा पनि योगदान पुऱ्याइरहेको छ । सातौं, यी उद्योगहरूका माध्यमबाट सामुदायिक वनहरूलाई सक्रिय बनाउने काममा योगदान पुऱ्याइरहेको छ । आठौं, स्थानीय स्तरका हाते कागज उत्पादन गर्ने उद्योगहरूका कारण सामुदायिक वनका उपभोक्ता घरधुरीहरू, कृषक, उद्योग सञ्चालक र नेपाली हाते कागजका व्यापारी तथा उद्योगीहरूका बीचको सहकार्य तथा साझेदारीको वातावरण बनाउने काममा योगदान पुऱ्याएको छ । नवौं, स्थानीय स्तरमा भएको हाते कागज उत्पादनले ग्रामीण समाजमा सामाजिक नेतृत्वको विकास, व्यावसायिक दक्षता वा क्षमताको विकास र व्यवसायिक सम्बन्धको विकास गर्ने काममा पनि महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

यद्यपि, नेपाली हाते कागज उत्पादन गर्ने उद्योगहरूको बढ्दो सङ्ख्या, कागज उत्पादनको बढ्दो परिमाण तथा कागजको बढ्दो बजार मागहरूले उद्योग तथा कागज उत्पादनको दिगोपनामा थुप्रै चुनौतीहरू रहेको सङ्केत गर्दछ । यसका लागि कसले, कसरी के गर्नु पर्दछ भन्ने कुराका बारेमा केही अध्ययन, छलफल तथा बहसहरू भए पनि ती कुराहरूका आधारमा व्यवहारिक परिवर्तन भने अझै पनि हुन सकेको छैन । दिगो संरक्षण सामान्यतया पर्यावरणीय अखण्डता, आर्थिक सम्भाव्यता तथा सामाजिक स्वीकार्यतामा भर पर्दछ (Paudel 2004) जुन कुराको मिहीन विश्लेषणको अभाव रहेको देखिन्छ ।

कोशी पहाडी जिल्लाहरूमा रहेका हाते कागज उत्पादकहरूले हालसम्म कागज उत्पादन गरी काठमाडौंका उद्योगी तथा व्यापारीहरूलाई बिक्री गर्दै आएका छन् । तर उक्त कागजबाट के बन्दछ वा के बनाउन सकिन्छ भन्ने कुराको विषयमा यस क्षेत्रका उद्यमीहरूले धेरै सोच्न, विचार बनाउन र पहल गर्न सकेका छैनन् । यी तीनवटा जिल्लाहरूमा मात्रै उत्पादन भएको कागजको परिणाम हेर्दा

यस क्षेत्रमा उत्पादित कागजबाट अरू प्रकारका वस्तुहरू (काठमाडौंका उद्यमीहरूले सञ्चालन गरेको उद्योग जस्तै) निर्माण गर्ने कम्तीमा एउटा उद्योग सञ्चालन हुन सक्ने सम्भावना देखिन्छ । यसो गर्न सकिएमा यी जिल्लाहरूमा थप रोजगारी सिर्जना मात्र नभई यस क्षेत्रमा कच्चा पदार्थको दीर्घकालीनताका लागि थप सोच, विचार तथा पहल हुने वातावरण बन्दै जान्छ । यसका अलावा स्थानीय स्तरमा यस्तो पहल हुन सकेको खण्डमा राष्ट्रिय उद्यमीहरूले हालसम्म गर्दै आएका भूमिकाबाट माथि उठी अन्तर्राष्ट्रिय बजारको विकास वा पहुचँका लागि नयाँ तथा सिर्जनात्मक कामहरूको खोजी गर्ने तथा ती सिर्जनात्मक कामहरूमा लगानी गर्ने अवसर प्राप्त गर्दछन् । यसले समग्रमा नेपाली हाते कागजको मूल्य अभिवृद्धि (भ्यालु एडिसन) गर्ने काममा विस्तारै फड्को मार्न सघाउ पुऱ्याउँदछ ।

कोशी पहाडी क्षेत्रमा स्थापना भई सञ्चालनरत हाते कागज उद्योगहरूको थप विकास तथा दीर्घकालीनता खासगरी उक्त कागज उत्पादनसँग सम्बन्धित सम्पूर्ण कर्ताहरूको बीच हुने सहकार्य तथा साझेदारीको अवस्थाले धेरै हदसम्म निर्धारण गर्दछ । जस्तै : लोक्ता तथा अर्घेली खेती गर्ने वा वृक्षारोपण गर्ने कृषक वा सामुदायिक वन उपभोक्ता समूह, हाते कागज उत्पादन गर्ने उद्योगको व्यवस्थापन समिति (वा सदस्यहरू), उद्योगका लगानीकर्ताहरू (व्यक्ति, कृषक, संस्था, समूह, उद्योगी, व्यापारी, वित्तीय संस्था आदि), उत्पादन भएको कागज किन्ने व्यापारी वा उद्योगीहरू, कागज खरिद गरी बेच्ने व्यापारी जस्ता कर्ताहरूको भूमिका आ-आफ्नो ठाउँमा महत्वपूर्ण छ । यी कर्ताहरूका बीच आपसी साझेदारी तथा सहकार्यको सिर्जना हुन सकेमा मात्र यस क्षेत्रमा रहेका उद्योगहरूको दिगोपना सुनिश्चित हुन सक्दछ । यसो हुन सकेमा सबै कर्ताहरूले आफ्नो साझा समस्याहरूको पहिचान गर्ने र साझा बुझाइहरू निर्माण गरी समाधानका लागि सामूहिक रूपमा पहल गर्ने वातावरण सिर्जना हुँदै जान्छ ।

हाते कागज उत्पादनसँग सम्बन्धित सबै कर्ताहरू, जस्तैः– लोक्ता तथा अर्घेली खेती गर्ने कृषक, सामुदायिक वन उपभोक्ता समूहहरू, कागज उत्पादन गर्ने उद्यमीहरू, खरिद गर्ने व्यापारी तथा उद्योगीहरू, सरकारी निकायका कर्मचारीहरू, सहयोगी निकायहरू आ-आफ्नो कर्तव्य तथा भूमिकाहरूका बारेमा सचेत हुन जरुरी छ । कसको के के कर्तव्य तथा भूमिका रही आएको छ र रहनु पर्दछ भन्ने कुरामा यी सम्पूर्ण कर्ताहरूका बीच आपसी बुझाइमा स्पष्ट हुन जरुरी छ । यसो हुन सकेको खण्डमा सबै कर्ताहरू बीच एक आपसमा परिपूरकताको अनुभूतिको विकास हुन जान्छ र परिणामस्वरूप हाते कागज उद्योगहरू विस्तारै दिगो बन्न सक्ने आधारहरू बन्दै जान्छ । जस्तैः– एक कृषकले वृक्षारोपण गर्ने, परिपक्व भएको लोक्ता तथा अर्घेलीलाई उचित समयमा विधि पुऱ्याएर कटान तथा सङ्कलन गर्ने र गुणस्तरीय कच्चा पदार्थ (उदाहरणको रूपमा राम्ररी बोक्रा छानेर फाल्ने, राम्ररी सुकाउने) तयार गर्ने जस्ता भूमिका तथा कर्तव्यहरूको निर्वाह गर्नुपर्ने हुन्छ । उद्योग सञ्चलन गर्ने व्यक्ति वा समूहले कच्चा पदार्थ सङ्कलकहरूलाई कच्चा पदार्थको सही मूल्य दिने, उद्योगको मुनाफाको हकदार कृषकहरूलाई पनि बनाउने, कच्चा पदार्थको वृक्षारोपण, संरक्षण, व्यवस्थापन जस्ता कुराहरूमा पनि लगानी गर्ने जस्ता कामहरू गर्नु पर्दछ । त्यसैगरी सरकारी निकायहरूले पनि सम्बन्धित उद्यमीहरूलाई आवश्यक परेको समयमा सहयोग गरिएन भने देशको अर्थतन्त्रमा नै प्रभाव पार्दछ भन्ने कुरालाई ध्यानमा राखी समयमा वा आवश्यक परेको बेलामा ती उद्यमीहरूलाई उचित सहयोग गर्नु पर्दछ ।

कोशी पहाडी जिल्लाहरुमा रहेका हाते कागज उत्पादन गर्ने उद्योगबाट उत्पादन हुने कागजको मात्रा र राष्ट्रिय तथ्यांकले देखाएको कच्चा पदार्थ संकलनको मात्राका बीच ठूलो भिन्नता देखिन्छ । त्यसै गरी यस लेखमा चर्चा गरिएका हाते कागज उत्पादनले सिर्जना गरेको रोजगारी तथा अर्थतन्त्रमा पुऱ्याएको योगदानको एकिन तथा व्यवस्थित तथ्यांकको पनि अभाव रहेको देखिन्छ । हाते कागज उत्पादनको मात्रा, रोजगारीको सिर्जना तथा अर्थतन्त्रमा पुऱ्याएको योगदनको व्यावस्थित तथ्यांक विकास गर्न सकिएमा हाते कागज उत्पादनको उपादेयता (जस्तै आर्थिक, सामाजिक, पर्यावरणीय) पुष्टी हुदै जान्छ । जसले गर्दा हाते कागज उत्पादनको क्षेत्रमा गर्नु पर्ने पहल तथा लगानीको वातावरण विस्तारै बन्दै जान्छ ।

हाते कागजको उत्पादन सरसर्ती हेर्दा स्थानीय कृषक तथा उत्पादकहरुले लोक्ता तथा अर्घेलीका साथै अन्य केही रेसाजन्य वस्तुहरुबाट (जस्तै बाबियो, केराको डाठ आदि) कागज बनाई केही आर्थिक आम्दानी गरेको मात्रै देखिन्छ । तर हाते कागज उत्पादनको समग्र प्रकृया, उक्त प्रकृयामा संलग्न कर्ताहरु र ती कर्ताहरुको भूमिकालाई

मिहिन रुपमा विश्लेषण गर्दा यसले समाजको विविध पाटोहरु (जस्तै सामाजिक, आर्थिक, साँस्कृतिक, पर्यावरण, राजनीतिक जस्ता क्षेत्रहरु) मा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा प्रभाव पारिरहेको देखिन्छ । जस्ले गर्दा कोशी पहाडी जिल्लामा रहेका हाते कागज उत्पादन गर्ने उद्योगहरुले कुनै पनि उद्योगले आर्थिक लाभका अलवा सामाजिक उत्तरदायित्वका रुपमा सामाजिक विकासमा पुऱ्याउनु पर्ने योगदानको विषयलाई पनि सम्वोधन गरेको देखिन्छ (Bigg and Misserschmidt 2005) । तर यी विविध पाटोहरुको गहन विश्लेषण हुन सकेको देखिन्दैन । यस लेखमा पनि उक्त विषयहरुका बारेमा यथेष्ट तथ्यांक, छलफल तथा विश्लेषण गरिएको छैन । यद्यपि, यस लेखमा प्रस्तुत गरिएका तथ्यांक तथा विश्लेषणले कोशी पहाडी क्षेत्रमा रहेका नेपाली हाते कागज उद्योगहरु वन स्रोतमा आधारित उद्यमहरुमध्ये एक सफल उद्यमका रुपमा पुष्टि भएको छ । यसका अलवा यी उद्यमहरुको कागज उत्पादनको समग्र प्रक्रिया, ती प्रक्रियाहरुमा संलग्न कर्ताहरुको भूमिका तथा योगदानहरुको विश्लेषण गर्दा यी उद्योगहरुले ग्रामीण समाजको सामाजिक, आर्थिक, साँस्कृतिक तथा राजनीतिक परिवर्तनको काममा पनि कुनै न कुनै रुपमा योगदान पुऱ्याइरहेको देखिन्छ ।

यसकारण, नेपाली हाते कागज उत्पादन गर्ने उद्योगहरुलाई कसरी दिगो बनाउने भन्ने कुरा सबैको चासोको विषय बन्नु पर्दछ । यसका लागि वर्तमान नीति तथा कानूनहरु उचित छन् की छैनन् र छैन भने के कस्तो प्रावधानहरु हुनु जरुरी छ भन्ने विषयमा अध्ययन तथा बहस गरिनु पर्दछ । तर उक्त कुराको नेतृत्व तथा जिम्मेवारी कस्ले लिने भन्ने कुराको निर्णय गर्न निकै कठिन छ । हाते कागज उत्पादनसँग सम्वन्धित विभिन्न कर्ताहरुको अवस्था हेर्दा यस कुराको जिम्मेवारी सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल (FECOFUN) अथवा हाते कागज उत्पादन गर्ने उद्यमीहको छाता संगठन (हाते कागज संघ वा हेण्डपास) ले लिनु पर्ने देखिन्छ । यी दुई मध्ये पनि सामुदायिक वन उपभोक्ता महासंघ, नेपालको नेतृत्व निकै प्रभावि हुन सक्छ तर उक्त संस्थाले आफ्नो १८ हजारभन्दा बढी संख्यामा रहेका सदस्यहरुको सवालहरुका साथै संस्थासँग सम्बन्धित दर्जनौ नीतीगत विषयहरुलाई नीतीगत बहस तथा पैरवी गर्नुपर्ने हुनाले हाते कागज उत्पादनकै विषयमा मात्रै केन्द्रित भई नीतिगत पैरवीको कामलाई प्रभावकारी रुपमा अगाडि बढाउने सम्भावना चाँही निकै चुनौतिपूर्ण देखिन्छ । यसका पछाडि अर्को महत्वपूर्ण प्रश्न भनेको यस संस्थाले सामुदायिक उद्यमको वकालत गर्दै आएको हुनाले हाते कागजसँग सम्वन्धित निजी उद्यमीहरुका सवालमा यस संस्थाले के कस्तो नीतीगत वकालत गर्ला भन्ने कुरा छलफलको अर्को विषय बन्ने सम्भावना छ । हाते कागजसँग सम्बन्धित उद्यमीहरुको छाता संगठनको सन्दर्भमा कुरा गर्दा उक्त संस्थाले यस विषयलाई गहन रुपमा लिएर जाने सम्भावना छ तर उक्त संस्थाको नीतीगत बहस तथा पैरवी गर्न सक्ने संस्थागत संरचनाको विकास तथा क्षमताको विकास गर्नुपर्ने देखिन्छ । यस कारण हाते कागजको दीगो विकासका लागि सम्बन्धित सबै सरोकारवाला तथा सहयोगी निकायहरुले बैलेमा अध्ययन, अनुसन्धान तथा छलफल गरी समस्याहरुको पहिचान गर्ने र नीतिगत तथा व्यावहारिक कदमहरु चाल्नु पर्ने आवश्यकता देखिन्छ ।

## सन्दर्भ सामग्रीहरु


**ANSAB.** 2009. Challenges and opportunities for Nepal's small and medium forest enterprises (SMFEs). Asia Network for Sustainable Agriculture and Bioresources (ANSAB), Kathmandu, Nepal.

**Bigg, S.; and Misserschmidt, D**. 2005. Social Responsibility in the Growing Handmade Paper Industry of Nepal. World Development Vol. 33, No. 11, pp. 1821–1843.

**Dutta, P.** 1994. Lokta (Daphne) Species: the Supply situation in Basantapur Area. Nepal UK- Community Forestry Project, Kathmandu, Nepal.

**DVN and NORMS.** 2013. District Baseline Development Report Shankhuwasabha, Bhojpur and Tehrathum Districts. Multi Stakeholder Foresttry Program (MSFP), Kathamndu.

**HANDPASS.** 2003. Lokta Production and Handmade Paper Making in Nepal-Problems and Way Forward'? Kathmandu (Unpublished).

**Jeanrenaud, J. P.** 1984. Lokta (Daphne Spp) & Craft Paper- Making in Nepal. Department of Forest, Kathmandu, Nepal.

**Kunwar, S., Ansari A. S., and Luintel, H.** 2009. Non-Timber Forest Products Enterprise Development: Regulatory Challenges in Koshi Hill of Nepal. Journal of Forest and Livelihood, pp. 39-50.

**MoFSC.** 2013. Persistence and Change: Review of 30 years of community forestry in Nepal. Ministry of Forest and Soil Conservation, Government of Nepal, Kathmandu.

**MoFSC.** 2060 (BS). Hamro Ban. Government of Nepal (GoN), Ministry of Forest and Soil Conservation (MoFSC), Kathmandu.

**MoFSC.** 2061 (BS). Hamro Ban. Government of Nepal (GoN), Ministry of Forest and Soil Conservation (MoFSC), Kathmandu.

**MoFSC.** 2062 (BS). Hamro Ban. Government of Nepal (GoN), Ministry of Forest and Soil Conservation (MoFSC), Kathmandu.

**MoFSC.** 2063 (BS). Hamro Ban. Government of Nepal (GoN), Ministry of Forest and Soil Conservation (MoFSC), Kathmandu.

**MoFSC.** 2064 (BS). Hamro Ban. Government of Nepal (GoN), Ministry of Forest and Soil Conservation (MoFSC), Kathmandu.

**MoFSC.** 2065 (BS). Hamro Ban. Government of Nepal (GoN), Ministry of Forest and Soil Conservation (MoFSC), Kathmandu.

**MoFSC.**2066 (BS). Hamro Ban. Government of Nepal (GoN), Ministry of Forest and Soil Conservation (MoFSC), Kathmandu.

**MoFSC.**2067 (BS). Hamro Ban. Government of Nepal (GoN), Ministry of Forest and Soil Conservation (MoFSC), Kathmandu.

**MoFSC.**2068 (BS). Hamro Ban. Government of Nepal (GoN), Ministry of Forest and Soil Conservation (MoFSC), Kathmandu.

**MoFSC.**2069 (BS). Hamro Ban. Government of Nepal (GoN), Ministry of Forest and Soil Conservation (MoFSC), Kathmandu.

**MoFSC.**2070 (BS). Hamro Ban. Government of Nepal (GoN), Ministry of Forest and Soil Conservation **(MoFSC), Kathmandu.**

**Ojha, H.O; Subedi, B. P; Dangal, S. P**. 2000. Assessment and Sustainable Harvesting of Non- Timber Forest Products: Some Initiatives in Community Forestry in the Hills of Nepal. Asia Network for Sustainable Bioresources (ANSAB), Kathmandu.

**Paudel, A. S.** 2004. Sustainability of Local Hand-Made Paper (Neplai Kagaj) Enterprises: A Case Study of Folakha District. Journal of Forest and Livelihood, Volume 4(1), pp. 64-69.

**Paudel, D.** 2012. In Search of Alternatives: Pro-Poor Entrepreneurship in Community Forestry. The Journal of Development Studies, Volume 48(11), pp. 1649-1664.

**Pyakurel, D., & Baniya, A.** 2011. NTFPs: Impetus for Conservation and Livelihood support in Nepal. A Reference Book on Ecology, Conservation, Product Development and Economic Analysis of Selected NTFPs of Langtang Area in the Sacred Himalayan Landscape. WWF Nepal.

# बाँसमा आधारित उद्यम विकासको सम्भावनाः
## *धनकुटाको आँखीसल्ला गाविसस्थित बाँस उद्यमीहरूको एक विश्लेषण*

✍अभिनय पाठक[1]

### १. पृष्ठभूमि

बाँस संसारमै सबैभन्दा बढी छिटो बढ्ने वनस्पति हो। यस वनस्पतिलाई "हरियो सुन" भनेर पनि चिनिन्छ। यस वनस्पतिबाट बनेका सामान सम्पन्नदेखि विपन्नसम्म सबैले प्रयोग गर्दछन्। बाँस यस्तो प्रजातिको वनस्पति हो, जुन प्रायः सबै प्रकारको हावापानी, भूगोल र मौसममा पनि उम्रन सक्दछ। यसको अर्थ यो वनस्पति तातो आद्रतादेखि लिएर धेरै जाडो हावापानी भएको ठाउँ तथा मौसममा पनि फस्टाउन सक्दछ। विश्वभर विभिन्न हावापानी भएका ठाउँहरूमा १५०० भन्दा बढी प्रजातिहरूका बाँसहरू पाइन्छ (Keseri 2005)।

बाँस संसारको अत्यधिक प्रयोग हने वनस्पतिहरू मध्येको एक हो। संसारभर खरबौं (करिब २५ बिलियन) मानिसहरूले बाँसबाट निर्मित वस्तुहरूको दैनिक प्रयोग गर्दछन्। यसको प्रयोग १५०० भन्दा बढी प्रकारका वस्तुहरूका रूपमा गरिने हुनाले यस वनस्पतिलाई बहुउपयोगी वनस्पतिको रूपमा हेरिन्छ (Rai and Chauhan, 1998)। बाँसको प्रयोग विभिन्न घरायसी कामदेखि लिएर व्यापारिक प्रयोजनहरूमा उपयोगी देखिन्छ। त्यसकारण, बाँस करोडौं मानिसहरूको जीविकोपार्जनको आधारसँग जोडिएको छ। विश्वमा बाँसको प्रयोग मुख्यतया ६ प्रकारले भएको देखिन्छ : १) निर्माण कार्यहरूका लागि, २) कृषि औजार हरूका रूपमा, ३) हस्तकलाहरूका रूपमा, ४) खाद्य वा तरकारीको रूपमा, ५) भू-क्षय नियन्त्रणका लागि, र ६) उर्जाको रूपमा। यसको अलावा बाँस वातावरणीय दृष्टिकोणले पनि निकै उपयोगी रहेको देखिन्छ। किनभने बाँसले अन्य प्रजातिका वनस्पतिहरू भन्दा चार गुणा बढी कार्बनडाइअक्साइड शोषण गर्दछ (Mccoy 2009)।

नेपालमा बाँस जताततै पाइन्छ भने मुख्यतया खेतीयोग्य जमीनका वरिवरि तथा बाँझो जग्गाहरूमा प्रशस्त मात्रामा बाँसको उत्पादन भएको पाइन्छ। यो वनस्पति प्रायः सबै ठाउँहरूमा भेटिन्छ (Stapleton, 1994)। नेपालमा १२ प्रकार र ५० भन्दा बढी प्रजातिका बाँसहरू रहेको पाइन्छ (TIS,2004)। नेपालका ७५ जिल्लाहरूमध्ये यो वनस्पति करिब ७३ जिल्लामा भेटिएको छ। त्यस्तै गरी नेपालमा वाँसको सरदर वृद्धिदर लगभग १ करोड पचास लाख (१५ मिलियन) क्युबिक मिटर र करिब एक अर्व टनभन्दा बढी (१०६० मिलियन टन) रहेको अनुमान गरिएको छ (Karki and Karki, 1995)।

सामान्यतया बाँसलाई काठ वा रूखको विकल्पको रूपमा पनि प्रयोग गर्ने गरिएको पाइन्छ। यसको प्रयोग निर्माण कार्य, कृषि औजारहरू, खाद्य तथा भवन निर्माण जस्ता कामहरूका साथै भू-क्षय वा पहिरो नियन्त्रण गर्ने कार्यका रूपमा पनि प्रयोग गरिएको पाइन्छ (Das & Oli, 2001)। तर यसको बहुउपयोगिताको सही सदुपयोग हुन सकेको अवस्था भने देखिएको छैन। यद्यपि बाँस देशको कतिपय ठाउँहरूमा जीविकोपार्जन तथा रोजगारीको एक प्रमुख माध्यम बनेको देखिन्छ।

यस लेखमा नेपालमा बाँसमा आधारित उद्यमले नेपालमा के कति तथा कसरी ग्रामीण समाजको जीविकोपार्जनमा योगदान पुऱ्याइरहेको छ भन्ने कुरा धनकुटा जिल्लास्थित आँखीसल्ला गाविसमा रहेका राई समुदायहरूको अनुभव, ज्ञान, सीप तथा सिकाइहरूलाई आधार मान्दै विश्लेषण गर्ने प्रयास गरिएको छ। त्यस्तै यो लेख तयार गर्ने क्रममा बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गत विगत दुई वर्षमा (२०६९ देखि २०७१ साल) वन उद्यमको विकास गर्ने सिलसिलामा प्राप्त भएको ज्ञान, अनुभव तथा सिकाइलाई पनि आधार मानिएको छ। त्यस्तै समूह छलफल, अन्तरवार्ता, र बाँसमा काम गरेका र आबद्ध भएका बजारका केही व्यापारीहरूसँगको छलफलबाट प्राप्त सूचना र जानकारीहरूलाई लेखमा उपयोग गरिएको छ।

### २. नेपालमा बाँसको महत्त्व

नेपालमा बाँसको उपलब्धता, यसबाट बनेका वस्तुहरू र ती वस्तुहरूको बजार मागको अवस्था हेर्दा बाँसबाट आर्थिक विकास गर्न सकिने ठूलो सम्भावना देखिन्छ। विभिन्न घरेलु उपयोगमा बाँसका वस्तुहरूको प्रयोग हुनु र उत्तिकै मात्रामा बजारमा पनि बिक्री हुनुले बाँसलाई

१ लेखक फरेष्टएक्सन नेपालमा कार्यरत छन्।

सम्भावित तथा महत्वपूर्ण आर्थिक स्रोतको रूपमा हेर्न सकिन्छ । बाँसको उच्च महत्त्व हुनुमा विभिन्न कारणहरू रहेका छन् । पहिलो, नेपालको लगभग सबै ठाउँमा बाँसको उपलब्धता छ । दोस्रो, नेपालका प्रायः सबै ठाउँमा कुनै न कुनै रूपमा बाँसबाट निर्मित वस्तुहरूको प्रयोग भइरहेको छ । तेस्रो, बाँसको उपयोगमा विविधता पनि रहेको छ । चौथो, बाँसका वस्तुहरूको उत्पादन गर्न सजिलो पनि छ । पाँचौं, बाँसबाट कुनै पनि वस्तु बनाउन वा उत्पादन गर्न सजिलो हुन्छ । छैटौं, बाँस ग्रामीण समाजमा मात्र नभई सहरहरूमा पनि मानिसले आफ्नो आम्दानीको स्रोतको रूपमा लिएका छन । सातौं, बाँसबाट निर्मित वस्तुहरूको माग र बजार बढ्दै गइरहेको छ । यी विभिन्न कारणहरूले गर्दा बाँस र यसमा आधारित उद्यम विकास र आर्थिक गतिविधि बढ्दै गएको अवस्थालाई मध्यनजर गर्दै यहाँ संक्षिप्त चर्चा गरिएको छ ।

### क) बाँसको उपलब्धता

नेपालमा बाँसको महत्व बढ्नुको प्रमुख कारण यसको सहज उपलब्धता हो । यो वनस्पति नेपालको पूर्वदेखि पश्चिम तथा पहाडको उच्च ठाउँदेखि तराईका समतल भू-भागसम्म पनि पाइन्छ । उपलब्ध तथ्याङ्क अनुसार देशको कूल भू-भागको करिब ६३ हजार हेक्टर भू-भागमा बाँस फैलिएको छ र जसमध्ये ६० प्रतिशत प्राकृतिक वनमा रहेको छ (Kesari 2005) । बाँसको घनत्व प्राकृतिक वनमा बढी भएतापनि यो वनस्पति आजकल निजी जग्गाहरूमा विस्तारै बढ्दै गएको देखिन्छ ।

### ख) बाँसको व्यापक प्रयोग

नेपालमा प्रायः सबै ठाउँहरूमा बाँसको प्रयोग हुन्छ । बाँस उपलब्ध हुने प्रायः सबै ठाउँहरूमा कुनै न कुनै रूपमा बाँसको प्रयोग भएको देखिन्छ । यसको प्रयोगको किसिम तथा उद्देश्य भने ठाउँ तथा समुदाय अनुसार फरक फरक हुन सक्दछ । सामान्यतया बाँसको प्रयोग परम्परागत शैलीमा बढी प्रचलनमा छ भने यसको आधुनिक प्रयोगको विस्तार भने निकै कम भएको देखिन्छ । यद्यपि, विभिन्न प्रयोजनका लागि नेपालमा बाँसको प्रयोग गर्ने प्रचलन बढ्दै गएको छ ।

### ग) बाँसको बहुउपयोगिता

बाँसको उपयोग अनेकौं किसिमले हुनु यसको प्रमुख विशेषता हो । यसलाई विभिन्न प्रयोजनहरूमा प्रयोग गर्न सकिने भएकोले नेपाली समाजको ग्रामीण जीविकोपार्जनका लागि बाँस निकै उपयोगी हुँदै आएको देखिन्छ । यो घरायसी कामदेखि उद्योग सञ्चालन र खाद्य पदार्थदेखि भू-क्षय नियन्त्रण जस्ता विभिन्न प्रयोजनहरूका लागि उपयोगी भएको देखिन्छ । यसको व्यापारिक महत्त्वलाई विस्तार गर्न सकिएमा यसबाट राम्रो आयआर्जन गर्न सकिने देखिन्छ । विशेषगरी हस्तकलाका विभिन्न सामग्रीहरूको निर्माण गरी यसबाट राम्रो आय आर्जन गर्न सकिने देखिन्छ ।

### घ) बाँसको सहज उत्पादन

बाँस यस्तो प्रजाति हो, जसको सजिलैसँग वृक्षारोपण गर्न सकिन्छ । यसलाई सबै प्रकारको हावापानी तथा भूगोल भएको ठाउँहरूमा रोप्न, उमार्न तथा हुर्काउन सकिन्छ । बाँसलाई समथर वा भिरालो, पानी भएको वा नभएको, जाडो वा गर्मी जुनसुकै ठाउँमा पनि रोप्न र हुर्काउन सकिन्छ । यद्यपि यो वनस्पनि सामान्यतया भिरालो तथा पानी नजम्ने र सुख्खा वातावरण तथा माटो भएको स्थानमा तुलनात्मक रूपमा राम्रोसँग हुर्किन्छ । यसलाई वृक्षारोपण गरेपछि धेरै हेरचाह पनि चाहिदैन भने यो प्रजाति छोडिएको, खेती नभएको, पानीको मुहान भएको ठाउँमा र खेतीयोग्य जमीनको छेउछाउमा रोप्न सकिन्छ । यसरी, थोरै मिहिनेत तथा खेती गर्न नसकिने जमीनमा उत्पादन गर्न सकिने भएकोले बाँसलाई महत्त्वपूर्ण वनस्पतिको रूपमा लिइन्छ ।

### ङ) बाँसबाट वस्तुको उत्पादन

बाँस यस्तो प्रजाति हो, जसबाट विभिन्न प्रकारको सामान वा हस्तकलाका वस्तुहरूको सजिलै निर्माण गर्न सकिन्छ । यसको प्रमुख कारण बाँसलाई घरेलु औजारहरूकै प्रयोगबाट पनि सजिलैसँग काट्न वा टुक्र्याउन सकिन्छ । त्यसैगरी यस्ता टुक्राहरूबाट आवश्यकता अनुसारको रेशा वा चोया निकाल्न सकिन्छ । बाँसका वस्तुहरू बनाउनका लागि सामान्य ज्ञान तथा सीप भएका व्यक्तिले पनि सजिलै गरी काम गर्न सक्दछन् । यसका अलावा बाँसको सामान बनाउनका लागि पूर्णकालीन समयको पनि आवश्यकता पर्दैन । बरु कुनै पनि व्यक्तिले आफ्नो घरमा कुनै पनि खाली समयलाई प्रयोग गरी बाँसका समानहरू बनाउन सक्दछन्, जसबाट अतिरिक्त आय समेत प्राप्त गर्न सकिन्छ ।

### च) बाँस व्यवसायमा सहरी मोह

ग्रामीण क्षेत्रमा बाँसको व्यवसाय फस्टाउनु सामान्य र स्वाभाविकै हो । तर बाँसबाट बनाइएका हस्तकलाका सामानको माग र मुनाफा विस्तारै बढ्दै जाँदा यस व्यवसायले सहरी क्षेत्रका व्यवसायीहरूलाई पनि विस्तारै

आकर्षित गर्दै लगेको देखिन्छ । काठमाडौंमा मात्रै सयौंको सङ्ख्यामा बाँसमा आधारित उद्यम व्यवसायीहरू रहेका छन् । सहरी क्षेत्रका बाँस व्यवसायीहरू आफैंले पनि बाँसका कलात्मक र हस्तकलाका वस्तुहरू (जस्तै : घडी, कलम स्ट्यान्ड, किरिङ, फोटो फ्रेम आदि) बनाउने गर्दछन् भने यी व्यवसायीहरूले ग्रामीण क्षेत्रमा बाँसबाट उत्पादन गरिएका सामानहरू पनि खरिद गरी काठमाडौंको बजारमा बिक्री वितरण गर्दै आएका छन् । यो क्रम विस्तारै बढ्दै गएको देखिन्छ र यसबाट सहरी तथा ग्रामीण क्षेत्रमा आय आर्जनका अवसरहरू वृद्धि भइरहेका छन् ।

### छ) बाँस तथा बाँसका सामग्रीहरूको बढ्दो माग

बाँसका विभिन्न कलात्मक सामानहरूको माग राष्ट्रिय र अन्तर्राष्ट्रिय दुबैखाले बजारमा निरन्तर वृद्धि हुँदै गइरहेको देखिन्छ । विशेषगरी स्थानीय तथा स्वदेशी दैनिक उपयोगका सामानहरू जस्तै : ढकिया, टेबल, न्याक, डोको, थुन्से आदिको माग स्थानीय बजारमा व्यापक रूपमा छ भने अन्य कलात्मक वस्तुहरू जस्तैः– चिया राख्ने बाकस, कलमदानी तथा अन्य कलात्मक वस्तुहरूको माग काठमाडौं र अन्य राष्ट्रिय बजारमा पनि अत्यधिक छ । अन्तर्राष्ट्रिय सङ्घ संस्थाका कार्यालयहरूमा बाँसबाट बनेका चियादानी, पेन स्ट्यान्ड, फूल राख्ने कलात्मक वस्तुहरू आदि गरी विभिन्न सामानको अधिक माग रहेको छ । यसले बाँसबाट निर्मित हस्तकलाका सामानको बजार र आर्थिक उन्नतिको दृष्टिकोणले निकै सम्भावनायुक्त देखिन्छ । यसरी बाँसका सामानहरू घरायसी प्रयोगका लागि स्थानीय बजार र स्वदेश तथा विदेशमा समेत प्रशस्त माग हुनुले बाँसबाट बनेका हस्तकलाका सामानको व्यवसायीकरण तथा बजारीकरणमा ध्यान दिइनुपर्ने आवश्यकता रहेको देखिन्छ ।

## ३. धनकुटा जिल्लाको आँखीसल्लामा बाँस उद्यमको अवस्था

### क) परिचय

धनकुटा जिल्लाको आँखीसल्ला गाविस बाँस तथा बाँसका सामान उत्पादनका लागि एक महत्त्वपूर्ण तथा परिचित ठाउँ हो । बाँसबाट हस्तकलाका सामान बनाउने काम यस गाउँका बासिन्दाहरूका लागि जीविकोपार्जनको एउटा बलियो आधार बन्दै आएको छ । उनीहरूको यस प्रकारको परम्परागत अभ्यासलाई व्यवसायीकरण गर्नका लागि केही सङ्घ संस्था र निकायहरूले विगतका दिनहरूमा विभिन्न सहयोग पनि गर्दै आएका छन् । यस लेखमा बाँसमा आधारित उक्त व्यवसायको सिकाइ र अनुभवलाई व्याख्या गर्ने प्रयास गरिएको छ ।

आँखीसल्ला गाविस धनकुटा जिल्लाको पश्चिम भागमा अवस्थित छ । यहाँ राई जातिको बाहुल्यता रहेको छ । यो गाउँ धनकुटा नगरपालिका वा धनकुटा जिल्लाको सदरमुकामबाट करिब २८ किमीको दुरीमा पर्दछ । यो गाउँ बाँस उत्पादनका लागि अत्यन्त उपयुक्त र प्रख्यात रहेकोले यस क्षेत्रमा प्रशस्त मात्रामा बाँस पाइन्छ । यस गाउँमा तामा बाँस, चोया बाँस, माल बास, भालु बाँस र ढुङ्ग्रे बाँस गरी पाँच प्रजातिका बाँसहरू पाइन्छन् । यी बाँसहरूको प्रयोग यसप्रकार रहेको छ :

**तालिका १ः धनकुटा जिल्लाको आँखीसल्ला गाउँमा पाइने बाँसका प्रजातिहरूको प्रमुख उपयोग**

| क स | प्रजातिको नाम | मुख्य प्रयोग |
|---|---|---|
| १ | तामा बाँस | तरकारी र बाँसको सामान बुन्न वा बनाउन |
| २ | चोयाँ बाँस | बाँसको सामान बुन्न वा बनाउन |
| ३ | माल बाँस | निर्माण कार्यमा र बाँसको सामान बुन्न वा बनाउन |
| ४ | भालु बाँस | निर्माण कार्यमा र बाँसको सामान बुन्न वा बनाउन |
| ५ | ढुङ्ग्रे बाँस | निर्माण कार्यमा र बाँसको सामान बुन्न वा बनाउन र कन्टेनर बनाउन |

स्रोतः INBAR 1998

आँखीसल्ला गाउँमा पाइने बाँसको इतिहास धेरै लामो रहेको छ । यस क्षेत्रमा बाँस प्रशस्त पाइने हुँदा यस गाउँमा बस्ने राई जातिका मानिसहरू बाँसका कलात्मक सामानहरू बनाउने काममा पुस्तौंदेखि लाग्दै आएका छन् । राईहरूले परम्परागत रूपमा नै सदियौंदेखि नाङ्गलो, मान्द्रो, ढाकी, डोको, डालो, थुन्से जस्ता सामानहरू बनाउने गर्दथे । यी सामानहरू स्थानीय बजारमा घरायसी उपयोगका लागि बिक्री हुने गर्दछन् । तर यस गाउँमा विगत दुई दशकदेखि बाँसबाट आधुनिक हस्तकलाका सामानहरू बनाउने र बिक्री गर्ने कार्य हुँदै आएको छ । करिब बीस वर्ष पहिले

एक परियोजनाको कामको सिलसिलामा आएका एकजना जर्मन नागरिकले यस गाउँका केही मानिसहरूलाई बाँसबाट आधुनिक समान बनाउने तालिम दिएका थिए । जसको परिणामस्वरूप यस गाउँका मानिसहरू बाँसबाट विस्तारै आधुनिक हस्तकलाका सामान बनाउने कामतर्फ अग्रसर हुँदै गए । हाल यस गाउँका बहुसङ्ख्यक मानिसहरू बाँसको कलात्मक सामानहरू बनाउने र देशको विभिन्न ठाउँमा बजारीकरण गर्दै आएका छन् । अहिले यस गाउँका मानिसहरू आफ्नो सामान बिक्री गर्ने मात्र नभई स्रोत व्यक्तिका रूपमा देशका विभिन्न ठाउँहरूमा गई तालिम समेत सञ्चालन गर्दछन् ।

**ख) बाँसको प्रशस्त उत्पादन**

आँखीसल्ला गाउँमा बाँस उत्पादनको कुनै कमी छैन । यस गाउँका प्रायः सबै ठाउँहरूमा बाँसका प्रशस्त झाङहरू रहेका छन् । यहाँ दुई किसिमले बाँसको उत्पादन भएको देखिन्छ । एक प्राकृतिक रूपले नै उम्रेका बाँस र दोस्रोमा वृक्षारोपण गरी उम्रेका बाँसहरू । विशेष गरी खोल्सा-खाल्सी, खेती नहुने बाँझो तथा सुख्खा जग्गाहरू र पाखो जग्गाहरूमा प्रशस्त बाँसहरू रोपिएको र उम्रेको देखिन्छ । कतिपय खेतबारीको छेउछाउ र घर आँगन नजिकमा पनि प्रशस्त बाँसका रूखहरू देख्न सकिन्छ । बाँसको पुनउत्पादन गर्ने क्रममा उनीहरूले परिपक्व भएका बाँसका जराका बुटाहरू आवश्यक ठाउँमा वा जमीनमा गाडेर नयाँ बाँसका बुटाहरू उत्पादन गरेको पाइन्छ । यो विधि निकै सजिलो, सहज र सफल भएको कुरा स्थानीय व्यक्तिहरू बताउँछन् । यसैगरी यस गाउँमा रहेका सामुदायिक वनहरूमा पनि प्रशस्त मात्रामा बाँसको वृक्षारोपण गरिएको छ र प्रशस्त मात्रामा बाँस उत्पादन भइरहेको छ । तर यी सामुदायिक वनमा रहेका बाँसहरूलाई हस्तकलाका सामान निर्माणका लागि प्रयोग गर्न सकिएको छैन । यसका मुख्य कारण बाँसको मागका लागि बजारको सिर्जना गर्न नसक्नु हो ।

**ग) बाँसबाट निर्मित हस्तकलाका सामान उत्पादनको अवस्था**

आँखीसल्ला गाउँमा निरन्तर रूपमा बाँसका विभिन्न सामानहरू उत्पादन हुँदै आएका छन् । यस क्रममा यहाँ बाँसका करिब ५० किसिमका सामानहरू उत्पादन हुन्छन् । यद्यपि यी सामानहरू मध्ये व्यापारिक तथा बजारको हिसाबले करिब २५ किसिमका सामानहरूचाहिँ नियमित रूपमा बिक्री वितरण हुँदै आएका छन् । विभिन्न प्रकारका वस्तुहरूमध्ये कलमस्टेन्ड, चियादानी, चिया राख्ने भाडो, फलफूल राख्ने ढाकी आदि बढी मात्रामा उत्पादन र बिक्री हुँदै आएका छन् । यी सामानहरू प्रायः काठमाडौं, धरान, विराटनगरहरूमा बिक्री हुने गरेका छन् । तर यी सामानहरूको उत्पादन गर्ने विधि परम्परागत (हातले नै बनाउने) भएको कारण उत्पादकहरूले बढी शारीरिक परिश्रम गर्नुपर्ने, छोटो समयमा धेरै उत्पादन गर्न नसक्ने र बजारको माग अनुसारको मात्रामा उत्पादन गर्न नसक्ने अवस्था रहेको छ । यस गाउँमा प्रायः सबैले बाँसको समान बनाए पनि तीन जना स्थानीय सङ्कलकहरूले सबै सामान सङ्कलन गरी बजारमा लैजाने काम गर्दै आएका छन् ।

**तालिका २ः आँखीसल्लामा उत्पादन हुने बाँसका प्रमुख आधुनिक सामानहरूको विविधता**

| आँखीसल्लामा बाँसबाट उत्पादन गरिने प्रमुख सामानहरू | स्थानीय बजारमा बढी बिक्री हुने सामानहरू | राष्ट्रिय बजारमा बिक्री हुने सामानहरू | अन्तर्राष्ट्रिय बजारमा बिक्री हुने सामानहरू |
|---|---|---|---|
| ढाकी, कलमस्टेन्ड, चियादानी, चिया राख्ने झोला, झुल राख्ने बास्केट, ट्रे, ऐनाको फ्रेम, किरिङ, भित्ते घडीको फ्रेम, जहाज, फलफूल राख्ने ट्रे, अन्य ग्रिटिङ कार्डहरू, प्राचीन वस्तुहरू आदि | ढाकी तथा अन्य सजावटका वस्तुहरू | ढाकी, चिया झोला, किरिङ, र अन्य सजावटका वस्तुहरू | सजावटका वस्तुहरू, घडी, जहाज, फलफूल राख्ने ट्रे, ग्रिटिङ कार्डहरू, प्राचीन वस्तुहरू |

आँखीसल्लामा उत्पादन भएका आधुनिक वस्तुहरू स्थानीय बजारभन्दा पनि राष्ट्रिय बजारमा धेरै माग हुने र बिक्री वितरण हुने गरेको छ । आँखीसल्लामा उत्पादन भएको सामान काठमाडौंमा खरिद गर्ने व्यापारी तथा उद्यमीहरूका अनुसार काठमाडौंको बजारमा भएको मागको सानो हिस्सा पनि आँखीसल्लाका उत्पादकरुले पूरा गर्न सकेका छैनन् । यसको प्रमुख कारण यस ठाउँमा उत्पादन भएको सामानको गुणस्तरीयता तथा समानको न्यून मूल्य हो । तर अन्तर्राष्ट्रिय बजारको कुरा गर्दा यस गाउँमा उत्पादन भएका बाँसका सामानहरू कुनै बेला नमुनाको रूपमा बिक्री वितरण भए पनि व्यापारिक हिसाबले बाँसका समानहरू अन्तर्राष्ट्रिय बजारमा जान सकेका छैनन् ।

यसको प्रमुख कारण उत्पादनको मात्रा कम भएकोले हो भन्ने कुरा काठमाडौंका व्यापारीहरू बताउँछन् । यसको अर्थ के हो भने अन्तर्राष्ट्रिय बजारमा उत्पादित वस्तुको बिक्री हुनका लागि ठूलो परिमाणमा वस्तुको उत्पादन गरिएको हुनु पर्दछ र यस्तो कार्य हालसम्म आँखीसल्लामा मात्रै हैन, देशको कुनै पनि ठाउँमा हुन सकेको छैन ।

हाल यस गाउँमा केही विद्युतीय औजारहरू जस्तै ड्रिल मेसिन (प्वाल बनाउने), ब्रोल्याम्प (सामानमा नचाँहिदो भ्यासहरू डढाउँने), बाँस काट्ने विद्युतीय आरा, बाँस चिर्ने मेसिन आदि प्रयोग हुन थालेको छ । यस्तो आधुनिक प्रविधि प्रयोग गर्दा भएको प्रगतिहरूको बारेमा यहाँ समीक्षा गरिएको छ ।

**तालिका ३ : आधुनिक मेसिनको प्रयोगले आँखीसल्लामा बाँसका वस्तु उत्पादकहरूको क्षमातामा आएको परिवर्तन**

| सामानहरू | परिमाण | पहिले | मेसिन प्रयोग गर्न थालेपछि | प्रति दिन उत्पादन (पहिले) | प्रति दिन उत्पादन (मेसिन प्रयोग गर्न थालेपछि) |
|---|---|---|---|---|---|
| ढाकी | १०० | १५ दिन | १० दिन | ६.७ | १०.० |
| पेन स्ट्यान्ड | १०० | १० दिन | ८ दिन | १०.० | १२.५ |
| चिया बाकस | १०० | ७ दिन | ५ दिन | १४.३ | २०.० |

यसरी माथिको तालिका अनुसार हेर्दा एक व्यक्तिले प्रतिदिन उत्पादन गर्ने सामानको परिणाम केही आधुनिक औजारहरू प्रयोग गर्न थालेपछि बढेको देखिन्छ । जस्तै : एक व्यक्तिले मासिक रूपमा (प्रविधि प्रयोग हुनुभन्दा पहिले) २०० (दुई सय) ढाकीहरू उत्पादन गर्न सक्दथ्यो भने आधुनिक विद्युतीय प्रविधिको प्रयोगपछि अहिले मासिक ३०० ढाकी बनाउन सक्दछ । जसबाट पहिले २०० ढाकीबाट १३,००० (प्रति ढाकी रु. ६५ का दरले) रूपैयाँमा मात्र आम्दानी हुन्थ्यो भने अहिले मासिक १९,५०० रूपैयाँ आम्दानी हुन्छ । यसरी प्रविधिको विकास र प्रयोगले बाँसका सामान उत्पादनमा परिर्वतन भई बाँसका सामान उत्पादन गर्ने क्षमता विकास भएको कुरा प्रष्टै देखिन्छ ।

### घ) बाँसका हस्तकला निर्माण गर्ने प्रक्रिया र यसबाट सिर्जना हुने रोजगारीको अवस्था

सामान्यतया बाँस सङ्कलन गरेपछि घर घरमा ल्याउँछन् र उक्त बाँसलाई चोयामा परिणत गरी विभिन्न सामान बनाइन्छ । उक्त चोयाबाट आवश्यकता अनुसारका सामानहरू बनाउने काम हुन्छ । महत्त्वपूर्ण कुरा के छ भने यसरी बाँस सङ्कलनदेखि चोया काट्ने र उक्त चोयाबाट सामान बनाउने प्रक्रियामा विभिन्न तहका रोजगारीहरू सिर्जना हुन्छन् । हाल गरिदै आएको अभ्यासको हिसाबले उद्यमीले चोया तथा सम्बन्धित सामान बनाउनका लागि आधार तयार गर्दछ । पहिलो चरणमा वस्तु उत्पादनको थोरै काम सुरुआत गर्ने र थप काम गर्ने व्यक्ति वा उत्पादकलाई अतिरिक्त कामको सिर्जना गरिदिन्छ । र अन्त्यमा अन्तिम उत्पादन गर्ने काम फेरि अर्को व्यक्तिले गर्दछ । एउटा वस्तु बनाउनका लागि तीनदेखि चार तहमा तीन चार जनाले तह तहमा काम गरेपछि मात्र उक्त वस्तु तयार हुन्छ । यसरी हेर्दा एउटा वस्तु बनाउँदा तीनदेखि चार जनाका लागि रोजगारी सिर्जना भएको देखिन्छ ।

बाँसको उपयोगको कुरा गर्दा यसको सामाजिक तथा आर्थिक पक्षलाई पनि नियाल्नु उपयुक्त हुन्छ । यस गाउँका अधिकांश मानिसहरू बाँस व्यवसायमा आबद्ध छन् । उनीहरूले निर्माण गरेका वस्तुहरूको माग बजारमा उच्च छ । उक्त मागले उनीहरूलाई बाँसका सामान बनाउने काममा प्रेरित गरेको छ । जसले गर्दा स्थानीय स्तरमा रोजगारीका साथै आम्दानी पनि वृद्धि भएको छ । तसर्थ बाँसबाट रोजगारीको अवस्था सिर्जना भई केही व्यक्तिहरूले यसलाई मूल पेशाको रूपमा पनि लिएका छन् । उनीहरूले अन्य पेशा तथा व्यवसायहरूलाई थाती राखेर बाँसको सामान बनाउने कामलाई प्रमुख आय आर्जनको स्रोत तथा आधार बनाएका छन् । यसैको माध्यमबाट उनीहरूले आफ्नो जीवनस्तर उकास्न पनि सफल भएका छन् । बजारको ठूलो माग र आय आर्जनको प्रमुख आधार हुन सक्ने सम्भावना हुँदाहुँदै पनि यस पेशालाई विभिन्न कारणहरूले गर्दा केही व्यक्तिहरूले अझैपनि अँगाल्न सकेको देखिदैन । जस्तै :– यस पेशालाई तल्लो स्तरको पेशाको रूपमा हेर्ने संस्कृति र यस पेशाबाट धेरै आम्दानी गरेर सम्पन्न भएको कुनै उदाहरण नहुनु जस्ता कुराहरू यसो हुनुको प्रमुख कारण रहेको देखिन्छ ।

## ङ) बाँसद्धारा निर्मित हस्तकलाका सामानको सङ्कलन र बजारीकरण

यस गाउँमा निर्माण भएका बाँसका हस्तकलाका सामानहरू स्थानीय केही उद्यमी तथा सङ्कलनकर्ताहरूले एकमुष्ठ रूपमा सङ्कलन गरी धरान, विराटनगर तथा काठमाडौंका बजारहरूमा बिक्री गर्ने गरेका छन्। यसरी सङ्कलन भएका सामानहरू बजारमा पठाउँदा दुईवटा तरिकाहरू अपनाइएको पाइन्छ। पहिलो, यी सङ्कलकहरूले सामानलाई गाडीमा राखी पठाएर सम्बन्धित खरिदकर्तालाई खबर गर्ने र दोस्रो चाहिँ ती सङ्कलकहरू सामानसँगै आफैं गई खरिद गर्नेलाई सामान उपलब्ध गराउने उपाय अवलम्बन गरेको देखिन्छ। अभ्यासको हिसाबले पहिलो तरिका बढी प्रयोग भएको देखिन्छ। तर यसले ती सङ्कलकहरूको लागत चाहिँ बढाएको देखिन्छ। जसले गर्दा उत्पादकहरूले पाउनुपर्ने मूल्य स्वतः कम भएको देखिन्छ। यसरी विभिन्न तहका बजारीकरणकर्ताहरू मार्फत बाँसका सामानहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारसम्म पुग्दछ।

## ४. आँखीसल्लामा बाँस व्यवसायको थप सम्भावना

### क) बजारको विस्तार तथा स्थानीय रोजगारीको विकास

बाँसका सामानको माग अत्यन्त धेरै छ। आँखीसल्लामा उत्पादन भएका बाँसको सामानको मागको अवस्था अध्ययन गर्दा यसको आपूर्ति निकै न्यून रहेको देखिन्छ। यस गाउँमा उत्पादन भएका सामानले बजारको मागलाई पूरा गर्न नसकेको अवस्था छ। उक्त माग पूरा गर्नका लागि उत्पादनको मात्रा निकै बढाउनुपर्ने हुन्छ। यदि उक्त मागलाई पूर्ति गर्ने हो भने यस गाउँमा स्थानीय रोजगारी बढ्नुका साथै स्थानीय आम्दानी पनि वृद्धि हुन जान्छ। आँखीसल्लामा निर्माण भएका बाँसको सामान खरिद गर्दै आएका एक व्यवसायी तथा व्यापारी भन्छन् ' अन्तर्राष्ट्रिय बजारमा नेपाली बाँसको माग उच्च रहेको छ। दैनिकजसो ठूलो मात्रामा बाँसको सामानको माग हुन्छ तर समयमा नै पठाउन नसक्नु र माग ठूलो हुनुको कारणले हामी ती माग अनुसार पठाउने कुरै छाडौं सोच्न पनि सकेका छैनौं। यसले के स्पष्ट गर्दछ भने आँखीसल्ला गाउँमा अन्तर्राष्ट्रिय बजारको माग नभए पनि क्षेत्रीय तथा राष्ट्रिय मागलाई मात्रै पूरा गर्नका लागि मात्र उत्पादन गर्न थाल्ने हो भने यसले स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने तथा अर्थतन्त्रको विकास गर्ने काममा ठूलो योगदान पुऱ्याउने कुरा निश्चित छ।

### ख) गुणस्तरीयताको सुनिश्चितता

आँखीसल्लामा उत्पादित बाँस तुलनात्मक रूपमा राम्रो तथा गुणस्तरीय भए पनि अन्तर्राष्ट्रिय स्तरमा उत्पादन भएका सामानहरूको तुलनामा र अन्तर्राष्ट्रिय उपभोक्ताहरूको दृष्टिमा यी उत्पादनहरू गुणस्तरीय हुनुपर्ने देखिन्छ। अर्कोतर्फ क्षमता नबढाउने हो भने अहिलेसम्म प्राप्त भएको गुणस्तरीयता समेत घट्ने सम्भावना पनि उत्तिकै रहन्छ। यसैगरी गुणस्तरीयता कायम गर्दै उत्पादनको मूल्य पनि कसरी बढाउने भन्ने कुरा त्यत्तिकै महत्त्वपूर्ण छ। गुणस्तरको सवलमा राजधानीका विभिन्न बाँसका उद्यमी तथा व्यापारीहरू यसो भन्छन् "हामीले बाँसका सामान देशका विभिन्न स्थानहरूबाट लिन्छौं तर आँखीसल्ला गाविसको बाँसको गुणस्तर अरुहरूको तुलनामा धेरै राम्रो र विश्वासिलो छ। यस ठाउँको बाँसमा किरा नलाग्ने, सुकिलो, बलियो र आकर्षित पार्ने गुणहरू छन्"। उक्त भनाइले के सङ्केत गरेको छ भने आँखीसल्लाका बाँसमा आधारित उद्यमबाट आय आर्जन गर्ने कामलाई बढाउने र यसको थप विकास गर्ने हो भने यहाँको उत्पादनको गुणस्तरीयता बढाउँदै प्रतिस्पर्धी बन्न सक्नुपर्ने देखिन्छ।

### ग) समयानुसार श्रम र वस्तुको मूल्य वृद्धि गर्ने

तुलनात्मक रूपमा गुणस्तरीय वस्तुको उत्पादन तथा उच्च मागका बावजुत बाँसका सामानहरूको मूल्य तथा उत्पादकहरूको श्रमको मूल्य समय अनुसार नबढ्दा उत्पादकहरूमा केही नैराश्यता छाएको देखिन्छ। किनकि, उत्पादित सामानको अन्तिम बजार मूल्य र उत्पादकले प्राप्त गर्ने मूल्यका बीच निकै ठूलो अन्तर रहेको देखिन्छ। जस्तै : उत्पादन क्षेत्रमा ढाकीको मूल्य रू. २० पर्दछ भने काठमाडौंको बजारमा त्यही सामानको मूल्य लगभग रू. ७५ रहेको छ। यसरी मूल्यमा फराकिलो अन्तर हुँदा उत्पादकहरूले यस पेशालाई निरन्तरता दिने सम्भावना घट्दै जान सक्दछ। यस्तो अवस्थामा होलसेल व्यापारी र उत्पादक बीच समन्वय र सहकार्यका माध्यायमबाट उत्पादन गर्ने वा बनाउने कामदारहरूको ज्याला वा उनीहरूले बनाएको समानको मूल्य समय अनुसार बढाउनुपर्ने आवश्यकता देखिन्छ। यसका लागि उनीहरूको वर्तमान बजारमा पनि कुनै असर नपर्ने गरी स्थानीय उत्पादकहरू पनि एकीकृत भई के कसरी प्रभावकारिता वृद्धि गर्न सकिन्छ भन्ने विषयमा आवश्यक पहल गरिनु पर्दछ।

## घ) उत्पादित सामान वा वस्तुहरूको विविधता

आँखीसल्लामा काम गर्ने बाँस उद्यमीहरूको आय नबढ्नु र न्यायोचित मूल्य नपाउनुको मुख्य कारण बाँसका सामानहरूमा समय अनुसार विविधता नहुनु हो। पचासभन्दा बढी प्रकारका सामान बनाउने भएपनि उत्पादकहरू केही सीमित प्रकारका वस्तुहरू बनाउने काममा मात्र केन्द्रित भएको देखिन्छ। जसले गर्दा उनीहरूले बजारमा आफ्नो समानको मूल्य आवश्यकता अनुसार र समय अनुसार बढाउन सकेका छैनन्। विभिन्न प्रकारका सामानको मूल्य फरक फरक छ र यदि नयाँ र नवीनतम डिजाइनका सामानहरू बनाई ती डिजाइन अनुसारको मूल्य निर्धारण गर्दै जाने हो भने एकातिर उनीहरूको उत्पादनमा विविधता आउँछ भने अर्कोतिर उनीहरूले आफ्नो वस्तुको मूल्य पनि बढाउँदै लैजान सक्दछन्। तर यसका लागि बजारमा भएको माग अनुसारका वस्तुहरूको उत्पादन गर्ने तालिम, भ्रमण र नयाँ समान बनाउन चाहिने इच्छा शक्ति र लगनशीलताको विकास गरिनु नितान्त आवश्यक हुन्छ। यसका साथै सामानको परिणाम र गुणस्तरीयता बढाउन सकेको खण्डमा उनीहरुको उत्पादन विस्तारै अन्तर्राष्ट्रिय बजारमा पनि लैजान सकिने सम्भावना रहन्छ ।

## ङ) अन्तर्राष्ट्रिय बजारमा पहुँच तथा विस्तार

आँखीसल्लामा उत्पादन भएका बाँसका सामानहरूको बिक्री वितरण अहिलेसम्म स्वदेशको वजारमा मात्रै सीमित भएको छ। काठमाडौंमा रहेका व्यापारी तथा खरिदकर्ताहरूका अनुसार आँखीसल्लामा उत्पादन भएका सामानहरू अन्तर्राष्ट्रिय बजारमा पनि बिक्री गर्न सकिन्छ। तर यसका लागि उत्पादनको मात्रा र गुणस्तर धेरै गुणा बढाउनु पर्दछ। काठमाडौंका एक उद्यमी तथा व्यापारीका अनुसार नेपालमा बनेको बाँसका केही सामानहरू एसिया तथा युरोपका बजारहरूमा निर्यात गरिन्छ तर उनीहरूको मागको मात्रा ठूलो भएको कारण बजारको निरन्तरता गर्न सकिएको छैन। यसको अर्थ के हो भने अन्तर्राष्ट्रिय बजार हुदाँ र पाउँदा पनि नेपालमा बनाइने बाँसको सामानलाई अन्तर्राष्ट्रिय बजारमा भएको माग अनुसार आपूर्ति गर्न सकिएको छैन। नेपालको उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्न सकिएमा देशको अर्थतन्त्र तथा रोजगारीमा वृद्धि हुन सक्दछ। बाँसका धेरै र नवीनतम सामानहरू उत्पादन गरी अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सके नेपालमा बाँसको उत्पादनको भविष्य उज्वल देखिन्छ।

बाँस व्यवसायमा विगत ४५ वर्षदेखि काम गरिरहेका काठमाडौं कुसुन्ती निवासी एक अनुभवी उद्यमी तथा व्यवसायी यसो भन्छन्"नेपालको बाँस र बाँसबाट उत्पादन हुने सामानहरूको अन्तर्राष्ट्रिय बजार राम्रो छ, तर अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउनका लागि ठूलो प्रयास र समन्वय आवश्यक छ। यसको लागि अन्तर्राष्ट्रिय व्यापारीहरूसँग सम्बन्ध विस्तारदेखि लिएर हाम्रो उत्पादन र व्यापार गर्न सक्ने क्षमताको अभिवृद्धि हुनु आवश्यक छ। त्यस्तै हाम्रो बाँसको सामानको गुणस्तरीयतालाई ध्यान दिई नवीनतम सामानहरूको उत्पादन गर्दै लैजान सकेको खण्डमा हामीले अन्तर्राष्ट्रिय बजारमा पहुँच पुऱ्याउन सक्दछौँ"। उनी जस्तै अन्य थुप्रै उद्यमीहरूले नेपालको बाँसको अन्तर्राष्ट्रिय बजारका बारेमा यस्तै प्रतिक्रियाहरू दिएका छन्। यसको अर्थ के हो भने नेपालमा उत्पादित बाँसका हस्तकलाको सामानको अन्तर्राष्ट्रिय बजार विस्तार गर्न सकिने निकै ठूलो सम्भावना रहेको छ।

## च) व्यवसायिक बाँस खेतीको नर्सरी

बाँसका सामानको उत्पादन आँखीसल्लाका बहुसङ्ख्यक समुदायहरूका लागि जीविकोपार्जनको आधार तथा माध्यम भएको छ। यद्यपि उनीहरूको व्यक्तिगत तथा पारिवारिक आम्दानी अझै पनि यथेष्ट छैन। यसका लागि उनीहरूले उत्पादनको मात्रा विस्तारै बढाउदै लैजानुपर्ने हुन्छ। यसरी उत्पादनको मात्रा बढाउदै लैजाँदा उपलब्ध बाँसको मात्रा पर्याप्त नहुन सक्दछ। जसले गर्दा कालान्तरमा बाँसको अभाव बढ्ने सम्भावना रहन्छ। त्यसैगरी यस गाउँका सबै घरधुरी तथा व्यक्तिहरूले बाँसको सामान बनाउन सकेका छैनन्। तर उनीहरूले आफ्नो जग्गामा बाँसको उत्पादन गरी बाँस नै बिक्री वितरण गरी आफ्नो आय आर्जन बढाउन सक्दछन्। त्यस्तै बाँसका सामानहरू बनाउने उद्यमीहरू पनि विस्तारै वृद्धि भइरहेकोले र सीमित बाँस रोपण भएकोले, बाँस उत्पादनमा ह्रास आउने देखिन्छ। यसरी बाँसको उत्पादनमा दिगोपना ल्याउनका लागि आँखीसल्लामा बाँसको वृक्षारोपण बढाउनुपर्ने देखिन्छ। यसको अलावा, हाल आँखीसल्लामा स्थानीय रूपमा उपलब्ध हुने बाहेक अन्य नयाँ नयाँ प्रजातिका बाँसहरूको उत्पादन गर्न सकिएमा यसले थप आर्थिक सम्भावनाहरूको विकास गर्ने निश्चित देखिन्छ।

## छ) आधुनिक प्रविधिको विकास

आँखीसल्ला गाउँमा बाँसका सामानहरू उत्पादन गर्ने प्रक्रिया हेर्दा उनीहरू परम्परागत प्रविधिमा निर्भर रहेको

देखिन्छ । जस्तै :– उनीहरू बाँसका सामानहरू बनाउनका लागि स्थानीय स्तरमा उपलब्ध चक्कु, आरा, खुकुरी, बञ्चरो जस्ता परम्परागत औजारहरूको प्रयोग गर्दछन् । पुस्तौंदेखि प्रयोग भएका यी औजारहरू उनीहरूको व्यवसायको मेरुदण्ड नै हो । यी औजारहरूको प्रयोगमा आधुनीकरण गर्न सकेको खण्डमा उनीहरूको उत्पादनको मात्रा र श्रमको लगानी घट्दै जाने अवस्था रहन्छ । आधुनिक औजारहरूको प्रयोग गरी सामान उत्पादन गर्न सकिएमा सामानको मात्रा तथा गुणस्तरीयता वृद्धि हुन्छ । छिटो र बढी उत्पादन गर्न सक्नु भनेको व्यापारमा लाभको मात्रा बढाउनु हो । यसो गर्न सकेको खण्डमा बजारको माग पूर्ति गर्ने तथा उत्पादनमा नवीनतम प्रविधिहरूको विकास हुँदै जाने सम्भावना बढ्दछ र परिणामस्वरूप उद्यमीहरूको जीवनस्तरमा सुधार हुँदै जान्छ ।

### ज) बाँस उत्पादनको कामबाट भएको आम्दानीको बचत

बाँसको हस्तकलाका सामान बनाउने काम आँखीसल्लाका समुदायहरूको एक प्रमुख व्यवसाय भए पनि बहुसङ्ख्यक व्यवसायीहरूले आफ्नो पेशाबाट गरेको आम्दानीको बचत गर्न सकेका छैनन् । जसले गर्दा एकातर्फ यो पेशा नै ठिक होइन कि भन्ने भावना विकास हुँदैछ भने अर्कोतर्फ यस पेशामा थप लगानीको विकास हुने सम्भावना न्यून हुँदै गएको छ । परिणामस्वरूप विभिन्न बाँसका सामान बनाएर राम्रो आम्दानी गर्न सफल भएका केही उद्यमीहरूले आफ्नो पेशालाई मर्यादित तथा अरूका लागि अनुकरणीय बनाउन सकेका छैनन् । जसले गर्दा एकातर्फ बाँसको व्यवसाय आधुनिकीकरण तर्फ नगई अझ खस्कदै जाने सम्भावना देखिन्छ भने अर्कोतिर बाँस उद्यमको दायरा वा भूमिका झन् सानो भई स्थानीय अर्थतन्त्र र त्यससँगै जोडिएको स्थानीय रोजगारी विकासको महसुस स्थानीय समुदायहरूले गर्न सकेका छैनन् ।

यहाँका बाँस व्यवसायीहरू आ-आफ्नो घरमा आ-आफ्नो तरिकाले बाँसका सामानहरू बनाउँदछन् । उनीहरूले आफ्नो खेतबारीबाट बाँस ल्याउँछन्, बाँसका सामान बनाउँछन् र स्थानीय व्यापारीमार्फत बजारमा पुऱ्याउँछन् । सामान्य रूपमा हेर्दा बाँसका सामानको स्थानीय व्यापार प्रणाली र अवस्था अव्यवस्थित जस्तो देखिन्छ । त्यसकारण, उक्त पेशाबाट भएको आम्दानीको केही हिस्सा मात्र भएपनि बचत गर्ने र विस्तारै सोही पेशाको वृद्धि विकासमा लगानी गर्ने प्रणालीको विकास गर्नु जरुरी देखिन्छ । यसका लागि बाँस व्यवसायीहरूले एक बाँस सहकारीको विकास गरी नियमित रूपमा बचत गर्ने र उक्त बचतलाई सोही पेशाको थप विकासमा लगानी गर्ने संस्कृति तथा अभ्यासको सुरुवात गर्नु पर्दछ । तर बाँस विकास सहकारी संस्था स्थापना गर्नका लागि आवश्यक जानकारी, दक्षता, क्षमता तथा साझा बुझाइको विकास गर्नु जरुरी हुन्छ ।

## ५. छलफल तथा निष्कर्ष

बाँसको उपयोग तथा महत्त्व बहुआयामिक छ । यसको उपयोग वातावरणीयदेखि लिएर आर्थिक तथा सामाजिक हिसाबले महत्त्वपूर्ण छ । यसको सही उपयोग गर्न सकिएको खण्डमा नेपालको ठूलो जनसङ्ख्याले यसबाट लाभ प्राप्त गर्न सक्दछन् । यसको माध्यमबाट ग्रामीण जीवनस्तरमा महत्त्वपूर्ण योगदान पुऱ्याउने कुरामा दुई मत छैन । आधुनिक प्रविधिको विकास तथा उपयोग गर्न सकिएको खण्डमा बाँस नेपालको अर्थतन्त्रको एक आधार हुन सक्ने कुरामा दुई मत छैन । यसो गर्न सकेको खण्डमा बाँस व्यवसायको भविष्य उज्वल रहेको कुरा विभिन्न अभिलेख तथा सिकाइको समीक्षाबाट प्रष्ट हुन्छ ।

आँखीसल्लामा रहेका बाँस व्यवसायीहरूको कुरा गर्दा बाँसका हस्तकलाको निर्माण एक मुख्य पेशा तथा आय आर्जनको आधार भए पनि उनीहरूको पेशाको विकासका लागि थुप्रै पहलहरू गरिनुपर्ने देखिन्छ । उनीहरूको उत्पादन प्रणाली सामान्यतया एकल रूपमा वा व्यक्तिगत रूपमा अघि बढेको देखिन्छ । तर उनीहरूले आफ्नो पेशा तथा व्यवसायको विकासका लागि सामूहिक पहल गर्ने कुनै संस्थागत आधारहरूको विकास हुन सकेको देखिदैन ।

यस व्यवसायलाई आर्थिक रूपले सबल बनाउने प्रयासहरू जस्तै :– उत्पादकले पाउनुपर्ने मूल्यमा वृद्धि गरी मागको परिमाण बढाउने हो भने यसमा उद्यमीहरूको लगानी तथा विश्वास बढ्ने देखिन्छ । त्यसका लागि राष्ट्रिय स्तरका व्यापारीहरू, वित्तीय सङ्घ संस्था र सेवा प्रदायकहरूसँगको समन्वय र सहकार्यमा पनि ध्यान दिनु पर्दछ । त्यस्तै सकारात्मक कुरा के छ भने स्थानीय व्यक्तिहरूले उत्पादन गरेका वस्तुको माग अत्यधिक छ र सोही अनसारको मात्र उत्पादन गर्न सकेको खण्डमा पनि उनीहरूको आर्थिक अवस्थामा परिवर्तन आउन सक्दछ । तर यसका लागि बाँसका सामान उत्पादकहरूको उत्पादनको गुणस्तरीयता कायम गर्न नितान्त आवश्यक छ ।

बाँसका सामानको मूल्य कम भएको गुनासो उत्पादकबाट आइरहनु, बजारमा बाँसका वस्तुको मूल्य स्थिर रहनु, बिचौलियाको प्रभाव बढी रहनु जस्ता समस्याहरू बाँस उत्पादकहरूका प्रमुख समस्याहरू हुन्। त्यसैगरी सीमित प्रकारका मात्रै बाँसको वस्तुहरू बन्नु एक अर्को कमजोरी पक्ष हो, जसले माग र बजार मूल्यलाई निरन्तर असर पारेको छ। बाँसको सामानमा विविधता ल्याई माग अनुसारको मात्रामा उत्पादन गर्ने क्षमताको विकास अहिलेको आवश्यकता हो।

आँखीसल्लाका उद्यमीहरूको अर्को प्रमुख चुनौती भनेको बाँस प्रशोधनका लागि आधुनिक प्रविधिको विकास र प्रयोग गर्न नसक्नु हो। जसले गर्दा एकातर्फ उत्पादनको मात्रा धेरै कम छ भने अर्कोतर्फ कामदारहरूको श्रमको लगानी उच्च छ। यस्तो अवस्थामा उचित प्रविधिको विकास गरी प्रयोगको लागि सुरुआत गरिनु पर्दछ। त्यसैगरी अन्तर्राष्ट्रिय बजारमा यहाँको वस्तुको माग हुँदाहुँदै पनि बाँसका सामानहरू अन्तर्राष्ट्रिय बजारमा पुग्न सकेका छैनन्। यसका लागि पनि आधुनिक प्रविधिको विकास तथा प्रयोग अपरिहार्य देखिन्छ। यसको अलावा दैनिक हजारौं मूल्यको सामान बनिरहेको आँखीसल्लामा यसको मात्रा बढाउनुपर्ने आवश्यकता र सम्भावना छ। यसका लागि समयमा नै बाँसको दिगो उत्पादनमा ध्यान दिइनु पर्दछ। स्थानीय स्तरमा क्षमताको विकास र लगानीको आधारहरू तयार गर्ने कामको सुरुआत पनि समयमा नै गरिनु पर्दछ। अतः बाँस प्रशस्त रूपमा पाइने आँखीसल्ला गाउँमा बाँसको हस्तकला निर्माण गर्ने काम मुख्य पेशाको रूपमा रहे पनि यसको दिगो तथा समय अनुकूल विकास तथा परिवर्तन हुनका लागि धेरै थप प्रयासहरू गरिनुपर्ने देखिन्छ। यसका लागि स्थानीय निकायदेखि अन्य सबै सरोकारवाला निकायहरूको सहयोगको खाँचो छ।

## सन्दर्भ सामग्रीहरू

**Das, A. N., and Oli, B. N.** 2001. Tree growing practices on farmland: an option for sustaining rural livelihoods. *Banko Janakari* 11 (2):8-12.

**INBAR.** 1998. Extensive bamboo production to consumption systems in Eastern Nepal. INBAR working paper No.17.

**Karki, M. B., and Karki J. B. S.** 1995. National bamboo and rattan information database, Nepal, Tribhuvan University, Institute of Forestry, Pokhara, Nepal,

**Kesari, V.P.** 2005. Bamboo: From Poor Man's Timber to Green Gold, *Hamro Kalpabrikcha* number 164, pp. 10-14, Department of Forest, Kathmandu, Nepal.

**McCoy, Stewart**. 2009. The Magic (Bamboo) Bullet? (http://go-explore-trans.org/go/gonew/?/main/articles/the-magic-bamboo-bullet)

**Rai, S. N. and Chauhan, K. V. S.** 1998.Distribution and growing stock of bamboos in India. *IndianForester* 124 (2):89-98.

**Stapleton, C. M. A.** 1994. Bamboo of Nepal: an illustrated guide. Royal Botanical Garden, Kew,UK.

**TIS.** 2004. Manual on Bamboos of Nepal. Tree Improvement and Silviculture (TIS). Kathmandu, Nepal.

# काठमा आधारित उद्यमको सम्भावना र व्यवहारिक चुनौतीहरूः
## *भोजपुर जिल्लाको एक विश्लेषण*

✍ **हेमराज शाही**[1]

## १. परिचय

नेपाल प्राकृतिक स्रोत तथा जैविक विविधता उपलब्धताको हिसाबले सम्पन्न देश मानिन्छ । कृषिभूमि, जलस्रोत तथा वन क्षेत्र यहाँका प्रमुख प्राकृतिक स्रोतहरू हुन । यहाँ बहुसङ्ख्यक नेपाली जनताको जीविकोपार्जन प्राकृतिक स्रोतहरूमा निर्भर छ। करिब २१ प्रतिशत क्षेत्रफल ओगटेको कृषिले नेपालको कूल गार्हस्थ उत्पादनमा करिब ३३% योगदान पुऱ्याउनुका साथै ७० प्रतिशत जनतालाई रोजगारी दिइरहेको छ र यो क्षेत्र करिब ८० प्रतिशतभन्दा बढी जनताको जीविकोपार्जनको स्रोत बनेको छ। तर हालैको एक तथ्याङ्क अनुसार मुलुकको ४० प्रतिशत भू-भाग ओगटेको वनले राजस्वमा जम्मा रू. १२,७१,६५,५९८ योगदान गरेको छ भने जम्मा ८३,५१५ जनालाई रोजगारी उपलब्ध गराएको छ (MoFSC, 2014)। जस अनुसार वनले कूल गार्हस्थ उत्पादनमा पुऱ्याएको योगदान भने निकै कम (करिब १० प्रतिशत मात्रै) रहेको छ । यसको एउटा प्रमुख कारण देशमा उपलब्ध वन स्रोतको सही र प्रभावकारी व्यवस्थापन हुन नसक्नु पनि हो ।

नेपालमा वन व्यवस्थापनका लागि सामुदायिक वन एक सफल कार्यक्रमको रूपमा स्थापित भएतापनि उपलब्ध काष्ठ र गैह्रकाष्ठ उत्पादनलाई दिगो रूपमा उपयोगमा ल्याई वन स्रोतमा आश्रित घरधुरी तथा परिवारहरूको जीवनस्तर उकास्ने काममा यसले सोचे अनुसार गर्न सक्ने योगदानभन्दा निकै कम मात्रै योगदान पुऱ्याइरहेको छ। वन क्षेत्रबाट हुने आम्दानीको मुख्य हिस्सा काठले ओगटेको भएतापनि उक्त कुरा ओझेलमा परेको देखिन्छ। यसरी हेर्दा वन क्षेत्रमा लामो समयदेखि काठ व्यवस्थापनको विषय छायाँमा पर्दै आएको छ। विभिन्न अध्ययनले नीतिगत निर्णय तथा कर्मचारीतन्त्रको दैनिकीमा काठको विषय केन्द्रविन्दुमा भएपनि सार्वजनिक बहसमा भने काठको चर्चा कम हुने गरेको देखाएको छ (बञ्जाडे र साथीहरू, २०११)।

यसैगरी वनबाट प्राप्त हुने कुल राजस्वमध्ये काठले महत्वपूर्ण हिस्सा ओगटेको भएतापनि पछिल्ला वर्षहरूमा यो घट्दो क्रममा छ। यसका धेरै कारणहरू मध्ये नेपाल सरकारद्वारा पछिल्लो केही वर्षमा काठ काट्न लगाएको प्रतिबन्ध नै प्रमुख कारण रहँदै आएको छ। यसले गर्दा एकातर्फ वन क्षेत्रको राजस्व सङ्कलनमा तिब्र गिरावट आएको छ भने अर्कोतर्फ विदेशबाट अरबौं रूपैयाँ बराबरका बैकल्पिक सामग्रीहरू आयत हुने क्रम तिब्ररूपमा बढ्दै गएको छ। त्यसैगरी एकातिर वनमा आधारित उद्योगहरूको स्थापना तथा विकासका लागि उचित नीतिहरू बन्न सकेका छैनन् भने अर्कोतिर बनेका केही सकारात्मक नीतिहरूको कार्यान्वयनमा पनि थुप्रै समस्या र चुनौतीहरू देखिदै आएका छन् (ढुङ्गाना र साथीहरू, २००८)।

यस लेखमा नेपालको कोशी पहाडी क्षेत्रमा अवस्थित भोजपुर जिल्लामा काष्ठजन्य वन पैदावारको अवस्था, काष्ठमा आधारित उद्यमहरूको अवस्था तथा काठमा आधारित उद्यमको स्थापना गर्न नसकिएको एउटा कथाको चर्चा गर्दै काठमा आधारित उद्यम नेपालमा किन फस्टाउन सकिरहेको छैन भन्ने बारेमा चर्चा गर्ने प्रयास गरिएको छ। यो लेख कोशी पहाडी जिल्लामा हाल सञ्चालन भइरहेको बहुसरोकारवाला वन कार्यक्रमसँग सम्बन्धित भई काम गर्ने सिलसिलामा भएको सिकाइ, बुझाइ तथा अनुभवहरूका आधारमा तयार गरिएको छ।

## २. नेपालमा काठ उत्पादनको आर्थिक सम्भावना

विश्व बैंकको अध्ययनले नेपालको वन क्षेत्रलाई दिगो रूपमा व्यवस्थापन गरी वार्षिक करिब १५ करोड आम्दानी गर्न सकिने कुरा औंल्याएको छ। तराईमा मात्र तीन लाख हेक्टर सालको वनको व्यवस्थापन गरी वार्षिक करिब १२ करोड घनफिटसम्म काठ निकाल्न सकिने तथ्याङ्क सार्वजनिक भएको छ (सुवेदी, २०१२)।

१ लेखक फरेष्टएक्सन नेपालमा आबद्ध छन् ।

**तालिका १: नेपालमा दिगो वन व्यवस्थापनद्वारा काठ उत्पादन र राजस्वको प्रक्षेपण**

| प्रक्षेपणको आधार | उत्पादन हुने परिमाण (घनफिट) | राजस्व (रू.) |
|---|---|---|
| वृद्धिदर नहुँदा | ६,१५,१५,४७६ | ४९,२९,२३,८०,८०० |
| ५०% सामान्य वृद्धिदर हुँदा | ९,२२,७३,२१४ | ७३,८१,८५,७१,२०० |
| राम्रो वृद्धिदर हुँदा | १२,३०,३०,९५२ | ९८,४२,४७,६१,६०० |


स्रोत : सुवेदी, २०१२

तालिका १ को तथ्याङ्ले नेपालमा वृद्धि नहुँदा ६ करोड घनफिट काठ उत्पादन गरी ४९ अर्ब रूपैयाँ राजस्व सङ्कलन गर्न सकिने सम्भावनालाई स्पष्ट रूपमा देखाएको छ । यसैगरी सामान्य वृद्धिदर हुँदा ९ करोड काठ उत्पादन भई ७३ अर्ब रूपैयाँ राजस्व प्राप्त हुने सम्भावना देखिन्छ र राम्रो वृद्धिदर हुँदा १२ करोडभन्दा बढी काठको उत्पादन भई ९८ अर्बरूपैयाँ राजस्व सङ्कलन हुने देखिन्छ । यसरी नेपालमा भएका वन क्षेत्रहरूको दिगो व्यवस्थापन गर्न सकेको खण्डमा काठको उत्पादनबाट मात्रै पनि हालको (वार्षिक लगभग १३ करोड मात्रै) आम्दानीभन्दा कैयौं गुणा बढी गर्न सकिने कुरा स्पष्ट देखिन्छ । यसको अर्को अर्थ के हो भने नेपालको वन क्षेत्रमा भएको काठमा आधारित उद्योगको स्थापना तथा विकासको निकै ठूलो सम्भावना छ र यसको माध्यमबाट देशमा आर्थिक विकास हुनका साथै हजारौंको सङ्ख्यामा रोजगारीको अवसर पनि सिर्जना हुन सक्ने देखिन्छ ।

## ३. भोजपुर जिल्लामा वन स्रोतको अवस्था

भोजपुर जिल्लाको कूल क्षेत्रफल ५,२२४ वर्ग किलोमिटर (किमी) रहेको छ । उक्त कूल भू-क्षेत्रको ५०.३ प्रतिशत क्षेत्रफल वन जङ्गलले ओगटेको छ । यो जिल्ला करिब १५३ मिटरदेखि ४१५३ मिटरसम्मको उचाइमा पर्ने हुनाले यहाँ तराईको समतल भूभागको हाराहारीदेखि उच्च हिमाली क्षेत्रमा पाइने वनजङ्गलका प्रकारहरू पाइन्छन् । साल, रानी सल्ला, चिलाउने, कटुस यस जिल्लाको वनमा पाइने मुख्य प्रजातिहरूमा पर्छन् भने यो जिल्लामा भएको भौगोलिक विविधताका कारण यहाँ धेरै किसिमका वनस्पतिका प्रजातिहरू पनि पाइन्छन् । कूल भू-भागको लगभग आधा भाग वन जङ्गलले ढाकेको हुदाँ पनि भोजपुर जिल्ला आफैंमा वन स्रोतले धनी जिल्लाको रूपमा मान्न सकिन्छ ।

**चित्र १: भोजपुर जिल्लामा भू-उपयोगको अवस्था**




स्रोत: जिल्ला वन कार्यालय भोजपुर, २०१४

यस जिल्लामा भएको वन क्षेत्रलाई सामुदायिक वन, कबुलियती वन, धार्मिक वन, सरकारद्वारा व्यवस्थित वन र निजी वन गरी पाँच तरिकाले व्यवस्थापन गरिदै आएको छ । वनको कूल क्षेत्रफलको करिब ४९ प्रतिशत क्षेत्र सामुदायिक वनले ओगटेको छ भने ५०.२५ प्रतिशत क्षेत्रफल सरकारद्वारा व्यवस्थित वन क्षेत्रले ओघटेको छ ।

**तालिका २: भोजपुर जिल्लामा विभिन्न वन व्यवस्थापनका प्रकारको क्षेत्रफलको अवस्था**

| वनको विवरण | सङ्ख्या | क्षेत्रफल (हे) | प्रतिशत | घरधुरी |
|---|---|---|---|---|
| सामुदायिक वन | ५२९ | ४०९६६.२०१ | ४८.८६ | ५०८६८ |
| कबुलियती वन | १८६ | ७३८.३६ | ०.८८ | १५८२ |
| धार्मिक वन | ३ | ३.०२ | ०.००३६ | ६२ |
| सरकारी वन | – | ४२१३९.०६३ | ५०.२५ | |
| निजी वन | ४५ | – | – | ४५ |
| जम्मा क्षेत्रफल | | ८३८४६.६४ | १०० | |

स्रोत : जिल्ला वन कार्यालय भोजपुर, २०१४

यसरी कूल वन क्षेत्रको लगभग आधा भाग सामुदायिक वनको रूपमा व्यवस्थापन भएको तथ्याङ्कले यस जिल्लामा सामुदायिक वन हस्तान्तरणको अवस्था निकै राम्रो भएको देखाउँदछ । यसको अर्को अर्थ के पनि हुन सक्दछ भने यस जिल्लाको वन क्षेत्र संरक्षण र व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता र भूमिका निकै महत्त्वपूर्ण छ । किनभने कूल ५२९ सामुदायिक वनहरूसँग करिब ५०,८६८ घरधुरीहरू संलग्न छन् । यस जिल्लामा कबुलियती वन तथा धार्मिक वनहरूको क्षेत्रफल तुलनात्मक रूपमा निकै कम देखिन्छ । त्यसैले यो जिल्लामा सामुदायिक वनले धेरै सम्भावनाहरू बोकेको छ भन्न सकिन्छ ।

**तालिका ३: भोजपूर जिल्लामा रहेका विभिन्न इलाका वन कार्यालय अन्तर्गत रहेको वन क्षेत्रको विवरण**

| क्र.सं. | इलाका वन कार्यालय (इवका) | कूलक्षेत्र (हे. ) | साव (हे.) | कव (हे.) | धाव (हे.) | सरकारी (हे.) |
|---|---|---|---|---|---|---|
| १. | भोजपुर | ५७२७.७८ | ४००४.०९ | ४३.५९ | ० | १६८०.०६ |
| २. | अन्नपूर्ण | ६६८७.२४१ | २८३४.२५१ | ० | ० | ३८५६.५४ |
| ३. | बोया | १२७०२.१४ | ७९७०.६९ | १५१.४१ | ० | ४५८०.०४ |
| ४. | दिङ्ला | २००७९.२२ | ५३४०.२७ | ० | ० | १४७३८.९५ |
| ५. | थाकु | ११६०८.१० | ४६६८.२७ | १६६.३९ | ३.०२ | ६७६९.८४ |
| ६. | मानेभञ्ज्याङ | ८९६४.२३ | ५२३१.४ | ० | ० | ३७३३.८३ |
| ७. | रानीबास | ७३५०.१३ | ४३५०.३९ | २८०.१५ | ० | ३७१९.५९ |
| ८. | बालखा | १०७२६.२९ | ६५६९.१८ | ९६.९० | ० | ४०६०.२१ |
| | जम्मा | ८३८४६.६४ | ४०९६६.२०१ | ७३८.३६ | ३.०२ | ४२१३९.०६ |
| | प्रतिशत | | **४८.८५** | **०.८८** | ०.००४ | ५०.२५ |

स्रोत : जिल्ला वन कार्यालय भोजपुर, २०१४

तालिका ३ ले भोजपुर जिल्लाको मानेभञ्ज्याङ र रानीबास बाहेक अन्य प्रायः सबै इवकाहरूमा वन क्षेत्र बराबर नै रहेको देखिन्छ । तर विभिन्न खालका वन क्षेत्रहरूको क्षेत्रफल भने केही फरक भएको देखिन्छ । जस्तैः– दिङ्ला इवकामा जिल्लाको कूल वन क्षेत्रको ४८ प्रतिशत वन क्षेत्र पर्दछ भने भोजपुर इवकामा १४ प्रतिशत मात्र वन क्षेत्र पर्दछ । विभिन्न इवकाहरूमा विभिन्न खालका वन क्षेत्रहरूको क्षेत्रफल फरक फरक हुनुका धेरै कारणहरू हुन सक्दछ जुन कुरा यस लेखमा व्याख्या गरिएको छैन । यद्यपि काठमा आधारित उद्यमसँग जोडेर हेर्दा कुन क्षेत्रमा के गर्न सकिन्छ र के गर्न उपयुक्त छ भन्ने कुराको अनुमान लगाउन भने सकिन्छ ।

**तालिका ४: भोजपुर जिल्लामा काठ सङ्कलन र बिक्री वितरणको अवस्था**

| क्र.सं. | काठको प्रजाति | निजी वन (क्युबफिट) | साव | सरकारी |
|---|---|---|---|---|
| १ | उत्तिस | ७५९७.७६ | ० | – |
| २ | सल्ला | २९९७.१७ | – | – |
| ३ | चिलाउने | ११३५.९१ | – | – |
| ४ | पातको | १९०९.३३ | – | – |
| ५ | सिसौं | ७४०.९२ | – | – |
| ६ | खयर | २९७३७.७७ | – | – |
| | जम्मा | ४४११८.८६ | – | – |

स्रोत : District Baseline Development Report, cited from MSFP2013

साल, सिसौं, उत्तिस, कटुस, चिलाउने जस्ता महत्त्वपूर्ण रूखका प्रजातिहरू यस जिल्लामा पाइन्छन् । तर उपलब्ध भएको तथ्याङ्क अनुसार भोजपुर जिल्लामा निजी वनबाट मात्र यी काठको बिक्री वितरण तथा व्यापार भएको देखिन्छ । खासगरी ठूलो क्षेत्र ओगटेको सामुदायिक वनबाट कति पनि काठको बिक्री वितरण नहुनुले के सामुदायिक वनमा काठ नै छैन वा छ भने किन बिक्री वितरण नभएको हो भन्ने प्रश्न जन्माएको छ ।

वन ऐन २०४९ र वन नियमावली २०५१ ले सामुदायिक वन उपभोक्ता समूहहरू (सावउस) लाई वन कार्ययोजना तर्जुमा गरी वनलाई सोही बमोजिम व्यवस्थापन गर्न सक्ने अधिकार दिएको छ । तर उपलब्ध तथ्याङ्कले के यो जिल्लामा रहेको सावउसहरूले कार्ययोजनामा काठ र दाउरा बिक्री वितरण गर्ने कुरा उल्लेख नै नगरेका हुन कि उल्लेख गरेर पनि बिक्री वितरण नभएको हो अथवा अवैधानिक रूपमा बिक्री वितरण भएको हो भन्ने प्रश्न जन्माएको छ । वास्तविकता के हो भने सावउसहरूले कार्ययोजनामा भए अनुसारको काठ काटेर बिक्री वितरण नै गर्न सकेका वा पाएका छैनन् ।

वन ऐन २०४९ तथा नियमावली २०५१ अनुसार सावउसहरूले लामो प्रक्रिया पुऱ्याई आफ्नो सावउसहरूमा भएको काठ कटान तथा बिक्री वितरण गर्न पाउँदछ । सावउसहरूले काठ काटेर बिक्री वितरण गर्नका लागि पहिलो कुरा सावउसहरूको कार्ययोजनामा उक्त कुरा (परिमाण) स्पष्ट रूपमा उल्लेख गरेको हुनु पर्दछ । यसरी विधान तथा कार्ययोजनामा उल्लेख भए अनुसारको काठ काटेर बिक्री वितरण गर्नका लागि सम्बन्धित सावउसले आवश्यक कागजातहरू (सावउसको साधारण सभाको निर्णय, वार्षिक प्रगति विवरण, लेखा परीक्षणको प्रतिवेदन र कार्यसमितिको निर्णय) का साथमा रेन्जपोस्ट र इलाका वन कार्यालयको सिफारिस लिनु पर्दछ । रेञ्जपोस्ट र इलाका वन कार्यालयको सिफारिस सहित उक्त सावउसले काठ काटानको अनुमतिका लागि सम्बन्धित जिल्ला वन कार्यालयमा (जिवका) निवेदन पेश गर्नु पर्दछ । उक्त निवेदन अनुसार जिवका र क्षेत्रीय वन कार्यलयको संयुक्त रूपमा स्थलगत अध्ययन गरी उक्त अध्ययनका आधारमा छपान कार्यका लागि स्विकृति दिनु पर्दछ । छपानका लागि स्विकृति पाए अनुसार सावउसले छपान गरी इलाका वन कार्यालयलाई अनुगमन गराई त्यसैका आधारमा फेरि जिवकालाई घाटगद्धी गर्नका लागि निवेदन दिनु पर्दछ । उक्त निवेदन अनुसार घाटगद्धी भए पनि उक्त काठ सावउसले सार्वजनिक रूपमा बोलपत्र आह्वान गर्नु पर्दछ र सोही आह्वानका आधारमा उक्त काठ बिक्री वितरण गरिनु पर्दछ ।

यी झञ्जटिला प्रक्रियाहरू पूरा गरी सावउसहरूले आफ्नो कार्ययोजनामा उल्लेख भए अनुसारको काठ पनि बिक्री वितरण गर्न सकेका छैनन् । यसको अलावा एउटै कामका लागि पनि जिवकामा धेरै चोटि धाउनुपर्ने, जिवकाका कर्मचारीहरूको समय लिनुपर्ने जस्ता कुराहरू गाउँका व्यक्तिहरूका लागि त्यसै पनि सहज छैन । त्यसैगरी छपान, मुछान तथा अनुगमनमा खटिने कर्मचारीको खर्च सावउसहरूले बेहोर्नुपर्ने भएकोले पनि सावउसहरूले थप आर्थिक भार समेत पर्ने देखिन्छ । परिणामस्वरूप, जिल्लाका  सावउसहरूमा भएको काठबाट हुन सक्ने आर्थिक आम्दानीको सम्भावनाहरूको उपयोग हुन सकेको छैन । यसैगरी जिल्लामा ८ वटा इलाका वन कार्यालयहरू भएतापनि कर्मचारीहरूको अभावका कारण पनि काठ कटान र बिक्री वितरणको काम असहज भएको देखिन्छ ।

**तालिका ५: भोजपुर जिल्लामा प्रति हेक्टर मौज्दात रूख**

| विरुवाको सङ्ख्या | लाथ्राको सङ्ख्या | पोलको सङ्ख्या | रूखको सङ्ख्या | रूख र पोल (न्यु फिट) | AAC (क्यु फिट) |
|---|---|---|---|---|---|
| ३१८६११८ | १०८६७७१ | २८१७७४ | ८०६२२ | ६३८५५.२४८ | २०८७२०.१७७ |

स्रोत : जिल्ला वन कार्यालय, भोजपुर, २०१४

विरुवा, लाथ्रा, पोल र रूखको सङ्ख्या हेर्दा भोजपुर जिल्लामा काठ उत्पादन तथा यसको उपलब्धताको अवस्था धेरै राम्रो रहेको अनुमान लगाउन सकिन्छ । उक्त तथ्याङ्क अनुसार भोजपुर जिल्लामा काठको मागभन्दा उत्पादनको मात्रा निकै बढी देखिन्छ। तर काठमा आधारित उद्यमहरूको विकास हुन नसक्दा काठबाट हुन सक्ने आम्दानी सावउसहरूले गर्न सकेको देखिदैन । एक घरधुरीलाई सरदरमा वार्षिक ३.२ क्युफिट काठ चाहिन्छ । यसैलाई आधार मान्दा कूल ५२९ वटा सावउसहरूमा आबद्ध ५०८२२ घरधुरीलाई कूल १,१६,८९०.६ क्युफिट काठ प्रतिवर्ष चाहिन्छ, जुन कूल वार्षिक कटान अनुमतिको मात्रा (एनुयल एलोएबल कट वा २,०८,७२०.१७७ क्युफिट) भन्दा कम देखिन्छ । यसको अर्थ काठको आपूर्ति पूरा गरेरै पनि निकै काठ सावउसहरूले बिक्री गर्न सक्छन् र त्यसै को माध्यमबाट आम्दानी पनि गर्न सक्ने देखिन्छ । यसको अर्को अर्थ भनेको सावउसभित्रकै काठबाट मात्रै पनि भोजपुर जिल्लामा काठ उद्यमको स्थापना तथा सञ्चालन गर्न सकिने ठुलो सम्भावना देखिन्छ ।

**तालिका ६: आ.व. २०६९/०७० मा वन पैदावार सङ्कलनको विवरण**

| क.सं. | इ.व.का. | काठ (क्यु फिट) | दाउरा (भारी) |
|---|---|---|---|
| १ | भोजपुर | १,१०,७७७ | २७,२७० |
| २ | अन्नपूर्ण | ७,९१५ | २२,२१९ |
| ३ | बायाँ | ८,५०० | ४३,३४२ |
| ४ | दिङ्ला | ५,०३२ | ५७,७३७ |
| ५ | याकु | ८५९ | १७,५७५ |
| ६ | मानेभ. | ९९२ | १८,९४० |
| ७ | रानिबास | ९६८ | ८,६५२ |
| ८ | बालरवा | ४,६१२ | ६६,८३५ |
| | जम्मा | १,३९,६५५ | २,६२,५७३ |

स्रोत : जिल्ला वन कार्यालय भोजपुर, २०१३

जिवका भोजपुरका अनुसार आर्थिक वर्ष २०६९/७० मा जम्मा १,३९,६५५ क्यूफिट काठ सङ्कलन तथा बिक्री वितरण भयो । भोजपुर इवकामा वनको क्षेत्रफल कम भए पनि काठ चाहिँ  सबैभन्दा धेरै (१,१०,७७७ क्युफिट जुन ८० प्रतिशत हुन्छ) मात्रामा सङ्कलन तथा बिक्री भएको देखिन्छ । तर सबैभन्दा धेरै वनको क्षेत्रफल भएको दिङ्ला इवकामा जम्मा ५,०३२ क्युफिट (कूल सङ्कलित मात्राको ४ प्रतिशत) मात्र सङ्कलन तथा बिक्री भएको छ । यसको प्रमुख कारण भोजपुर इवका जिल्ला सदरमुकामको नजिकै भएको र याकु र दिङ्ला सदरमुकामबाट धेरै टाढा भएको, मोटर बाटो नभएको र विद्युत लगायत अन्य सुविधा नभएको कारण ती ठाउँहरूमा काठको सङ्कलन तथा

बिक्री वितरण नभएको हो । यसको अर्थ के हो भने काठ उद्यमको लागि विकासका पूर्वाधारहरू, खासगरी बाटो र विद्युतको सुविधा आवश्यक देखिन्छ ।

भोजपुर जिल्लामा प्रचलित मूल्य अनुसार करिब ४ करोडको काठ प्रति वर्ष सङ्कलन गर्न सकिन्छ । भोजपुर जिल्लामा प्रचलित मूल्य अनुसार करिब रु. १ करोडको काठ सन् २०१३ मा निजी वनबाट बेचिएको थियो । तर अरू वनबाट अन्य जिल्लामा काठ बिक्री वितरण भएको छैन । सावउसहरूबाट काठ बिक्री गर्न सकिएको खण्डमा यसले स्थानीय स्तरमा रोजगारी दिने र धेरैको जीविकोपार्जन उकासिने सम्भावना देखिन्छ । यसका लागि आधारभूत पूर्वाधार विकासका साथै काठमा आधारित उद्योगहरू खोलिनु पर्दछ ।

## ४. भोजपुर जिल्लामा काठमा आधारित उद्योगको अवस्था

भोजपुर जिल्लामा ३५२ ओटा घरेलु तथा साना उद्योगहरू दर्ता भएका छन् । दर्ता भएका मध्ये ४ वटा (१.१४ %) मात्रै वनमा आधारित छन् भने कूल २३ वटा उद्योगहरूचाहिँ (६.५३%) वन तथा कृषिमा आधारित छन् । यसकारण, सङ्ख्याको हिसाबले हेर्दा पनि भोजपुर जिल्लामा वन स्रोतमा आधारित उद्योगहरू निकै कम भएको स्पष्ट देखिन्छ । जसले गर्दा पनि वन स्रोतबाट हुनुपर्ने आर्थिक लाभ वा योगदान निकै कम पाउन सकिन्छ । यस लेखमा भोजपुर जिल्लामा रहेका वनमा आधारित उद्योगहरूबाट प्राप्त भएको आम्दानीको तथ्याङ्क भने समावेश गर्न सकिएको छैन ।

**तालिका ७: भोजपुर जिल्लामा उद्योगका प्रकार र सङ्ख्या**

| क.सं. | किसिम | सङ्ख्या | स्रोत |
|---|---|---|---|
| १ | वनमा आधारित | ४ (३ हाते कागज र १ काठ उद्योग) | CBS ,2007 |
| २ | वन र कृषिमा आधारित | २३ | Department of Cottage and small scale industries, 2012 |
| ३ | सहकारी | १२२ | Department of Cooperative, 2012 |

स्रोत : District Baseline Development Report, Bhojpur for MSFP, 2013

भोजपुर जिल्लामा वन स्रोतमा आधारित उद्यमको सङ्ख्या कम हुनुका पछाडि धेरै कारणहरू छन् जसमध्ये उद्योगको स्थापना वा कानुनी हिसाबले दर्ता गर्न कठिन हुनु र दर्ता भएपछि पनि उक्त उद्योग सञ्चालन गर्न अपनाउनुपर्ने झञ्जटिलो प्रक्रिया अपनाउनुपर्ने बाध्यताहरू गरी दुई प्रमुख कारणहरू हुन् । अझ थप, काठमा आधारित उद्यम त यी दुवै कारणहरूले गर्दा अझ कठिन देखिन्छ । भोजपुर जिल्लाभरी नै एउटा मात्रै काठ उद्योग हुनु आफैंमा पनि आश्चर्यको विषय हो, किनभने भोजपुर जिल्लामा एउटै मात्र काठ उद्योगले जिल्लाभरीको काठको आवश्यकता कसरी पुग्दछ भन्ने प्रश्न निकै गम्भीर तथा विश्लेषणयोग्य देखिन्छ । यसले जिल्लामा गैरकानुनी रूपमा काठको व्यापार हुन सक्ने सम्भावनालाई उजागर गर्न सक्दछ । तर एकै वटा भए पनि उक्त उद्योगको वार्षिक आम्दानी हेर्दा काठमा आधारित उद्योगले राम्रै आम्दानी तथा स्थानीय रोजगारी सिर्जना गरिरहेको अनुमान लगाउन सकिन्छ । जस्तै उक्त उद्योगले वार्षिक रू. २९,००,००० लाखको काठ र फर्निचरका सामानहरू उत्पादन गर्छ भने करिब पाँच जना व्यक्तिहरूले यस उद्योगमा नियमित रोजगारी प्राप्त गरिरहेका छन् र मोटामोटी यस उद्योगले वार्षिक रू. १९ लाख मुनाफा कमाउने अनुमान छ ।

यसरी भोजपुर जिल्लाको सामुदायिक वनमा प्रशस्त काठ भएतापनि काठ स्रोतलाई उपयोग गर्ने उद्यमहरूको विकास हुन सकेको छैन । यो एउटा काठ उद्योगले मात्र भोजपुर जिल्लामा आवश्यक चिरान काठ उपलब्ध गर्न सक्दैन । यस्ता काठ उद्योगहरू अन्य क्षेत्रमा पनि खोलिएको खण्डमा प्रतिवर्ष सङ्कलन गर्न सकिने काठको परिमाणका साथै स्थानीय रोजगारी पनि बढ्न सक्दछ । तर यसका लागि मोटर बाटोको निर्माण, प्रविधिको उपलब्धता, सावउसहरूलाई काठ काट्ने तथा बेचबिखन गर्ने काममा व्यवहारिक सहजीकरणका लागि सहयोग तथा आवश्यक नीति तथा कानुनहरूको संशोधनको आवश्यकता देखिन्छ ।

## ५.भोजपुर जिल्लामा काठ उद्योग स्थापना : एक कथा

करिब ५० वर्ष उकालो लागेका भोजपुर जिल्ला निवासी एक व्यक्तिले यस जिल्लाको सदरमुकामको नजिकै रहेको बोखिम गाविसमा एक काठ मिलको स्थापना गर्ने विचार

गरे। यो उद्योग स्थापनको लागि उनले करिब तीन वर्षको समय खर्च गरिसकेका छन्। उनले जिल्लाको सम्बन्धित निकायहरूमा धाउने, सम्पर्क गर्ने, आवश्यक कागज पत्र तयार गरी बुझाउने कामका लागि कति समय तथा आर्थिक स्रोत लगानी गरे भन्ने कुराको हिसाब गर्नै नसकिने कुरा सम्बन्धित उद्यमी मात्रै हैन उनलाई चिन्ने र सहयोग तथा सहजीकरण गर्ने स्थानीय व्यक्ति तथा निकायहरू सबैको एक मत छ। वन मन्त्रालय तथा वन विभागमा मात्रै उनी दर्जनौं पटक धाइसकेका छन्। पटक पटक धाउँदा, सोधपुछ गर्दा पनि उनले हालसम्म उक्त काठ मिललाई कानुनी रूपमा दर्ता गर्न सकेका छैनन्। उनी झण्डै दुई दर्जन जति स्थानहरूमा उक्त मिल स्थापनाका लागि १७ ओटा सिफारिसपत्रहरू तयार गरी बुझाइसकेको तितो अनुभव बताउँछन्। उनले विगत दुई अढाई वर्षभित्र सम्बन्धित मन्त्रालयका वहालवाला कर्मचारी लगायत, राजनीतिक नेताहरू, जन प्रतिनिधिहरू, अवकास प्राप्त सरकारी कर्मचारीहरू सबै लाई भेटी उनलाई सहयोग गर्न अनुरोध गरेको कुरा उनी बताउँछन्।

धेरै पटकको काठमाडौं आवतजावत पछि अन्तमा वन विभागको सुझाव अनुसार उनले स्थानीय एक सावउससँगको साझेदारीमा उक्त उद्योग दर्ता गर्ने पहल गरे। यसका लागि पनि उनले विगतको एक वर्ष (२०७० देखि) खर्च गरिसकेका छन्। सावउससँगको सहकार्यमा दर्ता हुने आश्वासन पाए पनि उनले उक्त उद्योग सञ्चालन गर्नका लागि आवश्यक जग्गा लिज वा भाडामा लिई सबै पूर्वाधारहरू तयार गर्ने काम २०७० को बीचतिरै सम्पन्न गरे। उनले आवश्यक पर्ने मेसिन र औजारहरू किनेर ठिक्क पारिसकेका छन्। सावउसले पनि आफ्नो केही लगानी गरिसकेको अवस्था छ। बिडम्बना के छ भने उनको भोजपुर जिल्लामा काठ उद्योग खोल्ने सपना सपनामै सीमित भइरहेको छ। आखिर किन सम्पूर्ण प्रक्रिया पुऱ्याउँदा पनि उनले अहिलेसम्म उक्त उद्योग दर्ता गर्न सकेनन् त भन्ने प्रश्नको उत्तर खोज्न निकै कठिन छ।

यसले के भोजपुरमा काठ उद्योग स्थापना हुन नहुने हो? के उनले समातेको प्रक्रिया गलत थियो? के उनले कानुनी प्रक्रिया पालना गर्न सकेनन् ? के जिल्ला वन कार्यालय नै बाधक बनेको हो ? के सावउस नै उनीसँग साझेदारी गर्न पछि हटिरहेको छ ? भन्ने जस्ता अनेकौं प्रश्नहरूको जवाफ खोज्नुपर्ने आवश्यकता छ। करिब दुई अढाई वर्षको लगानी तथा सङ्घर्ष र पटक पटकको मन्त्रालय, वन विभाग, जिल्ला वन कार्यालय, जिल्ला घरेलु तथा साना उद्योग कार्यालय, सम्बन्धित सावउसको कार्यालय, निजी व्यक्तिहरूसँगको भेटघाट तथा छलफलहरू अहिलेसम्म पनि अर्थहीन बनेको छ।

यद्यपि उनले अहिलेसम्म पनि हार मानेका छैनन्। उनी मन्त्रालय, वन विभाग, जिल्ला वन कार्यालय, जिल्ला घरेलु तथा साना उद्योग कार्यालय धाउने काम गरिरहेका नै छन्। उनले वि.सं. २०६९ सालमा सुरुआत गरेको काठ मिल स्थापनाको सङ्घर्ष अहिलेसम्म ज्यूकात्यू नै छ। अझै पनि उनले काठ उद्योग स्थापना गरी सञ्चालन गर्ने धोको पूरा गर्न सकेका छैनन्। जसले गर्दा उनी जस्ता काठ उद्योग स्थापना गर्न रुचि राख्ने धेरै व्यक्तिहरू निराश मात्र होईन, उनीहरूको अमूल्य समय र लगानी बालुवामा पानी हाले जस्तो भएको छ। यसरी अहिलेको अवस्थामा उनले आफ्नो अठोटलाई न त निल्न सकेका छन् न त ओकल्न नै । उनी काठ उद्योग स्थापना गरी उद्योग सञ्चालन गर्न चाहने समग्र नेपालीको एक प्रतिनिधि पात्र मात्र हुन्। उनी जस्ता सयौं इच्छुक काठ उद्योगीहरू नेपालमा अलपत्र भइरहेका छन्।

## ६. छलफल तथा निष्कर्ष

प्रशस्त काठ भएको र काठ उद्योग स्थापनाको ठूलो सम्भावना बोकेको भोजपुर जिल्लामा काठ उद्योग स्थापना गर्ने र काठ व्यवसाय सञ्चालन गर्नेको सङ्ख्या निकै कम छ। यद्यपि, काठमा आधारित उद्योग स्थापना गरी स्थानीय आम्दानी तथा रोजगारीको सिर्जना गर्न सकिने थुप्रै सम्भावनाहरू रहेको देखिन्छ। तर सम्भावना भए अनुसार उद्यमहरूको स्थापना तथा विकास हुन सकेका छैन। परिणामस्वरूप यस व्यवसायमा लाग्न इच्छुक व्यक्तिहरूले न त उद्योग खोल्न सकेका छन् न उपभोक्ताहरूले आफ्नो वन क्षेत्रमा भएको स्रोतको बिक्री वितरण गरी आय आर्जन नै बढाउन सकेका छन्। यसका पछाडि थुप्रै खालका नीतिगत तथा व्यवहारिक चुनौती र अप्ठ्याराहरू रहेको देखिन्छ। यसकारण प्रथमतः काठमा आधारित उद्यमको स्थापना गर्ने कामलाई सरल तथा सहज बनाउने खालको नीति तथा कानुनको आवश्यकता खड्किएको छ भने अर्कोतिर यस्ता उद्योगहरू सञ्चालन गर्दा उद्यमीहरूले भोग्नुपरेका व्यवहारिक अप्ठ्यारा तथा चुनौतीहरूको समाधानका लागि सबै निकायहरूले पहल

गर्नैपर्ने आवश्यकता छ। काठ उद्योगको स्थापना तथा सञ्चालनबाट स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा पुग्नसक्ने योगदानका बारेमा सबै सरोकारवाला निकायहरू सचेत तथा जिम्मेवार हुनुपर्ने आवश्यकता छ। त्यसैगरी सामुदायिक वन उपभोक्ता महासङ्घ, नेपाल र नेपाल वन पैदावार उद्योग व्यवसायी महासङ्घ जस्ता संस्थाले पनि सहजीकरणको भूमिका निर्वाह गरेमा यस्ता प्रयासले केही हदसम्म सार्थकता पाउन सक्ने देखिन्छ।

## सन्दर्भ सामग्रीहरू

**सुवेदी, विजय**। २०१२। बैज्ञानिक वन व्यवस्थापनका अवसर र चुनौती। हाम्रो वन सम्पदा, १०(१): ६१-६८।

**Banjade, M., Paudel, N. S., Sunam, R., and Paudyal, B.R**. 2011. Putting Timber in Hot seat: Discourse , Policy and Contestations over Timber in Nepal. Discussion Paper series 11.2 ForestAction Nepal.

**Dhungana, S.P., and Bhattari, R. C.** 2008. Exploring Economic and Market Dimension of forestry Sector in Nepal. Journal of Forest and Livelihood, Vol. 7(1); 58-69, ForestAction Nepal.

**District Baseline Development Report, Bhojpur.** 2013. Disrict Baseline Development for Multi-stakeholder Forestry Programme Districts. Submitted by Development Vision Nepal Pvt. Ltd. joint venture with Natural and Organizational Management Services Pvt. Ltd. in association with IUCN- Nepal to Multi-Stakeholder Forestry Programme, Service Support Unit (SSU).

**DoF/MoFSC.**2014. Hamro Ban, Annual Report of the Department of Forests for FY 2069/70, Kathmandu: Department of Forest.

**जिल्ला वन कार्यालय, भोजपुर।** २०१४। सामुदायिक वन अनुमान तथा मूल्याङ्कन पुस्तिका आ.व.२०७०/०७१। जिल्ला वन कार्यालय भोजपुर।

# फरेष्टएक्सनका प्रकाशनहरू













## फरेष्टएक्सन नेपाल

सातदोबाटो, ललितपुर
पोष्ट बक्सः १२२०७, काठमाण्डौं, नेपाल
टेलिफोनः ९७७-०१-५५५०६३१, ५५५२९२४
फ्याक्सः ९७७-०१५५३५१९०
इमेलः fa@forestaction.org
वेभसाइटः www.forestaction.org